

अयोध्या प्रसाद श्रीवास्तव
जन्म : १७ दिसम्बर, १९५३
जन्म स्थान : गुलरिया-११, गणेशपुर
शिक्षा : MA/LLB (राजनीति र दर्शनशास्त्रको अध्येता)
माता/पिता : विष्णु देवी श्रीवास्तव/त्रिलोक नाथ श्रीवास्तव

**प्रकाशित कृतिहरू :**

- शीलवती, २०६९ (उपन्यास)
- भगवान कहाँ छन् र कस्ता छन्?, २०७२ (अध्यात्म दर्शन)
- यो हो अमेरिका, २०८० (हजुरकै हातमा)

**प्रकाशोन्मुख कृतिहरू :**

- नयाँ मुलुक, भाग १ र २

**प्रकाशन संलग्नता :**

- विगत चार दशकदेखि स्थानीय, गोरखापत्र लगायतका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय पत्रपत्रिका तथा अनलाइनहरूमा अनुसन्धनात्मक लेखरचनाहरू प्रकाशन ।

**संस्थागत आवद्धता :**

१. बबई बहुमुखी क्याम्पसको संस्थापक, प्राध्यापक
२. नेपाल सरकार स्थानीय प्रशासनको प्रशासकीय अधिकृत
३. लायन्स क्लब अफ बर्दियाको संस्थापक
४. आजीवन सदस्य - बर्दियाली साहित्य समाज
- भेरी साहित्य समाज
- गायत्री परिवार
- नेपाल रेडक्रस सोसाइटी
- नेपाल बार एसोसियसन, बर्दिया

**प्रकाशक : भेरी साहित्य समाज**
**गुलरिया, बर्दिया**

THIS IS AMERICA

# यो हो अमेरिका




**अयोध्या प्रसाद श्रीवास्तव**

# यो हो अमेरिका

यो हो अमेरिका

## अयोध्या प्रसाद श्रीवास्तव



कृति : यो हो अमेरिका

विधा : खण्डकाव्य

---

कृतिकार : अयोध्या प्रसाद श्रीवास्तब
प्रकाशक : भेरी साहित्य समाज, बर्दिया
संस्करण : प्रथम
सर्वाधिकार : लेखकमा
प्रकाशकीय : भेरी साहित्य समाज, बर्दिया
आवरण संरचना : प्रभात सुवेदी
कम्प्युटर : ओमनाथ लम्साल
लेखकको सम्पर्क नं. : ९८५८०२०४९४
मुद्रण : बर्दिया अफसेट प्रेस (प्रा.) लि., गुलरिया, बर्दिया
सम्पर्क नं. : ९८५८०२२२५७, ९८६९५४७४४२

यो हो अमेरिका - २०८१

## प्रकाशकीय

ज्ञानको कुनै सिमा हुँदैन । बरु धर्तीको सिमाना भेट्न सकिएला तर ज्ञानको अनन्त गहिराईमा पुग्न कहिल्यै पनि सकिँदैन । पूर्वीय धर्म, दर्शनका अध्येता, संस्कृतिकर्मी एवम् लामो समय सरकारी सेवाका साथै प्राध्यापन कार्यमा समेत संलग्न हुनुभएका आदरणीय व्यक्तित्व अयोध्याप्रसाद श्रीवास्तवज्यूले अनवरत रुपमा नेपाली साहित्यिक क्षेत्रमा समेत कलम चलाउँदै आउनुभएको छ । वहाँका कृतिहरु विशेष गरी अध्यात्म दर्शनका सिद्धान्तहरुबाट प्रभावित रहेका छन् । केही सामाजिक विषयवस्तुमा समेत उपन्यासहरु प्रकाशित गर्नुभएको छ । यस अगाडि वहाँका शीलवती उपन्यास, भगवान कहाँ छन् र कस्ता छन् ? लगायतका कृतिहरु प्रकाशित भइसकेका छन् । वहाँले आफ्ना कृतिहरुलाई हिन्दी तथा अङ्ग्रेजी भाषामा समेत अनुवाद गरेर प्रकाशित गर्नुभएकाले आफ्नो लेखनीलाई अन्तर्राष्ट्रियकरण गरिसक्नुभएको छ । यसैगरी वहाँका थुप्रै अन्तर्वार्ता तथा प्रवचनहरु समेत प्रसारण भइसकेका छन् । राष्ट्रिय तथा स्थानीय स्तरका पत्रपत्रिकाहरुमा अवधि तथा नेपाली भाषामा विभिन्न आलेखहरु प्रकाशन भइसकेका छन् । भेरी साहित्य समाज केन्द्रीय समितिबाट सम्मानित श्रीवास्तव जिल्ला समिति बर्दियाका सल्लाहकार हुनुहुन्छ ।

वहाँको पछिल्लो कृति ‘यो हो अमेरिका’ प्रकाशन गर्न पाउँदा हामीलाई बडो गौरवान्वित महशुस भएको छ । विशेष गरी वहाँ अमेरिका जाँदा त्यहाँको सामाजिक सभ्यता, संस्कृति, भूगोल, राजनीति, कृषि, उद्योग तथा व्यापार, ज्ञान विज्ञान, अन्वेषण तथा अनुसन्धान, नियम कानुन, अनुशासनको पालना लगायत विभिन्न प्रान्तका परिवेशहरुबाट प्रभावित हुनुभई यो नियात्रा लेख्नुभएको हो । यो नियात्रा अमेरिकी सभ्यता र त्यहाँको विकास तथा परिवेशका बारेमा बुझ्न चाहने जो कोही पाठकका लागि निकै रुचीपूर्ण तरिकाले प्रस्तुत गर्नुभएको छ । यसमा कतिपय आफुले भ्रमणका क्रममा देखेभोगेका विषयहरुमा बडो रोचक तरिकाले प्रस्तुत गर्नुभएको छ । विश्वज्ञानमा रुची राख्ने पाठकको हातमा पर्नासाथ यो पुस्तक नछोडिकन अध्ययन गर्नु नै हुनेछ भन्नेमा हामी विश्वस्त छौं । यसको अर्थ यो पुस्तकले जो कोही पाठकको ध्यान खिच्न सफल हुने नै छ ।



यो हो अमेरिका



अन्तमा, अमेरिका र यस सम्बद्ध राष्ट्रहरुका बारेमा जान्न र बुझ्न यो पुस्तक ‘यो हो अमेरिका’ एउटा सन्दर्भ सामग्री हुनेछ । यो कृतिको पूर्ण सफलताको कामना गर्दै भेरी साहित्य समाज बर्दिया शाखालाई यसको प्रकाशनको जिम्मेवारी दिनुभई ठूलो गुन लगाउनु भएकोमा हार्दिक आभार व्यक्त गर्दछौं । साथै आगामी दिनमा लेखक अयोध्याप्रसाद श्रीवास्तवज्यूका अझै उत्कृष्ट पठनीय पुस्तकहरु प्रकाशन हुँदै रहुन् भन्ने शुभकामना सहित वहाँको सुस्वाथ्य, दीर्घ अनि सक्रिय जीवनको कामना गर्दछौं ।

विष्णु प्रसाद मरासिनी
अध्यक्ष
भेरी साहित्य समाज, बर्दिया

## हार्दिक शुभकामना



बर्दियाका सुप्रसिद्ध लेखक एवं विद्वान व्यक्तित्व श्री अयोध्या प्रसाद श्रीवास्तवद्वारा लेखिएको 'यो हो अमेरिका' पुस्तकको पाण्डुलिपि मेरो हातमा पर्यो र साथमा पुस्तकका विषयमा सानो मन्तव्य लेख्दिने लेखकको सहृदयी आग्रह पनि। लेखक श्रीवास्तवले बर्दिया जिल्लामा लेखन, अध्यापन र प्रशासनिक क्षेत्रमा लामो अनुभव सँगाल्नुभएको छ। शिक्षा ज्ञान, भ्रमण र अनुभवले खारिएको व्यक्तित्व श्रीवास्तवजीको लेखन परिपक्क तथा सारगर्वित छ। बर्दियाका विविध आयामहरूलाई सूक्ष्म अध्ययन र विश्लेषण गर्ने क्षमता उहाँको सिर्जनाशील व्यक्तित्वमा देखा पर्दछ। बर्दियाको अग्रणी शैक्षिक संस्था बबई बहुमुखी क्याम्पसमा संस्थापक प्राध्यापकको रुपमा उहाँले लामो समय प्राध्यापक गर्नुभयो। जिल्ला प्रशासन कार्यालय बर्दियाका प्रशासकीय अधिकृतका रूपमा उहाँले लामो समय प्रशासनिक सेवा मार्फत राष्ट्रसेवकको भूमिका निर्वाह गर्नुभयो। राजनीतिशास्त्र र कानुनमा उच्च शिक्षा हासिल गर्नुभएका उहाँ स हृदय, विनम्र तथा सादा जीवनशैलीका हिमायती व्यक्तित्व हुनुहुन्छ। पूर्वीय चिन्तन, सनातन जीवनशैली र आध्यात्मिक भावधारलाई जीवनमा अनुवाद गर्न प्रयत्नशील उहाँ निरन्तर लेखन साधनामा तल्लिन व्यक्तित्व हुनुहुन्छ।

विभिन्न अखबारहरूमा उहाँका फुट्कर रचनाहरू यत्रतत्र प्रकाशित छन्। पुस्तककारका रूपमा उहाँले यसअघि 'शीलवती' उपन्यास प्रकाशित गर्नुभएको छ। हिन्दी र अवधी भाषामा पनि कलम चलाउने उहाँ यस क्षेत्रको हिन्दी र अवधी साहित्यको चिन्तक र समीक्षक रुपमा समेत सुपरिचित हुनुहुन्छ। उहाँको यसअघि प्रकाशित 'भगवान कहाँ छन् र कस्ता छन् ?' नामक कृतिले लेखकको उल्लेखनीय विशेषता र चिन्तनहरूलाई उजागर गरेको छ।

प्रस्तुत कृति 'यो हो अमेरिका' लेखकको पुस्तकका रूपमा प्रकाशित हुन थालेको अर्को महत्वपूर्ण कृति हो। शिक्षाको विकास प्रविधिको समुन्नति तथा यातायात र सञ्चारको अपूर्व क्रान्तिका कारण आज विश्व एक गाउँमा परिणित भएको छ। विश्वव्यापीकरण र भूमण्डलीकरणको यो युगमा संसारका





मानिसहरू ठाउँ ठाउँमा छरिन पुगेका छन्। राजनैतिक, सामाजिक, आर्थिक आदि कारणले होस् अथवा समुन्नत भविष्यको खोजीको तलासमा आज मानिस विश्वका विभिन्न देशहरुमा गइरहेका छन् बसिरहेका छन्। यिनी संसारभरि छरिएका मानिसहरूको समूहहरुले आआफ्ना अनुभव र अनुभूतिले नयाँ साहित्यको सिर्जना गरेका छन्। आफ्नो देश छाडेर अन्यत्र छरिएर बस्ने मानिसहरुलाई आज 'डायस्पोरा' भनेर भनिन्छ। अमेरिका नेपालीहरू डायस्पोरा को प्रमुख आकर्षण रूपमा रहेका यथार्थ हाम्रा सामु छ। लेखकले यस पुस्तकमा आफ्नो अमेरिका यात्राको पृष्ठभूमि अमेरिका परिवेशको चित्रण गर्ने एउटा सचेत नेपालीको आँखामा अमेरिकी जीवनशैलीलाई नजिकबाट नियाल्ने र आफ्ना अनुभूतिहरूको रंगमा बदलेर प्रस्तुत गर्ने प्रयत्न गरेका छन्। स्थान वर्णन अनुभूति वर्णन र अमेरिकी जीवन यथार्थलाई सूक्ष्म अवलोकन गर्ने सक्षम योग पुस्तक एक सुन्दर र सशक्त यात्रा साहित्य हो। प्रस्तुत पुस्तक अमेरिका बुझ्न चाहने हरेक नेपालीका लागि उपयोगी रहने विश्वास लिएको छु। लेखकका अनुभवी कलमबाट भविष्यमा थप नवीन कृतिहरूको सिर्जना हुने आशाका साथ उहाँका सुस्वास्थ्य र दीर्घायुको हार्दिक शुभकामना व्यक्त गर्दछु।

सञ्जय कुमार गौतम
पूर्व सिँचाई मन्त्री एवं प्रतिनिधिसभा सदस्य

## हार्दिक शुभकामना



दर्शनशास्त्रले ज्ञानको सीमा र परिधिलाई नाप्छ । असीमित ज्ञानको निरन्तर खोज गर्ने र ज्ञान प्राप्त गरेर कहिल्यै नथाक्ने व्यक्ति दार्शनिक हो । सत्कर्म गर्ने इच्छालाई उमेरले छेक्दैन । सिक्ने र सिकाउने प्रक्रियाहरू जीवनभ चलिरहन्छन् । यस्तै आफ्नो जीवनलाई निरन्तर दार्शनिक चिन्तन र खोजमा समर्पित गरिरहेका व्यक्तिहरु मध्येको एउटा नाम हो अयोध्या प्रसाद श्रीवास्तव । लामो समयसम्म नेपाल सरकारको निजामती सेवाको अधिकृत पदमा कार्यर तरहि राष्ट्र सेवामा समर्पित रहनुभएका र सँगसँगै बबई बहुमुखी क्याम्पसको स्थापना कालदेखि प्राध्यापनमा पनि सक्रिय रही बर्दिया जिल्लाको शैक्षिक तथा प्रशासनिक क्षेत्रमा आफ्नो स्वर्णिम इतिहास बनाउन सफल व्यक्तित्वको रुपमा मैले उहाँलाई बुझेको छु । वर्तमानमा सेवाबाट निवृत भइसकेको अवस्थामा पनि वहाँ आफ्नो ज्ञान, सीप र अनुभवलाई लेखनको माध्यमबाट समाजलाई बाँडने काममा सक्रिय  हनुभएको छ । कानुन र राजनीतिक शास्त्रको विद्यार्थी भएपनि साहित्य, राजनीति, दर्शन, आध्यात्म, कानुन तथा समाज विज्ञानको क्षेत्रमा निकै दक्षतापूर्ण रुपमा कलम चलाउन सक्ने प्राज्ञिक व्यक्तित्व अयोध्या प्रसाद श्रीवास्तवका “सीलवती उपन्यास“ “भगवान कहाँ छन् र कस्ता छन्” भन्ने आध्यात्मिक खोजमूलक कृति पछि हाल प्रकाशन हुन लागेको “यो हो, अमेरिका” भन्ने ऐतिहासिक कृतिको पाण्डुलिपि सरसती अध्ययन गर्ने अवसर प्राप्त गरे । लेखक विगत केही समयदेखि अमेरिकामा रहेर आफ्नो अध्ययन लेखन र कार्यलाई अगाडि बढाइरहनु भएको छ । अमेरिका बसाइको क्रममा देखे भोगेका कुराहरू तथा अमेरिकाको स्थापनादेखि वर्तमानसम्मका सबै घटनाहरू र त्यहाँको जीवनशैलीलाई समेत सूक्ष्म रुपमा अध्ययन गरी यस कृतिमा उतार्ने प्रयास गर्नुभएको छ । विश्वकोसर्वशक्तिमान राष्ट्र अमेरिका हाम्रो जस्तो विकासशील देशको लागि मात्र नभई विश्वका अधिकांश देशका नागरिकहरूको लागि एउटा सपना बन्ने गरेको छ। हाम्रो देशबाट पनि वर्षेनी हजारौं युवाहरू अध्ययन, रोजगार तथा अन्य विभिन्न कामको सिलसिलामा



यो हो अमेरिका



अमेरिका जाने गर्दछन् । तिनीहरूका लागि यो कृति एउटा मार्ग निर्देशक हुनेछ भने, अमेरिकाको इतिहास तथा राजनीतिक प्रणाली र विकासको बारेमा अध्ययन, अनुसन्धान गर्ने अध्येताहरूको लागि यो एउटा महत्वपूर्ण सहयोगी कृति हुनेछ भन्ने विश्वास लिएको छु। अन्तमा लेखकको सुस्वास्थ्य तथा दीर्घायुको कामना सहित भविष्यमा पनि अझ परिस्कृत  चनाहरू पाठकहरुले पाउने आशाका साथ । यस कृतिको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

हरिप्रसाद जोशी
उपप्राध्यापक
बबई बहुमुखी क्याम्पस
गुलरिया बर्दिया

## शुभकामना



प्रस्तुत पुस्तक “यो हो अमेरिका” का स्रष्टा श्री अयोध्या प्रसाद श्रीवास्तव बर्दिया जिल्ला तत्कालीन महम्मदपुर गाउ पंचायत वडा नं.२, गणेशपुर निवासी स्व. पिता त्रिलोकनाथ श्रीवास्तव तथा स्व. माता विष्णुदेवी श्रीवास्तवका जेष्ठ पुत्र हुनुहुन्छ । उहाँले आफ्नो अध्ययन सकी जिल्ला प्रशासन कार्यालय बर्दियाको प्रशासकीय अधिकृत भई सेवा प्रदान गर्दाको अवस्थामा बर्दिया बबई बहुमुखी क्याम्पसको संस्थापक एवं स्वयंसेवक शिक्षादानी प्रथम प्रध्यापक भै क्याम्पसलाई सुव्यवस्थित र मर्यादित बनाए भने अधिवक्ताको परीक्षामा टपटेन भित्र पर्नु भएका प्रखर व्यक्तित्व लेखक, आफ्ना छोराको ग्रेजुएशन का समय र आफ्नो अध्ययन भ्रमणहरुमा अमेरिका पुगेका बखत के हो अमेरिका भनि सोध खोज गरि “यो हो अमेरिका” नामक पुस्तकको रचना गर्नु भएको रहेछ । मैले पुस्तकको पाण्डुलिपि हेर्ने सौभाग्य पाउँदा कृतज्ञ रहि दुई शब्द लेख्न आतुर भएको छु । यस्ता श्रृजनशीलताले कलम चलाउनेहरुमा उत्साह तथा आकांक्षाका आकुरा पलाउने मात्र होइन, अमेरिका नपुगेका व्यक्तिहरुलाई अमेरिका यस्तो रहेछ भनि बुझ्न पाइने भयो । लेखकले यस अघि पनि शीलवती उपन्यास तथा भगवान कहाँ छन् र कस्ता छन् भन्ने पुस्तक नेपाली र हिन्दीमा लेखी प्रकाशित गरिसक्नु भएको छ । यी र यस्तै उल्लेखनीय कार्य गर्ने लेखकको अझै जोश जाँगर तथा उत्साहमा एक इट्टा थपियोस भन्ने शुभकामना अर्पण गर्दछु ।

देवीदत्त देवकोटा<br>
पूर्व अध्यक्ष<br>
जिल्ला अदालत बार एशोसिएशन बर्दिया



यो हो अमेरिका



## लेखकको कलमबाट

अहिले देशमा कामविहीनता र असुरक्षित भविष्यको वातावरणमा “अमेरिकन स्वप्न” देखनेहरुको संख्या द्रुत गतिले बढेको छ । यसमा एकातिर विद्यार्थी वीसा र डीवीले सीढीको काम गरेको छ भने संसदले एम.सि.सि पास गरेपछि त नेपालीले अमेरिकालाई आफ्नो पानी पँधेरो बन्ने आशा लिएको देखिन्छ । साथै क्यानाडा, यूरोप, अस्ट्रेलिया र न्यूजीलैण्ड पनि आकर्षक गन्तव्य बनीसकेका छन् र खाडी देश लगायत विश्व कै सबै देशहरु नेपालीहरुको श्रम बजार भैसकेको समयमा अमेरिका बारेमा मूलभूत जानकारी पस्कने उद्देश्यले “यो हो अमेरिका” पुस्तक प्रस्तुत गर्दैछु ।

मैले सौभाग्यले सन् २००४ देखि अहिले २०२३ सम्म समय समयमा छोराको ग्रेजुएशन र उपचार आदिमा भ्रमणको क्रममा अमेरिकाका २१ राज्यको दर्शनीय स्थल र महत्वपूर्ण स्थानहरुको अवलोकन तथा कलेजमा अध्ययन गर्ने अवसर पनि पाएकोले त्यस अनुभवको लाभ आफ्ना देशवासीलाई उपलब्ध गराउने उद्देश्यले “नेपालीको स्वप्न संसार”- अमेरिकाको जनजीवन वातावरण, मूल्य, मान्यता, सोँच र कार्य व्यवहार तथा सरकारी कार्यशैली आदि हामी भन्दा निकै फरक किसिमको भएकोले त्यसको मंथन गर्ने प्रयास गरेको छु । सुहृदय पाठकले यसबाट इच्छानुसारको नौनी निकाल्न सक्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

भ्रमण र अध्ययनको समयमा मैले देख्न, सुन्न, पढ्न, थाहा पाउन र बुझ्न् सकेका कुराहरु मेरो मस्तिष्कीय क्षमता अनुसार पुस्तकमा लेखबद्ध गरेको छु भने गुगल, विकीपिडिया, कोरा र सामाजिक संजालमा देखिए-पाइएका तथ्य र डेटाहरुलाई पुस्तकमा साभार उधृत गरको छु र उहाँहरु सबैप्रति कृतज्ञ छु ।

भ्रमण र अध्ययनमा सहयोग गर्नु हुने वरिष्ठ पत्रकार श्री कृष्णराज पाण्डे र डा. केशव भण्डारी तथा कलेजमा पनि छाया सरह मेरो साथमा रहने धर्मपत्नी उमादेवी तथा विभिन्न कुरा बताउने बुझाउने छोरा पंकज र

आशुतोष, डा.निधि र रिती, छोरी कंचन र ज्वाई कमल तथा कलेजका विद्यार्थी नातिनी कनिष्का र नाती कृशको सहयोगलाई यो अवसरमा समभिनै पर्दछ। साथै छोरी गुंजन र ज्वाई नितिन तथा भाई भतिजाहरु रमेश, दीपेन्द्र, प्रियंका, रुपेन्द्र, अन्जु, रजनी, गणेशलाई पनि स्मरण गर्नुपर्दछ।

यो पुस्तकमा संलग्न कतिपय जानकारी बताउने र स्पष्ट पारिदिने कलेजकी मेरी प्रोफेसर डियान वालिश, ट्रेसी, क्रिस्टिना र बेथ एरिकशन तथा खोजी खोजी पुस्तक उपलब्ध गराईरहने लाइब्रेरियन एनी एम कोष्टालाई सादर नमन गर्दछु।

पुस्तकको कभर पृष्ठ बनाई दिने र पुस्तकको लोकार्पण लगायतका महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएका शिक्षक तथा गायक कलाकार श्री प्रभात सुवेदी, अफसेट प्रेसका मेघराज सिग्देल र आरभ सिग्देल, कम्प्युटर टाइप गर्ने ओमनाथ लम्साल तथा पुस्तक प्रकाशक श्री भेरी साहित्य समाज र अन्य सहयोगीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

यो पुस्तकको सम्पादन गरी दिने र अमूल्य सुझाव सहयोग दिनुका साथै पुस्तकको विमोचन गरि मलाई गौरवान्वित समेत गर्नु हुने सदैव सहयोगी मनका आदरणीय, नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य प्राज्ञ माननीय हरि प्रसाद तिमिल्सिना ज्यूमा हार्दिक कृतज्ञता प्रकट गर्दछु। पुस्तकबाट पाठक वर्गले अवश्य पनि ज्ञानलाभ प्राप्त गर्नं हुनेछ भन्ने विश्वास लिएको छु र आगामी लेखन र प्रकाशनमा अझै परिष्कार होस् भन्नका लागि पाठकको प्रतिक्रिया पाउने पनि आशा लिएको छु, यस पछि छिटै 'नयाँ मुलुक' को इतिहास र धर्म दर्शन दिग्दर्शन पाठकहरुको माझ प्रस्तुत गर्ने प्रयाश गर्दैछु।

धन्यवाद !

ayodhya.p.shrivastav@gmail.com

Mobile No. 9858020494, +97784420494

लेखक
अयोध्या प्रसाद श्रीवास्तव
गुलरिया-११, गणेशपुर, नेपाल
वि.सं. २०८०/१०/२१



यो हो अमेरिका

# विषय सूची

अध्याय १

| क्र.सं. | शीर्षक | पेज नं |
|---|---|---|
| १ | अमेरिकाको प्रथम यात्रा | १ |
| २. | दोस्रो यात्रा- वासिङटन डि.सी, मेरील्यांड, भर्जीनिया, फिलाडेल्फिया, न्यूयार्क | ८ |
| ३. | नियाग्राफल्स | १२ |
| ४. | हार्वड र एम.आई.टी युनिभरसिटी | १३ |
| ५. | सेन्फ्रानन्सिसको तृतिय भ्रमण | १५ |
| ६ | स्टेनफोर्ड यर्सनिभरसिटी | १८ |
| ७ | चतुर्थ भ्रमण लसएंजलस | २४ |
| ८ | पाँचौं भ्रमण दुर्गम प्रदेशनर्थ डेकोटा सम्म, नेवादा, आइडहो, वयोमिंग, मोन्टाना, विस्मार्क,माउण्ट रसमोर, ग्लैसियर नेशनल पार्क | २६ |
| ९. | एल सेन्ट्रो दोश्रो भ्रमण र सीमा नाका | ४० |
| १०. | हरित क्षेत्रमा- सैनडियागो, सेक्रेमेण्टो, एलसेन्ट्रो, टेमकुला, वाइनकन्ट्री शहरहरु | ४५ |
| ११. | जुवाडी र करिशमाई लस भेगास शहर ! फ्रीमण्टस्ट्रीट, बुद्धको मूर्ति, पर्यटकीय रणनीति ! | ५१ |
| १२. | टेक्सास राज्य - कम्पनी खोल्न सजिलो, अस्टिना ह्वीस्टन, डैलास, सेनअन्टोनियो, नासा, | ५४ |
| १३. | मियामी महानगर | ६० |
| | अध्याय - २ | |
| १४. | अमेरिका र निकटवर्ती क्षेत्र | ६३ |
| १५. | दक्षिणी अमेरिकी महादेश - केन्द्रिय अमेरिका, मिडिल अमेरिका, ल्याटिन अमेरिका, क्यारेबियन देश वेस्ट इन्डिज | ६६ |
| १६. | संयुक्त राज्य अमेरिका - राज्यहरु शासन प्रणाली भुगोल, जनसंख्या समयको मापन र विधि, नेपाली अमेरिकनहरु | ६९ |
| | अध्याय - ३ | |
| १७. | राजनीतिक इतिहास | ७७ |
| १८. | कोलम्बसको बारेमा, रेडइण्डियन, आदिवासी राज्य | ८४ |
| १९. | अमेरिकन गोल्ड रेस, विदेशीहरुको प्राचिनस्थिसत | ८५ |

अध्याय ४

२०. कलोनीहरु, दास व्यापर, राजनीतिक संस्थाहरुको विकास ९०

अध्याय - ५

२१. अमेरिकन स्वतन्त्रता संग्राम ९२
२२. स्वतन्त्रताको घोषणा र संविधान निर्माण राजनीतिक संगठन र शासकीय स्वरुप ९७
२३. पंथनिरपेक्ष राज्य, शक्ति केन्द्र, दासप्रथा उन्मुलन १०३
२४. अस्वेत आन्दोलन, मेक्सिकोसँग युद्ध १०७

अध्याय - ६

२५. जनजीवन १०९
२६. कम्पनीहरु र फ्रेन्चाइज ११६
२७. टपटेन समाचार पत्र, टेलीभीजन १२५

अध्याय - ७

२८. सामान्य जीवनशैली १२८

अध्याय - ८

२९. शिक्षा १३४

अध्याय - ९

३०. व्यापार व्यवसाय १३९

अध्याय - १०

३१. बच्चाको पालन पोषण १४५

अध्याय - ११

३२. यातायात र ट्राफिक नियम १६०

अध्याय - १२

३३. बस्तीको संरचना

अध्याय - १३

३४. उपचार व्यवस्था १६६

अध्याय - १४

३५. विविध व्यवस्था १७५

अध्याय - १५

३६. न्यूजील्याण्ड यात्रा १८५
३७. सिन्गापुर यात्रा १९९



**यो हो अमेरिका**

अध्याय ४
२०. कलोनीहरु, दास व्यापर, राजनीतिक संस्थाहरुको विकास ९०
अध्याय - ५
२१. अमेरिकन स्वतन्त्रता संग्राम ९२
२२. स्वतन्त्रताको घोषणा र संविधान निर्माण राजनीतिक संगठन र शासकीय स्वरुप ९७
२३. पंथनिरपेक्ष राज्य, शक्ति केन्द्र, दासप्रथा उन्मुलन १०३
२४. अस्वेत आन्दोलन, मेक्सिकोसँग युद्ध १०७
अध्याय - ६
२५. जनजीवन १०९
२६. कम्पनीहरु र फ्रेन्चाइज ११६
२७. टपटेन समाचार पत्र, टेलीभीजन १२५
अध्याय - ७
२८. सामान्य जीवनशैली १२८
अध्याय - ८
२९. शिक्षा १३४
अध्याय - ९
३०. व्यापार व्यवसाय १३९
अध्याय - १०
३१. बच्चाको पालन पोषण १४५
अध्याय - ११
३२. यातायात र ट्राफिक नियम १६०
अध्याय - १२
३३. बस्तीको संरचना
अध्याय - १३
३४. उपचार व्यवस्था १६६
अध्याय - १४
३५. विविध व्यवस्था १७५
अध्याय - १५
३६. न्यूजील्याण्ड यात्रा १८५
३७. सिन्गापुर यात्रा १९९
यो हो अमेरिका - २०८१

# अध्याय-१
# अमेरिका यात्रा

## खण्ड १
## अमेरिकाको प्रथम यात्राको अनुभव

छोरा आशुतोष शुरुमा डिकिन्सन स्टेट युनिभर्सिटी नर्थ डेकोटाको स्टुडेन्ट भिसामा सन् २००३ मा अमेरिका गएको थियो र पछि ह्विस्टन शहर टेक्ससको युनिभर्सिटीमा ट्रान्सफर लियो र २००७ मा ग्रेजुएट भयो । अमेरिकामा चाहे हाईस्कुल होस् या कुनै पनि स्कुली ग्रेजुएशनमा प्रत्येक स्कुलले कुनै स्टेडियममा ठुलो उत्सव गरेर प्रमाण पत्र वितण गर्ने गर्दछ र यो कार्यक्रम बहुतै भव्य हुन्छ । जसको लागि स्कुलले विद्यार्थीले दिएको उसको आफन्तहरूको नाम लिस्टमा निमन्त्रणा पठाउँछ । हामीले पनि निमन्त्रण पाएर हस्तलिखित पासपोर्ट बनायौं र भिसाको लागि अमेरिकन दूतावासमा निवेदन दियौं । इन्टरभ्यू भयो । दूतावासले हामी पति पत्नीलाई भिसा दिएन । कारण नबताउने नियम रहेछ ।

छोरा आशुतोष एक नाम चलेको कानुनी फर्ममा काम गर्दथ्यो उसले तुरुन्तै मुद्दा हाल्यो र दूतावासले हामीलाई पुनः निवेदन दिन मेसेज पठायो । हामीले फेरि निवेदन र इन्टरभ्यू दिएर ५ वर्षे भिजीटर भिसा पायौं । विदेश यात्रा बारे हामी बिल्कुल अन्जान थियौं ।





काठमाडौंमा इन्टरनेट र कम्प्युटर भर्खर प्रवेश गरेको थियो र सीमित क्षेत्रमा सिकारु प्रयोग हुन्थ्यो । एउटा टिकट बेच्ने फर्मबाट दुईटा टिकट लियौँ । आवतजावत दुवै तर्फको एक लाख सात हजार प्रति व्यक्ति । सस्तो टिकट हो भन्थे । निश्चित मितिमा काठमाडौंबाट राति प्रस्थान गऱ्यौं र भोलिपल्ट बिहान हङ्कङ पुग्यौं ।

एरपोर्टमा चाइनिज इङ्गलिस बुझ्नै कठिन । लस एन्जलसको फ्लाइटको लागि बोर्डिङ पास र प्लेन कहाँ पाइन्छ सोध्दै हिँडें । एक सुरक्षा अधिकारीले इलेक्ट्रानिक नोटिस बोर्ड हेर्दै गेट नम्बर सुनिश्चित भइनसकेको, यो नोटिस बोर्ड हेर्दै रहनु भने र बोर्डिङ पास पाउने ठाउँ बताई दिए । भाषाको कठिनाइले मुस्किलले पास लिएँ । बोर्डमा सूचना हेरेर गेटमा पुगेँ दिनभरको बसाइपछि साँझतिर फ्लाइट भयो ।

हाम्रो टिकट बनाउँदा शाकाहारी खाना लेखेकोले प्लेनमा आफ्नै किसिमको खाना नास्ता उपलब्ध थियो । प्लेनमा रातिको खाना दिइसकेपछि परिचारिकाले तीन रङ्गका तीनवटा फारम देखाउँदै कुन-कुन चाहिन्छ ? सोध्दै हिँडिन् । मेरो यात्राको अमेरिकामा प्रवेश, खुट्टा टेक्ने पहिलो स्टेसन लस एन्जलस थियो । इमिग्रेसन अफिसमा यात्री अमेरिका आएको र बस्न पाउने अवधि तोकिएको अमेरिकन भिसा लिनुपर्ने भएकोले लस एन्जलस पुगेपछि भिडमा लामो लाइनमा लागेको बेला फारम खोज्न र भर्न अप्ठेरो हुने हुँदा फुर्सदको समयमा फारम भरेर ठिक पारिराख्न प्लेनमै भिसा लगाउने फारम र भन्सारको उद्घोषणा फारम दिने रहेछ । मैले सबै हेरे र दुईटा चाहिन्छ होला भनेर लिएँ । एउटा ४ इन्च चाक्लो १० इन्च लामो सेतो फाराम दुई खण्डमा विभाजित थियो । बिचमा च्यातेर दुई भाग टुक्र्याउने गरी "कट" रहेछ । माथि क्यापिटल अक्षरमा नाम, जन्ममिति, फ्लाइटको नाम, नम्बर र पासपोर्ट नम्बर र देशको नाम भरेँ । तलको अर्धकट्टीमा नाम, जन्ममिति र पासपोर्ट नम्बर देशको नाम भरेँ । पत्नीको पनि फारम भरेँ । अर्को नीलो फारम भन्सारको रहेछ जसमा आफूसँग भएको मालवस्तु लत्ता कपडा र सबैको अनुमानित मूल्य लेख्नु पर्ने । लेखियो । यो फारममा खास गरेर अमेरिका लैजान नहुने मालवस्तु फलफूल, गेडावाला तरकारी, बोटविरुवा आदि बारे निकै हेर्ने रहेछ । फारम भरेर आ-आफ्ना पासपोर्टका साथ सुरक्षित राख्यौं ।

रातभरको यात्रापछि पर्सीपल्ट बिहान ८ बजे तिर लस एन्जलस पुग्यौं । दस बजे डोमेस्टिक फ्लाइटबाट डयलास जानु थियो । प्लेनबाट झर्नेहरू इमिग्रेसनको लाइनमा भरसक अगाडि पुग्नलाई फुर्तीसँग हिँडें । हामी अलिपछि पऱ्यौं । इमिग्रेसनको डेस्कमा हाम्रो भिसा पासपोर्ट हेरेर तुरुन्त इन्ट्री दिएन । भित्रपट्टि अफिसर बस्ने कोठामा लगेर राखीदियो । त्यहाँ अरुहरू पनि बसेका रहेछन् ।

अफिसरले कुनै एउटा नवयुवकलाई पासपोर्टमा शङ्का गरेर निकै सोधपुछ र फोटो खिँच्दै औँठाको औँलाको छाप लिँदै जाँचमा व्यस्त रहेछ ।

संभवतः डेढ घण्टा बसि राख्यौं । मैले केही भन्न खोजें तर दुईजना नेपाली नवयुवकले नबोल्न सङ्केत गरे । अफीसरले उताबाट फुर्सत पाएर कुर्सीमा बस्यो र हाम्रो पासपोर्टको चाङ्ग उठायो । पासपोर्ट हेर्दै, हाम्रो फारमबाट अर्धकट्टी च्यात्दै पुछारको खण्ड पासपोर्टको माथि स्टेपलर लगाएर टाँस्दै छाप दस्तखत गर्दै दिन थाल्यो । एक दुईटा सामान्य कुरा सोध्यो । हामीलाई ढिलो भयो भन्ने कुराले गर्दा ऊ भरसक छिटो काम निप्ट्याउँदै थियो ।

त्यो अर्धकट्टी नै अमेरिकामा इन्ट्रीपछिको भिसा रहेछ जसमा ६ महिना बस्न पाउने लेखेको रहेछ । नजिकै "लगेज" बुझ्ने ठाउँमा लगेज उठायौं र भन्सारमा पुग्यौं नीलो पर्चा बुझाए । अरुले लगेज चेकमा लगेज हाल्दै निकाल्दै हिँडेकाले हामीले पनि त्यस्तै गरेर लगेज लिएर हिँड्यौं र सँगै रहेको डोमेस्टिक टर्निमलमा पुगीहाल्यौं । डेस्कमा लगेज बुझायौं र बोर्डिङ पास लियौं सेक्युरिटी चेकमा पस्यौं ।

वास्तवमा सबै युनिट लहरै रहेछन् । खासै हिँड्नै नपर्ने तर सेक्युरिटी पार गरेर भित्र पस्दासम्म हाम्रो प्लेन त गइसकेको रहेछ । कुनै कुनै एयरलाइन्सको कर्मचारी यताउति घुम्दै थिए मैले एउटालाई समस्या बताएँ । उसले भित्र रहने यात्रीको प्लेन छुटेमा अर्कोमा जान पाइन्छ भन्यो र एयर लाइन्सको डेस्कमा जान भन्यो । हामी कैथेपेसीफिकको डेस्कमा लामो लाइनमा लागेर झ्यालमा पुग्यौं टिकट देखायौं । कर्मचारीले यो टिकट हाम्रो एयरलाइन्सको जहाजको होइन, अमेरिकन एयरलाइन्सको जहाजको टिकट हो, उसको विन्डोमा जान भन्यो । म लाइनबाट बाहिरिएँ । कुन लाइनमा लाग्ने भनेर एयरलाइन्सकी एक अर्को नानीसँग सोधें । तिनले विन्डो "श्री" भनेको सुनें । श्री लेखेको विन्डो खोजेर आएँ कतै पाइएन । फेरि तिनलाई सोधें फेरि "श्री" सुनें । म अक्क न बक्क भएँ ।

तिनले स्थिति बुझिछन् र मेरो हात समातेर ३ नं. झ्यालमा पुऱ्याइन् र माथि ३ लेखेको औँलाले देखाइन् । तिनले "थ्री" भनेको रहेछ । उनीहरूको उच्चारण र मेरो समझ नमिल्ने रहेछ । हामीले राति १० बजे फ्लाइटको बोर्डिङ पास लियौं । दिनभर १२ घण्टा बस्नु पर्ने भयो ।

मोबाइल धेरै चलनमा आई सकेको थिएन ल्यान्डलाइन हुन्थ्यो । छोराले चिन्ता लिइरह्यो होला भनेर भित्रको पब्लिक बुथबाट फोनगर्न खोजें । फोन गर्नलाई नोट हाल्न नमिल्ने सिक्का हाल्नुपर्ने, मैले एक डलरको नोट भजाउन सोध्दै हिँडे खुद्रा पैसा बनेन । एक अमेरिकनले मेरो कुरा बुझ्यो र पर्सबाट पैसा झिकेर बुथमा हालेर नम्बर डायल गरेर छोरासँग फोन गर्न भनेर हिँड्यो मैले नोट दिन चाहें, उसले लिएन । छोरासँग कुरा भयो ।



हामी तोकिएको गेटमा बसिरहेका थियौं । राति ९ बजे तिर गेट नम्बर परिवर्तित भएछ र त्यस गेटका मानिसहरू उठेर अन्तै हिँड्न लागेको देखें । छोराले त्यही बेला ह्विस्टनबाट एयर लाइन्सको अफिसमा फोनबाट केही भनेछ । एयरलाइन्सले मेरो नाममा माइकिङ्ग गरेछ । यिनीहरूको उच्चारणमा घ, झ, ठ, ढ, थ, ध, भ, पूरा र आधा अक्षर त झनै बोल्ने अभ्यास नहुनाले उनीहरूले मेरो नाम बोलाउँदा बुझ्न नसकेको रहेछु । एकछिन पछि दुईटा नवयुवकहरूसँग अचानक भेट भइ परिचय हुँदा मिथिला प्रदेश निवासी एक जना मिश्र र अर्को वाग्ले ह्विस्टन जानलागेका रहेछन् । तिनीहरूले एयरलाइन्सबाट तपाईंको नाम बोलाएको थियो भनेपछि खोजबिन गरियो र एयरलाइन्सका कर्मचारीले तपाईंको प्लेन लाग्ने गेट चेन्ज भएकोले अर्कै गेटमा जानुस् भनेर बताए । संयोगले ती दुई केटाहरू पनि त्यही गेटबाट त्यही फ्लाइटबाट उडे ।

४ या ५ घण्टाको फ्लाइटपछि हामी डैलास पुग्यौं । डैलासबाट ह्विस्टनको प्लेन चढ्नलाई अर्कै टर्निमलमा जानुपर्ने रहेछ । डैलास एयरपोर्ट विशाल रहेछ र भित्रैपनि ट्रेन चढेर जानुपर्ने रहेछ । हामीले त्यही पनि थाहा नपाएर अलमलिएको अवस्था एक नेपाली केटासँग अचानक भेट भएर तिनले ट्रेनमा चढाइदिए र जुन टर्निमलमा जुन गेटमा झर्नुपर्ने, त्यसमा आफू झरे र हामीलाई पनि झारे । तिनले आफ्नो नाम महेश चापागाईं भनि बताए । अघिका दुईटा केटा पनि त्यहाँ पुगि सकेका रहेछन् । हामी ५ जना नेपाली भयौं तर तीनै जना केटाहरू अलग अलग बसे । पछि ह्विस्टनको प्लेनमा चढ्यौं ।

करिब एक घण्टाको फ्लाइटपछि चौथो दिन बिहान ९ बजेतिर हामी ह्विस्टन एयरपोर्टमा झरेर लगेज लिने ठाउँमा गयौं । ती केटा तीनैजना त्यहीं देखिए । हामी तेस्रो दिन साँझ ह्विस्टन झर्ने स्टिमेट रहेकोमा चौथो दिन बिहान पुगेकाले छोराले हामीलाई लिन आउने समय बिग्रियो । छोरालाई खबर गर्ने हामीसँग साधन थिएन । छोराको फोन नम्बर सेक्युरिटीलाई देखाएर फोन गरिदिनुस् भनेर अनुरोध गरैं । उसले फोन उठायो तर रिङ्ग टोन आएन कि के भयो, २ मिनेट पख्नुस् भनेर कता तिर लाग्यो ।

मैले दुई केटा मिश्र र वाग्लेलाई समस्या बताउन खोजें तर उनीहरूले आफ्नो लगेज खोज्न लागे । पछि भेटिएका केटा महेश व्याग तान्दै मोबाइलमा कोसँग कुरा गर्दै म उभिएको ठाउँ तिर आए । मैले उनलाई छोराको नम्बर दिएँ र उनले छोरासँग मोबाइलमा कुरा गराइदिए । छोरा नजिकै पुग्न लागेको रहेछ । मिश्र र वाग्ले पनि हामी नजिकै निकास गेटमा आईपुगेकाले पाँचै जना गेट निर उभियौं र लिन आउने आफन्तिलाई हेर्न खोज्न थाल्यौं । सबैका आफन्तिहरू लिन आउँदै रहेछन् ।



यो हो अमेरिका

ती तीनवटा केटा हामी भन्दा थोरै पछाडि थिए । महेशले मोबाइलमा फेरि कोहीसँग कुरा गर्न थाल्यो । उताबाट तिम्रो मोबाइल इङ्गेज किन भएको थियो भनेर सोधेको हुनुपर्छ । महेशले “एउटा धोतीलाई उसको छोरासँग कुरा गराइ रहेको थिए” भनेर भनि हाल्यो । मैले पनि प्रस्टै सुनें । मुन्टो फर्काएर उसको मुखमा हेरैं । अघिल्ला दुईटा केटा मध्ये एउटाले अचानक महेशको गालामा झड्याम्म एक थप्पड हानी हाल्यो । उसको मोबाइल हातबाट छुटेर भुइँमा खस्यो । ठिक्क त्यही बेला हाम्रो छोरा पुगेर लगेज समात्यो र लिएर हिँड्यो । हामीपछि लाग्यौं । ती दुई केटाले नेपालको तुस अमेरिकामा पनि बोकेर ल्याएछस् बदमास ! भनी बडबडाउँदै हाम्रा पछिपछि निस्के । अरु कसैले केही बोलेन । सबै कता कता लागे । मेरी श्रीमती र छोराले केही चालै पाएनन् । यो सब अकस्मात एकै छिनमा हुन पुग्यो ।

काठमाडौंमा टिकट बिक्रेताले हङकङ्गबाट सोझै ह्विस्टनको टिकट काटेको भए राम्रो हुने रहेछ तर उसले हाम्रा लागि सस्तो भनेको कि यसरी टुक्रा-टुक्रा यात्रा गराउँदा सस्तो टिकटको लाभ आफूले लिएको कुरा बुझिएन । टिकट कटाउँदा पहिले आइटेनरी लिएर हेरेर पछिका दुवै ट्रान्जिटमा क्रमशः १.५ (डेढ) घण्टा र एक घण्टाको समयमा अर्को प्लेन समात्नु भनेको समस्या नै रहेछ । हामी अबुझ मान्छे ४ दिनको यात्रा गन्तव्यमा पुग्न साह्रै दुःख भयो । एक त भाषाको समस्या, अर्को सबै ठाउँमा बोर्डिङ पास लिनु पर्ने, थोरै समय । लस एन्जलसदेखि त प्लेनले खाना दिएन र एयरपोर्टमा हामीले खान हुने बिस्कुट र आलुचिप्स बाहेक केही पाइएन, जानिएन, थाहा भएन । कफी लिएको ४-४ डलरमा डढेको स्वाद चाखियो र फालियो ।

पर्सिपल्ट छोराको ग्रेजुएसन सेरेमनी थियो । साँझ भतिजा रुपेन्द्र पनि नर्थ डेकोटाबाट आईपुगेको थियो । छोराका नेपाली इन्डियन केटाकेटी साथीहरू सहित भएर भव्य ग्रेजुएसन सेरेमनीमा बस्यौं । हर्ष उल्लास र उत्सवमा २-३ दिन बिते ।

**समस्या**

छोरा विद्यार्थी भए पनि आत्मसम्मान र गौरवलाई बोकेर हिँड्छ । राम्रो लिभिङ रुम सहितको एपार्टमेन्टको बसाइ । एक दिन नास्ता गर्दा छोराले टेबुलमा राखिएको हाम्रो पासपोर्ट उठाएर हेऱ्यो । माथि टाँसिएको भिसाको अर्धकट्टी हेरेर चकित पऱ्यो । दुईटै अर्धकट्टीमा मेरो नाम लेखिएको रहेछ । उसको आमाको नामै रहेनछ । हामीले पनि हेऱ्यौं । ठुलो गल्ती हुन गएको रहेछ । त्यो के भने प्लेनमा “सेतो” फार्म भर्दा मैले एउटा फाराममा आफ्नो विवरण तल र माथि दुवै प्रतिमा ठिकै भरेको लस एन्जलसमा इमिग्रेसन हाकिमले तल्लो प्रति अर्धकट्टी च्यातेर मेरो पासपोर्ट माथि स्टिच गरेको ठिकै रहेछ तर एक त



यो हो अमेरिका

रातको समय, निद्रामा रहेको अवस्था, या पहिलो पटक यस्तो यात्राको अनुभवहीनताले जन्माएको खिन्नताले गर्दा हो कि ? पत्नीको फाराम भर्दा गलत नहोस् भनेर बढी सतर्कता गर्दा हो कि ? आफ्नो फाराम र पत्नीको पासपोर्ट हेर्दै माथिल्लो भाग त ठिकै भरेको रहेछु । तर तल्लो भाग भर्दा मेरो फारामको तल्लो भागको नक्कल गरेर मेरै नाम नम्बर आदि सारेको रहेछु र दुवै पासपोर्टमाथि मेरै नामको भिसा टाँसिन गएको रहेछ ।

संयोगले लस एन्जलसमा भिसा दिने हाकिम साह्रै उल्झनमा रहेको स्थिति माथि उल्लेख भइसकेको छ । उसले माथि र तल सब थोक नपढेर हतारमा अर्धकट्टी च्यातेर दस्तखत छाप लगाई दिएको रहेछ । सेक्युरिटी र प्लेनमा पासपोर्टको भित्री विवरण मात्र हेर्ने हुनाले बाहिर टाँसिएको भिसासँग मतलब नहुँदो रहेछ र नहेरेको रहेछ ।

छोराले तुरुन्तै आफ्नो हाकिम वकिललाई फोन गऱ्यो । उसको डिपार्टमेन्ट विदेश विभाग भएकोले इमिग्रेसनको समस्या त्यहीँ आएर हेरौंला भन्यो, किन भने छोराले साँझको टाइममा नेपाली खाना खाने निम्ता पहिलेदेखि दिई राखेको थियो र साँझ जर्जबुसको सल्लाहकार वरिष्ठ अधिवक्ता सहित दुई जना वकिल डेरामा आए । पासपोर्ट हेरे, केही कुरा गरे, भोलि इमिग्रेसन अफिस जाउँला भने । चिन्ता नगर्नुस् रमाउनुस् भने । नेपाली खानामा नेपाली अचार पुरी आदि खुब मन पराएर खाए पिए गए तर मलाई त राति छटपटि भैरह्यो । लस एन्जलस ५, ६ घण्टा फ्लाइटको दूरीमा छ । श्रीमती जाँदा म र छोरा जानै पऱ्यो । वकिल सहित ४ जना जाने आउने भाडा, खाना पिना बस्न । कहाँबाट आउला यति रकम ? छोरा विद्याथी ऊ सँग के नै होला र ?

भोलिपल्ट ९ बजे तिर वकिल आए । उनका साथमा चार जना भएर हिँड्यौं दुईटा कारमा । करिब एक घण्टा जतिको ड्राइभमा समुद्र किनारको एउटा बिल्डिङ्गमा पुग्यौं । अफिसमा हाम्रो जस्तो बोर्ड नलगाउने हुनाले भित्र गएपछि इमिग्रेसन अफिस रहेछ भन्ने कुरा थाहा भयो तर यो त पानी जहाजको इमिग्रसन अफिसमा किन ल्यायो होला भनेर मानमनै शङ्का भयो । मैले भन्नु के थियो र ? मन र दिमागले आफ्नो स्तरको प्रश्न उत्तर गर्दै रहें । म अचम्भित भइरहें ।

हामीसँग वकिल गएका थिए । डेस्कमा बसेको कर्मचारीलाई आफ्नो परिचय दिएर हाकिमसँग भेट्नुछ भने । अमेरिकामा वकिलको महत्व जान्ने त्यो दिन पहिलो अवसर पाइयो । आखिर म पनि त डिग्रीधारी वकिलै हो । डेस्कबाट फोन भयो । हामीलाई बसेर कफी खाँदै पाँच मिनट पर्खनुस् भनियो । पाँच मिनेट नपुग्दै एउटी जवान र पक्का गहिरो रङ्गकी महिला युनीफर्ममा तल झरिन् सबैसँग हात मिलाइन् । वकिल र छोरासँग कुरा बुझिन् । पासपोर्ट लिएर हेरिन् र हाँसिन् । नेपालबाट पति पत्नी हिँडेको, पत्नीलाई लस एन्जलसमा किन

छोडेको भनिन् । मैले पत्नीलाई देखाएँ सबै गलल्ल हाँसे । उनले ५००।- डलर पैनाल्टी फोकटमा बुझाउनु पर्ने भयो त ! भनिन् वकिललाई । वकिलले नियमानुसार जाउँला नि भने । एकछिन हाँसो गराएर हल्का माहौल बनाएर उनी हाम्रो पासपोर्ट लिएर माथि उक्लिन् । हामी बसेर कफी खान थाल्यौं ।

२०/२५ मिनटपछि उनी हातमा पासपोर्ट लिएर भऱ्याङगबाट तल आइरहेको देखा परिन् । नजिक आएपछि पासपोर्ट मेरो हातमा दिइन् । मैले वकिललाई दिएँ । छोरासहित दुवै जनाले हेरे । हाकिमले अब जानुस् श्रीमतीलाई अमेरिका राम्रोसँग डुलाएर नेपाल फर्कँदा दुवै जना फर्कँनु होला भनेर फेरि ठट्टा गरिन् । वकिलले हुन्छ त म काउन्टरमा पैनाल्टी रकम बुझाई दिन्छु भनेर डेस्कतिर हिँड्न खोज्दा उनले रोकिन् । हामी सबैले उनको मुखमा हेर्न थाल्यौं । उनले भनिन् यो तपाईंहरूको मात्र गल्ती होइन हाम्रो कोही अफिसरको पनि गल्ती हो । तपाईंले पैनाल्टी ५००।- बुझाएर हाम्रो सरकार र हाम्रो अफिसर माथि हर्जानाको मुद्दा हाल्नु हुन्छ र दुई हजार क्षतिपूर्त माग्नु हुन्छ । अफिसरको त जागिर पनि जान्छ । त्यसो हुनाले न पैनाल्टी लिन्छु न तपाईंलाई क्षतिपूर्ति माग्ने बाटो दिन्छु भन्दै फेरि हाँस्दै सबैसँग हात मिलाएर भऱ्याङ्ग तिर लागिन् । छोराले सङ्केत गऱ्यो हामी बाहिर निस्केर कारमा बस्यौं ।

तर म नेपालबाट गएको मानिस । इन्टरनेट जिल्लातिर गएकै थिएन र मलाई यो चिजको ज्ञान नै थिएन । मैले आफ्नै तरिकाले सोचैं । यहाँबाट सिफारिस पो दियो कि ? अन्यथा बर्दियाबाट जारी भएको नागरिकता या लालपुर्जामा झापाको हाकिमले त्रुटि भेट्टायो भने उसले किन र कसरी सच्याउला र ? यो त मिल्दैन भनेर हामीले सम्बन्धित जिल्ला मै जान भन्छौं । किनकि नक्कल अफिस कपिमा पनि त सच्याउनु पर्छ र एक जिल्लाको हाकिमले गरेको दस्तखत र अड्डाको छापको कागजमा अर्को जिल्लाको हाकिमले दस्तखत छाप किन गर्ला र ? काठमाडौं एयरपोर्ट इमिग्रेसनको कागज, पानी जहाज इमिग्रेसन हाकिमले किन सच्याउला ? थुप्रै प्रश्न गरैं मैले । म शङ्काको घेरा बाहिर निस्कनै सकिन ।

छोराले कुरा बुझाउन कोशिस गऱ्यो । हाकिमले आफैले इमिग्रेसन फाराम भरेर छाप दस्तखत गरेर अर्धकट्टी आमाको पासपोर्टमा अटैच गरेकी छन् र तल्लो भागको स्क्यान गरेर लस एन्जलस पठाए होलिन् यो अमेरिका हो, त्यति ठुलो अफिसरले केस आफैले डील गरेर समाधान गरिन् । तीनै पक्षलाई राम्रो भयो भन्यो ।

मलाई यसबाट दुईटा शिक्षा मिल्यो । सेवाग्राहीसँग मधुर व्यवहार गरेर भरसक सुखद् वातावरण बनाई राख्ने र आफ्नो सरकारलाई सम्भावित हानिबाट





बचाउन सचेत रहने । मैले अमेरिकाबाट फर्केपछि एउटा नयाँ सोच र उर्जाका साथ काम गरेको यो घटनाको प्रेरणाले हो ।

## खण्ड-२

## दोस्रो भ्रमण : वासिङ्गटन डिसी राजधानी

हाम्रो दोस्रो भ्रमणको केन्द्रविन्दु वासिङ्गटन डिसी थियो । यो सुन्दर व्यवस्थित अमेरिकाको राजधानी शहरको भूमि कोलम्बिया राज्यको सीमामा पर्दछ र कोलम्बियाले यसलाई सङ्घ सरकारलाई दिएकोले वासिङ्गटन नाममा District Columbia जोडेर DC लेखिन्छ । यो बहुत ठुलो शहर होइन । शहरका कैयौं टुक्रा टुक्री छन् । बिच बिचमा प्राकृतिक वन र मैदान छन् । एउटा शहर या बजार बसेको यसमा पनि भरी भराउ रुखहरू छन् भने अर्को शहर बजार जाँदा बिचमा मैदान र वन जङ्गल छ । जङ्गलभित्रको शहर बजारहरूको सामूहिक नाम वासिङ्गटन DC हो ।

(१) डिस्कभरी अफिस

हामी डाउन टाउनको ट्विन टावरमा बसेकोले शहरको मुटुमा थियौं र चारैतिर पैदल हिँड्न घुम्न सकिन्थ्यो । नजिकै 'डिस्कभरी'को हेड अफिस छ, परिचय पत्र, पासपोर्ट देखाए भित्र जान दिन्छ । तल्लो तलामा पुराना चिजवस्तु देख्न लायक सङ्ग्रहीत छन् । माथिल्ला तलाहरूमा कार्यस्थलमा जान पाइदैन तर जानकारी लिन सकिन्छ । यसैको नजिक ट्विटर र अरु प्रमुख कम्पनीका अफिसहरू छन् ।

(२) म्युजियम :

यहाँ ठुला साना म्युजियम र तमाम दर्शनीय स्थान छन् ।

(३) आधुनिक मन्दिर :

अमेरिकामा हिन्दू मन्दिर भारतीय गुजरातिहरू र गुरुद्वारा सिखहरूले आ-आफ्ना क्षेत्रमा यथासम्भव बनाएका छन् । वासिङ्गटन डिसीमा दुईटा ठुला मन्दिर मध्ये एउटा मन्दिरको प्राङ्गण बहुतै विशाल सयकडौं विगहामा छ । दीपावली र अन्य ठुला पर्वमा हजारौं हजार हिन्दू स्त्री पुरुष आफ्ना परम्परागत

पहिरन कुर्ता पायजामा, सदरी, साडी, बलाउज, सलवार कुर्ता र गहना लगाएर भेला हुन्छन् । गोला तमासा आतिसबाजीमा मन्दिरले लाखौं डलर खर्च गर्दछ । एक एक ट्रक गोला तमासा दाग्छन् । खाना भोजन भण्डारा हुन्छ । नेपाल र अन्य देशका हिन्दूहरू यसैमा सहभागी हुन्छन् ।

**(४) लायन्स क्लब :**

लायन्स क्लबहरूले सामाजिक सेवा दिने गरेका छन् । क्लबमा आफ्नो परिचय र मेसेज पठायो भने रेस्पोन्स गर्दा रहेछन् तर क्लब र मिटिङ्ग स्थलसम्म जान, पुग्नलाई सवारी साधनकै समस्या हुन्छ । आफन्तको सवारी साधन र समय छ भने घुम्न पाइन्छ ।

**(५) आधुनिक वृद्धाश्रम :**

लायन्स क्लबका प्रेसिडेन्टको निम्तामा गइयो । उनी वृद्धाश्रममा रहँदा रहेछन् । एउटा सानो बजार जस्तो, घर बिल्डिङ्ग, बाटाघाटा, पार्क, रेस्टुरेन्ट, पुस्तकालय, जिम आदि नमालुम के के ले घेरिएको । साना ठुला फ्लेटमा कोही एक्लै कोही परिवार सहित रहँदा रहेछन् ।

एउटा हलमा मिटिङ्गमा सामेल भयौं । धेरै कुरा फ्ल्याटमा सिक्ने बुझ्ने मौका मिल्यो । १०२ वर्षो लायनको जन्म दिनको भोज खाइयो ।

वृद्धाश्रमको बारेमा बुझ्दा सरकारी या कुनै दान धर्ममा चल्ने होइन रहेछ । धनाढ्य, वृद्धवृद्धाहरूले बस्नलाई भाडामा लिँदा रहेछन् । पकाउने खाने आदि सबै सुविधा । सुरक्षा, नर्स र डाक्टरको सुविधा । आनन्दी मस्तराम जीवन । वृद्धावस्थामा फिर्ता आउने बिमा र अन्य रकमले खर्च गर्ने आराम गर्ने सुन्दर सुरक्षित स्थान ।

**(६) कोर्ट :**

पेन्सिलभानियाको सङ्घीय अदालत हाम्रो डेरा नजिकै रहेकोले घुम्नलाई सजिलो थियो । बार एसोसिएसनमा गएर वकिलहरूसँग गफ गाफ गर्ने र अदालतमा गएर बहस र अदालती तौर तरिका, कार्य व्यवहार हेर्ने निकै अवसर मिल्यो । पासपोर्ट देखाएर सजिलै प्रवेश मिल्ने र विदेशी पर्यटक हुँ हेर्न आएको भन्दा उनीहरूले रेस्पोन्स गर्दा रहेछन् ।

**(७) ह्वाइटहाउस, विधानसभा भवन र सर्वोच्च अदालत**



ह्वाइटहाउस सेतो रङ्गको राष्ट्रपति भवन हो । यसको अलि पछाडि पूर्व दक्षिण विशाल गुम्बजको संसद भवन छ । संसद भवनको पूर्वपट्टि आधा माइलमा सर्वोच्च अदालत छ । संसद भवनको पश्चिमपट्टि सहिद स्मारक छ । यो सबैको बिचमा विशाल प्राङ्गण कैयौं माइलको घेरामा फैलिएको छ । गाडि पार्किङका ठाउँहरू र पार्कहरू अलग्गै छन् । एक त यो देश नै विशाल भूमिमा छ र कुनै संरचना बनाउँदा यहाँ विशाल मैदान पार्किङले गर्दा माइलौं एरिया हुने गर्दछ । यसकारण यी चारै ठाउँमा घुमफिर गर्न दिनभर समय दिन सके राम्रो । ठाउँ ठाउँमा पुलिस सुरक्षाकर्मीको उपस्थिति रहन्छ तर कसैसँग सोधपुछ र हैरान गर्ने प्रकृति देखिएन । ह्वाइट हाउसको पश्चिम दक्षिण मेमोरियल स्थल छ जहाँ सहिदहरूलाई श्रद्धाञ्जली दिन्छन् ।

**(८) चर्च :**

डाउन टाउनदेखि करिब १५ मिनेटको ड्राइभिङ्गपछि ह्वाइट हाउस तर्फ जाने मुख्य मार्गमा हिँड्दा बाटोको दुवै पट्टि चर्चै चर्च छन् । बिच बिचमा एक दुई घर अनि चर्च । मैले सरसर्ती गन्न सुरु गरें लगभग ३७० चर्च रहेछन् । तर कारमा हिँडदा सरसर्ती गिनेकोले यो सङ्ख्या ज्यादै न्यून हुनुपर्दछ । यसै बाटोको पश्चिम पट्टि नेपाली दूतावास रहेछ । यस क्षेत्रमा थुप्रै दूतावासहरू रहेछन् ।

**(९) मेरील्यान्ड :**

यो राज्यको पूर्वमा एटलान्टिक महासागर, पश्चिममा भर्जिनिया, उत्तरमा पेन्सिलभानिया राज्य र दक्षिणमा DC छ । यो राज्यको नामाकरण ब्रिटेनकी महारानीको नाममा भएको छ । मेरील्यान्डमा डिसीको केही भाग पर्दछ ।

**(१०) बाल्टीमोर :**

डिसी देखि ३९ माइल टाढा रहेको यो शहर पुग्न कारमा करिब १.२५ मिनट लाग्छ । बाटोमा प्रायः धेरै ट्राफिकले गर्दा यति धेरै समय लाग्ने गर्दछ । यो ठुलो र राम्रो शहर छ । यो पनि उपत्यका हो । यो मेरील्यान्डको सबभन्दा ठुलो शहर र ठुलो बन्दरगाह हो । राजधानी नजिक भएकोले यसको विकासको गति तेज छ ।

**(११) भर्जिनिया राज्य**

वासिङ्गटन डिसी देखि पश्चिम दक्षिण करिब एक घण्टाको ड्राइभमा Virginia राज्यको Alexandria शहर छ । यो ब्रिटिसहरूको प्राचीन शहर हो, जो सन् १७४९ मा बसेको हो । यसको क्षेत्रफल १५.७५ स्क्वायर माइल छ भने

जनसङ्ख्या १,६३,९६४ रहेको छ । यो शहर Potomae नदीको पश्चिमी किनारामा रहेको छ र जलवायु प्रायः ठन्डा छ। यो भूक्षेत्र, डिसी, फिलाडेल्फिया, न्युयोर्क आदि एउटै टाइमजोनमा रहेकाले टेक्सस भन्दा यहाँको समय एक घण्टा अगाडि र क्यालिफोर्निया भन्दा ३ घण्टा अगाडि छ।

वासिङ्गटन डिसी सँगै यो शहर रहेकोले डिसीका केही अफिसहरू अलेक्जेन्ड्रियामा छन् भने डिसीमा काम गर्न जानेहरू पनि यस शहरमा बसेका छन् यो शहरमा प्रायः सुरक्षातन्त्रका कर्मचारीहरूको निवास छ।

यो शहरमा नेपालीहरू पनि धेरै मात्रामा छन्। डिभी परेर आएकाहरू र विद्यार्थी अथवा अन्य तरिकाबाट आएकाहरूको लागि यो राम्रो बसोबास स्थल हो। राजधानी भन्दा बाहिरको ठाउँ भएकोले सस्तो छ भने काम गर्न राजधानी जान नजिक छ। तर सार्वजनिक यातायातको समस्या छ। प्रत्येकसँग आफ्ना निजी गाडि हुनै पर्दछ, अन्यथा काम गर्न जान कठिनाइ छ। घुम्न जाने नाता गोताका मानिसको लागि गाह्रो छ। आफ्नो तरिकाले बजार या दर्शनीय स्थल घुम्न कठिन छ।

दर्शनीय स्थानमा किङ्गस्ट्रीटमाइलमा साइडका रुखहरूको सुन्दरता र पुराना भवनहरू, गेड्सबाइज टेवर्न म्युजियम, स्टेबलर लिडबिटर अपोथेकेरी म्युजियम, फर्मर्स मार्केट (अमेरिकाकै पुरातन फार्मर मार्केट) Mount Vernon, Gorge Washington National memorial आदि आदि ।

(१२) **फिलाडेल्फिया :**

अमेरिकाको यो ऐतिहासिक महत्वपूर्ण शहर हो। यसै शहरमा अमेरिकन क्रान्तिकारीहरूको सम्मेलनले ४ जुलाई १७७६ मा स्वतन्त्रताको घोषणा गरेको थियो र यहीँ राजधानी बनाइएको थियो। यो Delaware र Sehuylkillrm: नदीले घेरिएको Delaware उपत्यकामा बसेको अमेरिकाको सबभन्दा ठुलो छैठौँ शहर हो, जसको जनसङ्ख्या ७१ लाख छ। यहाँ सिटी हल, कलेज हल, पेन्न क्याम्पस, म्युजियम अफ आर्ट, लिबर्टी बेल, इन्डेपेन्डेन्स हल आदि दर्शनीय छन्। यो शहर पेन्सलभानिया राज्यमा पर्दछ।

(१३)न्युयोर्क

**"The City that never sleep"**

मेनहट्टन लगायतका ५ शहरको समूह हो न्युयोर्क। फिलाडेल्फियाबाट उत्तर पूर्वमा ९७.५ माइल दूरीमा दुनियाँको र अमेरिकाको सबभन्दा ठुलो, प्राचीन शहर पुग्न डिसीदेखि निजी गाडिमा करिब ३ घण्टा लाग्छ। हड्सन नदी एटलान्टिक समुद्रमा मिल्ने यो ठुलो बन्दरगाह हो। यसको जनसङ्ख्या करिब





८८ लाख छ। यो शहर पनि अमेरिकाको राजधानी रही सकेको छ। संयुक्त राष्ट्र सङ्घको कार्यालय र यसको कैयौं एजेन्सीहरू यहाँ छन्। यो अन्तर्राष्ट्रिय कुटनीतिक सेन्टर हो। यहाँ ट्रेन र बसमा या पैदल हिँडन सकिन्छ। मेनहट्टन बिचको शहर हो र बहुतै घना बस्ती छ। टाइम स्क्वायर प्रसिद्ध चोक हो। दुनियाँको सर्वोच्च भवन अम्पायर स्टेट बिल्डिङ्ग यसै नजिकमा छ र world trad centre ११ सेप्टेम्बर २००१ मा ओसामा बिन महम्मद, बिन अवाद, बिन लादेनले ध्वस्त गराएको दुईटा विशाल व्यापारिक भवनहरूको अवशेष ठाउँमा विशाल तलाउ बनाएर मर्नेहरूको नाम प्लेट लगाइएको छ।

अमेरिकाको स्वतन्त्रताको एक सय वर्ष पुगेको उपलक्ष्यमा सन् १८७६ मा फ्रान्सले अमेरिकालाई एउटा मूर्ति उपहार पठायो जसलाई Statue of Liberty भनियो तर यसको पूरा नाम Liberty Lighting the World हो। यस शहरमा फ्रान्सले उपहारमा पठाएको ढुङ्गाको त्यो हरियो रङ्गको मूर्ति **स्टेचु अफ लिबर्टी** समुद्रको टापुमा खडा गरिएको छ। अमेरिका या न्युयोर्कको लेखा जोखामा प्रायः यो मूर्ति देखाइन्छ। यसलाई ब्रान्ड जस्तो प्रयोग गरिन्छ। खाने पिउने रेस्टोरेन्ट आदि यो टापुमा छन्। दिनभर साना जहाजहरूले मानिस ओसार्छन्। लाखौं मानिसको आवागमन पर्यटन हुन्छ।

**नामकरण** : न्युयोर्कलाई छोटकरीमा NY या NYC लेख्छन्। यो शहर सांस्कृतिक, आर्थिक र मिडिया मनोरञ्जन, शोध, प्रविधि, शिक्षा, राजनीति, पर्यटन, खाना, कला, फेशन, फोटोग्राफी र खेलकुदको लागि प्रसिद्ध छ। यसको कुल क्षेत्रफल १,२२,३५९ वर्ग कि.मि. छ। यहाँ ६ वटा एयरपोर्ट र ट्युबट्रेन छन् जो समुद्रको पानी भित्र सुरुङ्गमा पनि चल्छ। यहाँ विश्वका ८०० भाषा बोलिन्छन् र यो सर्वाधिक विविधतापूर्ण शहर मानिन्छ, जसमध्ये करिब ३२ लाख मानिस अन्यत्र देशहरूमा जन्मेका छन्। सन् १७८५ देखि १७९० सम्म यो USA को राजधानी थियो। इङ्गल्यान्डका राजा चार्ल्स द्वितीयले भाई ड्युफ अफ यार्कलाई यो भूमि उपहारमा दिएका थिए। सन् १६७३ मा यो भूमि उनीसँग फिर्ता लिएपछि यसको नाम "न्यू अरेन्ज" राखे र १ वर्ष ३ महिना पछि सन् १६७४ देखि यसको नाम न्युयोर्क भयो। ६ करोड ६७ लाख मानिसले २०१९ मा यो शहरको भ्रमण गरेका थिए। यहाँ १२० भन्दा बढी युनिभर्सिटी र कलेजहरू छन्।

**गगनचुम्बी भवन** : यो हाई राइज बिल्डिङ्गहरूको विश्वको सबभन्दा ठुलो शहर हो। सन् १९४० भन्दा पहिले अमेरिकाको दुई मात्र शहर न्युयोर्क र सिकागोमा मात्र हाई राइज बिल्डिङ्ग थिए।

**Niagara Falls नियाग्राफल्स जलप्रपात (झरना) : विश्व प्रसिद्ध पर्यटक स्थल**

यो सुन्दर प्राकृतिकस्थल तीन वटा जलप्रपातको समूह हो । न्युयोर्कको Buffaol Airport उत्तर पश्चिम २७ किमी र क्यानाडाको टोरन्टोबाट दक्षिणपूर्व ६९ किमी पर्दछ टोरन्टोको नियाग्रा फाल्स इन्टरनेसनल एयरपोर्ट पनि छ । कुनै एयरपोर्ट या न्युयोर्क या वासिङ्गटन डिसीबाट पेन्सलभानियाको बाटो भएर क्यानाडामा पसे पनि हुन्छ । तपाईंको बसाई कहाँ छ त्यस अनुरुप जताबाट गए पनि हुन्छ । यो क्यानाडाको ओनटेरियो र न्युयोर्कको बिचमा छ । यी तीन मध्ये सबभन्दा ठुलो प्रपातको नाम Horsehoe Falls क्यानाडा र अमेरिकाको सीमानामा पर्दछ र यसलाई क्यानेडियन फाल्स भनिन्छ । दोस्रो Bridal Veli Falls र तेस्रो सबभन्दा सानो American Falls अमेरिकामा पर्दछन् ।

यी जल प्रपात नियाग्रा नदीका हुन् । हर्सहो अर्थात् घोडाको नाल भन्ने प्रपातको उचाई १८७ फिट (५७ मिटर) अमेरिकन फल्स ६९ देखि ९८ फिट ( २१ देखि ३० मिटर) । यसका आसपासमा पर्यटकहरूको लागि सुव्यवस्थित होटलहरू छन् । जलप्रपातको नजिक नजिक पुग्न चाहनेलाई पानीका छिटाले रुझाउने हुनाले जानेबुझेका पर्यटकले घरैबाट हल्का रेनकोट, प्लास्टिकको कभर जस्ता चिजहरू साथै लैजान्छन् अथवा त्यहाँ महँगो मूल्यमा किन्नु पर्दछ ।

यो बहुतै मनोरम पर्यटकीय स्थल हो । प्रत्येक दिन राति १० बजे विभिन्न कलरबाट पानीलाई रङ्गीचङ्गी झिलीमिली बनाउँछन् र रङ्गीन पटाका पडकाएर यो स्थानलाई एकदम मनमोहक बनाइन्छ । राति अबेर सम्म पर्यटकले प्राकृतिक सौंदर्यको आनन्द लिन्छन् । बिहानदेखि डुङ्गामा झरनासम्म घुमाइन्छ ।

(१४) **बोस्टन :**

मेसाच्युसेट राज्यको यो ऐतिहासिक र अमेरिकाको २४ औं ठुलो शहर र ठुलो बन्दरगाह सन् १६२५ मा बसेको हो । ब्रिटिसहरूको उपनिवेश कालमा ब्रिटिसहरूले यसलाई आफ्नो कलोनीहरूको राजधानी बनाए र यसलाई न्यु इङ्गल्यान्ड भनिथ्यो । यसको क्षेत्रफल ८४.४ वर्गमिल र जनसङ्ख्या ६८४३७९ छ । अमेरिकी स्वतन्त्रता सङ्ग्रामको सुरुवात यसै शहरको बन्दरगाहबाट भएको थियो जहाँ ब्रिटेनको चियापत्ती पानी जहाजबाट समुद्रमा डुबाइएको थियो ।

(१५)Harvard र MIT university

आज बोस्टन उच्च शिक्षाको विश्व प्रसिद्ध केन्द्र हो । विश्वकै प्रथम स्थान प्राप्त हार्वर्ड युनिर्भसिटी बोस्टनको सह-नगर "क्याम्ब्रिज" मा छ । लन्डनमा जन्म घर र क्याम्ब्रिज विश्वविद्यालयमा पढेका र बसाई सरेर अमेरिकामा आएका जान हर्वर्डले मेसाच्युसेट राज्यको यस ठाउँमा बसालिएको नयाँ कलोनी गाउँ या बजार जे भनौं, स्थानमा खोलिएको स्कुललाई आफूसँग भएको त्यसबेलाको





ठुलो सम्पत्ति जो उनलाई आफ्नो पुर्खौली मिलेको थियो, दाइको सम्पत्ति पनि पाएका थिए र आफू निःसन्तान भएकाले सबै सम्पत्ति स्कुललाई दिनलाई दुईटा सर्त राखेका थिए र पहिलो शर्त अनुसार त्यस ठाउँको बजारको नाम क्याम्ब्रिज राखियो भने स्कुललाई क्याम्ब्रिज विश्वद्यिालयको स्तरमा निर्माण गर्ने भने अनुसार यो स्कुल आज क्याम्ब्रिज भन्दा पनि अगाडि गइसकेकोछ र यसको नाम हर्वर्ड विश्वविद्यालय रहेको छ र विश्वविद्यालय र आज पनि त्यही रकमले चलिरहेको छ ।

यो विश्वविद्यालयको Harvard Business School वाणिज्य शास्त्र Harvard Law School कानुन र Harvard School of Medical science चिकित्साको लागि विश्व प्रसिद्ध छ । यसमा अलग अलग विषयका १७ वटा कलेज र अन्य थुप्रै प्रोग्रामहरू चल्ने गर्दछन् । सन् १६३६ मा स्थापित हर्वर्डमा विद्यार्थीको प्रवेश बुद्धिमत्ताको साथै भाग्यको खेल पनि मानिन्छ । अधिकांश प्रतिस्पर्धी विद्यार्थीको प्राप्ताङ्क ९९.९९% रहन्छ अनि यो अवस्थामा प्रवेश पाउने कस्ले भन्ने कडा र गम्भीर प्रश्न उठ्नु स्वाभाविक हो । छनौटकर्ताको लागि पनि छनौट गर्ने काम सजिलो छैन । विद्यार्थीले वर्ष भर दिनरात २०-२० घण्टासम्म प्रतिदिन पढाइ गर्छन् तर पनि नाम निकाल्न सक्दैनन् भने यसमा प्रवेश पाउनलाई धनाढ्य, राजा महराजा र उच्च पदस्थ राजनीतिज्ञका सन्तानले लाखौं डलर चन्दा दिन्छन् र पनि प्रवेश पाउन निश्चित हुँदैन तर कहिले काहीं नितान्त गरिबले पनि नाम निकाल्छन् । यसको Moto लेटिनमा Veritas र इङ्गलिसमा Truth हो ।

एक पटक प्रवेश पाएर पढि सकेको व्यक्तिको सन्तानले वंशानुगत आधारमा यसमा प्रवेश पाउन प्राथमिकता पाउँछन् भने यो युनिभर्सिटीले आफ्ना पूर्व र वर्तमान विद्यार्थीहरूको पूरा रेकर्ड र ठेगाना अपडेट गरि रहन्छ र विश्व विद्यालयका मेगजिन पछिसम्म निःशुल्क पठाई रहन्छ भने विद्यार्थी सङ्गठनको र सञ्चालक समितिको चुनावमा उम्मेदवार सबैको बायो डाटा सहितको घोषणा पत्रका पुस्तक र मतपत्र देश विदेशमा पूर्व छात्र जहाँको भएपनि उस्को ठेगानामा पठाउँछ र सबैले मतदान गर्छन् । टिकट सहितको खाम पनि पठाएको हुन्छ । मतदान गरेको मतपत्र त्यसमा हालेर मतपत्र युनिभर्सिटीमा फिर्ता पठाउँछन् ।

John Harvard नामका एक जना धनाढ्यले दिएको दान रकमबाट यो विशाल युनिभर्सिटी चलि रहेको छ । हर्वर्ड र एमआईटी यी दुवै प्राइभेट स्कुल हुन् । हर्वर्ड २०९ एकडमा फैलिएको छ । यसको एक सेमेस्टरमा करिब २०,००० विद्यार्थी हुन्छन् ।

**MIT University**

"सोमरभिलमा" रहेको MIT विश्वविद्यालय इन्जिनियरिङ्गको लागि प्रसिद्ध छ र यसलाई Brainpower Triangle भनिन्छ । मेसाच्युसेट अफ टेक्नोलोजी MIT लाई Baston Tech भनिन्छ ।

MIT सन् १८६१ मा स्थापित भएको हो । यसको मोटो लेटिनमा Men's of Manus इङ्गलिसमा Mind and hand हो । १६६ एकडमा फैलिएको यसको विद्यार्थी सङ्ख्या सरदर १२,००० हुन्छ । यसको निकनेम Engeeneers र यसका डोनर Tim the Beaver हुन् ।

---

## खण्ड-३
## तेस्रो भ्रमण २०१८

### (१) क्यालिफोर्नियाको सन्फ्रान्सिसको शहरको भौगोलिक स्थिति

क्यालिफोर्निया राज्य पहिलेको मेक्सिको राज्यको भाग हो । युद्धमा सेप्टेम्बर ९ सन् १८५० मा अमेरिकामा गाभिएको हो । अमेरिकाको दक्षिण पश्चिममा अवस्थित यस राज्यको क्षेत्रफल १,६३,६९६ वर्गमिल (४,२३,९७० व.कि.मि.) जनसङ्ख्या ३,९१,८५,६०५ छ । यसको ९०० माइल बोर्डर मेक्सिकोसँग रहेको छ । यो राज्य US को सबभन्दा धेरै जनसङ्ख्या भएको राज्य हो र क्षेत्रफलका आधारमा तेस्रो ठुलो राज्य हो । क्यालिफोर्नियामा एक त प्रसिद्ध बन्दरगाहहरू छन् र देश विदेशबाट समुद्री मार्गको व्यापार जोडदार छ भने उत्तरमा क्यानाडाको Vancouver बाट क्यालिफोर्निया राज्य हुँदै आई फाइव (I Five) नामको हाई वे सोझै मेक्सिको राज्य गएको र यसैबाट निक्लेर आई टेन (I Ten) नामको हाई वे टेक्सस राज्य हुँदै पूर्व तर्फ गएकोले क्यालिफोर्नियाको महत्व त्यसै थाहा हुन्छ । क्यालिफोर्निया यदि विश्वको स्वतन्त्र राष्ट्र भइदिएको भए यस आधारमा अन्य राज्यको जिडिपिसँग तुलना गर्ने हो भने यो विश्व कै छैठौं स्थानमा हुने थियो । यहाँ इङ्गलिस ५७, स्पेनिस २९ र चाइनिज २ प्रतिशत बोलिन्छ ।

यस राज्यको प्रसिद्ध शहरहरू मध्ये अमेरिकाको पश्चिम सीमामा रहेको शहर सनफ्रान्सिसको हो । यो शहर अमेरिकाको पश्चिमी आखिरी शहर हो । यो शहर प्रशान्त महासागर र यो खाडीबाट घेरिएको पेनन्सुलाको आकारमा छ । यहाँ तेज हावा चल्छ र बाह्रै महिना जाडो हुन्छ र अमेरिकाको पूर्वी सीमा किनारादेखि यहाँको समय ३ घण्टा पछाडि छ । यो नगरपालिकाको वार्षिक बजेट लगभग १५ बिलियन डलर अर्थात् नेपाल देश कै कुल GDP भन्दा तीन गुना छ ।





यो शहरको पश्चिममा समुद्र र पूर्वमा खाडी छ । पहाडी भू-भाग, थुम्का थुम्कीलाई समतल बनाएर बसेकोले अत्यधिक होचा अग्ला ठाउँमा बस्तीहरू छन् । स-साना पहाडले घेरिएको छ जहाँ हिउँदमा कहिलेकाहीँ हिउँ पर्छ ।

स्पेनको कब्जामा छँदा यो भूमिमा सनफ्रान्सिसकोले २९ जून १७७६ मा बस्ती बसाल्न सुरु गरेका थिए भने "क्यालिफोर्निया गोल्ड रस" १८४९मा सुनको खानी भेटिएपछिको सुन खन्नेहरूको आगमनले यो शहर बस्यो र सुन खन्नेहरूको लागि बलियो लुगा भनेर "जिन्स"को यहीँ आविष्कार भयो ।

सन् १९०६मा आएको भूकम्पमा पेट्रोलका ट्याङ्कहरू फुट्ने र बिजुलीका तारहरूबाट भएको आगलागीमा महिनौं शहर जल्यो र तीन चौथाई ध्वस्त भयो ।

अहिले यसको क्षेत्रफल २३१.८९ वर्ग मिल छ । जनसङ्ख्या ८,७४,००० को आसपास छ । यो शहरमा 'चाइना टाउन' चाइनिजहरूको बस्ती र व्यापारको प्रसिद्ध बजार छ भने जापानी बजार पनि छ । यस शहरको साइडमा रहेको समुद्रको खाडीमाथि गोल्डेन गेट नामको प्रसिद्ध पुल र 'बे ब्रिज' नामको ठुलो विशाल पुलले पारिको शहर रिचमन्ड, बर्कली र ओकल्यान्डलाई जोडछ भने दक्षिण पश्चिममा जोडिएर रहेको 'डेलीसिटी' र 'सैनहोजे' (Sanjose) शहरहरू छन् जहाँ Stanford university, Apple को र Facebook का हेड अफिसहरू छन् । यस ठाउँलाई 'Silicon velly' या 'टेक्नोलोजीको मक्का' भनिन्छ । विश्व प्रसिद्ध टेक्नालोजी र अन्य प्रसिद्ध कम्पनीहरूका हेड अफिस प्रायः क्यालिफोर्निया र त्यसमा पनि सनफ्रान्सिसकोमा रहेका छन् । कम्प्युटरको जन्मभूमि पनि स्टेनफोर्ड क्षेत्र मै भएको हो । यो शहरको बे एरिया अन्तर्राष्ट्रिय टुरिस्टहरूको जमघट केन्द्र हो ।

यस शहरमा बस, मुनी र भुइँ भित्र ट्रेन चल्छ र सैनहोजे देखि सनफ्रान्सिसको हुँदै खाडीको पानीमुनिबाट ओकल्यान्ड पुग्छ । यातायातको प्रसस्त सुविधा र पैदल हिँड्ने ठाउँ बनाइएकोले पर्यटक र बाहिर निस्कनको लागि सजिलो छ । हर समय गाडी हाँकी रहनु पर्दैन । तर शहरमा गहिरो ओरालो र उचा उकालोले गर्दा रेड लाइट्समा गाडि हाँक्न बहुत कठिन छ ।

### (२) शहरमा पुस्तकालय र स्कुल

मार्केट स्ट्रिट र एर्थ स्ट्रिटको चोक नजिक थिएटर, सिटी कालेज र बिशाल लाइब्रेरी छ । ठुलो मैदानसहितको नगरभवन, म्युजियम छ र फार्मर मार्केट लाग्ने मैदान छ । जमिनमुनि रेल र मुनि स्टेसन छ भने माथि बस स्टैन्ड । यो एरियालाई सिविक सेन्टर भनिन्छ । नजिकै मिसन स्ट्रिटमा हाईकोर्ट छ । फार्मर मार्केट कम्पाउन्डसँग नगरपालिकाको प्रशासनिक अर्को विशाल भवन छ जहाँ

पहिले संयुक्त राष्ट्र सङ्घको अफिस थियो र नेपालले यसै भवनबाट सन् १९५५ मा सदस्यता पाएको थियो ।

पुस्तकालयको पाँच तले विशाल भवन छ। स्वदेशी विदेशी पर्यटक जो पनि बेरोक टोक भित्र जान पाउँछ पासपोर्ट या कुनै आइडी देखाएर निःशुल्क सदस्य बन्न पाइन्छ, धेरै किताब घर डेरामा लैजान पाइन्छ। थुप्रै भाषाका पुस्तक उपलब्ध छन् ।

पुस्तकालयमा कुनै पुस्तक खोज्दा यदि उपलब्ध छैन र अरु शाखा पुस्तकालयमा कहीँ रहेछ भन्ने कुरा कम्प्युटरमा देखिन्छ भने लाइब्रेरियनले अन्तबाट मगाएर पनि पढनलाई उपलब्ध गराउँछन् । यो बडो गजबको सेवा व्यवस्था देखिएको छ ।

पुस्तकालयमा अङ्ग्रेजी र कम्प्युटर सिकाउने ठाउँ र समय तोकिएका छन् र निःशुल्क अङ्ग्रेजी भाषा बोल्न र कम्प्युटर चलाउन, मोबाइल मर्मत आदि सिकाउँछन् । कम्प्युटर, कागज कलम कुनैको पैसा पर्दैन ।

पुस्तकालयमै कन्सर्ट हलहरू छन् त्यहाँ साहित्यिक गतिविधि, कवि गोष्ठी आदि गर्न पाइन्छ। पुस्तकालयले बौद्धिक ज्ञान र मनोरञ्जनको लागि फर्निचर, साउण्ड बक्स, माइक सहितको सुव्यवस्थित हल उपलब्ध गराउँछ। यति सानो शहरमा पनि सरकारी क्षेत्रको ३६ र गैर सरकारी संस्थाले चलाएका करिब ११ गरेर ४७ वटा पुस्तकालय र शाखाहरू रहेका छन् । पुस्तकालयमा आउने व्यक्तिको सङ्ख्या, आगन्तुक व्यक्तिले धेरै पुस्तक लगेको सङ्ख्या र अन्य गतिविधिको सङ्ख्याका आधारमा कर्मचारीको मूल्याङ्कन हुने गरेकोले तिनले सेवाग्राहीको हिँडाइ, बसाइ, हेराइ, खोजाइ, माथि नजर राख्छन् र तिनलाई चाहिएको सेवा सुविधा बारेमा चासो लिई रहन्छन्, तिनलाई लाइब्रेरीको बढी भन्दा बढी सेवा लिन र गतिविधिमा समावेश हुन प्रोत्साहित गर्दछन्, निजी सहयोगीको जस्तो व्यवहार गर्दछन् । सरकारी र सार्वजनिक नोकरी, तालिम आदिको सूचना पनि पुस्तकालयहरूमा रहन्छ र मानिसको आवागमन भैरहन्छ ।

### (३) सिटी कलेज **(Public Community College)**

सन् १९३५ मा स्थापित सिटी कलेजमा ESL (इङ्लिस इज द सेकेन्ड ल्याङ्वेज) citizenship र Hotel management का Non credit क्लास चल्छन् । कम्प्युटर, मोबाइल, टाइपिङ्ग, स्विीमिङ्गदेखि बोट र जहाज चलाउनेसम्मका तालिम हुन्छन् सनफ्रन्सिसको को एरियामा घर, डेरा गरी बस्नेका लागि पनि पढाइ, कपी, कलम, कम्प्युटर, यदाकदा नास्ताको प्रबन्ध, पुस्तकालयमा कुनैको एक पैसा लाग्दैन। टिचर, ट्रेनर र लाइब्रेरियनहरूले मिठो





बोल्छन् र प्रोत्साहित गरेर सेवा लिन दिन प्रयत्नशील रहन्छन् । नागरिक अनागरिक टुरिस्ट सब बराबर । यदाकदा घुमाउन लैजान्छन् । कलेजमा बढी भन्दा बढी आकर्षित गर्न, रही रहन हर सम्भव प्रयास गरेर फकाई रहन्छन् । फोन र इमेल पनि गर्छन् । टिचरहरू र काउन्सलर प्रायः लेडिज नै छन् । सनफ्रन्सिसको भरिमा यसका ११ शाखाहरू छन् । जसमा २३७०२ विद्यार्थी र १८३६ एकेडेमिक स्टाफ छन् । यसका अतिरिक्त यस कलेजमा Credit Classes र Academic पठन पाठन हुन्छ ।

### (४) **Stanford University:**

सनफ्रान्सिसको बाट ३५ माइल दक्षिण र सनहोजेबाट २० माइल उत्तरमा छ । U.S.A. सिनेटर र क्यालिफोर्नियाका गभर्नर Leland and Jane Stanford ले वहाँहरूको एकमात्र छोरा १५ वर्षीया Leland Stanford Junior को टायफाइडबाट मृत्यु भएको, छोराको नामबाट सन् १८८५ मा विश्वविद्यालयको स्थापना गरेको हो र अक्टुबर १, १८९१ देखि पढाइ सुरु भएको यो वि.वि. अमेरिकन स्कुल कलेज युनिभर्सिटीमा सबभन्दा बढी क्षेत्रफल ८१८० एकडमा फैलिएको छ । कानुन, चिकित्सा, शिक्षा, वाणिज्य र कम्प्युटर साइन्स प्रमुख विषय भएको एउटै क्षेत्रमा ७ वटा क्याम्पस र ४० वटा शैक्षिक विभाग Research Institute रहेका छन् । यो विश्वस्तरको पाँचौ प्रसिद्ध विश्वविद्यालय हो र कम्प्युटर शिक्षाको लागि विशेष प्रसिद्ध छ । यस भित्रका स्कुल, विभाग, अफिस, पुस्तकालय आदि खोज्नलाई विश्वविद्यालयको प्राङ्गणमा बनाइएका नक्सा या आफ्नो मोबाइलको सहायता लिनु पर्दछ । यसमा १७००० विद्यार्थी पढ्छन् । यसको मोटो The Wind of Freedom Bolws रहेको छ । यसमा एकेडेमिक स्टाफ २२४० र प्रशासनिक स्टाफ १२५०८ छन् । यसै शहरमा एउटा गैरेजमा कम्प्युटरको जन्म भएको ठाउँ सरकारले सुरक्षित दर्शनीय स्थल बनाएको छ । Birth place of Cilicon valley Santa Pile Alto paol मा छ ।

### (५) युनिभर्सिटी अफ क्यालिफोर्निया बरकली :

यो सरकारी रिसर्च विश्वविद्यालय हो । यो सनफ्रान्सिसकोसँग जोडिएको शहर Berkely मा छ । सन् १,८६८ मा स्थापित ४५,००० विद्यार्थी भएको यो पनि विश्व प्रसिद्ध मध्येको एक हो । यसमा २३,५२४ स्टाफ छन् । ८,१६३ एकडमा फैलिएको छ र यसका विद्यार्थीले हर्वर्डका विद्यार्थीलाई प्रतिस्पर्धा गर्न चुनौती दिन्छन् । यसको प्रवेश प्रतिस्पर्धा पनि कडा छ । बलीउडकी अभिनेत्री जिनत अमान यसमा पढेकी हुन् ।

(६) **सनफ्रान्सिसको टुरिष्ट एरिया :**

यो विश्व प्रसिद्ध सुविधाजनक टुरिस्ट शहर मानिन्छ । यहाँ घुमफिर गर्न र किनमेल गर्न हर समय गाडिको जरुरत पर्दैन । पैदल, बस, ट्रेन र ट्याक्सीको सरल उपलब्धता छ ।

(क)**शहरभित्र :**

शहरभित्र साना ठुला पार्क र मैदानहरू छन् र ठुला मल र स्टोरहरू शहरको मुख्य सडक मार्केट स्ट्रिट र त्यसको आसपास छन् । टुरिष्टले अधिकांश एरिया पैदल भ्रमण र चौतर्फी यातायातका साधन सजिलै उपलब्ध हुनलाई 'युनियन स्क्वायर' या त्यसैको नजिक सिविक सेन्टरमा कुनै होटल रोज्दा राम्रो हुन्छ ।

१. **बे एरिया :** यो प्रमुख एरिया हो । मार्केटस्ट्रिट यहाँबाट सुरु हुन्छ । यहीँ फेरि बिल्डिङ्ग पियर १(घाट नं १) मा घण्टाघर छ । यहाँदेखि उत्तर र दक्षिणतिर Embarcadero Road र खाडीको किनार किनार पक्कीघाट, पार्क, स्टिमर, बोट, फेरिका स्टेसनहरू छन् । पियर १, २, ३ क्रमशः उत्तर बढ्दै जाँदा पिर १५ मा एक्सप्लोरेटोरियम, पिर २७ मा Port of SanFrancisco Cruise Terminal Plaza (Jams R. Herman Cruise Terminal) पानीजहाजको बन्दरगाह र विशाल पार्किङ लट, पार्क, अझ अगाडि Pier 33 Alcatraz Landing , Pier 39 Fisherman's wharf भन्ने ठाउँमा Aquarium of the Bay, Bay Theater, Hard Rock Café, Fish house, Water Taxy, बोटहरू, रेस्टुरेन्ट, पार्क छन् । पियर ३९ मानिस जमघटको केन्द्र हो । यसको सामुन्ने खाडीको बिचमा एउटा टापु छ जसलाई Alcatraz Island भनिन्छ र त्यहाँ जानलाई Ferry (फेरि) चल्छ । यो प्रसिद्ध अमेरिकी जेल जहाँबाट कैदी उम्कन भाग्न असम्भव प्राय मानिन्छ । साँझको सूर्यास्त हेर्न यो टापुबाट बहुत राम्रो देखिन्छ । पिर ३९ को बाटो पारी बजारमा 'bileave or not बिलीव आर नट' (मोटर पार्टसहरूबाट बनाइएका रोबोटको प्रदर्शनी घर) र मेरी टाइम नेसनल पार्क छ । बे को पुरै किनारा सुव्यवस्थित 'बिच' 'पाथ' पार्क करिब ६ माइल जति गोल्डेन गेटसम्म दर्शनीय र मनोरञ्जन स्थल छ । बुढादेखि बालकसम्म मर्निङ्ग इभिनिङ वाक र दौड गरी रहन्छन् । यो शहरमा Fort Mason, नेशनल मारिट्म म्युजियम आर्ट इन्सटीच्यूट आदि प्रसिद्ध छन् ।

२. **गोल्डेन गेट ब्रिज :** प्रशान्त महासागरबाट खाडी निस्कने नजिकमा यो प्रसिद्ध पुल छ । यहाँ विशाल गोल्डेनगेट पार्क र म्युजियम देख्न लायक छ । वारि सनफ्रान्सिसको र पारि 'मैरिन काउन्टी' नामको अर्को प्रशासनिक एरिया छ । यो एरियामा DeYoung museum, etoformin of Academy



of serene museum with Steinhart aquarium the Japanese tea garden, र Sanfrancises Botanical garden दर्शनीय छन् । यस पलका जाने आउने लेन, फुटपाथ, यसपार उसपारका बाटा, घुम्ती, सरङ्ग, सीन साइटहरू र खाडीका डिलहरूलाई यति सुन्दर तरिकाले सजाए जस्तो बनाइएका छन् कि डिजाइन गर्ने इन्जिनियरको बुद्धि र बनाउने मिस्त्रीहरूको मेहनतका सामन्ने नतमस्तक हुन मन लाग्छ । पार्क, फुटपाथ र सिनरी प्वाइन्टहरू दिनभर पर्यटकबाट भरिभराउ रहन्छन् ।

सनफ्रान्सिसको साइडमा बे को किनारमा सिनरी साइटहरू छन् कार पार्किङमा कार पार्क गर्दै फोटो खिच्नेको भिड हुन्छ ।

(३) **फिल्म इन्डस्ट्रीको सुटिङ्ग साइट :**

बे एरियाको फेरि बिल्डिङ पार्क, पियर १५, १९ र गोल्डेन गेट पार्क र बे साइटहरूमा हलिउड र बलिउडका फिल्म निर्माताहरूले सुटिङ्गको लाइन लगाएका हुन्छन् । गोल्डेन गेट नेसनल रिक्रिएसन एरिया राम्रो साइट छ । यसका अन्य टुरिस्ट क्षेत्रमा Ligion of Honor museum Lineoln park, lyon stroLt को plaee of fine first, sanfrancieso museum of modern art, Asian art museum larkin street (सिविक सेन्टर क्षेत्र हो । जहाँ बुद्धका दुईटा मूर्ति छन्) High Tea tlistorie Hotel 24, willie Mays plaza को Oraele Park आदि मुख्य छन् ।

(ख)**नजिकका बाहिरी टुरिस्ट एरिया :**

शहरदेखि दक्षिण पश्चिम समुद्रतटमा अर्को सानो शहर Halfmoon Velly हाफमुन भ्याली छ । यहाँ समुद्रमा प्लास्टिकका डुङ्गा लिएर पौडी खेल्न, बालुवामा खेल्न बालबच्चा सहित जानेहरू र ट्रेलमा दौड्नेहरूको भिड भइरहन्छ । सनफ्रान्सिसको शहरको समुद्र किनारा, फेरिमा बे पारी गएर ओकल्यान्डको बन्दरगाहको आनन्द, उतैतिर बर्कली, सनफ्रान्सिसकोको पश्चिम-दक्षिण डेली सिटी, गेलेरिया मल, पुरै शहर देखिने ट्विन पिक एन्जेल आइल्यान्ड स्टेट पार्क (अलि टाढाको ठाउँ) पर्यटनस्थल कति छन् कति !

अलि टाढाको Monterey शहरको old fisherman's wharf बन्दरगाह र क्यालिफोर्निया राज्य मेक्सिको राज्यको स्वामित्वको हुँदाको सन् १८२७ मा स्थापित भन्सार कार्यालय भवन आदि दर्शनीय छन् ।

(४) **चाइना र जापान टाउन :-**

शहरमा चाइना टाउन एक ठुलो एरियामा फैलिएको छ। यसका निवासीहरूको जनसङ्ख्या ठुलो छ । यिनीहरूले आफ्ना साँस्कृतिक चाडपर्व धुमधामका साथ मनाउँछन् जसमध्ये चाइनिज नयाँ वर्ष (लुनर वर्ष)का दिन त विशाल र्‍याली र झाँकीहरू हेर्न लायक हुन्छन् । त्यस्तै जापान टाउन पनि छ तर ठुलो जनसङ्ख्या छैन । यिनीहरू पनि हर्षोल्लासका साथ आफ्ना चाडहरू मनाउँछन् ।

**(ग) हेडक्वार्टर्स इन क्यालिफोर्निया**

विश्वका सर्वाधिक धनाढ्य र त्यसमा पनि धनाढ्य अमेरिकनहरू मध्येका लगभग आधा जतिको बसोबास सनफ्रान्सिसको शहरमा मात्र छ। यहाँ पिरामिड आकारको Tranc America Center नामको विशाल व्यापारिक भवन छ, जस्मा प्रख्यात धनाढ्यहरूको अफिस रहेको छ, भने विश्वविख्यात टेक्नोलोजीका प्रमुख कम्पनी र व्यापारिक क्षेत्रका कम्पनीहरूको १०० भन्दा बढीको हेड अफिस पनि क्यालिफोर्निया राज्य र खास गरेर सनफ्रान्सिसको क्षेत्रमा रहेका छन्। प्रमुख कम्पनीहरू र तिनीहरू रहेको स्थान (ब्रेकटमा) यिनी हुन् : Apple, (Cupertino) , Facebook, (MenoL park), Google (mountain view), Chevron Petrol Com., Cisco System (Sanjose), Adobe, Oracle corportaion, Aecom, Gap store, CBRE group, Intel (santa Clara), Tesla सर्वाधिक महँगो कार, (Pato alto), Ross (Dublin), The walt Disney, Visa, Kaiser permanent (Oakland), Sutter helth Hospitol (Secramento), Well Fargo (Bank), Taco Bell (Restaurant), Safe way store(pleasantone), American Honda Motor Co-Torrance, Uber (Taxy co.), Jack in the Box (Restaurant), Stanfored (Stanforel), Yahoo (Sunnyvale), Twitter (SF)

**(घ) एयरपोर्ट**

सनफ्रान्सिसको क्षेत्रमा दुईटा एयरपोर्ट छन् एउटा सनफ्रान्सिसको र अर्को ओकल्यान्डमा दुवै अन्तर्राष्ट्रिय हुन् । यहाँबाट ठुलाठुला बोइङ्गहरूले दिल्ली आदि कैयौं ठाउँमा १८-२० घण्टाको डायरेक्ट ननस्टप उडान गर्छन् ।

**(ङ) सनफ्रान्सिसको राजनीतिक महत्व**

(१) सं.रा. अमेरिकामा प्रमुख दुई राजनीतिक दल रिपब्लिकन र डेमोक्रोटिक रहेका छन् र अरु दलको कुनै महत्व नभएकोले व्यवहारमा दुई दलीय शासन प्रणाली रहेको देशमा डेमोक्रोटिक दलकी प्रमुख नेत्री नेनसी पोलेसीको घर र वर्तमान उपराष्ट्रपति कमलाहेरिसको घर यसै शहरमा छ। नेनसी विगत ३५





वर्षदेखि निरन्तर सांसदमा जितेकी छन् । उनको प्रतिष्पर्धा गर्ने यो ठाउँमा अरु नेता देखिएको छैन ।

(२) यहाँको नगरपालिका भवन, ग्राउन्ड र पार्किङ स्थल, फार्मर, मार्केट, सं.रा.सङ्घको पहिलेको हेड अफिस रहिसकेको विशाल भवन, म्युजियम, पब्लिक लाइब्रेरी आदि करिब डेढ माइलको क्षेत्रमा फैलिएको सब एकै ठाउँमा छन् र पर्यटनका साथै प्रायः राजनीतिक गतिविधिहरू भइरहन्छन्। फिल्म उद्योगको आकर्षणको केन्द्र यो ठाउँ पनि हो ।

**(च) घरबार बिहीन भिखारी र नसेडीहरूका लागि उपयुक्त शहर**

यो डेमोक्रेटिकहरूको राज्य त हो नै, सनफ्रान्सिसकोमा स्थानीय सरकार पनि डेमोक्रेटिक नै रहँदै आएकोले यहाँका नागरिकले आम्दानीमा, यहाँसम्म कि नोकरीको तलब र ज्याला मजुरीमा समेत ४०% सम्म कर तिर्नु पर्छ र प्राप्त कर नगरपालिकाले सुकुमबासी भिखारी नसेडीहरूलाई भत्तामा खर्च गर्छ । नगरपालिकाको बजेट नेपालको बजेट भन्दा तीन गुणा बढी छ ।

**(छ) गाँजा फ्री**

यस राज्यमा गाँजा, चरेस आदि लागुपदार्थ सरकारले खोली राखेकोले यसको उद्योग व्यापार खुब फस्टाएको छ । अब त सुर्तीमा केमिकल मिसाएर चुरोट को धुवाँलाई सुगन्धित र मनमोहक बनाइ सकिएको छ र अमेरिकन सरकारले सुर्तीलाई निकोटिनमुक्त गर्ने उपक्रम गरी रहेकोले यसप्रतिको दुराग्रह हटने विश्वास लिइन्छ ।

यो राज्यमा भत्ता पाउने 'होमलेस'हरू टन्न नसा सेवन गर्छन्, कतिपय पागल र अर्धपागलहरू हल्ला मच्चाउँदै हिँड्छन् र बाटा घाटामा दिसापिसाब गर्छन् र गिलास बोतल आदि फालेका बाटाघाटामा आफूपनि फुटपाथमा फालिएका हुन्छन् । शहरका मुख्य स्ट्रिट र मुख्य ठाउँबाहेक अन्यत्र गल्लीहरू जहाँ यीनको राति बास हुन्छ, व्यापक फोहर हुन्छ, अमेरिका जस्तो लाग्दैन । यसकारण अन्यत्र राज्य र शहरका भिखारी र होमलेसहरूको लागि क्यालिफोर्निया राज्य र यसका राम्रो सुन्दर सनफ्रान्सिसको लगायतका शहरहरू आकर्षणका केन्द्र र राम्रो सुरक्षित स्थल रहेका छन् । होमलेसहरूको लागि बनाइएका आवासमा उनीहरू रहन चाहँदैनन् । पूर्ण स्वतन्त्रताको उपभोगका लागि बाहिर सडकमा फालिएका हुन्छन् । यस्ता व्यक्तिहरूबाट हुने गरेका घटना र भय तथा नागरिक असुरक्षालाई हेरेर सभ्य नागरिकहरूबाट डेमोक्रेटिक व्यवस्थाको कटु आलोचना हुने गरे पनि राजनीतिक भोट बैङ्कले गर्दा अन्ततः यही व्यवस्था चलिरहेको छ ।

### (ज)नोकरी दिलाउने संस्थाहरू

स्थानीय सरकारको रोजगार खोजी कर्ता एउटा एजेन्सी रहने गर्दछ । वैधानिक रुपमा रहने इजाजत पाएको निवासीले त्यसमा फोन गरेर रोजगार पाउने आग्रह गरेपछि उनीहरूले विवण लिन्छन् र गैरसरकारी संस्थाहरूमा सिफारिस पठाउँछन् । गै.स.सं.ले कम्पनी, स्टोर, अस्पताल, लाइब्रेरी, सरकारी गैरसरकारी निकाय आदि विभिन्न क्षेत्रसँग रिक्त पदको विवरण मागी राखेका हुन्छन् र रिक्त स्थानमा काम दिनका लागि सिफारिस गर्दछन्। यसका अतिरिक्त व्यक्ति विशेष चाहे निवासी होस्, चाहे पर्यटक या अवैध आप्रवासी होस, आ-आफ्नो तरिकाले कामको खोजी गर्दछन् र आपसी सहमतिमा ज्यालादर तय गर्दछन् । अवैध रुपमा बसिरहेको मानिसलाई काम दिनु अपराध हुन्छ । यसकारण त्यस्तो मानिसलाई जोखिम मोलेर कसैले काम दिन्छ भने ज्यालादर सस्तो दिन्छ । तर तोकिएको न्यूनतम ज्याला भन्दा यदि कम ज्यालामा काम लगाइएको छ भने भेद खुल्दा मालिक र काम गर्ने दुवैलाई समस्या पर्छ । सनफ्रान्सिसको शहरमा ज्याला प्रतिघण्टा न्यूतम १५ डलर तोकिएको छ। तर ज्यालामा पनि करकट्टी हुन्छ । विभिन्न शहरहरुका आ-आफ्ना नीति नियम र ज्यालाका दरहरू छन् ।

अमेरिका पूँजीवादी देश भनिएपनि व्यवहारमा कम्युनिस्ट नीतिको समाजवादी राज्य मानिन्छ र सनफ्रान्सिसको पूर्ण समाजवादी छ। यहाँ गरिब, घरबारबिहीन, सबैले भत्ता पाउँछन् र मस्तसँग खान्छन् घुम्छन् । इलेक्ट्रोनिक ह्विलचेयरमा बसेर, टेन्ट, ब्लैङ्केट र आवश्यक सामग्री झोलामा टाँगेर सुँइय हिँडेका हुन्छन्। कोही पैदलै हिँड्छन् । जहाँ मन लाग्यो त्यहीँ बसे, सुते, उठे, हिँडे, न घर न परिवार न धन न सम्पत्ति, ड्रग्सको आनन्दमा मस्तराम । अझ कोही कोहीले त कुकुर पनि पालेका, लिएर हिँडेका हुन्छन् । यीनले काम गरी रहन जरुरी छैन । यसकारण गरिब र होमलेसहरू यसै स्थितिमा रहन मन पराउँछन् ।

तर रिपब्लिकन राज्यहरूसँग तुलना गर्दा रिपब्लिकन जित्ने गरेको टेक्ससमा पेट्रोल १.४९ डलर प्रति ग्यालिनदेखि १.८९ सम्म छ भने डेमोक्रेटिक जित्ने गरेको SF मा ३.४९ देखि ७ डलर प्रति ग्यालिन छ। खाद्यान्न, फलफूल, लगभग सबै चिज दोब्बर र चौब्बर महँगो छ । डेमोक्रेटिक राज्यहरूमा गरिब र काम चोरहरूलाई पनि लाभ मिलेकोछ तर टेक्स चर्को र मालवस्तु धेरै महँगो हुन्छ ।

### (झ)भारतीय स्वतन्त्रता संग्रामको थलो

अमेरिका र क्यानडामा रहेका भारतीयहरू खासगरेर पन्जाबीहरूले सन् १९१३, जुलाई १५ मा सनफ्रान्सिसकोमा सम्मेलन गरेर भारत स्वतन्त्रतामा लाग्न 'गदर पार्टी'को स्थापना गरेका थिए जसको हेड अफिस यस शहरमा





बनाए । हुन त क्यालिफोर्निया राज्यमा पश्चिमी र दक्षिणी भागमा सिखहरूको बस्ती छ। यिनलाई उखु खेती गर्न भारतबाट ल्याएको थियो । यिनीहरूका कैयौं गुरुद्वाराहरू छन् र विभिन्न शहरहरूमा यिनको बस्ती र उपस्थिति छ । यस पार्टीभन्दा पहिले यस पार्टीका संस्थापक अध्यक्ष सरदार सोहन सिंह भाकना थिए । सरदार करतार सिंह सराभाले पार्टीको "हिन्दुस्तान गदर" नामको पेपर निकाल्थे । स्टेनफोर्डका प्रोफेसर सरदार लाला हरदयाचल, यसका उपाध्यक्ष थिए । यो पार्टीको महत्व भारतीय इतिहासको गौरवपूर्ण भाग रहेको छ ।

## खण्ड-४
## चतुर्थ भ्रमण : लस एन्जलसको यात्रा र गौतम बुद्ध

(क) क्यालिफोर्निया राज्यमा रहेको यो विशाल समृद्धशाली शहरको नाम छोटकरीमा LA रहेको छ । र एयरपोर्टलाइ LAX लेखिन्छ । यसको क्षेत्रफल ५०१.५५ वर्गमाइल र जनसङ्ख्या ३८,९८,७,४७ छ । यो शहर ४ सेप्टेम्बर १७८१ मा स्पेनिसहरूले बसालेको हो र पहिले मेक्सिको को भाग थियो । अमेरिकासँगको युद्धमा सन् १८४८ मा यो भूमि U.S.A. मा गाभिएको हो ।

(ख) अमेरिकाको दोस्रो ठुलो शहर लसएन्जलस जानलाई सनफ्रान्सिसकोबाट करिब ९ घण्टा ड्राइभ रहेछ । बाटोमा सानाठुला शहर बजार पहाड, समतल मैदानहरू छन् । एउटा भारतीय नाम भएको खानाको रेस्टुरेन्ट देखेर पसियो । परिचयको क्रममा साहुले आफूलाई दक्षिण भारतको मुस्लिम बताए तर शाकाहारी खाना पनि उपलब्ध हुन सक्ने भनेपछि भित्र प्रवेश गर्‍यौं । भित्र हलमा मानिसको भन्दा बढी लम्बाइमा गौतमबुद्धको गालामा हात टेकेर पल्टेको तामाको ठुलो मूर्ति रहेछ। मुस्लिम रेस्टुरेन्टमा बुद्ध ? हाम्रो जिज्ञासामा साहुले यस क्षेत्रमा भारतीयहरूको बसोबास रहेकोले भारतीय पहिचान र आस्थाको परिचयमा आकर्षणको लागि राखेको बताए । हामी त बुद्ध देशका नेपाली हौं भनेर कथा विस्तार गरेपछि साहु वाल्ल परेर हेरिरहे । तिनले पाकिस्तान, बंगलादेश भारत र पहिलेको अफगानिस्तानमा जहाँ पनि बुद्धका मूर्ति रहेका र बौद्ध भारतीय धर्म हो भन्ने जानकारी रहेको तर नेपाल बारे केही थाहा नभएको भने ।

(ग) लसएन्जल्सको चोक बाटाघाटा सफा सुन्दर र व्यवस्थित रहेछ । एक विख्यात होटल सुटमा बास भयो । फ्ल्याट जस्तो दुईकोठा, बैठक, किचन,

भाँडाबर्तन सब थोक । तल रिसेप्सन काउन्टरमा बुद्धको त्यस्तै विशाल मूर्ति, माथिल्लो आखिरी तलामा सानो पार्क बनाएको, स्नानघर, शरीरलाई हीट गर्ने योग कक्ष, भिडियो रेकर्डिङ गर्ने ठुलो कक्ष । बाहिर आँगनमा बुद्धको बसेको ठुलो ताम्रमूर्ति ।

(घ) चोकमा पनि त्यस्तै बुद्ध मूर्ति रहेछ। सबै ठाउँमा फोटो खिच्यौं। रेसेप्सनिष्टलाई बुद्ध मूर्ति होटलमा राख्नुको कारण सोध्दा उनी अल्मलिए। चिनियाँ पर्यटक आकर्षित गर्नलाई हो कि भने ? तिनको अनुमानमा बुद्ध चाइनिज आस्था हुनु पर्दछ। मैले सनफ्रान्सिसको को सिविक सेन्टर, नगरपालिकाको विशाल म्युजियममा एक चीन र एक कोरियाबाट प्राप्त भनेर दुईटा मूर्ति रहेको पहिले नै देखी सकेको थिएँ। त्यहाँ पनि सोधपुछ गरको थिए। सबै ठाउँको सोधपुछ र पब्लिकको प्रतिक्रिया र जानकारीको आधारमा मैले के निष्कर्ष निकालेँ भने बुद्ध चीनका या कोरियन हुन् भनेर धेरैको बुझाई रहेछ भने भारतीय पाकिस्तानी र अफगानिस्तान इरानसम्मकाले बुद्ध भारतीय हुन् भन्ने अनुमान गर्दा रहेछन् तर बुद्धको नेपालसँग कुनै सम्बन्ध बारे कसैको सोचमा आएको रहेनछ। अमेरिकाका चिनीयाँ र जापानीहरूले बुद्ध चिनीयाँ हुन् भनेर सोच्दा रहेछन् ।

(ङ) **फिल्मी दुनिया**

लसएन्जलसको चोकमा ७७ तलाको प्रसिद्ध रेस्टुरेन्ट छ। टपमा खुल्ला छ र चढेर हेर्न पाइन्छ तर मुटु ढुकढुक हुन्छ ।

विश्वविख्यात Hollywood यहीँ छ। यो फिल्म इन्डस्ट्री क्षेत्रको नाम टप पहाडमा सेतो पेन्टमा ठुलाठुला अक्षरमा Hollywood लेखिएको तल शहरबाट नै देखिन्छ, माथि नउक्लने पर्यटकहरूले शहरका बाटाहरूमा उभिएर त्यता पिठ्यूँ गरेर फोटो खिँच्छन्। नजिकका बाटाहरूमा हिरो, हिरोइन, सिङ्गर, म्युजिसियन, मोडल्स र पर्यटकहरूको ठेलमठेल भिड भइरहन्छ। रेस्टोरेन्टहरू भरिभराउ हुन्छन्। यहाँको विशाल एयरपोर्ट र बन्दरगाहहरू व्यस्त रहन्छन्। यहाँ पनि पहाड समुद्र नदी सब थोक छन् ।

(९) एक जना पन्जाबी अमेरिकन साँडीका अनुसार लसएन्जलस जस्तो विकसित शहरमा पनि सन् १९८४ मा मात्र कम्प्युटर देखा परेको हो र सबले कम्प्युटर सिक्न थालेका हुन् । त्यो भन्दा पहिले हामीले टाइपराइटरमा टाइप गर्दथ्यौं र टाइप नजान्नेहरूले पैसा तिरेर टाइप गराउने गर्दथे ।

**डिज्नील्यान्ड पार्क**





Anaheim, California मा रहेको यो बनावटी दुनियाँको प्रख्यात Adventure स्थान हो । स्पेसका एडभन्चर, थन्डर माउन्टेन रेल रोड, स्टार वार, स्लिपिङ्ग व्युटी क्यास्टेल, भिजिटमा पर्यटक हतप्रभ हुन्छ। टिकट लिएर भित्र गएपछि दिनभरलाई आनन्द लिन सकिन्छ। यसलाई "Happiest place of the earth" भनिन्छ ।

Walt Disney ले गरेको कल्पना र डिजाइनमा Disny land या desney world नामले विश्वमा ११ ठाउँमा यस्ता अद्भूत पार्क बनाएको छ। यस मध्ये अमेरिकामा फ्लोरिडा, हवाई र क्यालिफोर्नियामा रहेका पार्कहरू अमेरिकामा राम्रा मानिन्छन् ।

---

**खण्ड-५**

**विकसित देश दुर्गम प्रदेशः पाँचौं यात्रा संस्मरण**

अमेरिकामा सन् २०२० मा सामान्यतया १२ मार्चदेखि कोरोनाको लकडाउन भयो र स्कुलहरू अनलाइन र जुममा सञ्चालनमा आए । हाम्रो घर वापसी टिकट क्यान्सिल भयो । हामी पति पत्नी दुवै जना औषधिमा निर्भर रहेकाले कोरोनाको डरले डेरामा थुनिएर बस्नु पर्यो। केही महिना बिते। वाक्क दिक्क लागेर प्लेनमा टेक्सास गइयो। त्यता रोग धेरै फैलिएको थिएन। फेरि सनफ्रान्सिसको फर्केर आयौं र दुलोमा बसे जस्तै भयो । यसैको अगस्त महिनामा छोरा र बुहारीले कोराना नभएको प्रदेशतिर दुर्गम ठाउँमा घुम्न जाउँ भनेँ। पहिले त दुर्गममा के जाने भनेँ तर पछि तयार भयौं ।

आफ्नो सानो कारमा लामो यात्रा न बन्ने रहेछ। एक त थुप्रै सामान, जाडो, गर्मी वर्षात् थरी थरीका लुगा, गुन्द्री कार्पेट, बच्चाको स्ट्रोलर, पानीका पेटी, हलका बिस्तरा आदि। यसको साथै नातिनीलाई हाम्रो देश जस्तो काखमा लिएर गाडिमा यात्रा गर्न नहुने रहेछ । उसको लागि कारको सिटमा फिट हुने र बच्चालाई राम्ररी बेल्ट लगाउनु पर्ने, कत्ति पनि असजिलो गर्न नपाइने छुट्टै सिट थप्नु पर्ने रहेछ। हामी सबैलाई पनि फराकिलो ठाउँ हुनुपर्ने। यसकारण छोरा र बुहारीले गाडि हाँक्ने, मैले बिचमा नातिनीको आडमा र पत्नीले पछाडि पुरा सिटमा आराम साथ बस्ने सुत्ने गरि ५० डलर प्रतिदिनको भाडामा ठुलो गाडि लियौं र खाना पानी, औषधि आदि लिएर **अगस्त १८, २०२०** मङ्गलवार राति १० बजे यात्रा शुरू भयो ।

रातभरमा क्यालिफोर्निया राज्यबाट बाहिरिएर **नेवादा राज्यको रेनो** शहरमा प्रवेश गर्दै जलपान गर्दै जङ्गल पहाड हेर्दै अगाडि बढ्दै गयौं। सुरुमा

दुर्गमको नामले हाम्रो देशको बाटो घाटो सम्झेर तर्सेको थिएँ तर त्यस्तो बाटो रहेनछ । बाटो खन्दा पहाड काट्ने तरिका र छेउको रेलिङ आदि सुरक्षा प्रबन्ध अर्कै किसिमको रहेछ । खोलाका छेउमा बाटो कमै हिँडाइएको रहेछ । यसकारण यात्रामा खासै डर लाग्ने देखिएन । पहाड त अधिकांशतया रूख बिरुवा नभएको निर्जन ढुङ्गा र माटो मात्र । गाउँबस्ती बहुत कम । हाम्रो मनाङ, मुस्ताङ जस्तै जनसङ्ख्या तर प्रदेशको लम्बाइ चौडाइ अत्यधिक, फास्ट ड्राइभिङ, समतल मैदानमा न्यूनतम १०० माइल स्पिडको आसपास हिँड्दा पनि दिन भर लाग्ने ।

अमेरिकाको बाटो र यातायातको थोरै कुरा यहाँ पनि लेख्नु प्रासङ्गिक र उपयोगी होला । महानगर, नगर, पहाड जहाँ सुकै होस्, एकसरो बाटो त गल्ली टोलमा पनि हुँदैनन् । थोरै चाप र साँगुरो छ भने कम्तीमा दुई लेन, त्यसपछि चार, छ, लेन छँदैछ । बाटो जहाँ भए पनि हर समय सफा । बाटोमा खाल्डाखुल्डी र चिप्लिने, घुम्तीमा गाडि पल्टिने जस्तो त अमेरिकामा त्यसै पनि देखा पर्दैन । यस्तो कहीं रहेछ र सुधार भएको छैन र कुनै घटना घट्छ, गाडी खाल्डाखुल्डीमा परेर वा चिप्लिएर यात्रीलाई कुनै सानो असर पर्न गए पनि सडक विभाग माथि तुरुन्त मुद्दा पर्छ, त्यस्ता मुद्दा गरिदिने वकिल छ्याप्छ्याप्ती छन् । ठाउँठाउँमा तिनको बोर्ड लागेको छ । फोन गर्नुस् उनी आफै पुग्छन र जे जे गर्नु पर्छ गर्छन् । तपाईं कहीँ जानै पर्दैन ।

यसकारण बाटोमा या कुनै सार्वजनिक स्थान, होटेल रेस्टुरेन्ट, पार्क, कहीँ पनि चिप्लिने खालको सम्भावनासम्म रहेछ भने पनि 'चिप्लो छ है' भनेर बोर्ड लेखेर लगाइ राखेको हुन्छ । अन्यथा कुनै सङ्केत छैन भने बाटोमा ठाउँठाउँमा तोकी राखेको स्पिडमा ढुक्क भएर गाडि दौडाउन मिल्छ, पर्छ पनि ।

**भोलिपल्ट** नेवादा राज्यको जङ्गल पहाडको बाटो हिँडियो । बस्तीको अत्तोपत्तो छैन तर पहाडको घाँच जता पनि बाटो र बिजुलीको जाल बिछाइएको रहेछ । ट्राफिक यदाकदा मात्र देखिने । भुलचुकले कुनै अर्को बाटो लागियो र कतै अनकन्टार पहाडमा पसियो भने ? त्यस्तो खतरा रहेनछ । बाटोमा कुनै तगारो छैन, अगाडि नजानुस् भनेर सूचना छैन भने ती ठाउँहरू सरकारको सुरक्षा पहुँच भित्र रहेका हुन्छन र जति भित्र पस्दै गए पनि हुने रहेछ त्यस्ता ठाउँहरूमा कतै फँसियो भने कताकतै खम्बामा जडान भएका टेलिफोनबाट सरकारी तन्त्रलाई खबर गर्न सकिन्छ र उद्धारको सम्भावना बढ्छ । आफ्नो र गाडीको खुराक आफूले बोकी राखे भयो ।

शहर, बजार, हाईवे जङ्गल र मरुभूमिको बाटोमा समेत जहाँ पनि एउटा निश्चित दूरी अथवा सुरक्षित ठाउँमा पेट्रोल पम्प अवश्य हुन्छ र त्यसैसँग कुनै एउटा स्टोर पनि अवश्य हुन्छ । (स्टोरमा फ्रि ट्वाइलेट हुन्छ, अमेरिकामा ट्वाइलेटलाई रेस्टरुम र युरोपमा ट्वाइलेट नै भनिन्छ) यात्रीलाई थकाइ लाग्यो,



भोक प्यास, दिसापिसाब लाग्यो भने गाडी रोके हुन्छ । यदि अगाडि धेरै टाढासम्म यात्रीले कुनै सुविधा सहयोग पाउने ठाउँ छैन भने यति माइलसम्म अगाडि केही पनि छैन या रेस्ट एरिया मात्र छ पेट्रोल पम्प छैन भनेर वोल्लो पेट्रोल पम्पमा र बाटोमा बोर्डहरू लगाइ दिएको छ । यसबाट यात्रीलाई निकै सुविधा हुन्छ ।

दुई लेन जाने दुई लेन आउने बाटा अलग अलग छन् अर्थात् एकातिर दुई लेन मात्र छ भने ठाउँ ठाउँमा स-साना बोर्डमा 'नो पासिङ्ग एरिया' भनेर बोर्ड लगाएको छ । यस्ता ठाउँमा कुनै गाडीलाई उछिनेर अगाडि जान मिल्दैन । पछाडिको गाडी पछाडि हिँडी रहनु पर्दछ । केही समय पछि ५ माइल अगाडि, ३ माइल, १ माइल, ७५० फिट अगाडि पासिङ्ग ठाउँ आउँदैछ भनेर सूचना लगाइ राखेको छ र पासिङ्ग एरिया आएपछि २, ३, माइलसम्मको बाटो अलि चाक्लो गराई दिएर 'सुरक्षित क्रस गर्नुस्' भनेर लेखेर सूचना लगाएको छ । यो एरियामा अगाडि हिँडेको गाडीलाई उछिनेर अगाडि निस्कन सकिन्छ ।

हिँडीरहेको या उभिएको, बच्चाहरू चढाइ उतारी रहेको बसको नजिक अगाडि पछाडि त कुनै गाडि लैजानै हुँदैन । रातो बत्ती क्रस गरेको भन्दा धेरै बढी सजाँय छ । त्यस्तै प्रहरी एम्बुलेन्स र फायर ब्रिगेड देखि टाढा र होसियार रहनु पर्दछ । तिनलाई उछिन्नु भनेको अपराधै हो । अर्थात् गाडी चालकले हर समय सङ्केत चिन्हको पालन गर्दै हिँड्नु पर्दछ र अलि कति पनि मनपरी गर्ना साथ पेट्रोलिङ्ग प्रहरीले कारवाही गरि हाल्छ या सिसी क्यामेराको माध्यमबाट रेकर्ड भएर कार्वाही भइहाल्छ, बच्ने कुनै चान्स छैन । त्यसैले गाडी चालकले कत्ति पनि हतार, लापरवाही र ढिलाई गर्न हुँदैन । गऱ्यो भने जीवन बिग्रियो ।

जुन सुकै बाटोमा आराम र नास्ता पानी गर्ने एउटा ठाउँ त पेट्रोलपम्प हो । दोस्रो, स्थानीय मार्ग र राज्य स्तरका मार्गमा पनि मनपरी गर्न, आफ्नो इच्छाको स्पिड बनाउन र जहाँ चाह्यो त्यहाँ गाडि रोक्न पाइँदैन, सुस्त हिँड्दा पछाडिको गाडी आफूमाथि चढने डर र तेज हिँड्दा प्रहरीको खतरा, ठिक्क हिँड्नु पर्ने । बाटोको छेउमा ठाउँ-ठाउँमा विश्राम गर्नलाई र फोटो खिँच्ने लायकको कुनै राम्रो दृश्य भएको पहाड, खोला, सूर्योदय सूर्यास्त देखिने राम्रो ठाउँ छ भने बाटोसँग जोडेर अर्को राम्रो पिच बाटो बनाइ दिएको छ । त्यहाँ रोके भयो ।

हाईवेमा पनि यस्तै सबै सुविधाका अलावा ठाउँ-ठाउँमा ५०।१०० ट्रक, गाडि पार्किङका ठुला यार्ड बनाएको छ जसमा गाडी रोकेर सुत्न, एकदम सुव्यवस्थित महिला पुरुष ट्वाइलेट, मानिस र पाल्तु कुकुर बिरालाका लागि खानेपानी सहितको राम्रो भवनको रेस्ट एरिया बनाएको छ । जसको सूचना यात्रीले बाटोको छेउमा लगाइएका सूचना पाटीबाट थाहा पाई रहेको हुन्छ । या

इन्टरनेटबाट उपलब्ध भै रहन्छ र आफ्नो योजना बनाएर हिँड्न सुविधा हुन्छ। यस्ता रेस्ट एरियालाई सुचारु, सफा र सुव्यवस्थित राख्ने जिम्मा यात्री कै हो।

हाई वे र अन्य चालु रोडमा पैदल हिँड्नेले बाटो काटने ठाउँ तोकेकै छ, त्यसै अनुसार हिँड्नु पर्दछ। अन्यत्रबाट बाटो काट्ने चलन छैन, ट्राफिक प्रहरी पनि हुँदैन, अटोमेटिक लाइटले नै कन्ट्रोल गर्ने हो। यस्तोमा बाटो काट्ने ठाउँमा र स्टोर, पुस्तकालय, कलेज, पार्क, म्युजियम आदि कुनै ठाउँमा गाडिको अगाडि मानिस हिँड्न लागेको अवस्थामा गाडि रोकेर पैदललाई जानुस् भनेर सङ्केत दिएर उ गइसकेपछि मात्र हिँड्न पाइन्छ। पैदल, त्यसपछि साइकल, मोटर साइकल गाडी र अन्तमा ट्रकको पालो हुन्छ। कुनै हतार गर्न पाइन्न। बडो आराम र सुविस्तासँग हिँड्ने हो। बाथरूमदेखि रेलसम्म लाइनमा फरक-फरक उभिने हो। न लेडिज न जेन्स। गाडि छुटे छुटोस तर धक्का धुक्की छैन, टाँसिएर उभिन र बस्न पाइँदैन ।

यी कुराहरू ध्यानमा राख्दै हिँड्दै दोस्रो दिन साँझ **आइडहो** राज्यमा एउटा सानो बजारको होटलमा बास बसियो। बासस्थान, खाना पिना, बाटो हिँड्दा पनि फोनद्वारा बुक हुन् सक्दछ। सानो र मझौला शहर बजारमा, डबल बेडको दुई रूम, व्यवस्थित ट्वाइलेट, किचनको केतली, माइक्रोवेब, चिया, दूध, चिनी कप, गिलास, प्लेट आदि राखिएको, बिहान होटेलको डाइनिङ हलमा चिया कफी पेप्सी, कोक, ब्रेड अन्डा, मक्खन, सिरियल, ओटमिल आदि पेटभर फ्रि नास्ता सहित दिने राम्रो किसिमको होटेल/मोटेल ५० डलर देखि १०० डलरसम्म पाउँछ। हामीले ८५ डलर तिऱ्यौं।

**तेस्रो दिन** बिहान, त्यही शहरको माथिको पहाडमा १८ कि.मि.को दर्शनीय ठाउँमा **सन भ्याली** नामको अर्को शहर पनि छ भन्ने कुरा थाहा पाएपछि नास्ता उतै खाने गरी हिँड्यौं। राजमार्ग छोडेर दक्षिण पूर्वको बाटो सनभ्याली गयौं। पहाडमा त्यति सुन्दर शहर ? कति व्यवस्थित ? सब सुविधा सम्पन्न तर स्थानीस बसोबासी मानिसको सङ्ख्या नितान्त कम। पर्यटकहरूको भिड। थुप्रै घरहरू ढोका बन्द। कोही त कमाइ गर्न शहर गएका र कोही शहरका ठुला बडाले समय समयमा आराम गर्नलाई बनाएका घरहरू ढोका बन्द रहेका। कोहीमा भित्र मानिस नरहे होलान् र कोहीमा मानिस भएपनि आराम गर्न त्यहाँ गएकाले किन पो बाहिर बजार र बाटोघाोमामा बस्लान् ? हामी फूलले ढाकिएका होटल, रेस्टुरेन्ट, अचम्मको विशाल सार्वजनिक ट्वाइलेट भवन, पसल र सुन्दर सभा भवनको बिचमा रहेको झरना सहितको पार्कमा बस्यौं।

वर्षमा एक पटक बिलेनियरहरूले यो ठाउँमा मिटिङ्ग गर्दा रहेछन्। गजबको सिस्टम रहेछ। कुनै मिटिङ्ग कुन ठाउँ, कुनै मिटिङ्ग कुन ठाउँ सुगम





भन्दा सुगम महानगरदेखि अति दुर्गम ठाउँहरू मिटिङ्ग र आनन्द लिनलाई तोकिए जस्तै रहेछ। यसबाट आन्तरिक पर्यटन भइरहने भयो। यो शहरको एक ठाउँमा कुनै कवि लेखकको स्मारक रहेछ, जङ्गलमा, हेर्न गयौं । पहाडी खोलालाई स्मारक नजिक लगेर, घुमाएर शहरमा पार्कमा पुऱ्याएर फेरि पहाडमा फर्काएको रहेछ । यसबाट स्मारक सानो भए पनि ठाउँ सुन्दर बनाएकोले मानिसहरू हेर्न जाँदा रहेछन् ।

स्मारकमा एकछिन शीतलमा बसेर शहरको डाउन टाउनमा गयौं। एउटा रेस्टुरेन्टमा खाना खायौं। बेयराले कुरा गर्दा गर्दै घुम्न निस्केको भए अन्तरराज्य राजमार्गमा सरासर हिँड्नु भन्दा बरु भित्र पसेर गोल गोल यात्रा गर्दा राम्रो होला भन्यो, हामी भित्री बाटो घाटो र यात्री सुविधा कम होला या त्यती राम्रो नहोला भन्दा उसले अमेरिकामा बाटाहरू सुरक्षित छन् जताबाट हिँड्दा हुन्छ भनेपछि मोबाइलमा सर्च गरेर हेर्दा पर्यटन स्थलहरू थुप्रै रहेछन् अनि हामी पूर्वको बाटो छोडेर उत्तरतिरको बाटो लाग्यौं ।

**आएडहो** राज्यमा करिब तीन घण्टा पहाडमा गाडी हिँडेपछि बाटोले तल घाँचमा हाम्रो फेवाताल जस्तो ठाउँ "Stanley Lake" मा पुऱ्यायो। पर्किङमा गाडी लगाएर तालतिर हेरेको त ढिकमा र तलाउमा मान्छेको भिड । मान्छे होइन, अप्सरा र गन्धर्वहरू। धेरै युवती र कतिपय प्रौढ महिलाले पनि मुस्किलले तीन अङ्गुल चाक्लो लँगोटी र सानो कपडाले अगाडिका दुवै अङ्ग छोपेका, पछाडिको लँगोटीको पुच्छर दुवै पुट्ठाको बिचमा पसेर छोपिएकोले यता त छर्लङ्ग निर्वस्त्र झैं देखिने। पीठमा भगवान्ले अगाडिको स्तन जस्तो कुनै अङ्ग नबनाइ दिएकाले अगाडिको कपडालाई अड्याउन पछाडि पातलो डोरीले थेगी रहेको। गन्धर्वहरू बरु कट्टु र हाफ पाइन्ट र कोही त टिसर्टमा पनि थिए। कोही डुङ्गामा, कोही मोटर बोटमा, कोही जलपरी झैं, त कोही सेतै कपाल भएका जोडाहरू पनि ६ महिने बालकका कपडामा पौडी खेल्दै, कोही पानीमा भिजेर ढिकमा लङ चेयरमा कालो चस्मा लगाएर सुतेर घाम तापेका, कोही के त कोही के गरेर उभिएका, बसेका, पल्टेका। देख्न अप्ठ्यारो, लेख्न अप्ठ्यारो। सबैले आफ्नो मनमा आफू एक्लो या आफ्नो जोडासँग एक्लो रहेको, त्यहाँ अरु कोही मान्छे हुँदै नभएको मान्दा रहेछन्।

हुन त यो कुनै पहिलो दृश्य होइन। यतिका वर्षदेखि स्विमिङ्ग पुल र बिच लगायत हलिउडसम्म देखेको मान्छे, आश्चर्य त केही लागेन । भिडले गर्दा नग्नको संस्कृति हेर्न बढी लाज भने नलागेकोले म भिडमा पसेर तलाउको पानी छोएँ, काठे पुल, शौचालय, लजको क्याबिन भएतिर निर्धक्क भएर डुलें। भारद्वाज ऋषिको यस्तैमा पहुँच भएर द्रोणाचार्यको उत्पत्ति हुन पुग्यो होला भनेर सोच्दै,

आफू त परिवारसँग आएकोले भगवान्को स्मरण गर्न सजिलो रहेको भनी मन मनै हाँस्दै आरामसँग डुलें, तर फोटो भने खिच्न मन लागेन ।

फोटोको एउटा सानो घटनाले उब्जाएको एउटा प्रसङ्ग छ, रमाइलो लाग्ला भनेर लेख्न मन लाग्यो । एक पटकको अमेरिका कै एउटा समुद्र बिचमा तीन जना जवान नानी यस्तै मसिनो पातलो लँगोटी लगाएकी, नुहाएर बाहिर निक्ले, म अचानक उनीहरूको सामुन्ने पर्न गएँ। संयोगवश उनीहरूले हाय भने मैले नि हाय भनेर हाउ आर यु भन्नै पर्‍यो । म यताको आफ्नै पहिरनमा भएकोले विदेशीपन प्रस्टै थियो । उनीहरू आकर्षित भए । चार वाक्यको औपचारिकता मै उनीहरू कै पहलमा तिनै चारै जनाको संयुक्त फोटो खिचियो । आ-आफ्नो बाटो लाग्यौं । यस्तै अन्यत्र पनि केही फोटो खिचिएको थियो ।

तर एक दिन म फोटो हेर्दै थिएँ, अकस्मात तिनीहरूको फोटो पनि देखें । मैले सोचें - न यीनको नाम परिचय याद छ, न सम्पर्क, न यिनीसँग फेरि कहीं भेट हुने सम्भावना नै छ, यस्ता फोटो मैले राख्दा फाइदा के ?, अरुलाई देखाएर देख्नेलाई लाज र फोटो राख्नेको मर्यादा घट्ने, घरमा फोहरी क्यालेन्डर झुन्ड्याए जस्तो र बेसरोकारको मानिसको फोटो केवल नाङ्गै भएको कारणबाट आफ्नो स्टोरमा राख्नु अब्वल दर्जाको मूर्खता बाहेक अरु के हुन सक्छ ? यही सब सोचेर मैले त्यस्ता अपरिचितका सबै फोटो (कलेज बाहेकका) डिलिट गरेको थिएँ ।

अब कुरा आउँछ नाङ्गोपनको । उनीहरूको कल्चर, मनोरञ्जन, स्वतन्त्रता हो, हामीलाई अप्ठेरो लाग्छ भने हाम्रो कल्चर र भावनाको प्रभाव हो, यो हाम्रो कुरा हो उनको समस्या त होइन । हाम्रो देशमा तिनले त्यस्तो गर्न र हाम्रै नारी समाजले आफ्नो देशमा त्यस्तो नसिके, नगरे भयो, हामीले देख्नु नपरे पुग्यो । अर्काका नग्नता, अर्धनग्नतासँग, फोटोसँग हाम्रो सरोकार के, उपयोग या लाभ के ? भनेर चेत खुली सकेकोले मैले त्यहाँ फोटो खिचिन । आफूसँग भएको फलफूल खाएर आफ्नो बाटो लाग्यौं । पहाडै पहाड त्यसपछि मैदान सायद ६ घण्टाको ड्राइभपछि अर्को नामको होटेलमा पुगेर राति बास भयो र सुत्यौं ।

चौथो दिन, दिन भरी **मोन्टाना र वयोमिङ्ग राज्यमा पर्ने** Yelolw Stone नेसनल पार्कमा घुम्यौं । हाम्रो ठाकुरद्वारा नेसनल पार्क जस्तै ठुलो क्षेत्र । अमेरिकनहरू प्रायः जिज्ञासु, कौतुकप्रिय र घुमन्ते हुन्छन् । नेसनल पार्क, फरेस्ट, मरुभूमि, ठुला घाँसेमैदान, साना ठुला पोखरीका नजिक आदि एकान्त ठाउँहरूमा (खतरा ठाउँदेखि बाहेक), अलि फरक-फरक पारेर नितान्त स-साना ट्वाइलेट पानीको व्यवस्था सहित खाली ठाउँ बनाइराखेको छ । घुमन्तेहरू मध्ये त्यस्तो एकान्तमा रात बिताउन या केही दिन बिल्कुलै एक्लै बसेको अनुभव गर्न चाहनेले ठुला गाडी, धेरै त पिकअप गाडीमा फोल्डिङ्ग कुर्सी, कार्पेट, टेन्ट,



# यो हो अमेरिका

चक्कु छुरा, भरसक बन्दुक पनि, खाना पानी आदि सबै आवश्यक सामान सहित परिवार, इष्ट मित्र या एक्लै पनि हिंड्दा रहेछन् । यो नेसनल पार्कमा एउटा गाडीलाई सामान्यतया ७ दिनको परमिट दिएर बस्ने ठाउँ बताएको हुन्छ । त्यहाँ गएर टेन्ट लगाएर बस्दा रहेछन् । जङ्गली जीवन र एकान्त टेन्सनमुक्तको आनन्द लिंदा रहेछन् ।

हामी कहीं जानु पर्दा भरसक थोरै सामान लिएर हिंड्न मन पराउँछौं तर यिनीहरू बच्चाको स्ट्रोलर, खेलौनादेखि आफ्ना मनोरञ्जनका सामान, अझ गाडिको छतमा रबरको सिङ्गै डुङ्गा, साइकल र पछाडि मोटर साइकलसम्म झुन्ड्याएर हिंड्दा रहेछन् । एक्लोपन र एकान्त यिनीहरूलाई प्रिय रहेछ । एक जना जवान नानीले आफ्नो गाडीमा करिब १५ दिनदेखि दुई हजार माइल घुम्दै नेसनल पार्कमा आएको हामीसँग भेट भएको अझ १५/२० दिन पछि घर पुग्ने बताउँथिन् । यस्तै अरुहरू पनि भेटिन्थे ।

कोरोना बन्दीमा र घुम्ने सिजन पनि भएकोले ठुला शहरका निवासीहरू जङ्गलमा र ठुला धनाढ्यहरू कृषि फारम (रेन्च भन्दा रहेछन्)मा एक्लै या परिवारसँग आराम गरिरहेको देखियो । नेसनलपार्कमा एक गाडीको ७ दिनको लागि ३५ डलर टिकट रहेछ । तमाम ठाउँमा सानो ठुलो उम्लिने पानी निस्कने फोहरा जस्तो ठाउँहरूको वरिपरि अलि टाढा पारेर दुई फुट अग्लो गराएर काठका पटरी बिछ्याएर त्यो पटरीमा हिंड्ने घुम्ने लायक ट्रेलहरू बनाएको रहेछ । (भुँइमा हिंड्दा तातो पानी र जमिनबाट पग्लेर निस्कने लावाबाट खतरा पुग्न सक्ने भएर होला जमिन भन्दा अलि माथि पारेर पटराको बाटो बिछ्याएको मिलौं लामा ट्रेल बनाएको र ठाउँ ठाउँमा खतराका बोर्डहरू लागेको रहेछ ।

निश्चित ठाउँहरूमा केही समय अन्तरालपछि रोकिएर ज्वालामुखी झैं धर्तिका प्वालहरूबाट उम्लिएको पानीको सानो ठुलो फोहरा निस्कने रहेछ । त्यस्ता थुप्रै ठाउँ जङ्गल भर रहेछन् । हजारौ मानिसको भिड हुने रहेछ । तमाम रेस्टुरेन्ट र होटेलहरूमा निकै चहल पहल रहेछ । अमेरिकाका कैयौं राज्यका नम्बरप्लेटका गाडि देखिन्थे । .

**वयोमिङ्गबाट डिकिन्सन ३८४ माइल** निर्जन क्षेत्र लामो बाटो रहेछ । जङ्गल पहाड पार गरेर त्यहाँबाट फेरि मुन्टाना राज्यको क्षेत्रको जङ्गल पहाड र मरुभूमि र त्यसपछि नर्थ डेकोटाको मरुभूमि मैदान आउने रहेछ । यति लामो निर्जन इलाका (बर्दियाको चिसापानीदेखि काठमाण्डौको दूरी) जसमा मानिस र गाडी यदाकदा मात्र देखिन्छन्, हिंड्न सजिलो कुरा होइन । जङ्गल र मैदानमा हिंड्दै जाँदा नेसनल झण्डा गाडेको ठुलो मैदानमा केही घरहरू देखेर सरकारी ठाउँ भनेर फिल्डमा पसेर पार्किङमा गाडि रोकेर झर्यौं र बच्चालाई दुध खुवाएर एक छिन बिसाएर अगाडि बढ्यौं । एक ठाउँमा दुई चार वटा घर सहित

पेट्रोलपम्प देख्यौँ । तेल लिन खोज्दा नमालुम कसरी लक रहेको पम्पमा तेल आएन । त्यो बस्तीमा एक जना मानिस देखिएन । त्यहाँबाट धेरै टाढा सायद ७०, ८० माइलसम्म अर्को पेट्रोलपम्प नरहेको सूचना देखियो र तेल त फूल गरेर हिँड्न राम्रो हुने ठानेर मोबाइलमा सर्च गर्दा पछाडि १८ माइलमा पम्प छोडेर आएको देखियो र फर्क्यौं । त्यहाँ तेल भरियो स्टोरमा खाने कुरा किनेर राखेर हिँडियो । ९ बजे तिर बेलुका हाम्रो चिसापानी जस्तो ठाउँको द्वारबाट पार्कबाट बाहिरियौँ र गेटमा केही पसल रहेछन् । पिज्जा पसलमा लाइन रहेछ अरु पसल बन्द हुँदै गरेका रहेछन् । हामीले एउटा मस्रूम पिज्जा लिएर हिड्यौँ ।

त्यो गेट मात्र बाहिर बनाएर पसलहरू रहेछन् । त्यहाँबाट फेरि नेसनल पार्कको साना पहाडहरूमा पसियो । पूरा पहाड क्रस गर्दा रातको १० बज्यो । बच्ची रुन थाली, गाडी नरोकी चुप कसरी गराउने, रोक्दा घण्टा भर त लाग्ने नै भयो, अलाइन होटेलबुक गरेको ठाउँमा एक घण्टा भन्दा कमैमा पुग्ने हुनाले छिटो हिँड्ने हतार भयो, तर ठाउँ ठाउँमा बाटो साइडमा दुईचार घर र मैदान, फेरि घर फेरि मैदानले गर्दा कहीं ३५, माइल र कहीं एकै चोटी ६५, ७०, ८०, को गतिको नोटिसले गर्दा एक ठाउँमा गाडिले ३५ को सट्टा ५० मा गाडि रहेको बेला पछाडिबाट रातो बत्तीले रोक्ने सङ्केत आएपछि रोकियौँ । मोबाइल प्रहरी आयो । सोध्यो, स्थिति बुझ्यो । ड्राइभिङ्ग लाइसेन्सको वैधता चेक गऱ्यो र अहिलेसम्म कहिले पनि जरिवानामा नपरेको नेटमा देखेपछि जरिवाना गरेन, सजग गरायो र होटेलमा ढिलो पुग्छौं भनेर मेसेज गरेर गाडि रोकेर बच्चालाई चुप गराएर आरामसँग हिँड्नुस् भन्यो । तबसम्म हामी नजिकै बस्छौं भन्यो । हामीले त्यस्तै गऱ्यौं र आखिर ११ बजे तिर होटेलमा पुगेर खानपिन गरेर सुत्यौं ।

**पाँचौं दिन** मोन्टानाको एरियाबाट बिहानै ५ बजे हिँडेर कृषि फारम र पर्ति बाँझो बन्जर ढुङ्गे भूमि रुख बिरुवा नभएको हेर्दै जङ्गल सकिएर लम्बा चौडा मैदान पार गर्न थाल्यौं । कतै कतै दुई चार घरको बस्ती देखिन्थ्यो । ती पनि बाटो, बिजुली, पानी, कृषि आदिका कर्मचारीका निवास रहेछन् । निकै लामो यात्रा पछि नर्थ डेकोटा राज्यमा प्रवेश भयो । यो राज्य पनि मानिसविहीन जस्तै । साना-साना ढिस्का पहाड, कतै गहुँ, मकै र सूर्यमुखीको खेती । जम्मै फर्मिङ । अमेरिकामा व्यक्ति विशेषको टुक्रे जग्गा नहुने रहेछ । अधिकाँशतया कम्पनीका नाउँमा या कोही धनाढ्य मानिसको ठूल्ठुला कैयौं कोसमा फैलिएका फारमहरू । स-साना मसिना खुट्टामा मसिनो तार लगाएर बार लगाएको । मात्र चिनो लगाएको जस्तो बार । नेसनल पार्क र सरकारी फरेस्ट बाहेकका अरु सबै बन्जर पर्ती, पहाड, ढिस्का, जङ्गल यस्तै तारले घेरी राखेको । मेरो यो ३४२२ माइलको यात्रा मध्ये थुप्रै जग्गा आँखाले वारपार नदेखिने त्यति ठुलो क्षेत्र कसरी घेरे होलान् ? देख्दा चकित हुने । यस्तै, खासै काम नलगाइएको भूमि केवल





घेरेर मात्र राखेको देखियो । यो भन्दा पहिले डुलेका अरु राज्यहरूमा पनि यस्तै जग्गाहरू देखेको छु । पुस्तकमा राखिएका केही तस्विरले यो कुरा प्रस्ट्याउँन सजिलो हुनेछ ।

नर्थ डेकोटाको प्रसिद्ध शहर डिकिन्सनको बाटोमा आगाडि हिँड्दै जाँदा स-साना ढिस्का र कता कतै एक दुई स-साना रुखहरू, खोला या पानीको पहुँचमा उम्रेका रहेछन् । त्यसलाई नेसनल फरेस्ट र नेसनल पार्क भनेको रहेछ । खासै रुख न भएको ठाउँमा नेसनल पार्क ? "जहाँ रूख न बेरूख तहाँ रेडै महा पुरुष" भन्ने अवधी उखान नेपालगन्जका मित्रजंग सिंह ठाकुरले जहिले पनि भन्ने गरेको, र "जुन गोरूको सिङ छैन उसको नाम तिखे" नेपाली उखान सम्झेर हाँसें । तर फेरि सोचे, अमेरिकाका साना घरदेखि हाई राइज बिल्डिङ्गसम्म सबै लकडीका छन् साथै फर्निचर र बेड समेतको सबै काठ तयारी सामान चिनि र कोरिया आदि ठाउँबाट हुलाकद्वारा आउने रहेछ । अमेरिकनले आफ्नो जङ्गलको एक धुरसम्म खर्च नगर्ने रहेछ । हामी कहाँ त वि.सं. २०१३ देखि आजसम्म जङ्गल काटिदैछ महेन्द्र, वीरेन्द्र र कम्युनिष्ट जंगलका शत्रुहरूले, सयकडौं वर्षका अग्ला सालका घना जङ्गल काटेर भागबन्डा लगाएर खाने र सामुदायिक वनको नाम दिएर बेशर्मा रोपेर वनको धनी बताउने नीतिकारहरूले अमेरिकाको यो विशाल उजाड मरुभूमिमा थोरै बिरुवाको **"फ्रेंक्लिन रूजवेल्ट नेसनल पार्क"** देखेको भए के भन्थे होलान् ? यसमा कता कतै छिटपुट स-साना रूख मात्र भएकाले बिना कामको जङ्गल काटे बरु राम्रो हुने, बिजुली पानी नेट सबै भएकोले सुकुम्बासी बसाल्न त गज्जब सजिलो हुने थियो । यस्तै गन्थनमन्थन गर्दै रुजवेल्ट नेसनल पार्कको जङ्गल भनेको ठाउँ पनि पार भयो ।

डिकिन्सन भन्दा करिब १०० माइल पहिले गहुँ, मकै र सूर्यमुखीका फारमहरू देखिए । खेत जोत्ने, बाली काट्ने र गहुँको डाँठ र घाँसका बन्डल कुन मेसिनले बनाउँछन् ? हेर्न पाइएको छैन । कैयौं पटक रातमा र दिनमा धेरै लामो लामो यात्रा गर्दै लगभग आधा अमेरिका डुलेको तर मैले खेतमा काम गरेको देख्नै पाएको छैन । हो, सिँचाइ आफै हुने गरेको कृषि र तरकारीका फारमहरू जति पनि देख्न पाइन्छन् तर मानिस भने हुँदैनन् । बाटाका किनारमा, गार्डेनमा भुइँ भित्रबाट सिचाँइ पाइप फुत्त बाहिर निस्कने, आफै पानीको फोहरा चल्ने र चौतर्फी नाचेर सिचने रहेछ । बन्द पनि आफै हुने रहेछ । ठुला फारमहरूमा, पाङ्ग्रा लागेका मोबाइलिङ उचा स्ट्रक्चर्स पिल्लरहरू माथि पाइप टाढासम्म लगिएको र पाइपमा ससाना पातला पाइप दुवै तिर निकालेर पाइपका मुखमा फुहारा लगाएको । तल बोरिङ रहेछ । सब आफै हुने सिस्टम । तर त्यति विशाल मिलौं फैलिएको स्ट्रक्चर कसरी सार्दा रहेछन् र यस्तो निर्जन ठाउँका ट्वाइलेटहरूमा

र अन्यत्र पानी कसरी पुऱ्याएका छन्, अमेरिका भर, पहाड, मरुभूमि जहाँ पनि नर्मल र तातो पानी कसरी उपलव्ध हुन्छ ? बुझ्न बाँकी छ ।

अन्तमा डिकिन्सन शहर पुगेपछि त्यसको सरसफाइ र फराकिलो गरी बसेको खुल्ला दुई तीन तलेसम्मका घर शहरी र ग्रामीण मिश्रित वातावरण देखेर मन प्रशन्न भयो । एउटा राम्रो होटेलमा बास भयो ।

अमेरिका (युरोप, चीन, कोरिया र जहाँ पनि) मा शाकाहारीलाई सब भन्दा अप्ठेरो काम खाना खोज्नु हो । यद्यपि होटलहरूमा प्रत्येक रूममा किचनको व्यवस्था हुन्छ र खत्र्याकखुत्रुक पकाएर खान सकिन्छ तर बाहिर जाँदा पनि त्यहीँ झन्झटमा किन लाग्ने ? म खानमा अति सजिलो, चोखो भए पुग्यो, मिठो नमिठोको प्रश्न हुँदैन, टमाटरको सस र ब्रेड, स्याउ, सुन्तला केरा जुस मकैको रोटी, सबवेको सादा सेन्डबिच जे भए पनि ठिक । तर अमेरिकन, जापनिज, चाइनिज, इटालियन, फ्रेन्च कोरियन आदि रेस्टुरेन्टमा मासु बाहेक गरेर अरुथोक खाँदा पनि अन्डाबाट भने बच्न सकिन्न । कोही-कोही कम्पनीले (शाकाहारी बनाउनेलाई छोडेर) बनाएका अधिकांश ब्रेड, पिज्जा, बर्गर, तरकारी र ती देशका परिकार सबमा अन्डा हुन्छ । केक त अमेरिकमा बिना अन्डाको नहुने रहेछ । इन्डियन, नेपाली र पाकिस्तानी रेस्टुरेन्ट सबै ठाउँ र शहरमा हुँदैनन् । थाई रेस्टुरेन्टमा खानामा भात समेतमा गुलियो हुन्छ, गुलियो मिसाएको मिक्स तरकारी हुन्छ तर यसबाट काम चल्न सक्ने हुनाले अरु भन्दा यही राम्रो लाग्छ तर गुलियो नखाने पत्नीलाई त यसले काम बन्दैन यसकारण भेटिएसम्म मेक्सिकन रेस्टुरेन्टको चयन ठिक हुन्छ । त्यहाँ पसलकै किनुवा रोटी तताएर दिए पनि तरकारीसँग चल्छ । सलाद लिए पुग्यो । मनले चोखो मानेर खाने त हो । बाँकी त होटेल नै हो नि ।

यो दिन थियो शनिवार, विदाको दिन युनिभर्सिटी बन्द थियो । कोरोना यो प्रदेशमा नभएकोले लक्डाउन छैन । भिजिटर पार्किङमा गाडी पार्क गरेर भित्र गयौँ । जुन-जुन भवन खुल्ला थिए भित्र गएर हेर्यौं । अति दुर्गम प्रदेशको अती सुन्दर र सुविधासम्पन्न शहरको सुप्रसिद्ध डिकिन्सन स्टेट युनिभर्सिटी । विद्यालय भवनहरूको परिसर, छात्रावासको भवन, पुस्तकालय, कार पार्किङ, दुईटा विशाल स्टेडियम, फ्लेग यार्ड, क्याफ्टेरिया आदि । यसमा गान्धी र मदरटेरेसा सहित चार जनाको तेल चित्र भित्तामा लागेको देखियो । क्याफ्टेरियामा साँझको खाना खाइ रहेका मेनेज्मेन्टसँग भेट र परिचय भयो । भोलिपल्ट बिहानको लागि सबैजना खानामा आमन्त्रित भयों । भुइँतलामा फोटो खिँच्दा मोवाइल र टोपी छुटेको रहेछ । पछि पैदल घुम्न सम्भव न देखेर गाडि भएको ठाउँमा जाँदा तपाईँको फोन र टोपी सेक्युरेटी अफिसमा सुरक्षित छ भन्ने लेखिएको कागज गाडिको





विण्ड स्क्रिनमा टाँसेको रहेछ, सेक्युरेटी आफिसमा गएपछि मोबाइल र टोपी पाइयो ।

नर्थ डेकोटा राज्य को राजधानी **"विस्मार्क"** हो तर प्रसिद्ध शहर डिकिन्सन हो । यहाँदेखि क्यानाडा बोर्डर लगभग १२०० माइल उत्तरमा छ । डिकिन्सनलाई मैले मरुभूमि र दुर्गम भने पनि पोखरा भन्दा कमसल भन्न ठिक नहोला । यता खोलो पैरो र समुद्री आँधीको भय पनि छैन । जीवनका सबै सुविधा र आनन्द उपलव्ध भएपछि त अत्यधिक ठुला, तर भिडभाड र भागदौडको जीवनको शहर भन्दा त यो पो राम्रो । मैले न्युयोर्क, ह्विस्टन, काठमाण्डौ, बिराटनगर, मुम्बई, दिल्ली, जस्ता शहर मै बस्नु राम्रो भन्ने कुनै औचित्य देख्दिन । त्यहाँ ठुला हाइराइज भवन यद्यपी दुई चार वटा मात्र छन् र जनसङ्ख्या थोरै भएपनि स्वच्छता राम्रो रहेछ । दाल, भात, रोटी र शाकाहारी खाना नपाउनु भनेको हाम्रो समस्या हो, त्यहाँका बासिन्दाको समस्या होइन । डिजेल र कपडा लत्ता खाना होटेल आदि राम्रा र सस्ता छन् । दुर्गममा महँगो होला भन्ने रहेनछ । अझ पेट्रोल डिजेल त सुगम शहर भन्दा दुर्गम राज्यहरूमा निकै सस्तो रहेछ । कारण-राज्यको आम्दानी कम, ट्याक्स कम, बजार भाउ सस्तो । गाडीबाट स्कुल एरियाको चक्कर लगाएर हेर्दा हेर्दा अँध्यारो भयो र मेक्सिकन रेस्टुरेन्टमा खाना खाएर होटलमा गएर सुत्यौँ ।

**छैठौँ दिन** बिहान आफू बसेको होटेलको नास्ता गरेर शहर घुम्यौँ र १० बजेतिर स्कुलको क्याफ्टेरियामा गयौँ । त्यहाँ सँधैको सामान्य खानामा - ब्रेड, हरियो मकैको दाना उमालेको, ब्वाइल अन्डा, चिज, सलाद, चिकन मासु, मासुको तारेको पकौडा, ब्वाइल आलु, फलफुल, दही, कोक, फेन्टा, पेप्सी, कफी र कफी कै अरु ठन्डा गरम पेय, गाइको दूध आदि हुने रहेछ । (अमेरिकामा पहिले भैंसी हुन्थे अब कहीं पनि हुँदैनन् देखा नै पर्दैनन) । दूध भनेपछि गाई र मासु भनेपछि पहिलो चिकन, दोस्रोमा गाई र तेस्रो बङ्गुर हो । चौथोमा ठुला समुद्री झिँगा माछा र अन्तमा माछा । खसी भेडा या हड्डी भएको मासु कहीँ कुनै शहर बजारमा पाउनु संयोग हो । दाल भन्ने चिज त अमेरिकामा शायद कोही कोहीले सुनेका हुन्छन् । तर इन्डियन पाकिस्तानी स्टोर बाहेक अरु ठाउँमा पाउँदैन । चामल भन्ने चिज थाहा पाउने र खानेहरू केही छन् तर पनि गाह्रो कुरा हो र यो क्याफ्टेरियामा पाक्दो रहेनछ । पिठोको रोटी कुनै अमेरिकनले घरमा आफूले पकाउदैन होला । इरान अफगानिस्तान आदि देशहरूबाट पकाएर प्लास्टिकमा प्याक गरेर पठाएको प्रायः मैदाको र मकै, गहुँ, बाजडा, जुनेलो, जौ का रोटी स्टोरमा पाइन्छन् । किनेर ल्यायो, माएक्रोवेभमा ३० सेकेन्ड मा तताायो खायो । जे होस् हामीले स-सम्मान मकैको दाना, आलु आदि खान मिल्ने चिजहरू मिठो मानेर खायौँ र धन्यवाद दिएर हिँड्यौँ ।

स्कुलमा पढ्न आएका विद्यार्थीको देशको सम्झनामा "झण्डा यार्ड"मा त्यस देशको राष्ट्रिय झण्डा लगाउने चलन रहेछ। ४०/५० झण्डा लागेको देखेँ। नेपाली झण्डाको आकार अलि सानो रहेछ। पुरानो भैसकेकोले कपडाको रङ्ग फिका हुन् लागेको रहेछ। फोटो खिचेर फेसबुकमा स्टेटस लेखेँ। हाम्रो देश र दूतावासले अमेरिकामा नेपाली पहिचान देखिने गरी काम हुने गरेको पाइएन। यस बारेमा छुट्टै लेख्न मन लागेकोले यहाँ यति मात्र। फ्लेग यार्डमा भारतीय झण्डा पनि रहेछ। गाँधी र टेरेसा त आर्ट ग्यालरी मै रहेको कुरा पहिले लेखी सकेको छु।

स्कुलमा खाना खाएर बिदा भएर हामी फर्कियौं। यसपटक दक्षिणको बाटो समातियो, गोल रोटी झैँ घुम्ने गरी। फेरि उस्तै मैदान, खेत, कहीँ कहीँ दुई चार घरका बस्ती। निर्जन इलाकामा जहाँसम्म दृष्टि जान सक्छ, सैकडौं माइलको बिल्कुल सिधा बाटो र धेरै जसो बाँझो केटल फारममा गाई चरी रहेका, केहीमा गहुँ, या मकै या सूर्यमुखीको खेती तर बस्ती र मानिस शून्य। कहाँबाट कसले कसरी काम र हेरचाह गर्छ ? अचम्मको कुरा। कृषि फर्म र रेंचहरूमा मल बिउ छर्न बहुतै ससाना हेलिकप्टर र हवाई जहाज प्रयोग गर्दा रहेछन्। फारम मै एयरपोर्ट हुने रहेछ। बाटोमा दुई चार वटा गाडिहरू भेटिए ।

४ बजे तिर पुगियो **'माउन्ट रसमोर नेसनल मेमोरियल'**। यो ऐतिहासिक स्थान। पहाडको भिरको एक चुचुरा प्रकृतिले च्यातिदिएको, बिग्रेको, अलि कस्तो कस्तो बनाएको रहेछ। अङ्ग्रेजको बुद्धिले प्लान बनायो। प्रथम राष्ट्रपति जर्ज वासिङ्गटन, जेफर्सन, लिङ्कन र रूज्वेल्ट, चार राष्ट्रपति महापुरुषहरूको मूर्ति कुँदे। पार्क र तीन तले गाडी पार्किङ लट बनाए। १७ वर्ष लागेछ। टिकट यहाँ पनि फ्रि। कार पार्कको मात्र तिरियो। हाई वे बनाउँदा यो चुचुरो देखिने गरी अर्ध चन्द्राकार बनाइएकोले यो ठाउँमा आउन नभ्याउने तर यो बाटो हिँड्नेहरूले जताबाटपनि गाडी रोकेर चुचुरो नजिकै देखिने गरी फोटो खिँच्न मिल्ने साइट बनाएका छन् र यसैले गर्दा तल लामो शहर बसेको छ। क्या गज्जबको पर्यटन केन्द्र ? वर्तमान राष्ट्रपति जस्ता हस्तीका मानिस यति टाढा यस ठाउँमा पुग्छन् र यी मूर्तिहरूको अगाडि तल उभिएर भाषण या घोषणा गर्दा रहेछन्। टिभीमा आई रहन्छ। पर्यटक भरिभराउ रहन्छन्। व्यापारीले चार महिना कमाएर ८ महिना हिउँ पर्दा बसेर खान्छन्।

गाडी पार्किङमा छोडेर मूर्तिहरू भएको पहाडतिर बढ्दा, दुई जना महिला कर्मचारी मुख्य मार्गमा दुनियाँको ठुलो नक्सा खोलेर टेबलमा बिछाएर बसेका रहेछन्। हामीलाई कुन देशको भनेर सोधे।। नेपाल भने पछि ओ एसिया, भनेर खुशी देखाउदै सानो स्लिपमा आफ्नो नाम लेखेर आफ्नो देशमा टाँसी दिनुस भने, मैले र छोराले त्यसै गऱ्यौं। त्यहाँ अमेरिकाका ५० राज्यका ५०, एक



राष्ट्रिय र चार वटा अन्य देशका झण्डा - ५५ वटा झण्डा यार्डमा फहराएका रहेछन्। अब नेपाली झण्डा पनि लगाइने भएछ। यो भन्दा पहिले यस्तो व्यवस्था थिएन होला अन्यथा नेपाल समेत अन्य थुप्रै देशका झण्डा लागि सकेको हुनु पर्ने भनेर हामीले अनुमान गर्यौं। पर्यटन उद्योगको विकासको यो तरिका राम्रो लाग्यो। रात पर्न लागेकोले त्यसै शहरमा होटेल खोज्यौं। बास बसेर खाना खोज्न सर्च गर्दा एक शेर्पा होटेल देखेर मन खुसी भयो तर खाना र रेट हेर्दा तेब्बरसम्म मँहगो रहेछ। अर्को रेस्टुरेन्टमा आफ्नै तरिकाको खाना खाइयो र सुतियो।

**भोलि पल्ट सातौं** दिन बिहानै हिँडियो। उही अघिको जस्तै मैदान, रूख बिरुवा न भएको, सिधा बाटो, न घर न कुनै ट्राफिक, मैदानमा कता कतै तेलका कुवाँ र मेसिनहरूले काम भइरहेको, मानिस त कहिले काहीँ मात्र देखिन्थे, यो बाटोमा त रेस्ट एरिया र पेट्रोल पम्प पनि नदेखिने, पिसाब गर्न गाह्रो। धेरै बेर पछि एउटा मानव बस्तीको सङ्केत आयो र हामी एक्जिट लियौं। तल झरेपछि एक जना सिनियर सिटीजन लेडीको स्टोर रहेछ, सुरक्षा, बाटो या बिजुली पानीका कर्मचारीको आवास र केही मेसिनहरू रहेछन्। मरुभूमिको गर्मी, हामी स्टोरमा पसेर फ्रेस भयौं। आफ्नो खाने कुरा खायौं। रेस्ट गरेर हिँड्याँ। दिनभरको यात्रापछि साँझ **वायमिङ्ग राज्य** मा पर्ने सानो बजार **"राक स्प्रिङ्ग"** को एक होटेलमा बास भयो।

यी सबै राज्यहरूमा जङ्गल र रूख बिरुवा कम तर पहाड र मैदान धेरै, साना साना बस्ती बजार र एकदम साना साना घटनाका पनि ऐतिहासिक स्थल र स्मारकहरू बनाएको रहेछ। उल्लेखनीय कुरा के भने लगभग सबै बजार, बस्ती र स्थलहरूको इतिहास- यो ठाउँमा पहिले फलानो गोठाला गोठ बनाएर बस्थ्यो, उसका सबै गाई फलानाले किनेर यो नदीमा सानो जहाज मगाएर बोकेर लग्यो, त्यहाँ पछि मानिसको आवागमन सुरु भयो र फलानोको नामले यो बस्ती बसाल्न थाल्यो, यो ठाउँमा फलानो पर्यटकले आएर बस्ने योग्य ठाउँ भनेर देखायो र अरुलाई बतायो र उसको नाउँबाट बस्ती बस्यो, यो ठाउँमा स्वतन्त्रता सेनानी फलानाले केही समय विश्राम गरेको र सङ्गठन बनाएको, फलानोले तातो पानी, फलानोले पुलको डिजाइन, फलानोले यो काम गरेको हो भनेर अति दुर्गम स्थान समेतका मानिस, कवि, लेखक, प्रशासक, सैनिक, नेता आदिको गाथा, प्रशंसा र नाम रहने गरी इतिहास नै स्थानीयले लेख्ने गरेको, ढुङ्गे स्तम्भ, ताम्रपत्र लागेको, बिना परिचयका कुनै ठाउँ जङ्गलमा पनि देखिदैन। लगभग सबै ठाउँमा सानो म्युजियम, पुस्तकालय अवश्य हुँदो रहेछ। पुस्तकालय त टोटल फ्रि नै हुन्छन्, शहरी म्युजियममा टिकेट लागेको देखे पनि साना ठाउँहरूमा फ्रि हुँदो रहेछ। कुन स्थान कस्तो भन्ने कुरा कसैसँग सोधी रहनु

पर्दैन । ठाउँले आफ्नो परिचय आफै दिन्छ । गल्ली सडक आदि स्थानीयका नाममा बढी देखिन्छन् । ट्वाइलेट त शहर बजार, बाटो, पसल, मल, स्टोर, पार्क स्कुल जहाँ पनि सफा सुग्घर र फ्रि उपलब्ध छन् ।

**आठौं दिन युटा** राज्यमा प्रवेश भयो । मैदान धेरै रहेछ, तातो हावा, तेज घाम, रूख विहीन । पेट्रोलपम्पमा झर्दा गरम लाग्ने । कहीं एक दुई स-साना रूख देखिएमा झन् टिठ लाग्ने, यो सुखा निरस ठाउँमा यो बिचरो कहाँबाट आइ पुग्यो, कसरी बिउ आयो र कसरी उम्रियो भन्ने विचार आउने । रुखले पनि सायद हामी प्रति त्यस्तै सोच्दा हुन् । त्यसपछि आयो **साल्ट लेक सिटी** । त्यहाँ एक छिन् विश्राम पछि हिँडियो र सुरु भयो नुनको मैदान । पुरै सेतो नुनले पटेको । ठाउँ ठाउँमा रिफाइन फ्याक्ट्री । बाटोको दुवै पट्टिसम्म परेको मैदान । लम्बाइ चौडाइको अत्तोपत्तो छैन । कालो चस्मा लगाएर हेर्न सकेसम्म हेर्यो, मैदान नै देखिने । यसमा त होचो अग्लो पनि छैन । नुनको बाढी आउने रहेछ कि के हो । दिउँसो एउटा रेस्ट एरिया आयो र विश्राम गर्यौं साथमा ल्याएको खाने कुरा खायौं । नुनमा गएर फोटो खिचियो । त्यहाँ नुन मैदानमा कार र मोटर साइकल रेस गर्दा रहेछन् । नुनको मैदानमा खाल्टाखुल्टी नहुने र गाडि जता गए पनि हुने भएकोले २०० माइलको गतिमा, न पत्याउने रफ्तारमा गाडि हाँकिएको, त्यहाँ नोटिसबोर्डमा लेखिएको रेकर्ड देखियो ।

अमेरिकामा मानिस कारमा हिँड्ने हुन् । साइकल व्यायामको लागि र मोटरसाइकल बहुतै हैवी, मात्र एड्भन्चरको लागि हुन्छ । यात्राको प्रयोजन कदापि हुँदैन । यिनीहरूको रफ्तार हमेसा असाधारण र अत्यधिक आवाज दिँदै हिँड्ने, २०० माइलको गतिमा त हाईवेमा त्यसै देखिन्छन् र स्पोर्ट्स कार दुनियाँका सब भन्दा महँगा, ५ लाख डलरका छन् । यस्तै गाडिबाट रेस हुने गर्यो होला ।

दिन भरको यात्रापछि गोल रोटीको घेरा झैं बास बस्न **नेवाडाको रेनो** पुग्ने दूरी करिब १५० माइल बाँकी रहन गयो र भरपुर गतिमा हिँड्दा पनि बास बस्न होटेल पाउन अनुकूल समय नरहने देखेर बेलुका अलि सानो शहर - **सर्लेक सिटी** मा एउटा होटेलमा बास बसियो । अमेरिकामा डिनर प्रायः साँझ पर्दा सुरु हुन्छ तर बेलुका ९ बजी सकेको थियो त्यसैले इच्छित डिनर खोज्ने अवस्था रहेन । खाने योग्य जे भेटियो खाइयो र सुतियो ।

भोलि पल्ट नवौं दिन, २६ अगस्त, बिहानै तयार भएर ७ बजे हिंड्यौं । नेवादा २ घण्टा र सनफ्रन्सिसको ५ घण्टा गरेर न्युनतम ७ घण्टाको ड्राइभ बाँकी थियो । रेनोमा नास्ता पानीमा एक घण्टा खर्च भयो । यो भन्दा पहिले डा.सुबानी गौतम र वहाँका पति हाम्रो पात्रोका मालिक शंकर जीको आतिथ्यमा नेवादा घुमेको हुनाले फेरि घुमि रहन मन लागेन । थकाई समेतको कारणले





गर्दा सरासर हिँडियो र ३ बजे सनफ्रान्सिसको पुगियो । भगवान्को असीम अनुग्रहले यो यात्रा सुखद र ज्ञानवर्धक रह्यो ।

**Glacier National Park ग्लेसियर नेसनल पार्क** : अमेरिकाको उत्तर पश्चिमी राज्य मोन्टानामा यो सरकारी नेसनल पार्क रहेको छ । क्यानाडाको बोर्डरमा अवस्थित यो नेसनल पार्कको आरक्षित क्षेत्र समेतको कुल क्षेत्रफल १६००० वर्गमिल छ । सीमापारि क्यानाडामा अल्बर्टा र ब्रिटिस कोलम्बिया राज्य पर्दछन् । यसमा जङ्गल, मैदान, दुईटा पहाडका शृङ्खला, करिब १२० जति साना ठुला ताल पोखरी र झीलहरू छन् । यहाँ स्थानीय प्रजातिका रुखहरू र पशुपक्षीहरूको संरक्षण गरिएको छ । जसमा ठुला साना स्तनधारी भालु, पहाडी भेडा बाखाका साथै लुप्तप्राय वुलवरिन र लिनेक्स जस्ता पशु पनि छन् । पंक्षी र माछाका तमाम प्रजाति तथा कछुवा जस्ता पानी र जमीनमा रहन सक्ने जीवजन्तु छन् र घस्रिने प्राणी (सरीसृप)हरू छन् । यो नेसनल पार्कमा वर्षेनी डढेलो लाग्नाले ठुलो नोकसानी हुने गरेको इतिहास छ ।

---

## खण्ड–६
## एल सेन्ट्रोको दोस्रो पटक भ्रमण

### बुद्धको नामले कमाइ

अगस्त २०२२ मा सनफ्रान्सिसकोबाट पुनः लसभैगास गयौं । यस पटकको शहर भ्रमण अलि नियालेर हेर्ने अवसर मिल्यो । शहरको मध्यमा प्रमुख ठाउँमा रहेको एक रेस्टुरेन्टको बाहिर भित्तामा बुद्धका ठूलठुला दुईटा मूर्ति लगाएको र एसियन फुड लेखेको रहेछ । यहाँ पनि बुद्धको नामले ग्राहक आकर्षित गर्ने रहेछन् तर रेस्टुरेन्ट धनी गोरा रहेछन् ।

### खतरनाक बाटो

दोस्रो दिन त्यहाँदेखि रेन्टल कारमा दोस्रो पटक एल सेन्ट्रो तर्फ लागियो. । यस पटक भन्सार नाका हेर्ने लक्ष्य थियो । करिब ३० माइल अगाडि हिँड्दै जाँदा दोबाटो आयो । दायाँपट्टिको बाटो अलि घुमाउरो र लामो रहेछ, तर बायाँको बाटो ८० माइल छोटो पर्ने गुगल म्यापले देखायो । हामी बायाँ लाग्यौं । त्यो बिल्कुल सुनसान इलाका रहेछ । एउटा पनि सवारी साधन र मानिस देखिएनन् । केही पर पुगेपछि यो बाटोमा अब १०० माइलसम्म फोन लाग्ने छैन भनेर साइनबोर्ड देखियो । अलि अगाडि करिब १० माइल हिँडेपछि बायाँ पट्टि खाडीको किनारामा

बालुवाको घुम्ती हावा आकाशमा पुगी रहेको र तेज गतिमा हामी तिर आउन लागेको देखियो । अचानक मोबाइलमा तेज सिटी बजन थाल्यो र यदि तपाईं भाग्दै हुनुहुन्छ भने ठिक छ अन्यथा अगाडि नबढनुहोस् भन्न थाल्यो ।

त्यो त टोरनाडो रहेछ र हामी तिर ठुलो भुमरी आउन लागेको र यस्तो टोरनाडोले गाडीलाई बटारेर फाल्ने, आकाशमा उडाउने, धुलो र बालुवाले पुर्ने खालको भयानक स्थितिमा अगाडि बढ्दा टोरनाडोले एकै छिनमा पछाडिबाट छोप्ने स्पष्ट खतरा, फोन सम्पर्क विहीन समेत भइने तर पछाडि फर्कदा टोरनाडो भित्र प्रवेश हुने दुवै तिर भयानक परिस्थितिमा पछाडिको बाटोमा फोन सम्पर्क त होला भन्ने आशले शीघ्रतासँग गाडि फर्काएर तेज गतिमा पछाडि भाग्यौं । टोरनाडो दायाँ पट्टि आधा किलोमीटर भन्दा कम दूरीमा आई पुगेको थियो कि हाम्रो बाटो बायाँ पट्टिको मोडमा आई पुगेकोले गाडि बायाँ मोडिनासाथ टोरनाडोको छेउमा प्रवेशसम्म भयो, हावा र बालुवाले गाडि थोरै ढाकियो तर हामी अगाडि निक्ली हाल्यौं, अगाडि गाडि पछाडि टोरनाडो भयो । हामी यसको रेन्जमा चार पाँच मिनटसम्म रह्यौं तर टोरनाडो आफ्नो दिशामा दक्षिणतर्फ र हामी पश्चिमतर्फ बढ्दै गएपछि भगवान्को कृपाले टोरनाडो पछाडि छुट्यो । तेज गतिमा हामी अघिको दोबाटोमा आई पुग्यौं । त्यो बाटोमा यातायात चालु रहेको देखेपछि बल्ल मन शान्त भयो । ठुलो खतरा टऱ्यो ।

बाटामा स-साना बजार, कता कतै देखा परे तर हामी धेरै अलमलिने समयको अभाव थियो । दिनभरको यात्रा पछि साँझ लगभग ८ बजे एलसेन्ट्रोमा बुक गरी राखेको होटलमा पुग्यौं । गाडीबाट बाहिर निस्किँदा तातो हावा १०६ डिग्री गर्मी को सामना गर्नु पऱ्यो । ठन्डा ठाउँमा बसेका मानिसको लागि रात बिताउन एसी कोठामा त ठिक थियो तर बाहिर निक्लन साह्रै कठिन । लगभग ९० वर्ष पहिले उखु खेती गर्न भारतबाट लगिएका सिखहरूका सन्तान एक जना मित्रले खानाको लागि निम्ता दिएको रेस्टुरेन्टमा गएर खाना खाएर आउँदा साह्रै थकान लागेको थियो ।

### सीमा नाकाले क्षेत्रको विकास गऱ्यो

यो अमेरिकाको अत्यधिक दुर्गम र गर्मी प्रदेश हो । यसको दक्षिणमा समुद्र र मेक्सिको राज्यसँगको प्रायः खुला सीमाना छ । १९ औं शताब्दीको लगभग शुरुमा यो प्रदेशलाई आवाद गुलजार गर्नलाई भारतबाट सिख र छिमेकी देश मैक्सिकोबाट मानिस लगेर बसालेर उखु, अङ्गुर र खजुरको खेती गर्न लगाएको रहेछ । पानीको लागि लसवेगास तर्फको नदीबाट नहर लगेको रहेछ । यो प्रदेशलाई आवाद गर्न मानिसहरू आउने आकर्षण बढाउन र बसोबास सरल गर्नलाई अमेरिकाले एलसेन्ट्रो जो कि सानो गाउँ र केही पसल मात्र थिए,



यो हो अमेरिका

त्यसको दक्षिण पूर्व करिब २० माइल फरकमा (एलसेन्ट्रोको विकास हुँदै जाँदा शहरको विस्तार हुने ठाउँ छोडेर स्पेस दिएर) मेक्सिको बोर्डरमा आवागमनको मान्यता प्राप्त नाका खोल्यो ।

सीमाको शहर Calexico :- यो शहर मेक्सिकोको बाजा क्यालिफोर्निया राज्यको Mexicali नामको ठुलो शहरसँग बाटो र सीमा नाका जोड्नलाई बसालियो । क्यालेक्सिको शहर अमेरिकन लस एन्जलसदेखि दक्षिण पूर्व २३० माइल, सैन डियागो शहरदेखि पूर्व १२२ माइल, एरिजोनाको युमा शहरदेखि पश्चिम ६२ माइल दूरीमा छ । साथै यो सीमा नाकालाई इम्पेरियल उपत्यकाका छ वटा प्रख्यात व्यापारिक शहरहरूसँग जोडिएको छ । दुई देशको सीमादेखि अमेरिकातर्फ आएको पूर्व बाहिरै बाहिर गएको १११ नं हाईवे अन्तमा आई टेन नामको नेसनल हाईवेसँग जोडिएको छ । बाटाहरूको जाल बिछ्याएर यो नाकासँग पुग्न सरल बनाएकोछ । फलस्वरुप क्यालिफोर्निया राज्य मेक्सिकोसँग जोडियो र सीमासँगै जोडिएको Calexico नामको राम्रो शहर बस्न पुगेको छ, जहाँ बिजुली, पानी, अस्पताल, स्कुल, पुस्तकालय, म्युजियम, लगभग सबै किसिमका सेवा र वस्तुहरूको राम्रो मार्केट, होटल, रेस्टुरेन्ट र विभिन्न चिजवस्तुका स्टोर, कारका ठुलठुला बिक्री कक्षहरू चलिरहेका सबै किसिमका सुख सुविधा छन् । बोर्डरमा अमेरिकनले मेक्सिकोको भिसा लिनु नपर्ने र मेक्सिकनले अमेरिकामा सरल तरिकाले आवतजावत गर्न पाउने व्यवस्था छ ।

यति बढी गर्मी हुने रेगिस्तानी प्रदेशमा यो नाकाले गर्दा आश्चर्यजनक विकास भएको छ । सबै सुख सुविधा पाएपछि एलसेन्ट्रो पनि राम्रो शहर बन्न पुगेको छ । उद्योग व्यवसायहरू फस्टाएका छन् र अब उखुको खेती हटाएर घाँसको विशेष खेती हुने रहेछ । पेपर मिलहरूमा स्वदेशी आपूर्तीका साथै यो घाँस जापानसम्म जाँदो रहेछ ।

ठिक्क सिमानाको अग्लो जालीदार तारबारसँगैको ठुला स्टोरहरूको आँगनमा १० बजे तिरको घामको समयमा गाडि पार्क गरेर बाहिर निस्केको त बेपत्तासँग पोल्यो । पाँच मिनट घाममा उभिन गाह्रो भयो । फोटो खिच्यौं र सानो भिडियो बनायौं । सिमानाकाको गेटमा फोटो खिच्यौं । त्यति घाममा पनि आवागमन बाक्लै थियो । बजारमा एक स्टोरका आँगनमा गाडी रोकेर भित्र गएर पानी किनेर ल्यायौं । यतिले वातावरण थाहा भयो ।

कतिपय जिज्ञासुहरू न्युयार्क, लस एन्जलस, वासिङ्गटन, ह्विस्टन, जस्ता शहरको जनजीवनको अध्ययन गरेर अमेरिकालाई बुझ्न खोज्छन् मैले यी विशाल महानगरका साथै अमेरिका र क्यानाडाको बोर्डर क्षेत्रको नर्थ डेकोटा, भित्र साउथ डेकोटा, र दक्षिणी सिमाको यो प्रदेश, हवाई आदि अति दुर्गम, अति गरम, अति ठन्डा र विशाल मरुभूमिमा अमेरिकाले गरेका विकास र मानव

जातिलाई दिएको सुविधा तथा अमेरिकाले कृषि भन्दा व्यापारलाई प्राथमिकतामा किन राखेको भन्ने कुराको खोजबिन र अनुभवको आधारमा अमेरिका बुझ्न खोजी रहेको छु ।

क्यालिक्सिको शहरको यो नाकाबाट यो क्षेत्रको विकासमा पुगेको योगदान र हाम्रो देशको कृष्णानगर, धनगढी र महेन्द्रनगर नाकाको तुलना गरेँ । हाम्रो नेतृत्व र अधिकारी वर्गको चिन्तनको मूल्याङ्कन गर्ने प्रयास गरेँ ।

### दुर्गम प्रदेश र लामो यात्रामा बच्चाहरूलाई सुविधा

त्यहाँबाट लस भेगासको लागि फिर्ता भयौं । आउँदा खतरामा परेको बाटोमा आज मौसम राम्रो रहने भनेर नेटमा देखाएकोले छोरा र बुहारीले यताको बाटो पनि हेरौं भनेर त्यतै लाग्यौं । बाटामा स-सामा बस्ती, स्टोर बजार पर्न थाले । स्थानीय उत्पादनको खजुरको स्मुदी खायौं, साह्रै महँगो, तर स्वादिलो । एक त त्यसै पातलो बस्ती झनै पातलियो यदाकदा मात्र स-साना गाउँ जस्ता घरहरू देखिए । दुर्गम झन् दुर्गम, मानवविहीन विशाल कोसौं फैलिएका मैदान, बिचबिचमा साना पहाड । संभवतः डेढ घण्टा हिँडेपछि इन्टरनेटमा अगाडि आउने सानो बजार र मेकडोनल्ड रेस्टुरेन्ट रहेको देखायो । मेरो प्रकृति साहसिक यात्राको छैन । थोर-थोरै अभ्यास गरिँदै आइएपनि स-साना बच्चाका साथको यात्रा भएकोले चिन्ताले मेरो मुख सुकेको थियो । केही घर, पाँच सात वटा पसल र मान्छे देखेर खुसी लाग्यो ।

रेस्टुरेन्टमा पुगेर गाडि रोक्यौं । रेस्टुरेन्टसँग जोडेर यात्रीका बच्चाहरूलाई खेल्ने प्ले हल बनाएको रहेछ । ठूला लामा बेन्च, आराम गर्न पनि मिल्ने, नास्ता र ट्वाइलेट आदि त भन्नै परेन । नातिनातिनाका साथ घण्टा भर खेल्यौं । रेस्ट भयो । सरकारी त सरकारी नै हुन्, व्यापारीले पनि त्यति दुर्गम निकै कम मानिस हिँड्ने, नितान्त पातलो बस्ती, मुस्किलले दुई तीन सयको बिक्री हुने ठाउँमा काम गर्ने कर्मचारी राखेको छ, रेस्टुरेन्ट चलाइदिएको छ । दिन भरमा अक्कल झुक्कल दुई चार वटा गाडी निस्कने यात्रीका बच्चाको सुखको लागि खेल्ने ठाउँ र खेलका उपकरण जडान गरेको छ । मैले प्रथम यात्राको समय २००७ मा ह्विस्टन शहरबाट जङ्गल र गाउँ हेर्न भनेर निस्कँदा निर्जन ठाउँमा जैक इन द बक्स रेस्टुरेन्टका मेनेजरले भनेको कुरा हठात सम्झेँ । शहर बजारमा तपाईंलाई हामीले सेवा दिन्छौं भने दुर्गम ठाउँमा पनि त हाम्रो दायित्व हो नि ? नास्ता र आराम गरेर त्यहाँबाट हामी आफ्नो लामो यात्रामा हिँड्यौं ।

### विश्वयुद्धले निर्जनमा रहेको शहर उजाड्यो



अगाडि जहाँसम्म दृष्टि जान्छ, विशाल मैदान र उपत्यकाहरूमा पनि सडकको जाल फैलिएको रहेछ । अगाडि हिँडदै गए पछि अगलबगल टाढा-टाढा स-साना बस्ती घर देखिन्थे र रोडका किनारामा हुलाकका बक्सहरू लहरै लगाएकोले पलतिर देखिएका घरमा मान्छे रहेको प्रमाणित गर्दथ्यो तर खेतीबारी हरियोपन कतै देखिएन भने रोडका किनाराका स-साना एक तले थुप्रै घरहरू कोही भत्किसकेका कोही भत्कँदै भग्नावशेषहरू लगभग २५ माइलसम्म देखिन्थे । मानवको अत्तोपत्तो नभएकोले कतै रोकिने र त्यस बारे सोध्ने मौका नै आएन । लगभग दुई घण्टा हिँडेपछि यस बिचमा एक कार विपरित दिशाबाट आएको भेटियो र एक कार पछाडि देखिएको थियो तर कुनै अर्कै बाटोमा हिँड्यो, अरु पुरै सन्नाटा । मलाई दुई कुराको डरले पिरोलिरहेको थियो । यस्तो निर्जन बाटोमा दुर्भाग्यले कसैको गाडि बिग्रन्छ भने के उपाय गर्छन् होला र अचानक मौसम खराब भयो भने ओत लाग्ने र ज्यान जोगाउने तरिका के हुन्छ होला ?

### रेलवे स्टेसन रेस्ट हाउस

अगाडि हिँडदै गएपछि विशाल मैदानमा रेलवे लाइन देखा पऱ्यो । यात्रुवाहक ट्रेन अब रहेनछ । मालगाडी मात्र हिँड्ने हुनाले निर्जन स्थानमा स्टेसन हुने कुरा भएन । सडकको जाल बिछ्याइएको, इन्टरनेट नचल्ने, सोधपुछ गर्नलाई मान्छे छैन, बायाँ र उत्तर दिशामा जानु छ भन्ने अन्दाजले जाँदा अर्को रेलवे लाइन आयो । त्यसलाई क्रस गरेपछि नजिकै बायाँ पट्टि KELSO शहरको रेलवे स्टेशन, मानिस बिनाको भवन रहेछ । प्रथम विश्वयुद्धको समाप्तिपछि केही समयसम्म केल्सो राम्रो शहर रहेछ । युद्धपछिका कारणहरूले गर्दा रेलवे बन्द भएछ र शहर पनि बिस्तारै उजाड भएको रहेछ । मालगाडी मात्र खानी र उत्पादन सप्लाईको लागि प्रदेश स्तरमा चालु रहेछ । यस कुरालाई उल्लेख गरेर ढुंङ्गे जानकारी लगाएको रहेछ । त्यहाँ पानी सहितको सफा ट्वाइलेट र यात्रीहरूको लागि गाडी पार्किङ, स्टेसन अफिस भवनको विशाल बरन्डामा आराम गर्ने बेन्चहरू बनाएको रहेछ । फलामको एउटा पिँजरा राखेको छ, थुन्ने ठाउँ लेखेकोले सम्भवतः उतिबेलाका रेलमा बदमासी गर्नेहरूलाई थुन्ने रहेछ । यो ठाउँ एक किसिमले पर्यटकीय ऐतिकासिक स्थल बनेको छ । भवनको पारिपट्टि ठुल्ठुला दुईटा घर टिनले छाएको गोदाम जस्ता रहेछन् मानिसको हलचल देखिएन ।

हामी त्यहाँ बस्यौं आराम गर्दासम्म त्यो लिकमा दुईटा मालगाडि हिँडेको देखियो । स्टेसन इतिहास मात्र भएकोले गाडि त्यहाँ रोकिएनन् । धेरै लामा एक सय भन्दा बढी डिब्बा र अगाडि पछाडि दुबैतिर इन्जन भएका गाडि । उजाडिएको त्यो केलसो शहर देखि एक घण्टाको ड्राइभको क्षेत्रमा वृक्षारोपण । त्यहीं देशका

कुनै प्रजातिका ८।१० फिट अग्ला रुखहरू छन् । पानी नपर्ने भूक्षेत्रमा त्यस्तो वृक्षारोपण गरेर कसरी सिंचित गरे होलान् ? अचम्म लाग्छ ।

**पुनः लस भेगास**

साँझ लस भेगास पुगेर होटलमा बास बस्यौं । भोलिपल्ट बिहान होटलको लबिमा सजाइएको नास्ता खायौं । अमेरिकामा साना, ठुला या पाँच तारे होटेल र मोटेल आदि जहाँ बस्दा पनि बिहान लबिमा चिया, कफी, फलफूल, दही, ओटमिल, ब्रेड, नुडल्स आदि विभिन्न खाने कुराहरू पाहुनाहरूले निःशुल्क इच्छानुसार भरपेट खान पाइन्छ । चेक आउट १० बजे हुने चलन छ । हामीले नास्ता गरेर सरसामान गाडीमा राख्यौं र होटेल छोडेर हिँड्यौं । शहरमा भ्रमण गर्दै एक क्यासिनोमा गाडी पार्क गर्‍यौं, स्ट्रोलर प्लेन, रेन्टल कार जहाँ पनि साथै रहने गरेकोले गाडीबाट स्ट्रोलर निकाल्यौं, बच्चाहरूलाई त्यसमा बसाल्यौं र घुम्न थाल्यौं । म, मेरी पत्नी उमा, छोरा आशुतोष, बुहारी रीति, नातिनी इना, र नाति जुनियर सबै जना दिनभर घुम्यौं । साँझ रेन्टल कार फिर्ता दिएर एयरपोर्टमा गएर बस्यौं र रातिको फ्लाइटमा ह्विस्टन प्रस्थान गर्‍यौं ।

**कलेज स्टेसन**

नातिनी कनिष्का कलेज स्टेसनमा पढ्छिन् । ह्विस्टन पुगेपछि तिनलाई लिन दोस्रो पटक, कलेजै कलेजको शहर कलेज स्टेसनको यात्रा गर्ने अवसर मिल्यो र केही थप शैक्षिक कुराहरू बुझ्न पाइयो ।

**गायत्री शक्तिपीठ**

म २००७ मा ह्विस्टन जाँदा गायत्री साधिका संगीता टेलरको आतिथ्यता प्राप्त भएको थियो । उहाँकै सक्रियतामा गायत्री शक्तिपीठको विकास भएर मन्दिर बनेको रहेछ । पन्ध्र वर्ष पछिको भेटघाट बडो आनन्द र उल्लासमय रह्यो । भारतका हिन्दूहरू नै मन्दिर बनाउन र पूजापाठमा अग्रस्थानमा देखिन्छन् । त्यसपछि भारतबाट फिजी गएका हिन्दूहरूका सन्तानहरू जो अमेरिकामा गएर बसेका छन् तिनी पनि धर्म र संस्कृतिको क्षेत्रमा अगाडि देखिन्छन् । मैले मेरा छोराबुहारी, नाति नातिना, छोरी कञ्चन, ज्वाईं कमल, नातिनी कनिष्का र नाति कृषलाई शक्तिपीठमा पूजारी र कार्यकर्ताहरूसँग परिचय गराएँ । पूजारी शान्तिकुञ्ज हरिद्वार भारतबाट पठाइएका छन् । दुई हप्ताको बसाइपछि सनफ्रान्सिस्को फर्क्यौं ।



यो हो अमेरिका

**खण्ड–७**

**छैठौं भ्रमण अमेरिकन हरित क्षेत्रको यात्रा**

अप्रिल १२, २०२३ । छोराबुहारी र दुई स-साना नाति नातिनाका साथ हामी दुईजना समेत ६ जना सनफ्रान्सिस्कोबाट जर्जिया राज्यको एटलान्टा शहरको लागि प्लेन यात्रामा निस्क्यौं । जहाँ पनि कारमा हिँड्दा यहाँ बच्चाहरूलाई छुट्टै कार सिटमा राखेर सिटलाई कारको सिटमा हालेर हिँड्नु पर्ने हुनाले हामीले दुई ओटा कार सिट र स्ट्रोलर पनि लिएर हिँडेँका थियौं । अरु पटकको यात्रामा कार सिट र स्ट्रोलर एयरलाइन्सको काउन्टरमा देखाएर स्टिकर लगाएर बच्चाहरूलाई त्यसमा बोकेर प्लेन चढ्ने बेलामा प्लेनको ढोकामा प्लेनका कर्मचारीलाई दिने गरेका थियौं र कर्मचारीले उनीहरूको प्लेन स्टोरमा राख्ने र प्लेनबाट झर्ने ठाउँमा झिकेर फिर्ता दिने गरेकोमा यस पटक हामीले सेक्युरिटीमा स्ट्रोलर र सिटहरू छुट्टै चेक गराउनु पर्ने झन्झटलाई पन्छाउन खोज्यौं र सिट र स्ट्रोलर एयरलाइन्सको काउन्टरमा बुझायौं, हात खाली गयौं । राति करिब साढे चार घण्टाको उडानपछि दोस्रो दिन बिहान साढे सात बजे एटलान्टा एयरपोर्टमा झर्‍यौं । यो एयरपोर्ट अमेरिकाको विशालतम एयरपार्ट मध्येको एक हो ।

लगेज लेखेको बोर्ड हेर्दै, जता जता सङ्केत गर्‍यौं, हिँड्दै गयौं, थकाइ लाग्यो तर लगेज स्टल आएन, उल्टै ट्रेन स्टेसन पो आयो । ट्रेन चढेर हिँड्दै जाँदा इन्टरनेसनल लगेज स्टालको स्टेसन आयो । त्यहाँदेखि निकै अगाडि बल्ल अर्को स्टेसन डोमेस्टिक लगेजको आयो, हामी झर्‍यौं । तर त्यतिले के पुग्थ्यो ? फेरि पैदल, एकसीलेटर र तल माथि उकल्नु झर्नु पर्‍यो र बल्ल डोमेस्टिक लगेजका स्टलहरू देखिए । हामी तोकिएको ४ नं. मा पुगेर स्ट्रोलर र सिट हेर्न थाल्यौं, अरुका सामान आए तर हाम्रो आएन । एयरलाइन्सको लगेज अफिसले पनि केही भन्न सकेन । सब अलमलमा थिए । एक जना सेक्युरेटीले अरु स्टल र कुना कन्तरमा पनि हेर्नुस् भन्यो । नभन्दै अर्कै स्टलको कुनामा अरुहरूका स्ट्रोलरहरू पनि राखेको भेटियो । सम्भवतः हामी त्यहाँ पुग्नु भन्दा पहिले नै, मालवाहकले पहिलै लटमा यस्ता सामान र गोल चक्करमा अल्झिन सक्ने सामानहरू पठाउँदो रहेछ र कर्मचारीले अरु मालवस्तुको घुम्ने बाटोमा बाधा अडकाउ नआओस भनेर उठाएर एकातिर राखी दिएका रहेछन् । एउटा नयाँ अनुभव कमाइयो ।

त्यहाँबाट रेन्टल कार अफिस पुग्नलाई रेन्टल कारको बोर्डलाई पछ्याउँदै बाहिर निस्क्यौं । बाटो पार गर्‍यौं, लिफ्ट चढेर अर्को ट्रेन स्टेसनमा गएर ट्रेन चढेर रेन्टल कारको स्टेसनमा झरेर कार बुकिङ्ग काउन्टरमा पुग्यौं । पहिलेदेखि नै सात सिटको कार अनलाइन बुक थियो । त्यहाँ गाडी बुकिङ्ग कागज लिएर लिफ्टबाट तल्ल गाडी पार्किङ तलामा झर्‍यौं र काउन्टरमा कागज देखायौं । गाडी

तोकिएको ठाउँमा खडा गरीसकेको रहेछ । हामीले आफ्नो सामान राख्यौँ, सिट बाँध्यौँ, बच्चाहरूलाई राख्यौँ र बिहानको ९ बजे हिँड्यौँ ।

शहर त रुखै रुख वन जङ्गल भित्र बसेको रहेछ । गाडीमा हिँड्दा दायाँ बायाँ देखिने बस्तीको पछाडि वनजङ्गल भएकोले पारिको बस्ती के कस्तो छ ? शहर देख्नै पाइएन । गुगलले देखाइरहेको बाटो, ट्राफिक, वनजङ्गल, पहाडको थुम्का थुमकी, झिल, साना ठुला ग्रामीण र नगरी बस्ती, मनोरम दृश्य हेर्दै, नास्ता पानी गर्दै TENNESSEE राज्यको Nashville शहरको पहिलेदेखि अनलाइन बुक गराएको होटलमा दिनको ३ बजे पुग्यौँ र बास बस्यौँ, घुमफिर गर्यौं ।

यात्राको तेस्रो दिन । बिहान ८ बजे होटलको लबिमा भरपेट फ्रि नास्ता गर्यौं । चेकआउट टाइम १० भए पनि हामीले ११ बजे तिर होटल छोड्यौँ फेरि कारमा हिँड्यौँ र वनजङ्गलको भित्रभित्रै बस्ती र बाटाघाटा हेर्दै रमाउँदै दिनको ३ बजे तिर KENTUCKY राज्यको Bowling Green शहरमा पुग्यौँ । यो शहर ग्रामीण इलाकाको नगरी जीवनमा रहेछ । घर, बिजनेस र उद्योगहरू खुब फराकिलो गरि बसेका वनजङ्गलभित्र रहेकाले रुख बिरुवाले छेकिने हुनाले होटलको माथिल्लो तलाको झ्यालबाट हेर्दा पनि पुरै शहर नदेखिने रहेछ । अधिकांशतया एकतले पसल र कता कतै दुई तलेसम्मका घरहरू हाईराइज त भेटाउनै कठिन, डाउन टाउनमा दुई तीन ओटा देखिए । सबैका अगाडि खुल्ला आँगन र रुखबिरुवाहरू छन्, कम्पाउन्ड र बारबेरको चलन छैन, घरको पछाडि पनि रुखै रुख । वनजङ्गलको झुरमुटमा घर, पसल, बस्तीहरू लुकेकाले गुगल नहेरेसम्म कहाँ के छ ? केही थाहा हुँदैन ।

सफा सुग्घर र सुन्दर बाटाघाटाहरू, हाम्रा पहाडी गाउँहरू टाढा टाढा बसे झैँ यहाँ मैदानी र थुम्का थुम्कीमा टाढा टाढा बसेका प्रत्येक घर आँगनसम्म पुगेका छन् । अमेरिकन, इटालियन र कता कतै मेक्सिकन र मुस्किलले कुनै इन्डियन पनि, खानाका रेस्टुरेन्टहरू छन् । अठारौँ शताब्दीको अन्त तिरको स्थापना भएको एक विशाल पार्कमा गयौँ । चिल्ड्रेन र अन्यको लागि अलग अलग बनाएको रहेछ । यस्तै पुराना पुस्तकालय र म्युजियम त अमेरिकाको पुरातम श्रद्धाकै विषय भएकोले जहाँ पनि छन् । यद्यपि यहाँ जनघनत्व आज पनि बहुतै कम छ भने झन् सत्रौं अठारौं शताब्दीमा यहाँ कति मानिस थिए होलान् र कस्तो शिक्षादीक्षामा यसरी पार्क, म्युजियम, पुस्तकालय बनाउने, खण्डखण्ड ब्लकब्लकमा बस्ने सुझबुझ तिनलाई कसरी प्राप्त भयो होला ? अहिले पनि जनसङ्ख्या बहुत कम भएकोले गाडीहरू पनि कमै छन् । मालवाहक ट्रेन चल्छ ।

चौथो र पाँचौं दिन त्यहाँ बस्यौं । छैठौं दिन फर्केर एटलान्टा शहरमा बस्यौं र भोलिपल्ट एटलान्टा घुम्यौँ । डाउन टाउनमा CNN र कोकोकोलाको अफिस,



यो हो अमेरिका

म्युजियम र चोक चौबाटो र ओलम्पिक खेल भएको पार्कमा घुम्यौं । रमाइलो लाग्यो । यात्राको अन्त गर्दै साँझ रेन्टल कारको ग्यारेजमा कार लगेर खडा गर्यौं । सेक्युरेटीलाई भनेर कारमा कागज र साँचो राखेर आफ्नो बाटो लाग्यौं । एयरपोर्टमा पहिले हिँडे जस्तै पैदल, ट्रेन र एलिभेटरमा तल माथि गर्दै साँझ प्लेन चढेर राति १०:३० बजे सनफ्रान्सिसको एयरपोर्टमा झर्यौं र लिफ्ट भाडा गाडीमा डेरामा पुग्यौं ।

हुनत अमेरिकाको गाउँ शहर र सुगम ठाउँमात्र होइन, दुर्गम मरुभूमिमा पनि रुखबिरुवा लगाएर हराभरा बनाएको छ तर यस पटक हाम्रो यात्राका यी तीन राज्य त अचम्मका हराभरा न्युजिल्यान्डको ग्रामीण इलाका जस्ता रहेछन् । जङ्गलभित्र पनि अनावश्यक घाँस कटानी गरेर काँटा र झाडीहरू सफा गरेर कुनै चित्रकारको कल्पना साकार भए सरह रहेछ । तर टेनेसी र केन्टकी राज्यमा यदाकदा कुम्ती आँधी (बबन्डर) आउने रहेछ जसमा घरै उडेर आकाशमा पुग्दा रहेछन् । धन जनको निकै हानि हुने रहेछ । तैपनि मान्छे बसेकै छन् र त्यसैले गर्दा काठको एक तले घर बनाउने रहेछन् र वनजङ्गलले हुरी आउँदा रक्षा गर्ने रहेछ ।

## San Diego : सन डियागो

सनडियागो शहर क्यालिफोर्निया राज्यकै अर्को शहर हो । जो अमेरिकाको ८ औं प्रसिद्ध शहर पनि हो । जो लस एजलसबाट १४३.५ माइल दक्षिण पूर्व सवा दुई घण्टाको ड्राइभ हाईवेमा प्रशान्त महासागर तटमा पर्छ । पार्क, बिचहरू छन् र गर्मी जलवायु छ । यहाँको चिडिया घर, आर्टिस्ट स्टुडियो, म्युजियम र ठुला जङ्गलले भरिपूर्ण छ । यो शहरको कुल क्षेत्रफल ३७२.४२ वर्ग मिटर र जनसङ्ख्या १३,८६००० रहेको छ । यो शहरमा खाद्यसामग्री, घरभाडा र तेल प्रायः सस्तो रहन्छ । यहाँ चिकित्सा र बायोटेक्नोलोजीको राम्रो ठुलो सेन्टर छ । अङ्ग्रेजहरूको प्राचीन कालोनी सन् १५४२ देखि बसोबास भएको हो । यहाँ मिलेट्री, प्रतिरक्षा र टुरिस्ट एरियाको लागि प्रसिद्ध छ । शिक्षाको क्षेत्रमा कलेज र पुस्तकालयको धेरै विकास भएकोले यो शहर अमेरिकाको शैक्षिक स्तरमा ९ औं स्थानको शहर बन्न पुगेको छ । अन्तर्राष्ट्रिय एयरपोर्टले यसलाई विश्वसँग जोडेको छ ।

## Sacramento (सेक्रामेन्टो)

यो क्यालिफोर्निया राज्यको राजधानी हो । यो सेक्रोमेन्टो नदीको तटमा "सुन खोज्ने भिड" Gold Rush युगमा बस्ती विकसित भएको उपत्यका हो । यसको कुल क्षेत्रफल ९९.७७ व.मी. र जनसङ्ख्या ५,२४,९४३ रहेको अमेरिकाको

३५औं र क्यालिफोर्नियाको छैठौं स्तरको राम्रो शहर हो र यसको विकासको गति निकै उच्च मानिएको छ । आर्थिक गतिविधिमा पनि यसको उच्च स्थान छ । विश्वविख्यात मेडिकल कलेज सटर हेल्थ, U.C.Davis Medical Cnter र U.C. Davis School of Medicine यहीँ छन् । यहाँका International Airport राम्रो मानिन्छ । यसलाई America's most Diverse city भनिन्छ । यहाँको कैयौं दर्शनीय स्थलहरूले पर्यटकहरूलाई आकर्षित गर्दछन् ।

यहाँदेखि लस एन्जलस ६२१ माइल पूर्व दक्षिणमा र सनफ्रान्सिसको पश्चिम दक्षिणमा करिब १०० माइलमा, सेनडियगो दक्षिणमा करिब ५०२ माइल टाढा छन् ।

**El Centro एलसेन्ट्रो शहर :**

लस एन्जलसबाट २११.८ माइल हाईवेमा ४ घण्टा ड्राइभ दक्षिण पूर्व, र सेनडियागो देखि ११३ माइल टाढा छ यो शहर रहेको छ । यो समुद्र किनारको गर्मी ठाउँ हो र यसमाथि मरुभूमि प्रभाव रहेको छ । यो मेक्सिकोको बोर्डर पनि हो र समुद्र खाडीपारी २० माइलमा Maxcican सहर छ ।

उखुखेती गर्नलाई यहाँ भारतबाट पन्जाबीहरूलाई ल्याइएकोले यहीँ घरजम गरेर बसेका छन् र तिनीहरूलाई पनि सुरुमा चाइनिज कोरियन लेबरहरू सरह नै सीमित अधिकारमात्र दिइएकोले आफ्नो देशबाट स्वास्नी ल्याउन र गोरी केटीसँग विवाह गर्न निषेध रहेको अवस्थामा यी लेबरहरूले यो क्षेत्रमा प्रायः मेक्सिकन महिलासँग विवाह गर्दथे । तिनका सन्तानले ठाउँ ठाउँमा गुरुद्वारा र सङ्ग्रहालय बनाएका छन् । आफ्नो पंञ्जाबी भाषा र संस्कृति बचाई राखेका छन् । यस शहरमा केही समय मात्र पहिले एक पटक २३ बर्षीय पन्जाबी युवक डेविड ढिलन मेयर भएको इतिहास छ ।

भारत स्वतन्त्रता अभियानमा यहाँका पन्जाबीहरूले 'गदर पार्टी' खोलेर यहीँबाट ठुलो अभियान चलाएका थिए । जसको भारतीय स्वतन्त्रताको इतिहासमा नेता करतारसिंह सरवागा सहितको ठूलो देन रहेको छ ।

सस्यो शहर पनि फराकिलो पाराले बसेको छ । यो शहरको चारैतिर गाउँले वातावरण छ र घाँसको खेती हुन्छ । सुकेको घाँस काटेर परालझैं राम्रो बन्डल बनाएर ट्रकहरूमा लोड गरेर समुद्री जहाजद्वारा जापानसम्म जान्छ । खजुर, बदाम, अनन्नासको खेती हुन्छ । अरु अन्नको खासै खेती देखिएन । उखु पनि छैन ।

शहरमा ठुला सुविधा सम्पन्न सस्ता होटलहरू छन् । खानाका मेक्सिकन, इन्डियन, अमेरिकन रेस्टुरेन्टहरू छन् । दिउँसो तातो हावाका साथ धुलो उडेर





बबन्डर साथ शहरमा आउँदा अमेरिकामा पनि यस्तो धुले आँधी आउँछ र ? आश्चर्यको विषय हुन्छ ।

यो शहर समुद्र सतहदेखि ४२ फिट मुनि रहेको छ । मेक्सिकोदेखि यहाँ आउन सजिलो र नजिक रहेकोले लुकाछिपी मैक्सिकनहरूको प्रवेश प्वाइन्ट हो । अन्य देशबाट मेक्सिको पुगेर त्यहाँबाट यो नाकालाई अवैध प्रवेशीले प्रयोग गर्ने बढी सम्भावनाले गर्दा अमेरिकन आर्मीले गस्ती गरी रहन्छ ।

यो शहरको कुल क्षेत्रफल ११.८६ वर्गमिल र जनसङ्ख्या करिब ४५००० रहेको छ । यस काउन्टीको नाम Emperial हो । बिसौं शताब्दीको सुरुमा सनडियागोले आफ्नो यो उपत्यकालाई क्लोराडो नदीको पानी ल्याएर सिंचित क्षेत्र बनाएपछि यहाँ बस्ती विकास भयो शहर भयो र पछि सनडियोगाबाट छुट्टियो । यो ठाउँ मेक्सिकन Hispanis हरूको बर्चस्व रहेकोले यहाँ प्रायः स्पेनिस बोलिन्छ । अमेरिकनहरू पासपोर्ट देखाएर मेक्सिको जान खुल्ला छ भने मेक्सिनहरूले अमेरिका पस्न भिसा लिनुपर्छ ।

यहाँ डोमेस्टिक एयरपोर्ट छ र सनडियागो र मेक्सिको मेक्सिकालीको अन्तर्राष्ट्रिय एयरपोर्ट प्रयोग गरिन्छ । यो शहरमा प्राइमरीदेखि हाईस्कुलसम्मका विद्यालयहरू छन् भने एउटा Imperial vally College र san Diego university छ ।

**Temecula city टेमेकुला शहर**

लस एन्जलसदेखि दक्षिण पूर्व ८५ माइल टाढा अवस्थित क्यालिफोर्नियाको, समुद्र तटीय यो शहर २२ अप्रिल १८५९ मा बसालिएको थियो । "रिवरसाइड" नामको काउन्टीको यो शहरको कुल क्षेत्रफल ३७.२८ वर्गमिल र सन् २०२० को जनगणना अनुसार जनसङ्ख्या १,१०,००३ छ । यस शहरको जलवायु उष्णकटिबन्धीय छ र अगस्तमा सर्वाधिक गर्मी र डिसेम्बरमा सर्वाधिक जाडो हुन्छ । यहाँ सरदर ४.१४ इन्च वर्षा हुन्छ । बसोबासको लागि यो शहर राम्रो मानिन्छ ।

**वाइन कन्ट्री** : यो एरियामा अङ्गुरको खेती हुन्छ र रक्सी खुब उत्पादन हुन्छ । मुख्य शहरदेखि केही माइल पूर्व एउटा रक्सी इन्डिस्ट्रियल क्षेत्र छ जसलाई 'वाइन कन्ट्री' भनिन्छ ।

शहरको डाउन टाउनमा पुराना ऐतिहासिक भवनहरू, म्युजियम, इभेन्ट सेन्टर्स, फुडस्टोर र रेस्टुरेन्टहरू छन् । यहाँ खुल्ला फार्मर मार्केट पनि लाग्छ ।

यति सानो शहर भएपनि यसमा ३९ वटा पार्क, र २२ माइलको ट्रेल्स छन् घुमफिर र स्वस्थ्यवर्धक दौडधुपको लागि राम्रो छ । यो शहरमा स्कुल कलेज र युनिभर्सिटीहरू पर्याप्त छन् ।

यो शहर दुईटा महत्वपूर्ण प्रमुख हाईवेसँग जोडिएकोले आवागमनमा हाइवे नं. १५ र नं. ७९ व्यस्त रोड छन् । शहरमा बस चल्छन् र ट्रेनलाइन निर्माणको तयारी छ ।

## खण्ड–८

## जुवाडी र करिस्माई Las Vegas लसभेगस शहर

(क)अमेरिकाको यो विश्व प्रसिद्ध शहर नेवादा राज्यको Clark county मा छ । विशाल मोजव Mojave Desert ले घेरेको यो ढुङ्गे पर्वत शृङ्खला भएको नितान्त सुखा उपत्यका हो । यहाँ १२ महिना गर्मी हुन्छ । मे, जुन, जुलाई अत्यधिक गर्मी हुन्छ, डिसम्बर जनवरीमा केही दिन ठन्डी हुन्छ र चारै तिरका पहाडहरूमा हिमपात पनि यदाकदा हुन्छ तर यो विशाल मरुभूमिको एक भाग भएकोले वर्ष भरमा जुलाई पछि थोरै, मुस्किलले ४ इन्च जति पानी पर्छ । यसको क्षेत्रफल १३५.८६ वर्गमिल र जनसङ्ख्या ६,४१,९०३ रहेको छ ।

मरुभूमि प्रदेशमा सरकारको आमदानीको अन्य कुनै स्रोत नदेखेपछि पर्यटन उद्योगीहरूले कम्मर कसे र यहाँ पर्यटकीय यस्तो सुन्दर, मनोरम शहर मे १५ , १९०५ मा बसाले जसलाई हाम्रो भाषामा मायापुरी भन्न सक्छौं । विश्वमा यसलाई  world market center, The gambling capital of the world, The entertainment capital of the world, The marriage capital of the world, The silver city भन्दछन् तर यो Sin city (पापको शहर) नामले परिचित हुने गरेकोमा अब यो सबैको लागि **उपहारको शहर** भएको छ । यसका मेगा क्यासिनो होटलहरू दुनियाँ भरमा प्रसिद्ध छन् ।

**(ख) यो शहरका आकर्षणका विशेष केन्द्रहरू**

१. **क्यासिनो** :- एक त शहर भवन पार्कहरू नै यति सुन्दर छन् कि पर्यटकले आश्चर्य व्यक्त गर्ने गर्दछन् । होटल र विशाल क्यासिनोमा भित्री सजावट, स्वच्छता, मूल्यवान कार्पेट र टङ्गाइएका ५-५ लाख डलरसम्मका झाड फानुसहरू, होटल भित्र निःशुल्क चली रहने सर्कस, जुवा, मनोरञ्जन, नृत्य, के के छ के के । क्यासिनोमा घडी हुँदैनन् र दिन रात मधुरो प्रकाश रहन्छ ।

यसकारण भित्र पसेर स्वचालित जुवा खेल्ने मेसिनमा १-२-५-१० पैसा इच्छाअनुसार थोरै पैसाले १०-२० डलरले मानिस दिन रात मोज गर्न सक्छ भित्र खायो भित्रै कतै आराम गऱ्यो । कति घण्टा, कति दिन बित्छ थाहै नहुने बाहिर दिन छ कि रात के थाह ? अलग अलग क्यासिनोहरूमा विभिन्न स्वाद र आनन्द ।





**२. जे भयो भयो :**

यहाँ यस्ता पर्यटक पनि जान्छन् जो त्यहाँ बसुन्जेल केवल, केवल आनन्द, स्वर्गीय स्वप्निल आनन्दमा मात्र समय बिताउन चाहन्छन् । यो दुनियाँ, घर परिवार, समाज, मान्छे, पशु, पक्षी केही याद नरहोस्, तिनीहरू सांसारिक याद र होसमा रहन चाँहदैनन् । यसको लागि दिनरात पिउने, मस्त रहने, स्वप्न संसारमा घडी छैन, दिन रात थाह नै हुँदैन, अनि मस्त मस्त । कोहीले कोट, कोहीले त पाइन्ट नै मिलकाएका छन् र कुनै कुनामा सुतेका बेहोस, मदहोस छन् । कोही कोही परिचित अपरिचित स्त्री पुरुषले झन् थप आनन्द र स्वर्गीय अनुभूति गर्दै स्वप्नविवाह नै गरिहाल्छन् । दुई चार दिन, दिन रात साथ बसे सुते, उठे, लुगा टकटक्याए, लगाए, हिँडे । कोसँग के भयो, कहाँको मान्छे, केही थाहा छैन । सब स्वप्न । जुवा खेले जिते हारे, कोहीसँग प्रेम मोहब्बत, झगडा, पिटपाट, मान अपमान सब क्षणिक । मतलब नै छैन । यस्तो सिद्धान्त भएको ठाउँ । शहर छोड्यो कुरा बिर्स्यो । त्यसैले What happens in Vegas, Stays in vegas भेगासमा जे भयो बेगासमै छुट्यो भन्ने कथन नै छ  ।

यसकारण त्यहाँ प्राइम एरियामा मन्दिर, मस्जिद, चर्च आदि केही छैनन् । न भगवान् न धर्मकर्म ।

३. **Fremont street :-**

यो old down town को शहर भित्रको मुख्य पर्यटकीय गल्ली हो यसमा "कृतिम आकाश' छ । कुनै टेको दिएर अड्याएको देखिँदैन । घरका छतहरूको धेरै माथि कसरी हो कसरी सक्कली जस्तो आकाश देखिन्छ र भित्र रोडमा दुवैतिरका भवन पसलहरू हेर्दै भित्र पस्दै जाँदा रात परे झैं, आकाशमा ताराहरू उदाएको, कत्ति पनि बनावटी लाग्दैन ।

अझ अगाडि बढ्दै गएपछि आँधी आउला झैं वातावरण, अगाडि गएपछि मौसम सफा हुने । यस्तो भैरहने । कसरी कुन उपकरणले यस्ता दृश्य र वातावरण बनाउने रहेछ ? यसैमा कृतिम नहर छ जसमा सानो सानो बोटमा जलविहार गर्न सकिन्छ । यो Fremont street मा म्युजिकल सो र अद्भूत चिज देख्न पाइन्छ । सबै कलरफुल लाइटले विचित्रको दुनियाँ बनाएको छ ।

**३. अन्य पर्यटकीय स्थल**

फ्रान्सको जस्तै आइफिल टावरकै कपी गरेको छ । वर्ल्ड मार्केट सेन्टरका गगनचुम्बी भवनहरू, ट्रम्पको भव्य होटल, बिल्स गैम्बलिङ हल, Mob Museum,

Neon Museum Luxbr Hotel लगायत घुम्दै हेर्दै हिँड्ने सबै स्थान पर्यटन विशेष कै लागि बनाइएकाले एक से एक राम्रा छन् ।

४. डान्सिङ्ग फाउन्टेन :

Bellagio Resort को अगाडि पट्टि ठुलो पोखरी छ, सडकको छेउमा । यो पोखरीमा पानी भित्र लुकाएर, पानी माथि पानी फाल्ने विद्युतीय फोहराहरू यसरी लगाइएका छन् कि समय समयमा फोहराको पानी नाच्छ । सयकडौ मानिस हेर्छन् र फोटो भिडियो बनाउँछन् । फिल्मका सुटिङ्ग भै रहन्छन् । पूरा शहर होटल र रेस्टुरेन्टले भरी भराउ छ ।

५. **बस्ने ठाउँ** :- बस्नका लागि शहरको बिच पारेर बस्दा राम्रो हुन्छ, आइफिल टावरको एरियामा । तर केही महँगो लाग्ला । थोरै माथि उत्तरतिर सर्दा राम्रो होटलमा अवस्था अनुसारको डिलमा २५ देखि २०० डलरसम्मका कोठाका होटल छन् । २०० डलरका रुम डिलमा २५ डलरमा पनि उपलब्ध हुन्छ । जसमा बिहानको नास्ता पनि हुन्छ । सर्कस होटल धेरै ठुलो र सुविधाजनक छ । अलि टाढा, पैदल सजिलै हिँड्ने दुरीमा छ र धेरै सस्तो छ ।

६. **बुद्धको मूर्ति** :- विचित्रको संसारबाट बाहिर निक्लेपछि नजिकै मेनरोडमा एसियन फुडको एउटा महँगो र शाकाहारी खाना पनि पाइने रेस्टुरेन्ट छ यसको बाहिर बुद्धका दुईवटा ठुला मूर्ति रहेका छन् तर त्यो रेस्टुरेन्ट नेपालीको होइन । अन्य कसैले व्यवसायीक प्रयोजनले मूर्ति बनाइएको रहेछ ।

७. पर्यटकीय रणनीति :

सुन्दा अचम्म लाग्छ, सेनफ्रान्सिसकोदेखि प्लेनको १ घण्टाको बाटो पर्ने यो शहर जानलाई कहिले काहीँ दुई तर्फी भाडा २६ देखि ४० डलरसम्म हुन्छ । पर्यटन व्यवसायीहरूले एयरलाइन्सहरूसँग खै कस्तो सम्झौता गर्दछन् ? जहाँबाट पनि पृथ्वीको यो कृत्रिम स्वर्ग लस वेगसको भाडा अति कम हुन्छ । एयरपोर्टमा भाडामा लिएको नयाँ दखिने राम्रो कन्डिसनको रेन्टल कार पनि ५०-६० डलर प्रतिदिनमा र होटल पनि यस्तै २०, २५, ३० डलर सस्तोमा सब थोक सस्तो हुन्छ र सेलटेक्समा छूट या फ्रि गरिएकाले सामान पनि अन्यत्र भन्दा धेरै सस्तो पाइन्छ । एयरपोर्टसम्म आवत जावतका लागि होटल र क्यासीनोका बस सुविधा फ्रिमा उपलब्ध रहन्छ ।

यद्यपि यो शहर मरुभूमिमा अवस्थित छ र प्राकृतिक रुख र वनजङ्गलको सर्वथा अभाव छ, तर शहरमा रुखबिरुवाहरू रोपिएका छन् र पानीको यति



यो हो अमेरिका

अभाव रहेको ठाउँमा पनि पानीको अभाव देखिँदैन । निरन्तर रुख विरुवा सिँचाइ भइरहन्छन् । कडा घाममा बाहिर ननिस्कने हो भने मरुभूमि हो भन्ने कुराको आभास हुन पाउँदैन । शहर यति सफाइ र सुसज्जित गरिएको र होटल महलहरू यति एयरकन्डिसन गरिएकाले जाडो गर्मीको खासै प्रभाव रहँदैन ।

---

**खण्ड-९**

**Texas state (टेक्सस राज्य) पटक पटक भ्रमण**

**परिचय** :- टेक्सस अमेरिकाको सबभन्दा ठुलो दोस्रो राज्य हो । यो अलास्का भन्दा क्षेत्रफलमा दोस्रो स्थानमा छ र क्यालिफोर्निया राज्य भन्दा जनसङ्ख्यामा दोस्रो स्थानमा छ । अमेरिकी नक्सामा यो South cenetral reason अर्थात् दक्षिणी किनारामा बिचमा पर्दछ । यसको दक्षिण पश्चिममा मेक्सिकोको खाडी छ जसबाट मेक्सिको राज्यसँगको निकटता दर्शाउँछ । यस राज्यको क्षेत्रफल २,६८,५९६ वर्गमिल र जनसङ्ख्या २,९१,४५,५०५ छ । यो राज्य राजनीतिक स्वभावले रिपब्लिकन अर्थात conservative रहँदै आएको इतिहास छ ।

**यो राज्यमा प्रमुखतया निम्नलिखित प्रसिद्ध शहरहरू छन् ।**

यो राज्यको समय उत्तरी कोस्टका राज्य वासिङ्गटन डिसी, न्युयोर्क आदि भन्दा एक घण्टा पछाडि र क्यालिफोर्निया भन्दा दुई घण्टा अगाडि छ ।

(१) **Austin** (आस्टिन)

(क) **परिचयः-** यो शहर टेक्ससको राजधानी हो । अमेरिकन **राज्यका राजधानी**हरूमा यो दोस्रो ठुलो जनसङ्ख्या भएको **राजधानी** हो । यो शहरको स्थापना सन् १८३५ मा भएको ३२६.५१ व.मी. क्षेत्रफल र शहरी क्षेत्रमा ९,७४,४४७ जनसङ्ख्या छ । यो अमेरिकाको शहरको ११औं स्थानमा र टेक्ससको शहरमा चौथो स्थानमा छ ।

अस्टिन शहरको भित्र बाहिर प्रशस्त रुख बिरुवा जङ्गल छ । यसमा डाउन टाउन, स्टेट केपिटल, (संसद), काँग्रेस एवेन्यु, ब्रिजअस्टिन आदि दर्शनीय स्थल छन् । यहाँ दुई वटा इन्टरनेशनल र डोमेस्टिक एयरपोर्ट छन् ।

यो शहर समुद्रदेखि अलि टाढा छ तर चक्रवातको खतरादेखि पूर्ण मुक्त भने छैन ।

**(ख) टेक्नालोजी कम्पनी क्यालिफोर्नियाबाट आस्टिनमा :-**

क्यालिफोर्निया को सनफ्रान्सिसको शहर क्षेत्रको स्टेनफोर्ड युनीभर्सिटीले गर्दा प्रख्यात टेक्नालोजी कम्पनीहरूले आफ्नो हेड अफिस यहाँ बनाएका थिए । तर डेमोक्रेटिकको करनीतिले गर्दा तिनीहरूले सन् १९९० देखि टेक्ससमा क्षेत्रीय हेडक्वार्टर बनाउँदै आफ्ना गतिविधि त्यता केन्द्रित गर्दै थिए जसमा Amazon, Apple, Facebook, Google, Intel, Oracle, Tesla र Holefood मुख्य हुन् । अहिले यिनीहरू Austin मा आएका छन् भने २०२० कोभिड कालदेखि क्यालिफोर्नियाका कम्पनीहरू चर्को ट्याक्सले गर्दा टेक्ससमा सर्ने क्रम तेज भएको छ ।

(ग) **कम्पनी खोल्न सजिलो** : कुनै पनि राज्यको नागरिकले घरमा बसीबसी अनलाइन २ घण्टाभित्र टेक्ससमा हेडअफिस रहने गरी कम्पनी दर्ता गर्न सक्दछ । कुनै दर्ता शुल्क छैन । उत्पादन र बिक्रीमा मात्र शुल्क लाग्छ । यति सजिलो भएकाले कम्पनीको दर्ताको सङ्ख्या खुबै बढेको छ ।

## (२) **Houston** (ह्विस्टन शहर)

(अ) भूगोल

अमेरिकाको शहरी स्तरमा यो चौथो शहर हो र जनसङ्ख्याको आधारमा पनि यो चौथो ठुलो शहर हो र टेक्ससमा पहिलो ठुलो शहर । यो शहरको कूल क्षेत्रफल ६७१.६७ वर्गमिल छ भने शहरी क्षेत्रको जनसङ्ख्या २३,०१,५७२ छ । यो शहरको नाम Sam Houston को नाममा रहेको छ । यो शहर Austine देखि पूर्वउत्तर करिब दुई घण्टाको ड्राइभमा छ र Dallas देखि दक्षिणपूर्व करिब ४ घण्टा ड्राइभमा र गैलवेस्टन शहरको NASA देखि करिब १ घण्टा ड्राइभ उत्तरमा छ ।

(आ) चक्रवात

यो Galveston Bay र Gulf of Maxico को नजिक रहेकोले यस शहरमा पनि लगातार समुद्री आँधी र भीषण चक्रवातको भय रहन्छ । चक्रवातको सूचना पाएपछि मानिसहरू आ-आफ्ना कारमा आवश्यक सामग्री राखेर सुरक्षित सयकडौं माइल टाढाका भूभाग तर्फ भाग्ने गर्दछन् । यस अर्थमा यो शहर र नजिकका अरु शहरहरू पनि यद्यपि जाडो, गर्मी, वर्षात समशीतोष्ण राम्रो





जलवायु भए पनि टेक्ससको यो हिस्सा खतरापूर्ण हो । यो शहर अगस्त ३०, १८३६ देखि बस्न सुरु भएको थियो ।

(इ) **एयरपोर्ट :**

यहाँ दुईटा अन्तराष्ट्रिय एयरपोर्ट छन् जार्ज बुश इन्टरकन्टीनेन्टल एयरपोर्ट (IAH), Willam Phobby Airport (HOU) प्रायः डामेस्टिक हवाई यात्राको लागि । यी एयरपोर्टहरू भन्दा Austin को एयरपोर्टबाट धेरै सस्तो हुन्छ । यो ठुलो र मुख्य शहर भएकोले एयरपोर्ट महँगो भएको हो ।

(ई) **शहर र यातायात :**

भनिन्छ, ह्विस्टनको शहरी विकास मास्टर प्लान बनाउने समितिमा एक मोटर कम्पनीका मालिक पनि सदस्य थिए । तिनको परामर्शमा बनेका बाटाघाटाहरू चोक चौराहाहरूमा मानिस हिँड्ने फुटपाथ नै नबनाइएकोले पैदल हिँड्न सकिन्न । अर्को कुरा डाउन टाउनको मुख्य बस्ती अलि बाक्लो भएपनि बाँकी पूरा शहरका घरहरू खुब फराकिलो गरेर बसेका छन् । माल, स्टोर र पसलहरूसँग पर्याप्त आँगन, खुल्ला ठाउँ रुख बिरुवा रहेका छन् । प्रत्येक घर कम्पाउन्ड र बाटाघाटाका छेउछाउ, अझ नागरिक बस्ती त रुख बिरुवाले ढपक्कै छोपिएकाले एक टोलबाट अर्को टोल नै देखिँदैन ।

शहरमा ट्याक्सी बाहेक बहुत सीमित ठाउँको लागि मात्र सार्वजनिक बस सेवा रहेको छ । काममा जान धेरै लामो ड्राइभ गर्न नचाहनेले आ-आफ्नो घरबाट आफ्ना गाडिमा दुई तीन ठाउँमा रहेका ठुला विशेष पार्किङ लट सहितको बस स्टपमा जान्छन्, गाडी पार्कमा छोड्छन् र बसमा चढेर काममा जान्छन, कि त आफ्नै गाडीमा काममा जानुपर्छ । घरमा जति जना बालिग छन् प्रत्येकका गाडी हुनैपर्छ । १८ वर्ष नपुगेका पढ्न जाने विद्यार्थीलाई यदि कलेजको बस रुट छैन भने घरका मानिसले लैजानु पर्छ कि त होस्टलमा राख्नु पर्दछ ।

लामो दूरीका लागि बस सेवा छ, या त हवाई सेवा, कि त आफ्नो गाडि । शहरमा मेट्रो ट्रेन, अटो आदि छैनन् । अन्यत्र शहरमा पनि हाम्रो जस्तो रिक्सा, टाँगा, अटो हुँदैनन् । सौखिनहरू साइकल र मोटर साइकलमा हिँड्छन तर प्रयोजन घुमफिर र मनोरञ्जन मात्र । ११० आई टेन नामको ८ लेनको हाईवे छ । त्यसको सँगसँगै शहरभित्र बाहिर हुनका लागि हाईवेको दुवै तिर सडक छ । अमेरिकामा बाटोको प्रयोगमा जग्गाको अधिकतम प्रयोग भएको देख्दा अचम्म लाग्छ ।

अमेरिकन राष्ट्रपति जर्ज बुश बाबु छोरा दुवैको पुर्खौली घर र बसोबास यसै शहरमा छ । यस शहरको अर्थतन्त्रको आधार उद्योग र व्यापार हो ।

(उ) **पुस्तकालय :**

सहरमा तमाम पुस्तकालय छन् तर डाउन टाउनमा रहेको सरकारी पुस्तकालय हेर्ने लायक छ। यसमा विश्वका दुर्लभ पुस्तक र पढेर बस्ने एकान्त कक्ष र आरामदायी कुर्सीहरू छन्। बालकहरूका लागि खेलखेलौना र सिकारुहरूका लागि तमाम चिज सिक्ने ठाउँ बनाइएका छन् । सबै फ्रि सेवा छ ।

(ऊ) **युनिभर्सिटी :**

यो सहरमा University of Houstan Down town, (44000 विद्यार्थी छन्), र Rice University तथा कैयौँ मेडिकल कलेजहरू छन् । Houston Baptist University र Rice University प्राइभेट/सामुदायीक छन्। ह्विस्टनदेखि पश्चिम १०० माइलमा College station नामको शहर नै छ, जहाँ कृषि, लेखादेखि अन्तरिक्षसम्म आधुनिक ज्ञान विज्ञानको पढाइको भन्डार रहेको कलेजहरू छन्। ह्विस्टनदेखि गएको हाइवे करिब ५० माइलपछि हाईवे छोडेर, ग्रामीण क्षेत्रको हाईवेमा झरेपछि सुन्दर सडक र यसको फराकिलो, हरियो घाँसले सिँगारिएको करिब ४० माइल बाटो बहुतै शान्त सुन्दर र मनोरम छ । विद्यालय क्षेत्रमा कलेजहरू, खेल मैदान, दोबाटा, चौबाटा, होस्टलहरू छन् ।

(ए) **हस्पिटल :**

यस सहरमा मुटु र क्यान्सरको विश्वविख्यात Houston Methodist Hospital छ यसका कैयौँ शाखा शहरमा छन् । मुख्य हस्पिटलको छतमा हेलिकप्टर एम्बुलेन्स पनि उपलब्ध छ । विश्वकै ठुलाबडाहरू उपचार गराउन यहाँ आउँछन् । यो हस्पिटल क्रिस्चियन मेथाडिस्ट धार्मिक लगानीमा चलेको छ ।

(ऐ) **भारतीय नेपाली बस्ती र मन्दिरहरू**

ह्विस्टन शहर र Suburb मा गुजरातीहरूले बनाएका राधाकृष्णका मन्दिरहरू छन् । यस क्षेत्रमा नेपालीहरूको पनि छिटपुट बस्ती रहेकोले गुजरातीहरूले राधाकृष्ण, दुर्गा आदि देवि देवता भएको एउटा मन्दिर परिसरमा भगवान पशुपतिनाथको पनि मन्दिर बनाई नेपालीहरूको विशेष संरक्षणमा दिई राखेकाले दुवै देशका हिन्दुहरूको तर्फबाट राम्रो व्यवस्था भएको छ । दार्जिलिङ्गका नेपाली भाषी पुजारी राखेकाले नेपाली-भारतीय दुवैको भावनाको तृप्ति भएको





छ। यो मन्दिर शहरदेखि धेरै टाढा बाहिरी क्षेत्रमा करिब एक घण्टाको ड्राइभमा रहेकोछ ।

**Dallas डलास शहर**

यो पनि टेक्सस राज्यको ठुलो शहर हो । यो ह्विस्टनदेखि उत्तरमा एक घण्टाको फ्लाइटमा रहेको छ। यो समुद्रदेखि अलि टाढा रहेकोले समुद्री आँधी र चक्रवातको त्यति खतरा छैन ।

यहाँको इन्टरनेसनल एयरपोर्ट धेरै ठुलो छ। स्कुल कलेज हस्पिटल आदि सुविधायुक्त छ । मौसम ऋतु अनुसार हुन्छ । यहाँ नेपालीहरूको उल्लेख्य उपस्थिति छ।

यो वाणिज्य व्यापारको ठुलो केन्द्र हो। यो शहरको कुल क्षेत्रफल ३८५.९ व.मिल र २०२० को जनगणना अनुसार शहरी जनसङ्ख्या १३,०४,३७९ छ। यो अमेरिकाको नवौं स्थानको शहर हो। टेक्ससमा ह्विस्टन र सनअन्टिनो पछि तेस्रो स्थानको ठुलो शहर हो । यहाँको डाउन टाउन, फेयर पार्क, ओल्डरेड म्युजियम, अपेरा हाउस र अमेरिकन एयरलाइन्स सेन्टर प्रसिद्ध र हेर्ने लायक छन् । यस शहरमा ३२ वटा पुस्तकालयहरू छन् । यसमा ८ वटा युनिभर्सिटी र सयकडौँ कलेज स्कुलहरू छन् । यहाँको U.T. Southwestern medical school प्रसिद्ध हस्पिटल छ अरु पनि कैयौँ अस्पताल र सुविधाहरू छन्। यहाँ रिसाइक्लिङ फ्याक्ट्री प्लान्ट पनि छ।

**San Antonio सनअन्टोनियो**

सन् १७१८ को स्पेनिस इम्पायरको उपनिवेश रहेको यो शहर मेक्सिको राज्यको थियो। अब अमेरिकाको टेक्सस राज्यको ह्विस्टन पछिको दोस्रो ठुलो शहर हो। यसको कुल क्षेत्रफल ५०४.६४ वर्गमिल र जनसङ्ख्या १४,३४,६२५ रहेको छ। यो अमेरिकाको शहर स्तरमा सातौं स्थानमा छ ।

यसको बस्ती र शहर धेरै व्यवस्थित ढंगले सुन्दर बसेको छ। आधुनिकतम सुविधायुक्त सबै किसिमले विकसित शिक्षा, स्वास्थ्य, पुस्तकालय, म्युजियमहरू छन्। मौसमको हिसाबले ठिक ठिकै छ। यहाँ पनि स्पेनिस प्रभाव देख्न सकिन्छ। यसको विकासको गति अन्य शहरहरूको तुलनामा निकै तेज छ ।

यस शहरका ३१ वटा उच्च शिक्षा केन्द्रहरूमा करिब एकलाख विद्यार्थी अध्ययनरत छन् ।

**NASA** (नासा)

National Aeronautics and Space Administration

अमेरिकन सरकारको यो स्वायत्त संस्था हो । यसको स्थापना सन् १९५८ मा अन्तरिक्ष भेदन र अनुसन्धानको लागि भएको हो ।

यो संस्थाको कार्यक्षेत्र दुई ठाउँमा छ, फ्लोरिडा राज्य र **टेक्ससको** Galveston शहरमा ।

गैल्वेस्टन शहर प्रशान्त महासागरको तटमा छ र राम्रो पर्यटन केन्द्र हो । बिचहरूमा घुम्न, नुहाउन, पौडी खेल्न, राम्रा रेस्टुरेन्टहरूमा खाना खान भिड रहन्छ । बिच छोडेर खुल्ला समुद्र तटमा गएर पनि आनन्द लिन सकिन्छ । यसै शहरको बाहिरी भागमा नासा रहेको छ । ह्विस्टनदेखि करिब एक घण्टाको ड्राइभमा नजिक रहेकोले नासामा पर्यटकहरूको भिड रहन्छ ।

(१) **नासामा प्रवेश र व्यवस्था :**

यो अति विशाल क्षेत्रमा फैलिएको छ र अनुसन्धान केन्द्र भएकोले स्वतन्त्र रुपमा सबै ठाउँमा पर्यटक आवागमन छैन, तसर्थ वास्तवमा कहाँ के भइरहेको छ भन्न सकिन्न । तर घुम्न पाइने भएसम्मका स्थानमा बाहिरी अध्ययनबाटै देखिने कुराहरूले मानिसलाई आश्चर्यचकित गर्दछन् ।

मुख्य प्रवेशद्वारमा टिकट लिनु पर्दछ । सिनियर सिटिजनलाई २२, अरुलाई २८ र student लाई कन्सेसन छ । टिकट रेट घटबढ हुन सक्छ ।

भित्र मुख्य भवनमा पर्यटकीय हिसाबले अन्तरिक्ष सम्बन्धी फोटो प्रदर्शनी, कुन ग्रहमा वस्तुको कति तौल हुन्छ, बताउने मेसिन, रकेटबारे जानकारी, चन्द्रमामा मानिस पुग्दाको दृश्यको संरचना र चन्द्रमाको माटो एक सिसिको बक्समा राखिएको छ । यसमाथि हात राखेर चन्द्रमा छोएको भन्न सकिन्छ । यसैबाट विश्वका ठुला म्युजियमहरूमा पनि थोर थोरै माटो दिइएको रहेछ । बाहिर यार्डमा रकेटहरू, रकेट निर्माण स्थल, सटल आदि हेर्न सकिन्छ ।

जुलाई २०, १९६९मा चन्द्रमामा पुगेकाहरू डा.नील आर्मस्ट्राङ्ग, बज एल्ड्रिन र माइकल कोलिन्सका लुगाहरू राखिएका छन् । फ्रेबुअरी १, २००३ मा ३१ दिन १४ घण्टा ५४ मिनेट बिताएर अभियानबाट फर्कने क्रममा रहेकी अन्तरिक्ष यात्री भारतीय मूलकी कल्पना चावला, इजराइलका कर्नल इलान रैमोल र अन्य ५ जना अमेरिकी अन्तरिक्ष यात्रीको कोलम्बिया नामको रकेट तातिएपछि नासाका वैज्ञानिकले पठाएको सन्देश रेडियो तरङ्गमा अक्षरहरू उलटपलट र एकआपसमा बाँभिन गएपछि सन्देश बुझ्न नसकेर रकेटमा सुधार गर्न नपाएपछि पृथ्वीको नजिक नजिक आइपुगेको अवस्थामा विस्फोट भएको, कल्पनाको चिहानको रुपमा सानो चौकी आकारको स्मृति चिन्ह यार्डमा बनाएका छन् र पर्यटन ट्रेन त्यहाँ पुग्दा रोकिने गरेका छन् ।



यो हो अमेरिका

विशाल ग्राउण्डमा भित्र ट्रेन चली रहन्छ ट्रेनमा लगेर यसको एक निश्चित एरियामा रहेका विभिन्न विल्डिंग रकेट आदि देखाउँछन् । रेस्टुरेन्ट बाहेक अन्य कुनैमा थप कुनै पैसा लाग्दैन । समय बिहान टिकट लिएपछि दिनभरलाई पुग्छ । रकेट भित्र जान र फोटो खिचाउन मिल्छ ।

(२) **सटल र अरू यानहरू**

अन्तरिक्ष यात्राको लागि भएका प्रयासमा समय समयमा तयार गरेर अन्तरिक्षमा पठाइएका विभिन्न यानहरू यहाँ हेर्न पाइन्छन् । फ्लोरिडामा बनेको सटल ठुलो प्लेनको छतमा लोड गरेर गैल्वेस्टनको एयरपोर्टमा उतारेर प्लेनलाई भुइँमा बाटोमा गुडाउँदै कैयौं मिल टाढा नाशाको कम्पाउण्डमा ल्याएर यथास्थितिमा राखिएको छ । प्लेन गुडाउँदै ल्याउँदा पङ्खाको क्षेत्रमा पर्ने शहरी घर संरचनाहरू भत्काइएका थिए । त्यति विशाल र भारी सटल बोक्ने प्लेनकै निर्माण विशेष तरिकाले गरिएको रहेछ ।

नासा भित्र खानपिनका रेस्टुरेन्ट, ट्वाइलेटहरू प्रशस्त छन् । एउटा फिल्म हल छ जसमा अन्तरिक्ष अनुसन्धानमा भैरहेका काम र उपलब्धी र नयाँ पुराना काम कुराहरू देखाइ रहन्छन् । एक चरण घुमेर खाना खाएर यो हलमा गएर आराम गर्दै जानकारी लिएर फेरि घुम्दा राम्रो हुन्छ ।

(३) **विविध अनुसन्धान**

यो अन्तरिक्ष अनुसन्धान केन्द्र त हो तर यसमा अन्य विषयहरूमा पनि अनुसन्धान हुने गरेको छ। स्वास्थ्य, टेक्नोलोजी, पुरातत्व, भाषा, जलवायु आदि । यहाँ भारतीय लगायत अन्य देशका वैज्ञानिकहरू पनि छन् । नेपालीहरू पनि विज्ञान र टेक्नोलोजीको क्षेत्रमा कार्यरत छन् । विभिन्न विषयका अनुसन्धानकर्ताहरू र विद्यार्थीहरूका लागि यो आकर्षणको ठुलो केन्द्र हो । नासाका विभिन्न विषयमा अनुसन्धान गर्नको लागि अन्य विभिन्न प्रदेशको विभिन्न ठाउँहरूमा अलग अलग रिसर्च सेन्टरहरू छन् ।

(४) **अन्य प्राइभेट स्पेस सेन्टर**

अमेरिकामा एरोनेटिक र स्पेस अनुसन्धानका सरकारी र अन्य प्राइभेट केन्द्रहरू पनि छन् तिनले समय समयमा नासासँग मिटिङ्ग र सहकार्य सम्बन्धी कार्यक्रमहरू राख्ने गर्दछन् ।

## मियामी महानगर Miami को यात्रा (अगस्त २३-२६,२०२३)

फ्लोरिडा राज्यमा रहेको अमेरिकाको यो प्रसिद्ध व्यापारिक केन्द्र र पर्यटन केन्द्र पनि हो। यो एटलान्टिक महासागरको तटमा रहेको छ। यसकारण समुद्री हावाको चाप अनुसार यसको जलवायु रहेकोले सामान्यतया डिसम्बरदेखि मार्चसम्म जाडो र अप्रिलदेखि नभेम्बरसम्म गर्मी हुन्छ। वर्षात्को लागि छुट्टै विशेष ऋतु छैन यसकारण प्रायः गर्मीमा हावाको दबावले वर्षा हुने गर्दछ।

मियामी महानगरमा तीन शहर छन्। मियामी नामको मुख्य सिटी हो। बाहिरका धनाढ्यहरू युको समुद्री बे तटमा विशाल हाई राइज भवनहरूमा फ्ल्याट किनेर दुईचार महिना आनन्दसँग बस्ने गर्दछन र बाँकी समयका लागि फ्ल्याट भाडामा लगाइरहन्छन् । यो सिटीको पूर्व (म दिशाभ्रममा छु र पूर्व मानेको छु) ठुलो नहर जस्तो खाडी छ। खाडी मै पनि होटल रेस्टुरेन्टहरू छन् र त्यसपछि दोस्रो शहर मियामी बिच हो। यसको समुद्रको बिच धेरै राम्रो र मनोरञ्जक छ। मियामी मुख्य सिटीको उत्तर (दिशाभ्रम हो कि) बढ्दै करिब ८० माइल जाने हो भने त्यही चाक्लो खाडीमा निर्मित बाटो पारी पूर्व दिशामा पाल्म बिच नामको टाउन आउँछ। खाडीको पूर्वी ढिक, टाउनको सुरुदेखि राष्ट्रपति डोनाल्ड ट्रम्पको निजी भवनको बाउन्ड्री सुरु हुन्छ। थोरै अगाडि गएपछि पूर्वमा विशाल समुद्र छ र पूरा एरिया विशाल भवन, सुन्दर बाउन्ड्री, साज सज्जा अति सुन्दर आवासीय बस्ती छ।

अमेरिकामा न्युयोर्क, लस एन्जलस, र शिकागोपछिको ठुला र गगनचुम्बी भवनहरू यस शहरमा छन् तर एकै ठाउँमा छैनन्। ह्विस्टन जस्तो यो शहर पनि खूब फैलिएर एक एक तले घर र बिजनेस पसलहरू भएको हाई राइज भवन १०, २० वटा एक ठाउँमा र यस्तै अन्य ठाउँमा पनि छन्। शहर भित्र कता कतै गाउँ गाउँ जस्तो वातावरण रहेको छ र रुख बिरुवाहरूको घना जङ्गल भित्र रहेको छ।

शहरको दुईतिर महासमुद्र छ। पानीका लेकहरू साना ठुला दलदल, चौतर्फी महासमुद्र र पानीले घेरिएको छ। सबै लेकहरू व्यवस्थित गरिएका छन्। यहाँ पानी चिसो छैन बिचहरूमा नुहाउने, खेल्ने र मनोरञ्जन गर्नेहरूको भिड रहन्छ। सनफ्रान्सिसकोको पानी अति चिसो, नुहाउने कल्पना नै व्यर्थ, गैल्वेस्टन टेक्ससको बिच, हाफमुन बे को बिच, न्युयोर्क र अन्य ठाउँका बिचहरू मध्ये सम्भवतः अगस्त महिनाको २३,२४,२५ र २६ तारिख, हामीहरूको यात्राको समयमा घाम चर्को भएपनि साँझ ३, ४ बजेपछि मियामी बिच शहरको बिच बढी रमाइलो लाग्यो।

मेन सिटीदेखि पश्चिम (दिशामा भ्रमित छु) पनि धेरै टाढा महासमुद्र छ। समुद्रसम्म पुग्नु भन्दा पहिले थुप्रै लेक र नहरहरू छन् र सैकडौं माइलका दलदलमा घाँसको मैदानहरू देखिन्छन् । दुवै तिरका दलदलको बिचबाट





प्रकृतिले मसिनो भूमिपट्टि, हवाई जहाजको रनवे जस्तो छोडेको छ कि ? कि पर्यटकहरूको लागि सरकारले १००, १५०, फिट जति चाक्लो माटोले पुर्दै बाटो बनाएको हो थाहा भएन । त्यही बाटोमा गाडी कुदाउँदै बाटोको दुबैतिरको विशाल मैदानमा अग्लो घाँस र विशाल ठुला रुखका घना जङ्गल पानीमा कसरी उम्रेको होला ? आश्चर्य मान्दै कुरा गर्दै हिँडि रह्यौँ ।

एक त अचम्म लाग्दो बाटो छ भने अर्को तिर सैकडौँ माइल ड्राइभ गर्दा बिचमा यदाकदा पर्यटक र पर्यटकीय डुङ्गा सञ्चालक कम्पनीका स-साना घरहरू बाटाको छेउछाउमा रहेका छन्, त्यहाँ दिसापिसाबको सुविधा रहेको छ, अन्यथा डेढ दुई सय फिट चाक्लो सडकको दुवै तिर घाँसे दलदली मैदान, दलदली जङ्गल, अगाडि अथाह महासमुद्र । यो बाटोमा बालबच्चाहरू सहित ७०, ८० माइलको गतिमा यात्रा गर्दै भित्र पस्दै जानु भनेको ज्यान सिरिङ सिरिङ हुन्थ्यो । पौने एक घण्टा जति दलदली क्षेत्रमा पसियो । कताकतै बाटो चाक्लो पार्नलाई हो या पर्यटन सम्बन्धी केही निर्माण गर्नलाई हो डोजरहरू उभिएका देखिन्थे भने बाटोको समानान्तर अलि चाक्लो नाली बनाएर पर्यटकहरूलाई डुङ्गाको यात्रा गराउने रहेछन तर दलदली क्षेत्रमा घडियालहरू (ठुला गोही)को अधिकता रहेकोले भरसक कम दूरीको सुरक्षित भ्रमण गराउँदा रहेछन् । यदाकदा दुई चारवटा कार ओहारदोहार गरेका भेटिन्थे अन्यथा मानिस देखिँदैनथे । बाटाको छेउमा एक सानो पर्यटकीय घर देखियो । Everglades Airboat Tours नामको कम्पनीको GATOR PARK, The Everglades, Restaurant and gift shop भन्ने साइनबोर्ड लागेको घरको बरन्डामा केही महिलाहरू पानीमा पस्ने या नुहाउने साना लुगामा देखिए । हामी पनि रोकियों र एक छिन आराम गर्‍यौं र अगाडि नबढने भनेर त्यहाँबाट फर्की हाल्यौं ।

मियामीको बन्दरगाह पोर्ट अफ मियामी क्रुज जहाजको विश्वकै सबभन्दा ठुलो बन्दरगाह हो भने मालवस्तुको ढुवानीको पनि विश्वकै ठुलो र व्यस्त बन्दरगाह हो । यहाँको अन्तराष्ट्रिय एयरपोर्ट विश्वकै सबभन्दा बढी व्यस्त एयरपोर्ट मध्येको एक हो । यहाँ थुप्रै सार्वजनिक यातायातका साधन रेल र बसको सेवा उपलब्ध छ । यहाँ यातायातमा निजी कारको अधिकतालाई न्यून गर्न र बाइक फ्रेन्डली सिटी बनाउनको लागि साइकललाई प्रोत्साहन दिन सुरु गरिएको छ र प्रत्येक महिनामा बाइक मियामी कार्यक्रम अन्तरगत एक दिन तोकिएका केही बाटाहरूमा कार हिँड्न रोक लगाइन्छ र मानिसहरू साइकलमा हिँड्ने गरेका छन् र शहरमा २००९ देखि अब बाइक पार्किङ र बाइक लेन बनाउने काम सुरु छ ।

मियामीमा फिल्म इन्डस्ट्री पनि छ र फिल्म निर्माण कम्पनी र स्टुडियोहरू छन् र निजी विद्यालय महाविद्यालयहरू मेडिकल कलेजहरू छन् । शिक्षा प्राप्ति, रोजगारीका अवसर, वैज्ञानिक विकास र पर्यटन जीवनका विविध पक्षको उन्नति र विकास तथा मनोरञ्जनको केन्द्रको रुपमा मियामी राम्रो शहर हो ।

# अध्याय-२
# अमेरिकी जीवन

### अमेरिका र निकटवर्ती क्षेत्र

संयुक्त राज्य अमेरिकाको बारेमा राम्रो जानकारी लिनको लागि यसको विस्तृत भूगोलको केही आवश्यक कुरा जानिराख्न राम्रो हुनेछ ।

**उत्तरी अमेरिका महादेश**

पृथ्वीको भूगोल बुझ्न सरल होस भन्नका लागि सम्पूर्ण पृथ्वीलाई सात वटा महादेशमा विभाजित गरिएको छ, जसमध्ये उत्तरी अमेरिका एक महादेश हो, यस भित्र तमाम राज्य र भौगोलिक एकाईहरू छन् ।

**उत्तरी अमेरिका महादेशको**

| | | |
|---|---|---|
| कुल क्षेत्रफल | - | २४,७०९,००० व.कि.मी |
| जनसङ्ख्या | - | ५९ करोड २२ लाख |
| कुल देश | - | २३ |
| सबैभन्दा ठुलो देश | - | क्यानाडा |





**(१) उत्तरी अमेरिका महादेशका देश र राजधानी**

| सि.नं. | देश | राजधानी |
|---|---|---|
| १ | एन्टिगुवा र बरबुडा | सेन्ट जोन्स |
| २ | वहामा | नासाऊ |
| ३ | बार्बाडोस | ब्रिजटाउन |
| ४ | बेलिज | बेल्मोपान |
| ५ | क्यानाडा | ओटावा |
| ६ | कोस्टारिका | सन जोसे |
| ७ | क्युवा | ह्वाना |
| ८ | डोमिनिका | रोसियो |
| ९ | डोमिनिकल रिपब्लिक | स्यान्टोडोमिङ्गो |
| १० | एल साल्वाडोर | सैनसाल्वाडोर |
| ११ | ग्रेनेडा | सेन्ट जार्ज |
| १२ | ग्वाटेमाला | ग्वाटेमाला सिटी |
| १३ | हैटी | पोर्ट-ओ-प्रिन्स |
| १४ | होन्डुरस | टेगुसिगाल्पा |
| १५ | जमैका | किन्टाल |
| १६ | मेक्सिको | मेक्सिको सिटी |
| १७ | निकारागुआ | मनागुआ |
| १८ | पानामा | पनामा सिटी |
| १९ | सेन्ट किट्स एन्ड नेविस | बस्सेटेरे |
| २० | सेन्ट लुसिया | क्यास्ट्रिज |
| २१ | सेन्ट विन्सेन्ट एन्ड दि ग्रेनाडिन्स | किङ्स टाउन |
| २२ | ट्रिनिडाड एन्ड टोबागो | पोर्ट अफ स्पेन |
| २३ | संयुक्त राज्य अमेरिका | वासिङ्गटन, डि.सी. |

**(२) उत्तर अमेरिका महादेशका अन्य भूप्रदेश (टापुहरू) जो अर्काको अधीनमा छन्, थिनलाई ती राज्यको भूभाग मानिन्छ।**

| सि.नं. | प्रदेश | कसको अधीनमा छ |
|---|---|---|
| १ | एंगुइलला | इङ्गल्यान्ड वर्जिन भनिन्छ |
| २ | अरुबा | नेदरल्यान्ड वर्जिन भनिन्छ |
| ३ | बरमुडा | UK वर्जिन भनिन्छ |
| ४ | बोनैरे | नेदरल्यान्ड वर्जिन भनिन्छ |
| ५ | ब्रिटिस वर्जिन आइल्यान्ड | UK वर्जिन भनिन्छ |
| ६ | केमान आइल्यान्ड | UK वर्जिन भनिन्छ |
| ७ | क्लिपरटान आइल्यान्ड | फ्रान्स वर्जिन भनिन्छ |
| ८ | कुराकाओ | नेदरल्यान्ड वर्जिन भनिन्छ |
| ९ | ग्रीन ल्यान्ड | डेनमार्क वर्जिन भनिन्छ |
| १० | गुवाडेलोपे | फ्रान्स वर्जिन भनिन्छ |
| ११ | मारटीनिक | फ्रान्स वर्जिन भनिन्छ |
| १२ | मोन्टसेराट | UK वर्जिन भनिन्छ |
| १३ | नवासा आइल्यान्ड | USA वर्जिन भनिन्छ |
| १४ | प्युरटोरिको | USA वर्जिन भनिन्छ |
| १५ | सबा | नेदरल्यान्ड वर्जिन भनिन्छ |
| १६ | सेन्ट बर्थलेमी | फ्रान्स वर्जिन भनिन्छ |
| १७ | सेन्ट मार्टिन | फ्रान्स |
| १८ | सेन्ट पियरे एन्ड मिक्योलन | फ्रान्स वर्जिन भनिन्छ |
| १९ | सिन्ट इयुसटेरिस | नेदरल्यान्ड |
| २० | सिन्ट मार्टेन | नेदरल्यान्ड |
| २१ | टर्कस एन्ड कैकोस आइल्यान्ड | UK |
| २२ | यू एस वर्जिन आइल्यान्ड | USA |
| २३ | सैन एन्ड्रेसन एन्ड प्रोविडेन्सिया | कोलम्बिया |





**दक्षिणी अमेरिका महादेश**

यो महादेश उत्तरी अमेरिकादेखि दक्षिणमा स्थित छ। बिचमा पनामा नहर छ। यसको पश्चिममा प्रशान्त महासागर र पूर्वमा आन्ध्र महासागर छ। यसको कुल क्षेत्रफल १,७७,३२,८५० वर्ग किमी छ।

यस महादेशमाः

(१) अर्जेन्टिना, (२) बोलिविया, (३) ब्राजिल, (४) चिली, (५) कोलम्बिया, (६) इक्वेडर, (७) गुयाना, (८) पनामा, (९) परागुवे, (१०) पेरु, (११) सुरिनाम, (१२) उरुगुवे, (१३) भेनेजुएला छन्।

यसमा रहेका फकल्यान्ड्स द्वीप, दक्षिण जर्जिया र दक्षिण स्यान्डविच द्वीप माथि इङ्गल्यान्डले र फ्रेन्च गुयानामाथि फ्रान्सले दावी गरेको छ।

**केन्द्रीय अमेरिका (Central America)**

यो अमेरिकी महाद्वीपको मध्य भौगोलिक क्षेत्र हो, जो उत्तर अमेरिकाको दक्षिणमा रहेको छ र दक्षिण अमेरिकालाई उत्तर अमेरिकासँग जोड्दछ। यसको उत्तरमा मेक्सिको, दक्षिणपूर्वमा कोलम्बिया, पूर्वमा क्यारेवियन सागर र पश्चिम दक्षिणमा प्रशान्त महासागर छ। मध्य अमेरिकामा बेलिज, कोस्टारिका, अल साल्वाडोर, ग्वाटेमाला, होन्डुरस, निकारागुआ र पनामा राज्य छन्। यी सातवटा देश ल्याटिन अमेरिकाको क्षेत्रमा पनि पर्दछन्।

**मिडिल अमेरिका :**

यसमा सेन्ट्रल अमेरिकाका ७ वटा देश र मेक्सिको, कोलम्बिया, भेनोजोयेला तथा क्यारेवियन कन्ट्रिज र वेस्ट इन्डिजका टापुहरू छन्।

**ल्याटिन अमेरिका :**

यो क्षेत्रका निवासी ल्याटिन जातिका थिए भन्ने कुरा एक लेखकले लेखेका छन्। यसमा पूरा दक्षिण अमेरिका, सेन्ट्रल अमेरिका, मेक्सिको, वेस्टइन्डिज र क्यारेवियन देशहरू पर्दछन्। अर्थात् दक्षिण अमेरिका र मिडिल अमेरिका तथा कोलम्बिया र भेनेजुयलाको समूहलाई ल्याटिन अमेरिका भनिन्छ। साम्राज्यवाद र उपनिवेशको चलन रहेको समयमा यो क्षेत्र स्पेनिस, फ्रेन्च र पुर्तगाली साम्राज्यको अधीन थियो यसकारण यसलाई ल्याटिन अमेरिका भनिन्छ। यहाँ स्पेनिस, पुर्तुगीज, रोमन र फ्रेन्च भाषा बोलिन्छ। ब्राजिल यो क्षेत्रको सबभन्दा ठुलो राज्य हो।

**क्यारेवियन देश**

उत्तर अमेरिका र दक्षिण अमेरिकाको बिचमा क्यारेवियन सागर रहेको छ र यसै सागरको एक छेउमा गन्तीमा आउने गरेको २८ वटा टापुहरू छन् र अन्य केही नितान्त साना गाउँ जस्ता टापुहरू पनि तितिरबितिर रहेका छन् जो गन्ती गरिदैनन् र तिनलाई खासै महत्व पनि दिइँदैन । यी २८ वटा टापुका देशहरूलाई क्यारेवियन देश भनिन्छ। यहाँ क्युवा, जमेका, बहामा आदि स्वतन्त्र देशहरू छन् भने केही टापुहरू इङ्गल्यान्ड, फ्रान्स नेदरल्यान्ड आदि देशहरूका अधीनमा छन्। तिनलाई छुट्टै देशको नाम दिइँदैन। तिनलाई ब्रिटिसवरिजिन, फ्रान्सवरिजिन आदि नाम दिइन्छ र आईल्यान्ड भनिन्छ। प्रचलित किम्वदन्ती अनुसार परापूर्व कालमा यहाँ क्यारेब नामको एउटा नरभक्षी जाति बस्दथ्यो जसको आधारमा यो क्षेत्रलाई क्यारेवियन भनियो भन्ने भनाई रहेको छ।

**वेस्ट इन्डिज**

कोलम्बस आफ्नो देश स्पेनबाट भारतको खोजी गर्न समुद्री बाटोबाट निस्केको थियो । भारत सिन्ध नदीको तटीय प्रदेश भएकोले सिन्धलाई पश्चिमाहरूले हिन्डस अथवा "इन्डस" भन्दथे। यसरी अरबले हिन्द र पश्चिमका मानिसले आआफ्नो जिब्रोको उच्चारणमा बोल्दै जाँदा सिन्धको तटीय प्रदेशलाई इन्डस या इन्डिया भनेका हुन् । एस कारण कोलम्बसको यात्रा इन्डस या "एन्डिज"को खोजको लागि थियो तर उसको जहाज समुद्रमा भुलले उल्टो दिशामा बग्दै क्यारेवियन सागरको द्वीपमा पुग्यो र उसले भारत आईपुगेको भन्ने भ्रममा "इन्डस"आई पुगेँ भन्यो र स्पेन फर्के पछि इन्डस पुगेर आएको छु भन्यो।

यसरी युरोपमा कोलम्बस इन्डिज पुग्यो भनेर चर्चा भयो। १४ वर्ष पछि यो त इन्डिज -(भारत) होइन रहेछ भन्ने कुरा आयो, उसले ल ठिकै छ त, यसलाई वेस्ट इन्डिज भनौं भनि हाल्यो र त्यहीं नाम प्रचलनमा आयो । यो क्षेत्रलाई युनाइटेड स्टेट्स अफ अमेरिकाको उपक्षेत्र पनि भनिन्छ। यो द्वीपसमूह उत्तरी अटलान्टिक महासागर र क्यारेवियन सागरले घेरिएको छ। यसमा १३ वटा स्वतन्त्र द्वीप र अरु राज्यका अधीनस्थ १८ वटा द्वीपहरू रहेका छन्। यो क्षेत्रलाई पश्चिमी द्वीपसमूह र क्यारेवियन टापुको नामले पनि चिनिन्छ।

यसरी कोलम्बस पुगेको त्यस क्षेत्रका केही टापु र क्यारेवियन अरु पनि केही टापुहरूको नाम संयुक्त रुपमा वेष्ट इन्डिज भएको हो। यो कुनै राज्यको नाम होइन। त्यही विभिन्न टापुका क्रिकेट खेलाडीहरूले एक सङ्गठन बनाएर अन्यत्र खेल्न जाँदा वेस्ट इन्डिज भन्ने नामले खेल्छन्।

अरु देशका खेलाडीहरूले खेल मैदानमा आआफ्नो देशको राष्ट्रिय ध्वज फहराउँदा ती टापुवासीहरूले पनि राष्ट्रिय ध्वज भनेर फहराउने गरेको वेस्ट





इन्डिजको नाम दिएको झण्डा र अरुहरू सरह गाउने राष्ट्रिय गीत, वास्तवमा त्यो झण्डा र गीत कुनै देशको होइन, त्यो झण्डा र गीत एउटा प्रादेशिक खेलाडी सङ्गठनको हो, जसलाई अन्य देशका राष्ट्रिय गीत र ध्वजारोहणको समयमा यिनीहरूले पनि राष्ट्रियताको नाम दिएर प्रयोग गर्दछन् र अरुहरूले भ्रमवश यसलाई वेस्ट इन्डिज देश भनेर मान्दछन् ।

---

## खण्ड १
## संयुक्त राज्य अमेरिका

**अमेरिकाका विभिन्न नाम** :- अमेरिका भन्ने राज्य उत्तरी अमेरिका महादेशमा रहेको एक देश हो। यस देशको पूरा नाम युनाइटेड स्टेट्स अफ अमेरिका USA या संयुक्त राज्य अमेरिका हो। छोटकरीमा US र अमेरिका मात्र पनि भनिन्छ । भारतीयहरूले प्रायः अमरीका भन्छन् । **यसैको वर्णन यस पुस्तकमा छ**। US भनेको **संयुक्त राज्य अमेरिका हो** तर UK भनेको United Kingdom **संयुक्त अधिराज्य**, या बेलायत अर्थात् इङ्ल्यान्ड हो र यो युरोपको एक देश हो जसको राजधानी लन्डन हो, भन्ने कुराको ध्यान राख्नु पर्दछ।

अमेरिकामा ५० राज्य, एउटा सङ्घीय जिल्ला, पाँच वटा प्रमुख स्वशासित प्रदेश र स-साना अन्य क्षेत्रहरू पनि छन्। यसका स-साना द्वीपहरू पनि छन्, बेकर, हाउल्यान्ड, जार्विस, जानस्टन एटोल, किङ्गमैनरिफ, मिड्वे एटोल र पल्मिरा एटोल छन्।

बाखो न्यएवो तट, नावोसा द्वीप, सेरानिला तट र वेकद्वीप माथि अमेरिकाको स्वामित्वमा विवाद छ । अमेरिकाको एक राज्य अलास्का द्वीप, अमेरिकाको दक्षिण पश्चिम प्रशान्त समुद्रमा स्थित छ र अमेरिकाको सबै भन्दा ठुलो राज्य हो । अमेरिकन भूमिदेखि दक्षिण पश्चिम(मै अर्को एक राज्य हवाई द्वीप, जो प्रशान्त महासागरमा समुद्रमा अलास्काको समानान्तर दिशामा स्थित छ। अन्य स्वशासित क्षेत्रहरू प्रशान्त महासागर र क्यारिबियन सागरमा तितरबितर रुपमा अवस्थित छन्।

**संयुक्त राज्य अमेरिकामा रहेका राज्यहरू**

| | | |
|---|---|---|
| १. अलास्का | २. अलाबामा | ३. आर्कन्सा |
| ४. आयडहो | ५. आयोवा | ६. इन्डियाना |
| ७. इलिनोय | ८. एरिजोना | ९. ओहायो |

| | | |
|---|---|---|
| १०. औरेगन | ११. ओक्लाहोमा | १२. कन्सास |
| १३. केन्टकी | १४. क्यालिफोर्निया | १५. कोलोराडो |
| १६. कनेक्टिकट | १७. जर्जिया | १८. टेनेसी |
| १९. टेक्सस | २०. डेलावेयर | २१. न्युजर्सी |
| २२. न्युयोर्क | २३. नेब्रास्का | २४. न्यु मेक्सिको |
| २५. नेवादा | २६. नर्थ डेकोटा | २७. न्यु ह्याम्पसायर |
| २८. नर्थ क्यारोलाईना | २९. पेन्सिलभेनिया | ३०. फ्लोरिडा |
| ३१. मेन | ३२. मेरिल्यान्ड | ३३. मिसिगन |
| ३४. मिनिसोटा | ३५. मिसिसिपी | ३६. म्यासेचुसेट्स |
| ३७. मोन्टाना | ३८. मिसौरी | ३९. रोड आइल्यान्ड |
| ४०. विस्कान्सिन | ४१. भर्जिनिया | ४२. अर्मोन्ट |
| ४३. वायोमिङ | ४४.साउथ क्यारोलाइना | ४५. साउथ डेकोटा |
| ४६. वेस्ट भर्जिनिया | ४७. युटा | ४८.लुजियाना |
| ४९. वाशिङटन डिसी | ५० हवाई | |

**राजधानी :** अमेरिकन सङ्घको राजधानीको नाम वासिङ्गटन डिसी हो। यो पचास मध्ये कुनै राज्यमा छैन। यो डिस्ट्रिक्ट अफ कोलम्बिया नामको एक अलग्गै स्वतन्त्र जिल्लामा अवस्थित छ। मेरील्यान्ड नामको राज्यले आफ्नो कोलम्बिया जिल्ला सङ्घीय सरकारलाई दिएकोले यो जिल्लाको वासिङ्गटन शहरमा अमेरिकी सङ्घको राजधानी छ। यस वासिङ्गटन नामको अन्तमा डिस्ट्रिक्ट कोलम्बिया समेत जोडेर 'वासिङ्गटन डिसी' भएको छ।

**प्रमुख प्रसिद्ध शहर :** वासिङ्गटन डिसी, न्युयार्क, बाल्टिमोर, फिलेडेल्फिया, बोस्टन, ह्विस्टन, लस एन्जल्स, लस भैगस, मियामी, सेनफ्रान्सिस्को, सिकागो, डेलस, एटलान्टा आदि।

**शासन प्रणाली :** यो सङ्घीय लोकतन्त्रात्मक गणतन्त्र हो जसमा अध्यक्षात्मक शासन प्रणाली छ। यसको सङ्घीय आधारमा कुनै एक राष्ट्रभाषा छैन। यो विश्वको सर्वाधिक बहुभाषिक, बहुसांस्कृतिक विविधता भएको देश हो। यद्यपि यो पूँजीवादी मुलुक हो तर यसको शासकीय प्रवृत्ति र चरित्र समाजवादी छ।





## खण्ड-२
## भूगोल

**(क) भूमि र सीमा**

उत्तर अमेरिका महादेशमा अवस्थित यो राज्य अमेरिकाको वास्तविक नाम "संयुक्त राज्य अमेरिका United States of America (USA) हो। संयुक्त राज्य अमेरिकाको भूमि सीमा क्यानाडा र मेक्सिकोसँग जोडिन्छ भने समुद्री सीमा पश्चिम उत्तरमा रुस, दक्षिण पूर्वमा फ्लोरिडाको साइडबाट समुद्र पार क्युवा देश छ। पश्चिममा प्रशान्त महासागर, पूर्वमा अटलान्टिक महासागर र दक्षिण पूर्वमा मेक्सिकोको खाडीले घेरिएको छ। अमेरिकाका ४८ राज्यहरू भूमिमा र अलास्का टापु राज्य प्रशान्त महासागरमा अमेरिकाको भूमिदेखि दक्षिण पश्चिम समुद्रमा अवस्थित छ। हवाई टापु राज्य पनि प्रशान्त महासागरको मध्यमा अमेरिकाको दक्षिण पश्चिममा रहेको छ। पार्टोरोकोका पाँच वटा द्वीप र यसको क्षेत्र, उत्तरी मरियाना द्वीप, यू.एस. भर्जिन द्वीप समूह, गुआम, अमेरिकन समोआ आदि क्षेत्रहरू समेत समेटिएको अमेरिकन विशाल भूमि र बेकर, हाउल्यान्ड, जार्विस, जानस्टन एटोल, किङ्गमैन रिफ, मिडवे एटोल, पलमिरा एटोल नामको ११ वटा समुद्री द्वीपहरूको देश हो। बाखोन्युएवो तट, नवासाद्वीप, सेरानिला तट र वेकद्वीप माथि अमेरिकाको सम्प्रभुताको विवाद छ। अमेरिकाका केही स्वशासित क्षेत्रहरू प्रशान्त महासागर र क्यारेवियन सागरमा पनि छन्।

अमेरिकाको लगभग पुरै भाग उत्तरी गोलार्धमा पर्दछ तर समोजा र जार्विस द्वीप मात्र दक्षिणी गोलार्धमा छन्। भूमिका साथ साथै पानी समेत मिलाएर अमेरिकाको क्षेत्रफल चीन भन्दा अलिकति ठुलो छ। (अक्साई चीन माथि चीन र भारत दुवैले आफ्नो दाबी गरेकाले त्यो भूमिलाई चीनमा समावेश नगर्दाको अवस्थामा) त्यो विवादित भूमि चीनमा मिसाएर हेर्‍यौं भने चीन अमेरिका भन्दा ठुलो आकारको हुन पुग्दछ। यसरी क्षेत्रफलमा प्रथम क्यानाडा, द्वितीय रुस, तृतीय अमेरिका (अक्साई चीन सहित हेर्ने हो भने तृतिय चीन, चतुर्थ अमेरिका रहेको छ)।

यसको कुल क्षेत्रफल ३७,९४,१०० वर्ग मील अर्थात् ९८,२६,६७५ वर्ग किलोमिटर छ। यो देश मा ९३.२४% भाग भूमि ६.७६% भाग पानी छ।

यसको कोस्टलाइन १२३८० माइल अर्थात ९,९२० कि.मि. र क्यानाडियन बोर्डरको लम्बाई ५५०८ माइल (८८६४ कि.मि.) मेक्सिकन बार्डरको लम्बाई २,०६७ माइल (३३२७ कि.मि.) रहेको छ। त्यहाँको स्टेटिक्टिस डिर्पाटमेन्ट र इन्साक्लोपीडिया ब्रिटानिकाले जल, पहाड आदिका अलग अलग मापनको आधारमा अलग्गै क्षेत्रफल बताएका छन्।

यसको उत्तरमा विशाल राज्य "क्यानाडा' र दक्षिणमा मेक्सिको छ । अमेरिकन क्यानेडियन अन्तराष्ट्रिय सीमा विश्व कै सबभन्दा लामो सीमा हो ।

अमेरिकाको सर्वोच्च स्थान र चोटीको नाम Denali हो भने सबभन्दा तल्लो गहिरो भागको नाम Bad water Basin- ८५ मिटर (-२७९ फिट) छ । यहाँको सबैभन्दा लामो नदी मिसौरी Missouri River को लम्बाई २३४१ माइल (३७६७ कि.मि.), सबभन्दा ठुलो झिल (सागर, ताल) Superior Lack लेकको क्षेत्रफल २२,३९४ वर्गमिल (५८०००व.कि.मि.) छ ।

**(ख) जनसङ्ख्या**

अमेरिकाको कुल जनसङ्ख्याको सरकारी वेवसाइटमा देखाए अनुसार सन् २०२३ को जुलाईमा लगभग ३३ करोड देखाएको छ । यसरी जनसङ्ख्याको आधारमा भारत र चीनपछि विश्वमा यो तेस्रो ठुलो जनसङ्ख्याको देश हो ।

**(ग) राजनीतिक विभाजन**

अमेरिका राज्य एउटा सङ्घको रुपमा गठन हुँदा संविधानलाई स्वीकारेर सङ्घ राज्यमा सामेल हुन सुरुमा ९ वटा राज्य भूप्रदेशले हस्ताक्षर गरेरपछि अरुहरू मिसिँदै गए । वर्तमान समयमा क्यानाडा र मेक्सिकोको बिचमा ४८ राज्य भूमिमा र समुद्रमा दुईवटा राज्य गरेर ५० राज्यको यो जबरजस्त बलियो सङ्घ हो। प्रत्येक राज्यको आफ्नो छुट्टै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका, झण्डा, राष्ट्रगान र संविधान छ। राष्ट्रपतिको रूपमा गभर्नर र राज्यको न्याय प्रणालीमा सर्वोच्च अदालत पनि हुन्छ ।

**(घ) भौगोलिक प्राकृतिक विशेषता र जलवायु**

अमेरिकन उत्तरी तटदेखि दक्षिणतर्फ शीतोष्ण जलवायु छ भने दक्षिणमा उष्ण तटबन्धिय र पश्चिममा रेगिस्तानबाट बन्ने अर्ध शुष्क जलवायु रहन्छ । पूर्वोत्तरमा आद्र महाद्वीपीय, दक्षिणपूर्वमा आद्र उपोष्ण तटिबन्धीय। क्यालिफोर्नियाको समुद्री तटको जलवायु, भूमध्यसागर तट र प्रशान्त महासागरीय आवृत्तिले जलवायुमा विविधता रहेको छ ।

पूरा देशमा विशाल मैदानी इलाकाहरू छन् ठाउँ ठाउँमा साना पहाड, मझौला र ठुल ठुला पहाडका पर्वतशृङ्खलाहरू छन् । जलवायुका प्रभावका कारण स-साना पहाडहरू र समतल शहर, र मैदानहरूमा पनि हिमपात हुन्छ, कता कतै मात्र भारी वर्षा हुन्छ तर देशभरि नै अधिकांशत कम वर्षा हुन्छ। कहीं छिटपुट वर्षा या नितान्त अल्प वर्षाले गर्दा ठूलठुला मरुभूमिहरू रहेका छन् । टेक्सस र फ्लोरिडा राज्य अपेक्षाकृत गरम प्रदेश हुन भने बाँकी ठाउँ ठन्डा छन् ।



यो हो अमेरिका

कतिपय ठाउँहरूमा ज्वालामुखीका पहाड र यसका चिन्हहरू छन् भने कतिपय ठाउँमा ज्वालामुखीको निरन्तर विस्फोटन पनि देखिन्छ ।

**(ङ) पशुपंक्षी**

चिडियाघरमा बाघ, भालु, बाँदर, वनमान्छे, उदबिलाव, कुकुर, बिरालो, घोडा, हात्ती, गाई, हाँस, सुगा, परेवा, भँगेरा तथा काग आदिका साथै अमेरिकन मूलका पशुपंक्षीहरू पनि देखिन्छन् । भैंसी, राँगा, गधा र खच्चड कतै देखिएनन् । टेक्ससको गाउँतिर, घरदेखि बाहिर यदाकदा एक दुई झिँगा देखिन्छन् तर मानवबस्तीको अरु ठाउँमा सरसफाइले गर्दा झिँगा र लामखुट्टे छैनन् । झूल लगाउने चलन छैन ।

**(च) वन र वनस्पतिको उपलब्धता**

यो भू-प्रदेशमा सल्लाका जङ्गलहरू र युक्लिप्टिस, टिक, केरा, सुन्तला, स्याऊ, रुखे अङ्गुर, बदाम आदि देखिन्छन् । अन्य रुखहरू यसै भूगोलका आफ्नै उत्पत्तिका छन् । हामीहरूका देशमा पाइने साल, सिसम, सिमल, निम, जामुन, बेल, पिपल, काउरो (पकडिया), डुम्री (गुलर), आँप, अम्बा आदि लगभग कुनै पनि जातिका रुख देखिँदैनन् । हाम्रा देशका झार र वनस्पति मध्ये दुबो, दुधिया घाँस, ओइया घाँस, सानो दानाको मकै, ठुलो मकै, भलुही घाँससम्म त देखा परे, गदापुरैना या गजपुरैना या आयुर्वेदिक प्रसिद्ध नाम पुनरनवा झारसँग मिल्दो झार केही ठाउँमा देखिएपनि त्यसको पानको पात जति ठुलो पात भएको झार भएकोले गर्दा पुरैना नै हो होइन ठम्याउन सकिएन । यो झार त्यहाँ प्रायः ठन्डी प्रदेशमा देखा पर्दछ तर अरु झारपात र जडीबुटीहरू देखिँदैनन् ।

तरकारीमा आलु, गोभी, बन्दगोभी, गाँठ गोभी, भन्टा, झिकुनी (लामो भन्टा जस्तो फर्सी), फर्सी, कुभिन्डो, तोरई, घिरौंला, घुइया, करेला, कटहर, गाजर, गन्जी, मुला, ठुलो मकै, लसुन, प्याज, चुकन्दर, रायोको साग, पालुङ्गो, पुदिनाको पात, धनियाको पात, र अन्य के-के सागहरू पाइन्छन् भने लौका, भिन्डी, करेला, परवर, जस्ता तरकारी इन्डियन स्टोरमा पाइन्छन् तर कमै हुन्छ । चाइनिज स्टोरहरूमा चाइना, कोरिया, भियतनामतिरका तरकारी, सुकुटी माछा, झिँगा माछा ताजा र सुकेका पाइन्छन् र अन्य थुप्रै किसिमका जरा, जडीबुटी जस्ता र हामीले नदेखे नजानेका विभिन्न खाद्य सामग्रीहरू पाइन्छन् ।

प्रायः नितान्त कम वर्षाले गर्दा पहाडहरूको थुम्का थुम्की र जङ्गलमा रुख बिरुवाको तल झारपात र झाडीहरू बहुत कम छन् र पहाड र जङ्गलहरू सफा देखिन्छन् ।

**(छ) प्राकृतिक संसाधन**

अमेरिकामा कोइला, तामा, सिसा, मोलिब्डेमन, फोस्फेट, युरेनियन, बक्साइट सुन, फलाम, पारो, निकल, पोटास, चाँदी, जस्ता, टङ्गस्टन, पेट्रोलियम र ग्याँसका खानीहरू छन् । वनजङ्गलको मात्रा पनि पर्याप्त छ । कृषि कार्यमा उपयोगमा नआएको कृषियोग्य भूमि धेरै छ। अन्य खनिज सम्पदाले यो देशलाई बलियो बनाएको छ ।

**(ज) भौगोलिक प्राकृतिक खतरा**

सुनामी, ज्वालामुखी, भूकम्प (खास गरेर प्रशान्त वेसिनका आसपास), अटलान्टिक र मेक्सिकोको खाडीका तटवर्ती क्षेत्रहरूमा हवाई आँधी, समुद्री आँधी, भीषण चक्रवात, मिड वेस्ट र दक्षिण पूर्वमा विशेष बाढी, बबन्डर (Tornado) क्यालिफोर्नियामा बाढी (Mudslides) र वनजङ्गलमा भयङ्कर आगलागिका घटना देखिन्छन् ।

**(झ) पर्यावरणका मुद्दाहरू :**

अमेरिकामा खानेपानीको नितान्त कमी छ। यद्यपि उद्योग र कलकारखानाहरू मानवबस्तीदेखि धेरै टाढा राखिन्छन्। आगो बाल्न, हवन यज्ञ र धूप अगरबत्तीसम्म बाल्न पाइँदैन तैपनि वायु प्रदुषणले गर्दा क्यानाडा र अमेरिकामा अम्लीय वर्षा हुने गर्दछ । यद्यपि अमेरिकामा गाडीहरूले सामान्यतया हर्न बजाउँदैनन्, लाउडस्पिकर र साउन्डहरू बज्दैनन्, तर पनि ध्वनि प्रदूषण छ । अमेरिकामा खाद्य पदार्थदेखि घरमा प्रयोगका सबै वस्तुहरू प्लास्टिक र कागजका प्याकिङ्मा दिने गरेकोले र स्टोरबाट अनलाइन पठाउने स-साना चिजवस्तुका प्याकेट पनि सानो डिब्बामा राखेर डिब्बामाथि मोटा दफ्तीको अर्को ठुलो डिब्बामा राख्ने तलमाथि प्लास्टिकको बेरबार गरेर अकल्पनीय परिमाणमा फोहर उत्पादन हुने गरेकोछ र यो सम्भवत: विश्वको सबै भन्दा बढी फोहर उत्पादक देश बन्न पुगेको छ । सफाई कर्मचारीहरू र फोहर व्यवस्थापन गर्नेहरूको ठुलो मानव समुदाय चौबीसै घण्टा व्यस्त रहन्छन् र फोहरको ठुलो मात्रामा रिसाइकिल हुने गरे पनि फोहरको एक विशाल पहाड हर समय समुद्रमा धकेलिँदै गएकोले समुद्र भरिँदै गएकोछ ।

**(ञ) समयको मापन :–**

हाम्रो देशमा एक स्थानमा जति बजेको छ त्यति नै सबै ठाउँमा बजेको हुन्छ । तर अमेरिकामा भूभागको विशालताले गर्दा यस्तो हुँदैन ।





समयको बारेमा अलि विस्तारमा बुझ्न लाभदायक होला । पृथ्वी आफ्नो धुरी (अक्ष)मा थोरै निहुरेर घुमी रहेको छ, साथै यसले सूर्यको परिक्रमा पनि गरिरहेको छ । यसकारण एकै समयमा पृथ्वीको कुनै भागमा दिन कुनै भागमा रात, कहीँ जाडो त कहीँ वर्षात् र कहीँ गर्मी मौसम भएको हुन्छ र सबै ठाउँमा समय पनि एउटै हुँदैन । कहीँ ६ बजेको छ त कहीँ १२ र कहीँ अरु थोक नै बजेको हुन्छ । एक वैज्ञानिक र सर्वमान्य तरिकाले विश्वमा समयको निर्धारण र विभिन्न देशका समय पद्धतिहरूमा आपसी तालमेल मिलाउनको लागि विश्वका राष्ट्रहरूले वैज्ञानिकहरूको सर्वसम्मतिले लन्डनको Shepherd Gate CoLck लाई आधार बिन्दु र ग्रिनविच नामको ठाउँलाई सेन्टर अर्थात् **जिरो डिग्री** मानेका छन् । त्यस ठाउँमा लगाइएको घडीमा रातको १२ बजेको समयलाई ग्रिनविच मिन टाइम भनिन्छ र पृथ्वीमा उत्तरदेखि दक्षिण ठाडो पारेर बराबर दूरीमा २४ वटा काल्पनिक रेखा खिचेर २४ भाग लगाएका छन् । यी रेखालाई देशान्तर रेखा भनिन्छ ।

एक देशान्तरमा १५ डिग्री हुन्छ र सूर्यको प्रकाशले चार मिनेटमा एक डिग्री दूरी पार गर्दछ । यसरी एक देशान्तरबाट अर्को देशान्तर अर्थात् -"टाइमजोन" को दूरी १५ डिग्रीमा सूर्यको प्रकाश पुग्न एक घण्टा समय लाग्छ । जिरो डिग्रीदेखि पूर्व १८० डिग्रीको दूरीमा पुग्दा १२ घण्टा जोड्नुपर्दछ अर्थात् लन्डनमा राति १२ बजे आइतवार सुरु हुँदा पूर्वी १८० डिग्रीमा आइतवारको दिनको १२ बजि सकेको हुन्छ र जिरोदेखि पश्चिम १८० डिग्रीमा पुग्दा १२ घण्टा घटाउनु पर्दछ। अर्थात् त्यहाँ शनिवारको दिनको १२ बजेको हुन्छ। यसलाई सजिलो गरेर भन्नु पर्दा, पूर्वको अन्तिम छेउमा आइतवार दिनको १२ बज्दा ग्रिनविचमा शनिबार र आइतबारकै मध्यरात १२ बज्ने र पश्चिमको अन्तिम बिन्दुमा शनिवारको दिनको १२ बजिरहेको हुन्छ ।

**विभिन्न टाइम जोनका नाम राखिएका छन् । हामी अमेरिकाको सन्दर्भमा केन्द्रित भएर हेरौं ।**

(१) EST या ET :- Eastern Standerd Time : पूर्वी समय मान । यो अमेरिकको पूर्वीभूमि भागको टाइम जोन हो । यसमा मेसाच्युसेट, न्युयार्क, वासिङ्गटन डिसी, मेरील्यान्ड, भर्जिनिया, फिलाडेल्फिया आदि २३ राज्य छन् । साथै क्यानाडा देशका तीन प्रान्त, मेक्सिको देशको केही भाग, क्यारेवियन र Middle America मध्य अमेरिकामा पनि यसैको उपयोग हुन्छ ।

(२) CST या MT :- Central Standard Time : मध्य समय मान । पूर्व भन्दा एक घण्टा पछाडि सूर्योदयको समय । यसमा अमेरिकाको टेक्सस

राज्यका साथै मेक्सिकोको केही भाग पर्दछ ।

(३) MDLT या MT :- Mountain Day Light Time : पर्वतीय मानक समय । CST भन्दा एक घण्टापछि सूर्योदयको समय । एरिजोना, कोलोराडो, मोन्टाना,र व्योमिङ राज्यहरू । इडाहो, नर्थ डेकोटा, साउथ डेकोटा, टेक्सस, आरेगन र युटा राज्यका केही भागहरू छन् ।

(४) PST या PT Pacefic Standard Time : प्रशान्त महासागरीय मानक समय । यसमा पश्चिमको क्यालिफोर्निया राज्य सहितको क्षेत्र छ ।

(५) AKST या Alaska Standard Time : अमेरिकाको मुख्य भूमिदेखि टाढा समुद्रमा रहेको एलास्का टापु राज्यमा दुई वटा टाइम जोन रहेको छ । एक टाइमजोन Alaska time Zone हो जो Eastern Standered Time देखि चार घण्टा पछाडि छ भने, अर्को Hawaii AleutianTime Zone हो जो Aleutian दीपसमूहमा लागू हुन्छ यो HST भनिन्छ यो Alaska भन्दा पनि एक घण्टा पछाडि छ ।

(६) **AST :** अमेरिकाको पश्चिमी किनाराको भूमिदेखि प्रशान्त महासागरमा २००० माइल टाढा समुद्रमा रहेको हवाई नामको टापु राज्यको मुख्यालय सहितको शहरको समय PST भन्दा एक घण्टा ढिलो छ र सोही राज्यको अझै पश्चिममा रहेको होनुलुलु नामको अर्को टापु शहरको समय अझै एक घण्टा ढिलो छ अर्थात् EST भन्दा ६ घण्टा पछाडि छ । हवाईमा रातको १२ बजि रहँदा न्युयार्कमा बिहानको ६ बजिसकेको हुन्छ ।

यसरी पूर्वी छेउ, मानौं मेसाच्युसेट राज्यको बोस्टन शहरमा र उत्तरी पूर्वी कोस्ट न्युयोर्कमा तथा भर्जिनियामा बेलुकाको ४:०० बजेको छ र आइतबार भइसकेको छ भने हवाईमा शनिबारको रात को १०:०० बज्न लागेको हुन्छ र पश्चिमी तट क्यालिफोर्नियाको सनफ्रान्सिसको शहरमा रातको १२ बजेको आइतबार सुरु हुँदैछ र टेक्ससमा रातको २ बजे आइतबार हुन्छ । Day Light Saving Time DST : जाडो गर्मीको दिन रात छोटो-लामो हुने हुनाले काम गर्ने समयमा सन्तुलन मिलाउन र उर्जा बचतका लागि प्रत्येक वर्ष मार्चको दोस्रो आइतबार रातको २ बजे घडीमा एक घण्टा बढाएर तीन बजाइन्छ । यो day light saving time हो र नवम्बरको पहिलो आइतबारका दिन राति २ बजे एक घण्टा समय घटाएर १ बजाइन्छ । तर हवाई र अरिरजोना राज्यमा कहिले पनि घटबढ गरिँदैन ।

(ट) अमेरिकामा नेपाली बारेमा केही कुराः-

२९ अप्रैल २०२१ मा Pewresearch center को https//www. pewresearch.org.asia इन्टरनेटमा भेटिएको पोस्टका अनुसारः



१, सन् २०१० मा नेपालीको जनसङ्ख्या ५९०००, २०१५ मा १,४०,००० र २०१९ मा १,९८,००० रहेको छ ।

२, अङ्ग्रेजीमा नेपालीहरूको दक्षता
सन् २०१९ मा टोटल ५१%, US born ८५%, Foreign born ४८% रहेको छ ।

३, बसोबासको समयावधि
सन् २०१५ मा ० वर्ष देखि १० वर्ष सम्मका बसोबासीहरू ८३%, १० वर्ष भन्दा बढी समय देखिका बसोबासी १७%, २०१९ मा ७४% रहेको छ ।

४, शिक्षा

| | |
|---|---|
| हाई स्कुल र सो भन्दा कम | ४२% |
| कलेज गएका | १३% |
| व्याचलर | २२% |
| पोस्ट ग्र्याजुएट | २३% |

५, सन् २०१९ मा टप टेन महानगरहरूमा बसोबास गरेको सङ्ख्या क्रमशः :-
१- डेलस, २- न्युयार्क, ३- वासिङ्गटन डिसी, ४-सनफ्रान्सिस्को,
५- बाल्टिमोर, ६- बोस्टन, ७- अटलान्टा, ८-पिट्सवर्ग,
९- एक्रोन ओ एच, १०- सिकागो ।



यो हो अमेरिका

## अध्याय-३
# अमेरिकाको राजनीतिक इतिहास

### खण्ड-१

**अमेरिकाको खोज :**

**माया सभ्यता** : इतिहासले वर्तमानलाई बुझ्ने बाटो बनाउँछ र भविष्यको लागि मार्गचित्र कोर्न मद्दत गर्दछ। यसकारण अमेरिकाको वर्तमान जीवन शैली र परिपाटीका बारेमा जान्न खोज्नेले अमेरिकाको इतिहास पनि जान्न जरुरी छ। अमेरिका, जसलाई आज संयुक्त राज्य अमेरिका USA युनाइटेड स्टेटस अफ अमेरिका र अझ संक्षिप्तमा US मात्र भनिन्छ, यो स्वयंमा एक महादेश जस्तै छ, जसलाई उत्तरी अमेरिका भनिन्छ। यो विशाल भूभागमा कतै महासमुद्र, कतै मरुभूमि, कतै विशाल जङ्गल र नुन तथा घाँसका मैदान छन्।

मानव सभ्यताको विकास क्रममा यो देशको कतिपय ठाउँहरूमा आदिवासी मानिसहरूको बस्ती थियो तर ती बस्तीहरू एक त एक अर्कासँग धेरै टाढा थिए, प्रायः समुद्री किनारा या ठुला नदीहरूको छेउमा पिउने पानी भएको ठाउँ र अलि सुरक्षित समतल मैदानी स्थानहरूमा थिए। लगभग प्राकृतिक जीवनका अभ्यस्त तिनीहरू पशुपालन र कृषि जस्ता पेशाले कबिलाको सरदार या मुखियाको





अगुवाइमा जीवन निर्वाह गर्दथे। आफ्नो सुख दुःख र आफ्ना शत्रु मित्रसँग आफ्नै शक्ति र साधनले निप्टी रहन्थे।

प्रायः संसारकै यही हालत थियो। बाटाघाटा, बिजुली, टेलिफोन र यातायातका साधनहरूको त्यसबेला कल्पना थिएन। आजको अमेरिका, मेक्सिको, ग्वाटेमाला, होन्डरस तथा यूकाटन प्रायद्वीपमा लगभग सबै ठाउँमा एउटै सभ्यता 'माया' सभ्यता थियो। यद्यपि भूगोल र हावा पानी अनुसार विविधता पनि थियो। यो सभ्यता ई.पू. १५०० देखि प्रारम्भ भएको मानिन्छ। ३०० ई.पू. देखि ९०० ईस्वी सम्म यो सभ्यता आफ्नो उन्नत अवस्थामा रहेर ११औँ शताब्दीदेखि यसको पतन शुरु भएर १६०० शताब्दीमा यसको अन्त देखा पर्दछ। यो सभ्यतामा कतै राजा र कतै रानीको शासन थियो।

जब यातायातका उन्नत साधनहरू थिएनन्, सञ्चार साधन नितान्त सीमित र कम थिए तबसम्म यो पृथ्वीमा कहाँ कहाँ मानव बस्ती छ ? र कस्ता मानिस बस्छन् भन्ने कुरा सबैलाई थाहा थिएन। प्रायः नाविकहरू नदी र समुद्रबाट लामा लामा यात्रा गरेर एक ठाउँमा उत्पादित माल वस्तु अर्को ठाउँमा लगेर त्यहाँका उत्पादनसँग साट्ने या हिरामोतीसँग बिक्री व्यापार गर्ने गर्दथे। यसरी समुद्री यात्रा गर्ने व्यापारी या शोखिन तथा जोखिम मन पराउने दुःसाहसी नाविकहरूको माध्यमबाट एक ठाउँको जानकारी अर्को ठाउँसम्म पुग्दथ्यो।

पश्चिमका मानिसहरूले व्यापारीहरूका माध्यमबाट पूर्वमा हिन्द (भारत) दुनियाँको अन्तिम किनारामा बसेको देश हो भन्ने धारणा बनाएका थिए। त्यस्तै केहीले अफ्रिका, युरोप र रसिया, तीन वटा महादेश छन् र चीन दुनियाँको पूर्वी अन्तिम देश (far end of the world) भन्दथे। यस्तै आ-आफ्ना जानकारीका आधारमा धारणाहरू बन्थे, नाविकहरूले नक्शा बनाउँथे र यात्रा गर्ने गर्दथे। धेरै कालसम्म अमेरिका, क्यानाडा र मेक्सिकोलाई एउटै भूखण्ड मान्दथे र त्यस्तै कुरा गर्दा न पश्चिमाहरूलाई र न त पूर्वीयाहरूलाई नै आजको अमेरिका भन्न नाम राखिएको अलग्गै भूखण्डको बारेमा जानकारी थियो।

यद्यपि आज संचार जगतमा विकसित सामाजिक सञ्जाल र इन्टरनेटमा गूगल, कोरा लगायतका साधनहरूद्वारा नयाँ-नयाँ कुराहरूको जानकारी प्रस्तुत गर्ने क्रममा हामीलाई केही सत्य कुराहरूको उपलब्धता त हुने गर्दछ तर कतिपय कुराहरू झुठ्ठा, कपोलकल्पित र सुनेकै आधारमा पनि पस्कने गरेकाले सत्य तथ्य छुट्याउन गाह्रो भै सकेको छ। त्यस कुरालाई मध्येनजर राख्दै सामाजिक संजालले यस विषयमा के दिएको छ पहिले ती कुराहरू पनि अध्ययन गर्न प्रासङ्गिक हुनेछ।

## खण्ड-२

**इन्टरनेटमा गूगल गर्दा भेटिएका लेखहरूमा अमेरिका र विश्व ब्रह्माण्ड**

"वैज्ञानिक मान्यता अनुसार पुरै दुनियाँका सबै मानिस मूल रुपले अफ्रिकाको प्राचीन निवासी हुन् । हिम युगमा करिब ८०,००० वर्ष पहिले अफ्रिकाबाट मानिसको एक कबिला युरोप पुग्यो र युरोपबाट हजारौं वर्षको अन्तरालमा विश्वमा मानिसको फैलावट भयो । भारतको धरतीमा करिब ६५,००० वर्ष पूर्व मानिस पुगेको हो । ४५,००० वर्ष पहिला मानिस अमेरिकन भू क्षेत्र र १०,००० वर्ष पूर्व अस्ट्रेलियन भूखण्डमा पुग्यो ।

भनिन्छ ई.पू. २९ मा चीनबाट कुनै बौद्ध भिक्षु आजको अमेरिकन भूमिको एक ठाउँमा गएको थियो उसले त्यो ठाउँलाई "खुसान" नाम दियो । त्यस ठाउँको नामको चर्चा चीनमा भयो । सन् ४९९ ताका चीनको एक बौद्ध सन्त हवीसैन त्यो किंवदंतिबाट प्रभावित भएर खुसानको खोजीमा निस्के र खुसान पुगे । यस प्रकार खोजीकर्ता ह्वीसेनको नाम अगाडि आयो । यिनी पछि आयरल्यान्डका ईसाई सन्त बेन्डलेनले बाइबलमा वर्णित 'ईश्वर को बगैंचा' खोज्न हिँड्दा आजको अमेरिकाको दक्षिणी तटमा पुगेका थिए । यीनका पछाडि आइसल्यान्ड निवासी ली एम्सिन अमेरिकन भूमिमा खुट्टा टेक्न पुगे त्यसलाई विनल्यान्ड नाम दिए । त्यसपछि चाइनाका जेन नामका घुमन्ते आफ्ना साथी घुमन्तेहरूसँग एक ठाउँमा पुगेका थिए । त्यसको ७० वर्षपछि सन् ४९२ मा स्पेनका क्रिस्टोफर कोलम्बस नामका व्यापारी नाविक ब्लू ओशनको बाटो अमेरिकाको तटमा पुगेका थिए ।

**अमेरिका नाम पऱ्यो** : तर त्यो भन्दा पहिले इटालीका एक नाविक व्यापारी अमरिगो वेस्पुक्की आजको अमेरिकन भूमिमा पुगेका थिए । यो भूखण्डलाई 'नयाँ दुनिया'को नामले चिनियो र यिनको पैतृक नाम 'अमरिगो'का आधारमा यो भूमिलाई **अमेरिका** भनेर नामाकरण गरियो तर कोलम्बसले यो 'नई दुनियालाई' खोज्ने काम मात्र गरेनन् यीनले बाहिरबाट मानिसहरू लगेर अमेरिकन भूभागमा बस्न समेत लगाएकाले कोलम्बसलाई अमेरिकाको खोजीकर्ता भनिन्छ ।"

**कोलम्बसका बारेमा राम्रो धारणा छैन** :- यो लेखकले 'कोलम्बस डे' का दिन क्यालिफोर्निया मा एक नयाँ कुरा सुन्यो । त्यो के भने कोलम्बसको युगमा दासप्रथा थियो र कोलम्बस एक दास व्यापारी थियो । ऊ अमेरिकन भूमिमा आफ्नो दलबल साथ आयो र आफ्ना सैनिकहरूको माध्यमबाट बल प्रयोग गरेर आदिवासीहरूको गाउँमाथि कव्जा गरेर लोग्ने मानिसहरूलाई अति





क्रूरताले कुटपिट गर्ने, रुखमा बाँधेर जिउँदै जलाउने र महिलाहरूलाई नाँगै गरेर वीभत्स तरिकाले ज्यानसम्म लिने गरेपछि कबिलाका मानिसहरू त्राहि-त्राहि गरेर त्यो आततायीका दास बनेर युरोपतिर लगिन्थे । कोलम्बसको नाम कुचक्रीहरूले अगाडि ल्याएका हुन् । क्यालोफोर्नियामा कोलम्बस डे होइन, यसलाई 'नेसनल डे' भनिन्छ भन्ने कुरा सुनियो ।

---

## खण्ड-३

**विदेशी बस्ती बस्न थाले**

नयाँ दुनियाँ जसलाई अमेरिका नाम दिइयो एक विशाल भूक्षेत्र हो । यसको बारेमा कोलम्बसको पुस्तकबाट युरोपबासीहरूलाई जानकारी प्राप्त भयो । युरोपमा आज जर्मनी, पुर्तगाल, फ्रान्स, ग्रेट ब्रिटेन अर्थात् इङ्ल्यान्ड, स्विटजरल्यान्ड आदि २८ देश छन् । यी मध्ये त्यस बेलाका अलि बलिया देश फ्रान्स, पर्तुगाल, ब्रिटेन, स्पेन जस्ता देशका मानिसहरू अमेरिकामा विशाल समतल मैदान, वनजङ्गल, नदी र समुद्रका किनारा, तेल कोइला र खनिज सम्पदाले गर्दा अमेरिका तर्फ आकर्षित भएर त्यतापट्टि लागे । विभिन्न देशका मानिस विभिन्न समुद्री बाटोबाट हिँडे र जो जुन भूखण्डमा पुग्यो त्यसले त्यहीँ आफ्नो निवास बनायो ।

आजको क्यानडा, मेक्सिको, अमेरिका, र दक्षिण अमेरिका र वेस्टइन्डिज आदि पहिले कुनै नाउं थिएनन् सब एउटै भूखण्ड थियो यति विशाल क्षेत्रमा कताबाट को पुग्यो र कहाँ बस्यो यो कुरा बस्नेले मात्र जान्यो अरुले थाह पाउने कुनै साधन थिएन । कोही पूर्वी छेउ, कोही पश्चिमी कोही उत्तरी क्षेत्र र कोही दक्षिणमा बस्न पुगे । जग्गाको अभाव थिएन, अपितु यति विशालतामा को कहाँ बस्न पुग्यो, एक अर्कालाई धेरै समयसम्म थाह नै हुन सकेन ।

यसरी पूर्वी र उत्तर पूर्वी कोस्टमा ब्रिटानीहरूले बसोबास सुरु गरे । सन् १६०७ मा आजको भर्जिनिया राज्यमा जेम्सटाउन नामको बस्ती बसाले । सन् १६२० मा पिलग्राम र मैसाचुट बसाले । कतै पुर्तगाली कतै जर्मन र कतै फ्रेन्च बस्तीहरू बसे तिनीहरूले आ-आफ्नो बस्तीमा आ-आफ्नो देशको झण्डा गाडि आ-आफ्नो देशको शासन प्रणालीसँग मिल्दो आफ्नै तरिकाका शासन व्यवस्था स्थापित गरे । कोलम्बस स्पेनका थिए, यसकारण सर्वप्रथम स्पेनका मानिस अमेरिकी महाद्वीपमा बस्ती बसाल्न हिँडे र तिनीहरूले विशाल भूभाग कब्जा गरे त्यो आजको मेक्सिको, वेस्टइन्डिज, दक्षिण अमेरिका र फ्लोरिडाको रुपमा विकसित भएको हो ।

फ्रेन्चहरू पुगेको ठाउँ क्यानाडा भयो । डचहरूले न्यूयोर्क बसाले । तर विभिन्न दिशाबाट नयाँ दुनियाँ तर्फ हिँडेका मानिसहरूका विभिन्न देश र समुदायका ती मानिसहरूको कतिपयका जहाज समुद्रमा हराए र कतिपय त समुद्रको हावापानीले रोगी भएर मरे । सयौँ वर्ष यस्तै बिते ।

युरोपियन प्रजातिहरू एक आपसमा लड्ने गर्दथे । यिनीहरूको आपसमा र रेडइन्डियनहरूसँगका झगडामा अन्ततः ब्रिटानीहरूको जित भयो र तिनले १७६३ सम्म फ्रेन्च र अरु प्रजातिहरूलाई परास्त गरी क्यानाडा र उत्तरी अमेरिकामा प्रभुत्व जमाए ।

अरु देशका मानिसले बसालेका विभिन्न कोलोनीहरू विभिन्न देशका अङ्गका रुपमा उपनिवेश झैँ विकसित भए र तिनीहरूले आ-आफ्नो युरोपियन देशको सरकारलाई कर तिर्न थाले । ती युरोपियन राज्यहरूले हाम्रो उपनिवेश अमेरिकामा छ भनेर नियम कानुन बनाउन थाले । तर ब्रिटेनको अधीनमा जो भूक्षेत्र थियो या शासन भित्र थियो अथवा उसको दबाब, प्रभावमा थियो, कालान्तरमा सदियौँपछि, धेरै टाढा रहेको ब्रिटेनको दबावलाई नयाँ पुस्ताले सहन असहज मान्न थाल्यो । यसकारण स्वयं ब्रिटानी मूलकै जनताका कालोनीहरू र अन्य देशका उपनिवेशहरू माथि पनि ब्रिटेनको प्रभुत्व छ, हुनु पर्दछ रहनु पर्दछ भन्ने भावनाले ती उपनिवेशका कालोनीमा बस्ने जनता र ब्रिटानी सरकारका बिचमा केही मनमुटाव र असन्तोष जस्ता कुराहरू विद्यमान हुँदै गएको थियो ।

**वेस्ट इन्डियन्स, रेड इन्डियन या इन्डियन्स**

अर्को बहुतै महत्वपूर्ण कुरा विद्यमान थियो त्यो के भने कोलम्बसहरूले अमेरिका पत्ता लगाउनु भन्दा पहिले अमेरिकामा बस्ती नै थिएन मानिस नै थिएनन् भन्ने कुरा होइन । त्यहाँ आदिवासीहरूका स-साना बस्तीहरू थिए, असभ्य, जङ्गली, झोपडीमा बस्ने आदिवासीहरू । तिनको रङ्ग गौर ताम्र वर्ण थियो र अनुहारका ढाँचा/रङ्ग नेपालको दाङका थारु जस्तो लाम्चो अनुहार तथा तिनका माटाका भाँडा गाग्रो, सुराही र जीवजन्तुका मूर्तिहरू हेर्दा प्राचीन थारु बस्तीमा आए जस्तो भान हुन्छ ।

कोलम्बस इन्डस या इन्डिया (भारत) पत्ता लगाउनलाई हिँडेको थियो तर समुद्रमा त्यसले बाटो बिराएछ र ऊ हालको अमेरिका पट्टि लागेछ उसले यो कुरा चाल नै पाएनछ । यसकारण, जब ऊ अमेरिका महाद्वीपको समुद्री किनारामा पुग्यो र मानव बस्ती देख्यो तब त्यसले इन्डिया पुगेको भन्ने ठान्यो र ती आदिवासी मानिसहरूलाई "रेड इन्डियन" भन्यो उसले धेरै पछि यो इन्डिया होइन कुनै नयाँ संसार रहेछ भन्ने जान्यो र इन्डिया दुनियाँको अन्तिम





किनारा हो भनेर युरोप तिरका मानिसहरूको मान्यतामा नयाँ कुराको सुधार आयो र अरु दुनियाँ पनि रहेछ भन्ने कुरा जानकारीमा आयो तर कोलम्बसले इन्डियन भनि सकेकोले ती आदिवासीहरूलाई पछिसम्म र आज पनि इन्डियन भनिन्छन् । यो कुरा माथि भनि सकिएको छ ।

इन्डियनहरू नितान्त जङ्गली अवस्थामा थिए र तिनीहरू भन्दा युरोपियनहरू धेरै जान्ने बुझ्ने र विकसित अवस्थाका थिए । यसकारण युरोपियनहरूले अमेरिकन धर्ती कब्जा गर्दा स्थानीय इन्डियनहरूमाथि आधिपत्य जमाएर तिनलाई दास बनाएर काम गराउन खोजे । दुवै पक्षमा ठाउँ ठाउँमा लडाइँ भए । लाखौं आदिवासी (लगभग ६० लाख) आदिबासी मारिएको अनुमान छ । तिनी मध्ये थुप्रै दास भएर बस्नु पर्‍यो भने जो भागेर दुर्गम स्थानहरूमा गएर लुकेर बसे तिनले जङ्गली अवस्थामा धेरै वर्ष बिताउनु परेको थियो ।

अमेरिकन भूखण्डमा बसाइ सरेर गएका युरोपियनहरूले एक त आफ्ना साथमा थुप्रै रोग महामारीहरू लिएर अमेरिकन भूमिमा गएका थिए भने अमेरिकन हावापानी र स्थानीयताको प्रभावका रोगहरू चेचक, हैजा आदि महामारीका रुपमा फैलिन्थे, ती रोगहरूसँग लड्ने शारीरिक क्षमता तिनको शरीरमा थिएन त्यसकारण रोग लागेपछि महामारी झैं तिनीहरूको गाउँबस्ती नै खतम हुन्थ्यो ।

**अमेरिकन आदिवासीहरूको राज्य :-**

यस भूक्षेत्रमा युरोपियनहरूको कब्जा भएदेखि यहाँका आदिवासीहरूले जनधनको ठुलो क्षति उठाउनु परेको छ र बहुत संघर्षपछि केही कबिलाहरूले आफ्नो पहिचान र स्वायत्तता बचाउन सफल भएका छन् । यीनको बारेमा सङ्क्षिप्त जानकारी लिन उपयुक्त हुनेछ ।

अमेरिकाका यी मूल निवासीहरूलाई अमेरिकन इन्डियन, अमेरिकी आदिवासी, अमेरिकी मूल निवासी, रेड इन्डियन, रेड स्किीन या रेड मैनको नाम दिने गरेको छ । तर विद्वानहरूले इन्डियन भन्नाले भारतीय भन्ने भ्रम पर्ने हुनाले यीनलाई "अमेरिकी मूल निवासी" भन्नुपर्छ भन्ने जोडदार तर्क दिने गरेको इतिहास रहेको छ तर अन्य विद्वानहरूले 'मूल निवासी' शब्द समस्यामूलक छ भन्छन् । किनकि मूल निवासी भनेको 'मा जन्मेको' भन्ने हो । तसर्थ अमेरिकामा जन्मेका सबै व्यक्ति अमेरिकाको कानुन र मान्यतामा अमेरिकाको मूल निवासी हुन्छन् । यस अर्थमा ती प्राचीन आदिवासीहरूको पहिचान हराउने भएकोले ती आदिवासी र अन्य बिद्वानहरूले पहिलेदेखि पहिचानमा प्रयोग हुँदै आएको इन्डियन भन्ने शब्द कै प्रयोग गर्न बढी राम्रो मान्दछन् । यी कबिलाका मानिसहरूलाई जसले मूल निवासी भन्नु पर्छ भनेर वकालत गर्‍यो, त्यसले Native शब्दलाई

Indigenous शब्द मान्यो र यी दुईका बिचको अन्तर नै गर्न सकेन - Indigenous को अर्थ हो देशज । भारत अथवा अन्य कुनै देशबाट आएर अमेरिकन नागरिक भएका मानिस र तिनको वंशज वास्तवमा जो संयुक्त राज्य अमेरिकाको नागरिक छ तिनलाई अमेरिकन इन्डियन या अमेरिकन फलानो देश भनिन्छ र ती वास्तवमा Indigenous (देशज) हुन् । भन्ने अर्थ लाग्ने भयो तर तिनीहरू त वास्तवमा नेटिव हुन् ।

केही विद्वान्हरूले त के पनि तर्क दिन्छन् भने यी मानिसहरूलाई इन्डियन भन्नुको मूल अर्थ अर्कै छ । स्पेनी भाषामा En Dio को अर्थ "ईश्वरमा" भन्ने हुन्छ । यद्यपि अमेरिकी मूल निवासीको भावमा लेख्दा NATIVE AMERICAN, Capital Letter मा लेख्छन् तर जन्मद्वारा मूल निवासी भन्ने अर्थमा लेख्दा "native born small letter मा लेखिन्छ ।

USA मा विभिन्न ठाउँमा प्राचीन कबिलालाई Tribe मानिसहरूको बसोबास छ र साना ठुला तमाम कबिलाहरू छन् जस मध्ये ५६२ वटा कबिलाहरूले स्थानीय सरकारको मान्यता पाएका छन् र कतिपय त आज पनि आफूलाई कबिला घोषित गरी पाउनलाई अदालतमा लड्दै छन् । तिनका भूमि आज पनि अरुहरूले हडपेका छन् र तिनलाई पहिचानको सङ्कटले गर्दा बाच्न गाह्रो भै रहेको छ ।

स्वायत शासनको अधिकार पाएर आफ्नो सरकार बनाएका कबिलाहरूले आफ्नो सरकारको आफैले गठन गर्ने, दीवानी र फौजदारी कानुन बनाएर लागू गर्ने, न्याय गर्ने, कर उठाउने, आफ्नो कबिलाका सदस्यको आवश्यकता पूरा गर्ने, विभिन्न कामको लागि लाइसेन्स र ठेक्का पट्टा दिने, त्यसको नियमन गर्ने, आफ्नो कबिलालाई क्षेत्रबाट निस्कासित गर्ने, आफ्नो शान्ति सुव्यवस्था मिलाउने आदि अधिकारहरू हुन्छन् । यीनलाई अन्य स्वतन्त्र राज्य सरह कुनै कबिला या कुनै राज्यका विरुद्ध युद्धको घोषणा गर्न, मुद्रा निष्काशन र विदेशी व्यवहारको स्थापना र सञ्चालनको अधिकार भने छैन ।

नेपालमा पुष्पकमल दहाल प्रचण्डहरूले अमेरिकाको कबायली राज्यको बारेमा सुने तर कुरा र परिस्थिति तथा भूगोल आदि बारे नुबझेर केवल अरे गरेका भरमा जन जातीय राज्यको कुरा निकालेको अनुमान गर्न सकिन्छ । अमेरिकन कबिला राज्य जस्तो राज्य नेपालमा कठिन छ ।

यसरी अमेरिकी धर्तीमा कबिलाहरूमाथि विजय र नयाँ बस्तीहरूको स्थापनाले कैयौं कालोनी राज्यहरूको अधिपत्य स्थापित हुन पुगेको थियो । यी राज्यहरूमा इन्डियन भनिएका नेटिव अमेरिकन र बाहिरबाट गएर बसेका मानिसहरू सबै हेर्दा खास गरेर तीन किसिमका मानिस अमेरिकामा देखिन्छन् ।





**अमेरिकाका निवासीहरू**

जसरी माथि भनि सकिएको छ

(१) नेटिव अमेरिकनहरू आदिवासी हुन् यीनको आफ्नो छुट्टै संस्कार र संस्कृति छ ।

(२) अमेरिकाको दक्षिणी भागमा प्रायः निखर काला मानिसहरूको बस्ती छ । पहिला यीनलाई निग्रो र ब्ल्याक मेन भन्दथे तर अब "डार्क रङ्गका" भन्दछन् । यीनको समानता र स्वतन्त्रताको इतिहास अगाडि आउने नै छ । यिनीहरूको समाज र संस्कृति आफ्नै किसिमको छ । यी डार्क पिपुलको बस्तीहरू केही त अमेरिका महादेशका हुन् केही अन्य देश र अफ्रीकन राज्यहरूमा पनि यिनीहरूको एक विशाल सङ्ख्या रहेको छ । यी ठाउँ, देश र भूगोलका काला बसोबासीहरू आफ्ना प्राचीन संस्कृति छोडेर क्रिश्चियन भै सकेका छन् भने कोही मुसलमान भएका छन् ।

अमेरिकादेखि बाहिरी देशका कालाहरू पनि अमेरिकामा बस्दछन् ।

(३) अमेरिका माथि युरोपियनहरूको अधिपत्य भएदेखि अमेरिका वास्तवमा एक विशाल पुनर्वासीहरूको देश भएको हो । त्यसपछि आजपर्यन्त पनि American dreams ले दुनियाँको ध्यान आकर्षित गरेकोले मानिसले घरद्वार बिक्री गरेर भएपनि दलालमार्फत् या त ज्यानकै पर्वाह नगरेर विशेषतया मेक्सिकोको बाटो समुद्र तरेर सीमाको सुरक्षा तन्त्र तोडेर खाली हात नाङ्गा खुट्टा अमेरिकाको धर्तीमा पुगेका छन् । वैधानिक भिजा र स्टुडेन्ट भिजा तथा लट्री आदि माध्यमबाट पनि मानिस गएकै छन् । त्यसो हुनाले अमेरिकामा हजारमा नौ सय उनान्सय मानिस विदेशबाट गएर अमेरिकन भएका छन् ।

यो देशका निवासीहरूलाई चार वर्गमा विभाजन गरिन्छ । ह्वाइट भनेको गोरा, डार्क भनेको पहिले निग्रो अथवा हब्सी भन्ने गरिएको हाल काला, हिस्पेनिक भनेको ल्याटिन अमेरिकी देश र म्याक्सिकोबाट गएका मानिस र चौथोमा एसियनहरू ।

**खण्ड-४**

**अमेरिकन गोल्ड रस**

अमेरिकन इतिहासमा Gold Rush गोल्ड रस (सुनको लागि जम्मा भएको भीड)को नामले यो घटना प्रसिद्ध छ । जनवरी २४, सन् १८४८ मा James W. Marshal ले क्यालिफोर्नियाको Sutter;s Mill CooLma मा सुन भेट्टाए । क्यालिफोर्नियाको पश्चिमी समुद्र तटमा सुन खानि छ भन्ने कुरा संसारको जानकारीमा आयो र अमेरिकाको अन्य भाग तथा दुनियाँका मान्छे जो पुग्न

सक्थ्यो, त्यता दगुर्यो । सुन खन्नलाई ३,००,००० मानिसहरू त्यहाँ पुगे । SanFrancisco, Yreka, Shasta, Feather river American river र Coolma मा विशेष गरेर सुन उत्खनन भयो। समुद्र तटका स-साना पहाडहरूमा मानिसको भिड लाग्यो र कालान्तरमा सनफ्रान्सिसको, Placerville, Sacramento, Coolma, Nevada City, Sutter Creek, Sonora, Bodle आदि शहरहरू बसे। यो सुन पाएपछि अमेरिकाले उत्थान र समृद्धिको शिखरमा अचानक तेज छलाङ्ग लगायो र आजको शक्तिशाली अमेरिकाको धरातल त्यस सुनले बलियो बनाउन ठुलो काम गर्‍यो। सुन खन्ने मानिसहरूले बलियो लुगा लगाउने आवश्यकता पर्दा Lee कम्पनीको जिन्स पाइन्टको विकास सनफ्रान्सिसकोमा भयो र पछि दुनियाँमा फैलियो। त्यस्तै कोदाली निर्माता भने विशाल कम्पनीका मालिक भए।

**चाइनिज, जापानी, भारतीय आदि विदेशीहरूको प्राचीन स्थिति**

चाइनिज, जापानी, भारतीय आदि विदेशी काला र ताम्र रङ्गका मानिसहरूले सुरुमा धेरै दुःख पाए। अमेरिकनहरूले तिनीसँग बिलकुल दास जस्तो व्यवहार गर्दथे। चाइनिज र जापानिजहरू त तोकिएको ठाउँभन्दा अलग घर बस्ती नै बसाउन पाउँदैनथे। आज तिनै बस्ती चाइना टाउन, जापान टाउनका नामले प्रसिद्ध छन् र एक ठाउँमा रहे बसेका कारण तिनको आफ्नो भाषा, भेष, संस्कृति यथावत कायम रहन गएको छ। आफ्ना इच्छानुसारका ठाउँमा फैलिएर, टुक्रिएर बस्न नपाउने भन्ने नियम र प्रतिबन्धहरू अन्तमा तिनीहरूका लागि राम्रो हुन पुगेको देखिन्छ।

आज ती बस्ती र बजारहरूमा पुगेपछि अमेरिका जस्तो लाग्दैन, चाइना र जापानमा पुगेको बोध हुन्छ। इङ्लिस मानिस र बोली कता कतै मुस्किलले देखिन्छन्, सुनिन्छन्। भुटानीहरू भूटानबाट देश निकाला भएपछि सन् २०१८ ताका र अफगानीहरूलाई कट्टरपन्थीको भयबाट मुक्ति दिनलाई २०२१ मा लाखौ अफगान मानिस अमेरिका लगिएका छन्।

**विदेशीहरूको वैवाहिक जीवनः-**

यहाँको यस्तो विविधतापूर्ण जनसङ्ख्या जहाँ विश्वका लगभग १९० देशका मानिसको बसोबास छ, विभिन्न काल खण्डमा समूहगत हिसाबमा पनि लगिएका छन् या गएका छन्। जस्तै उखूको खेती गर्नको लागि भारतको पन्जाबबाट शिख र बिहारबाट बिहारी मानिस बोलाइए र तिनीहरू त्यहीँ बसालिए। अमेरिकामा रेलवे लाइन बनाउनलाई चीनबाट मानिस लगिए ती पनि त्यहीँ बसे। त्यस्तै इरानी, जापानीहरू गए र त्यहीँ बसे। काम गर्न भनेर पुरुष गए





या लगिएका थिए जस्तै भारतीय सिखहरू। अमेरिकनले विदेशीहरूलाई लैजाँदा पुरुषलाई मात्र लगे तर ब्राउन स्वास्नी मानिसहरूलाई अमेरिकामा पस्न दिएनन् ।

अमेरिकामा बस्ने अङ्ग्रेज गोरा र तामा रङ्गका स्वास्नी मानिसले यी भारतीय, चाइनिज, जापानी, इरानी आदिलाई पत्याउँदैनथे (आज पनि पत्याउँदैनन्)। साथै यी लोग्ने मानिसहरूलाई सुरुमा त अमेरिकामा विवाह गर्ने अनुमति नै दिएन। यसकारण यिनीहरूले कि त म्याक्सिको राज्यको अमेरिका ड्रिममा पुगेका महिलाहरूसँग दुवैको आवश्यकतावश विवाह गरे कि त अरु त्यस्तै गरिब देशका महिलासँग जोडिए।

**राष्ट्रिय एकता**

यो विविधताले एउटा विचित्रको "एकता" निर्मित गरेको छ प्रत्येक गाउँ बस्ती शहरमा अलग अलग देशका मानिस एक साथ मिश्रित भएर बसेका छन्। केही विशेष बस्तीहरू बाहेक बाँकी सबै ठाउँमा विविधता छ लगभग सबैको छिमेकी कोही अर्कै देशको छ।

त्यस्तै हाई राइज बिल्डिङ्गका अपार्टमेन्टहरूमा दुनियाँका मानिस भेटिन्छन्। कोही चीन, जापान, भारत, नेपाल, इरान, यमन, चाड, जर्मन, फ्रान्स आदि देशका मानिसहरू बसेका छन्। यसकारण, सबैका आ-आफ्ना वेशभूषा, लवाई खवाई भाषा, चाडपर्व अलग-अलग हुन्छन्। बाटो हिँड्दा मानिसहरू आ-आफ्ना भाषामा बोलेर हिँडेका हुन्छन्। ती सबैले आफ्नो पहिचान सहितको परिचय दिन गर्व मान्दा रहेछन्।

नेपालमा पहाडका मानिसहरूको आपसमा भेट हुँदा "तपाइँको पहाड घर कहाँ हो ?" भन्ने प्रश्नदेखि परिचय प्रारम्भ हुने गरे भैं त्यहाँ Where are you from? देखि परिचय अगाडि बढ्ने गर्दछ र I am from Germany, India, Nepal, China आदि भन्ने गर्दछन् र म ईरानी अमेरिकन, चाइनिज अमेरिकन, पाकिस्तानी अमेरिकन आदि आफ्नो देशको नाम बताएर तथा धेरै पुस्ता अगाडि गएकाले पनि त्यस्तै परिचय दिने गर्दछन्। कुनै अर्कै देशको मूल भए पनि कुनै व्यक्तिले अमेरिकन मूलको व्यक्ति भन्दा घटी अधिकार राख्दैन। नेटिव अमेरिकनले पनि अरु देशबाट आएर अमेरिकन नागरिक भएकाहरूलाई तपाइँलाई अमेरिकन अधिकार - "म भन्दा कम त छैन भन्ने गर्दछ।"

(क) यस्तो विविधतापूर्ण जीवनशैलीका बावजुद प्रत्येक अमेरिकन निवासीको एउटा सामूहिक या राष्ट्रीय जीवनशैली पनि छ। यद्यपि अमेरिकन कानुन अनुसार अमेरिकामा इङ्गलिस, स्पेनिस अरबी, र रसियन भाषाहरूलाई

मान्यता दिएका साथै ठाउँ अनुसार अस्पतालको बिल, सार्वजनिक सूचना, उपभोग्य वस्तुहरूको लेबिल, दररेट सूचना, आदिमा इङ्गलिस, स्पेनिस र अरबी या रसियनमा छापिएको हुन्छ, हुनु पर्दछ तर पनि इङ्गलिस सबैको सामूहिक उपयोगको भाषा हो ।

(ख) आ-आफ्ना देशका रेष्टुरेन्टहरूको खाना र स्टोरहरूबाट आफ्नो किसिमका मालवस्तुको खरिद बिक्रीका बाबजुद सामूहिक अमेरिकी जीवनमा उपभोग्य मान्यताका वस्तु, खाना र चिजवस्तुहरू उपभोग गरिन्छन् र प्रत्येक देशका मानिस तितरवितर बस्ने प्रायः एक समूह नबन्ने हुनाले आ-आफ्ना चाडवाड आफ्नै घर परिवार अथवा नजिक भेटिएसम्मका परिवारले मिल्न सके भने थोरै उल्लासमय वातावरणमा अन्यथा खुम्चेर मनाउँछन् तर अमेरिकन मान्यताका चाडपर्व थैंक्सगिविंग, हलोविन, ब्लैक सटरडे, क्रिसमस, न्यू इयर आदिमा सहभागी भएर उमङ्ग, उत्साह र आनन्द सबैले लिने गर्दछन् ।





# अध्याय-४
# अमेरिकाका कलोनीहरू

## खण्ड-१

**दास व्यापारको पहिलो बजार :**

दक्षिण अफ्रिकी मुलुकहरूबाट दासदासीहरू बाहिरी देशमा लगिन्थे र ठूल ठुला हाट बजारमा भेडा बाख्रा झैँ बेचिन्थे । यसै क्रममा सर्वप्रथम सन् १६१९ मा आजको अमेरिकाको भर्जिनिया राज्यको **जेम्स टाउन सिटी**मा दासहरू बिक्रीकोलागि ल्याइए । हुनत युरोपले पनि दास व्यापारमा दासहरू अफ्रिका लगेर बेच्न थालेको थियो । कालान्तरमा दास प्रथा र यसको व्यापार मानिस जीवनमा सामान्य बन्यो र युरोपको पोर्चुगल (पुर्तगाल) देश अफ्रीकन दास व्यापारिक केन्द्र बन्यो ।

**SIR सर** :- युरोपमा सर शव्दको प्रचलन खास गरेर सामन्त, कुलीन घरानिया, धनीमानी, व्यापारीहरूसँग सम्बन्धित थियो । दास व्यापार उन्नत अवस्थामा पुगेपछि दास व्यापारीलाई पनि दासहरूले सर भन्दथे । दास व्यापारी प्रायः क्रूर नै हुन्थे क्रूरता व्यापारीको गुण थियो । तर जेम्स टाउनमा दास व्यापारिक केन्द्र बने पछि सो शव्द दास व्यापारीका लागि प्रयोग हुने रहेछ भन्ने स्थानीयले देखेपछि, दीनहीन दासले मालिकको लागि बोलिने शव्द भनी अमेरिकामा सर शव्द ग्रहण गरिएन । अमेरिकामा आज पनि अरु देशबाट र प्रायः ब्रिटिसको

उपनिवेशबाट गएका मानिसहरूले आफ्नो देशको अभ्यासवश सर बोल्छन् अन्यथा त्यहाँका स्थानीय र जान्ने बुझ्ने मानिसका बिचमा सर शव्दको प्रचलन खासै छैन ।

यस बारेमा भारत इलाहाबाद साकेतनगर सुलेमसारी बस्ने अधिवक्ता अरुण कुमार गुप्तले पनि आफ्नो फेसबुकको पोस्टमा यस्तो लेखनु भएको छ । “SIR शव्दका अर्थ” ..... लेकिन क्या आप जानते हैं सर शव्द का क्या मतलब होता है ? इसका जिस वाक्यका शव्द सङ्क्षेप है, वह पूर्ण वाक्य है "Slave I Remain” (SIR) । जिसका अर्थ है “मैं गुलाम रहुँगा” । अर्थात् जिसको हम सर कहते हैं तो उस व्यक्तिको हम संक्षेप में कहते हैं कि हमको आपकी दासता स्वीकार है । .....ज्ञातव्य हो, अमेरिकी राष्ट्रपतिको भी “मिस्टर प्रेसिडेन्ट” कहकर सम्बोधित किया जाता है सर नही कहा जाता है ।”

**बिचका एटलान्टिक कलोनीहरू:**

आजको पेन्सिलभोनिया राज्यमा विलियम पेन ले सन् १६८१ मा बस्ती बसाल्न सुरु गरेको ठाउँमा युरोपियन, खासगरेर स्काटिस र आयरिसहरूले बस्ती विस्तार गर्न थाले । यसै क्रममा न्युयोर्क र फिलाडेल्फियामा मानिसहरू गएर बसे । न्युयोर्कलाई वास्तवमा डचहरूले स्थापित गरेका थिए । त्यहाँ फ्रेन्च, डेनिस, नर्वेजियन, स्वीडिस, ब्रिटिस (इङ्गलिस), स्कायटिस र जर्मनहरू पनि बस्न पुगे । यो शहर ठुलो व्यापारिक केन्द्र बन्यो ।

**न्यु इङ्गल्यान्ड कालोनीज**

मेसाच्युट्समा कडा जाडो हुने र कृषि योग्य भूमिको अभाव भएको कारणबाट इङ्गलिसहरूले बसालेको बस्तीमा उद्योग धन्धाको विकास भयो, खास गरेर जहाज र डुङ्गा बनाउने कारखानाहरू बने बोस्टन एउटा राम्रो बंदरगाह बन्यो । यस ठाउँलाई सुरुमा न्यू इङ्गल्यान्ड भनियो ।

**दक्षिणी कलोनी :**

न्यू इङ्गल्यान्ड र मिडिल एटलांटिक कलोनी भन्दा दक्षिणको भूभागको भौगोलिक अवस्था निकै भिन्न थियो । न्यू इङ्गल्यान्ड, भर्जिनिया, मेरील्यान्ड, नर्थ र साउथ क्यारोलिना र जार्जिया अधिकांशतया व्यापारिक केन्द्र बने भने दक्षिणका कलोनीहरूले कृषिको विकास र विस्तार गरे ।





**खण्ड २**

**इङ्गलिस कालोनीहरूमा राजनीतिक संस्थाको विकास**

यहाँ बसेका कालोनीहरूमा इङ्गल्यान्डमा प्रचलित केही राजनीतिक मान्यताहरूले स्थान बनाए, जस्तै :

१. प्रतिनिधिद्वारा शासन (प्रतिनिध्यात्मक शासन)।
२. मतदानको अधिकार ।
३. शान्तिपूर्वक विरोध प्रदर्शनको अधिकार ।
४. स्वतन्त्र व्यापारको अधिकार ।
५. प्रजातान्त्रिक मूल्यहरूको प्रचलन ।

यस्ता मान्यताहरूले जरा जमाएकाले यी कलोनीहरूको जीवनशैली प्रजातान्त्रिक बन्दै गयो र यसका निवासीहरूले शान्ति, सुरक्षाको वातावरणमा विकास गर्ने अवसर पाए । जसमा सामूहिक हितको विषयमा समूहमा छलफल हुनुपर्ने, अर्थात् संसदीय प्रणालीको रुपरेखामा हिँड्न राम्रो मानियो ।

**(i)** भर्जिनियामा प्रतिनिधिसभाको सङ्गठन सर्वप्रथम गठन भयो । यसको अर्थ यो भयो कि भर्जिनियाका जनतामा कानुन बनाउन सक्ने योग्यता भएका जनप्रतिनिधिहरूको निर्वाचन स्वतन्त्रतापूर्वक गर्ने क्षमता छ ।

**(ii)** सन् १६३९ मा Connecticut मा आधारभूत आदेशहरू पास गरिए । सन् १६४३ मा New England confederation को स्थापना भयो ।

**(iii)** यसमा Massachusetts Bay, Plymouth, connecticut र New Haven coolnies हरू सम्मिलित भए । यो क्षेत्रीय या प्रादेशिक सङ्गठनको पहिलो प्रयास थियो ।

**(iv)** इङ्गल्यान्डमा सन् १६६० मा पास भएको Navigation Act मा व्यापारिक नीति बनाइयो र कालोनीहरूले “मातृभूमि इङ्गल्यान्ड”लाई मुनाफामा हिस्सा दिइ रहनु पर्ने गराइयो ।

**(v)** कुनै भूक्षेत्रको शासनमा पूर्ण धार्मिक स्वतन्त्रता दिइयो भने कुनैमा राज्यले स्विकारेको धर्मदेखि बाहेकको धर्मलाई प्रतिबन्धित गरियो ।

**(vi)** युरोपियनहरूले आ-आफ्ना संस्कार र संस्कृति लिएर यो भूमिमा आएकाले आफ्नै तरिकाको संस्कृति मान्न थाले । यसका साथै त्यहाँका आदिबासीहरूले मानी आएको संस्कारलाई पनि केही मात्रामा ग्रहण गरे । यूरेपीयन आप्रवासीहरूले सुरुमा त्यहाँका आदिवासीहरूलाई बहुत सताए, हिंसा, हत्या गरे तर कालान्तरमा आदिवासीहरूसँग त्यहाँको हावा, पानी अनुसारको कृषि र बाली नाली लगाउन र स्थानीय रोगहरूसँग लड्न र

निरोग रहने उपायहरू सिक्नुपर्ने बाध्यता भयो र तिनीहरूले आफ्नो जीविका चलाउने र स्वस्थ्य रहने विधिहरू सिके। यसको लागि यिनीहरूले आदिवासीहरूसँग मैत्रीभाव बढाउन र तिनीहरूलाई धन्यवाद दिन एक किसिमले कृतज्ञता प्रकट गरेर मेलमिलापसँग बस्ने भन्ने अर्थमा कृषि उपज खलियानमा आउने समय भनेर सन् १६३१ देखि अक्टुबर महिनाको दोस्रो सोमवारका दिन Thanks giving day मनाउन सुरु भयो जो आज ठुलो चाड मानिन्छ । तर कतिपय आदिवासीहरूले विदेशीहरूले हाम्रा पुर्खालाई फकाएर उल्लु बनाएको दिन हो भनेर यो चाड मान्दैनन् ।

**(vii)** शिक्षाको क्षेत्रमा, अमेरिकन कलोनीमा पहिलो स्थापनाको स्कुल, सेप्टेम्बर ८, सन् १६३६ मा मेसाच्यूट्सको Boston मा Harvard college को स्थापना भयो जो आज दुनियाँको सर्वश्रेष्ठ university (विश्वविद्यालय) हो ।

**(viii)** सन् १६९० मा मेसाच्युटसको Boston मा पहिलो समाचार पत्र प्रकाशित भयो । यद्यपि यो चार दिन मात्र चल्यो । सरकारको स्विकृति बिना अगाडि बढ्न सकेन ।





# अध्याय-५
# अमेरिकन स्वतन्त्रता सङ्ग्राम

### खण्ड-१

(क) **कारणहरू :-** प्रारम्भमा युरोपियनहरूले आजको क्यानाडा, मेक्सिको, दक्षिण अमेरिका र उत्तर अमेरिका सहितको विशाल भूक्षेत्रमा यत्र-तत्र फैलिएर बसोबास गर्दा गर्दै थुप्रै कालोनीहरू बनेका थिए र कालान्तरमा स-साना गणतन्त्र स्वरुपका राज्यहरू बन्दै गएका थिए । पछि गएर क्यानाडा, मेक्सिको र दक्षिण अमेरिकाको भू-भाग अलग-अलग राज्यमा विभक्त भयो र आजको संयुक्त राज्य अमेरिका छुट्टै भूप्रदेश बाँकी रह्यो । यहाँ यही भूप्रदेशको कथा व्यथामात्र दर्शाउन खोजिएको छ ।

(१) आजको अमेरिकाको अधिकांश भूप्रदेशमाथि ब्रिटेनको शासन थियो । अमेरिकन विद्वान बेन्जामिन फ्रेङ्कलिनले अमेरिकाबाट लन्डन धेरै टाढा भएकोले अमेरिकन कलोनीहरूलाई पर्ने समस्या र अप्ठ्याराहरूको समस्त जानकारी लन्डन संसदले राख्न नसक्ने र यथोचित समाधान पनि दिन नसकने हुनाले मेरील्यान्ड, पेन्सिलभनिया, न्युयोर्क र न्यू इङ्गल्यान्डका मानिसहरूले आपसमा विचारविमर्श गरेर साझा कानुनहरू बनाउन राम्रो होला भनेर सन् १६७८ ताका र त्यसपछि

१७४८ ताका Albany plan of union लन्डन पठाएका थिए तर राजाले त्यो प्रस्ताव अस्वीकार गर्दै आएका थिए । यसबाट अमेरिकन कलोनीहरूमा असन्तुष्टि थियो ।

(२) सन् १७५६ देखि १७६३ सम्म इङ्गल्यान्ड र फ्रान्सका बिचमा सात वर्ष युद्ध भयो । त्यसमा यद्यपि इङ्ल्यान्ड विजयी त भयो तर त्यस्को अर्थ व्यवस्था बहुतै जर्जर हुन पुग्यो । सन् १७६० मा गद्दी आरोहण गरेका सम्राट जार्ज तृतीयले देशको अर्थव्यवस्था सुधार्नका लागि कर लगाउने सम्बन्धी नयाँ नयाँ कानुन बनाउन थाले । इङ्ल्यान्डका उपनिवेश राज्यहरूमा ऊन र फलामका चिजवस्तु बनाउन मनाही गरियो र इङ्ल्यान्डमा बनेका चिजवस्तुहरू उपनिवेशहरूमा महँगो दाममा विक्ने भयो । अमेरिकी उपनिवेशहरूले यसको कडा विरोध गरे र ब्रिटिस संसदमा उपनिवेशका जनप्रतिनिधिहरूको उपस्थिति नरहने भएकोले ब्रिटिस संसदले उपनिवेशको प्रतिनिधि बिना कुनै ट्याक्स लगाउन पाउँदैन (No Taxation without representation) भन्ने नारा लगाए ।

(३) आर्थिक क्षेत्रको कुरा गर्दा राजाले सुगर एक्ट १७६४ मा र १७७३ मा Tea Act र अन्य यस्ता कानुन लागू गरे जसबाट कालोनीहरूले ब्रिटेनबाट आएको चिजवस्तु मात्र किन्न पाउने र भारी मात्रामा कर तिर्नु पर्ने प्रावधानहरू थिए। यस्तै राजनीतिक हस्तक्षेप र स्वतन्त्रतामा अवरोध पुग्ने किसिमका कानुन र आदेशहरू ब्रिटेनले पास गऱ्यो । कोलोनीहरूको दमन र शोषणका कानुन र आदेशहरूको लहर नै आयो । जसमा Sugar act 1764, Townshend act 1767, tea acts 1773 प्रमुख थिए।

(४) त्यस्तै राजनीतिक कारणमा Proclamation of 1763, More troops in Boston 1768, Parliament coLses Boston and passes Quartering act 1774, Parliament declares rebellion Massachusetts आदि हुन् । यसमा Boston tea party 1773 को घटना उल्लेखनीय छ। ब्रिटिस चियापत्ती बोकेका तीनवटा जहाज जब बोस्टनको बन्दरगाहमा पुगे तब विद्रोहीहरूले ती जहाजका चियापत्ती समुद्रमा डुबाइ दिए। ब्रिटिस सरकार यस घटनाबाट बहुतै रिसायो र झन् झन् कडा कानुन पास गर्न थाल्यो । मसाच्यूट्सका निवासीहरू माथि कडा कानुन थपिए । त्यस नजिकका अन्य कलोनीहरूले मसाच्यूटलाई सहायता गर्ने वचन दिए र भर्जिनिया उपनिवेशको





परामर्शमा सेप्टेम्बर ५, १७७४ मा फिलाडेल्फियामा यी कलोनीहरू (उपनिवेश)का प्रतिनिधिहरू जम्मा भए । यो सभालाई यस महाद्वीपको प्रथम काँग्रेस First contienental congress भनिन्छ । यो सभाले एक सङ्घको निर्माण गऱ्यो र लन्डन दरबारलाई एउटा बिन्तीपत्र पठायो ।

**(ख) अमेरिकन इतिहासकारहरूले अमेरिकाको इतिहासलाई ५ खण्डमा अध्ययन गर्दछन् ।**

(१) **औपनिवेशिक युग** Coolnial period - यसमा ब्रिटेन, फ्रान्स आदिले आफ्ना कलोनीहरू बसाए ।

(२) **स्वतन्त्रताको घोषणा- Declaration of independence:** अमेरिकन भूमिमा सन् १६१३ का आसपासमा ब्रिटिसहरूले जेम्स टाउन (वर्जिनिया)मा पहिलो बस्ती बसालेकोले करिब डेढ सय वर्षको अन्तरमा सन् १७६३ सम्म उनीहरू आफ्नै तरिकाको जीवनशैली र शासनको अभ्यास गरिसकेका र ब्रिटिस सम्राट त्यहाँबाट धेरै टाढा रहेकाले ब्रिटानी आदेशको परिपालन गराउन जेम्स टाउनका नागरिकहरूको अभ्यास छुट्दै गएको थियो । यसै अवधिमा बनेका कानुन आदेश र बोस्टन टी पार्टी घटनाले आगोमा घिउ हाल्ने काम भयो । फिलाडेल्फिया सम्मेलनबाट पठाइएको विन्तीपत्र सम्राट जर्ज तृतीयले वास्ता गरेनन् र फ्रेन्कलिनले राखेको दोस्रो महाद्वीपीय प्रस्ताव पनि राजाद्वारा अस्वीकृत भयो ।

अन्ततः ४ जुलाई १७७६ का दिन फिलाडेल्फियामा सम्मेलन भयो र यो सभाका सभापति बोस्टनको व्यापारी जान हेनकोक थिए । थोमस जैफरसन, जोन डिकिङ्सन आदिको नेतृत्वमा अमेरिकन स्वतन्त्रताको घोषणा भयो । घोषणा मा १३ कोलोनी राज्यका ५६ प्रतिनिधिले दस्तखत गरे । ती कोलोनी राज्य हुन् :- (१) न्यु हैम्पशायर (२) मेसाच्युट्स बे, (३) ह्रोड आइजल्यान्ड र प्रोवीडेन्स प्लान्टेशन्स, (४) कनेक्टीकट, (५) न्युयोर्क, (६) न्यूजर्सी, (७) पेन्सिलवानिया, (८) मेरी ल्यान्ड, (९) डेलावेर, (१० भर्जिनिया, (११) नर्थ कैरोलिना, (१२) साउथ कैरोलिना, (१३) जार्जिया ।

सम्मेलनको समयमा जर्ज वासिङ्गटन आफ्ना फौजका साथ न्युयोर्कमा रहेकाले घोषणापत्रमा यीनको दस्तखत भने हुन सकेन तर सभापति जान हैनकोकले घोषणापत्रको कपी यिनलाई पठाई दिए र यिनी नै स्वतन्त्रता सङ्ग्राम का कमान्डर बनाइए। यिनको नेतृत्वमा अमेरिकन स्वतन्त्रता सङ्ग्राम लडिएको थियो र सफल भएको थियो ।

(३) **घोषणाका शब्दहरू** :- निम्नलिखित माथिल्ला दुई प्याराग्राफ गुगलबाट यहाँ कपी गरिएको छ :-

When in the Course of human events, it becomes necessary for one people to dissolve the political bands which have connected them with another, and to assume among the powers of the earth, the separate and equal station to which the Laws of Nature and of Nature's God entitle them, a decent respect to the opinions of mankind requires that they should declare the causes which impel them to the separation.

We hold these truths to be self-evident, that all men are created equal, that they are endowed by their Creator with certain inalienable Rights, that among these are Life, Liberty, and the pursuit of Happiness. That to secure these rights, Governments are instituted among Men, deriving their just powers from the consent of the governed. That whenever any Form of Government becomes destructive of these ends, it is the Right of the People to alter or to abolish it, and to institute new Government, laying its foundation on such principles and organizing its powers in such form, as to them shall seem most likely to effect their Safety and Happiness.

Prudence, indeed, will dictate that Governments olng established should not be changed for light and transient causes; and accordingly all experience hath shewn, that mankind are more disposed to suffer, while evils are sufferable, than to right themselves by abolishing the forms to which they are accustomed.

But when a olng train of abuses and usurpations, pursuing invariably the same object evinces a design to reduce them under absolute Despotism, it is their right, it is their duty, to throw off such Government, and to provide new Guards for their future security.

Such has been the patient sufferance of these Coolnies; and such is now the necessity which constrains them to alter their former Systems of Government. The history of the present King of Great Britain [George III] is a history of repeated injuries and usurpations, all having in direct object the establishment of an absolute Tyranny over these States. To prove this, let Facts be submitted to a candid world for the truth of which we pledge a faith yet unsullied by falsehood.





भावार्थ:-

जब, मानिसका लागि प्रकृति र प्रकृतिका नियमहरूमा आधारित रहेको पृथ्वीमा रहेका विभिन्न शक्तिहरूका बिचमा छुट्टै र समान स्थान पाउनका लागि, मानवीय घटनाक्रममा एक व्यक्तिलाई अर्को व्यक्तिसँग जोड्ने राजनीतिक बन्धनलाई टुटाउन आवश्यक हुन्छ, तब मानवजातिको विचारहरूको सम्मानको लागि त्यस्ता शक्तिहरूसँग अलगाव गर्न उत्प्रेरित गर्ने कारणहरू घोषणा गर्नलाई ईश्वरले मानवजातिलाई अधिकार दिनु हुन्छ ।

हामी यी सत्यहरूलाई स्वयंसिद्ध मान्दछौं कि सबै मानिसहरू समान रूपमा सृजना गरिएका छन् र उनीहरूलाई उनको सृष्टिकर्ताद्वारा त्यस्ता अन्तर्निहित र अपरिहार्य अधिकारहरू प्रदान गरिएका छन् जस्मा जीवन रक्षा, स्वतन्त्रता, र आनन्दको खोजीको सुरक्षित गर्ने अधिकारहरू, सरकार र मानिसहरूका बिचमा स्थापित हुन्छन्, ती सरकारहरूले शासितहरूको सहमतिबाट न्यायीक शक्तिहरू प्राप्त गर्छन् । जब कुनै पनि प्रकारको सरकार यी उद्देश्यहरूको लागि विनाशकारी हुन्छ, तब त्यसलाई परिवर्तन गर्ने वा खारेज गर्ने र नयाँ सरकार स्थापना गर्ने अधिकार जनताको हुन्छ । जनताले आफ्नो शक्तिलाई यसरी सङ्गठित गर्नुपर्छ र सरकारको जगमा यस्ता सिद्धान्त राख्नु पर्दछ कि सरकारद्वारा अधिकारहरूको सुरक्षा र आनन्दलाई संरक्षण गरोस र त्यसमा राम्रो प्रभाव पार्ने सम्भावना बढी होस् ।

यद्यपि लामो समयदेखि स्थापित सरकारहरूलाई हल्का र क्षणिक कारणहरूका लागि परिवर्तन गरिनु हुँदैन भनेर हाम्रो विवेकले निर्देशित गर्दछ तर तदनुसारका अनुभवले के देखाएको छ कि मानिस जातिले आफूलाई अभ्यस्त भएका गलत रूपहरू उन्मूलन गरेर ठिक नगर्ने हो भने दुष्ट सरकारहरूले गरिने खराब कामहरूलाई सहन गर्नु पर्दा झन् बढी पीडादायी हुन्छ र हामीले बढी कष्ट भोग्नु पर्ने अवस्था आउँछ ।

जब निरंकुश प्रवृत्तिले एक प्रणालीको रुप लिएर गाली गलौज र सम्पत्ति हडप्ने सिलसिलालाई चिरस्थायी बनाउन पुग्छ, तब जनताको अधिकार र कर्तव्य यो हो कि यस्तो सरकारलाई गिराउन र आफ्नो भविष्यको सुरक्षाको लागि नयाँ संरक्षकहरूको स्थापना गरुन् ।

यस्तै कुव्यवस्थाको रोगले पीडित यी कोलोनीका निवासीहरूको वेदनाले आफ्नो अहिलेसम्मको शासनको सरकार प्रणालीलाई बदल्नको लागि बाध्य गरेको छ । ग्रेट ब्रिटेनको वर्तमान राजाको इतिहास अविरल दुःख पीडा दिने र कब्जाको इतिहास हो, जसको सफा उद्देश्य यी राज्यहरू माथि पूर्ण अत्याचारको स्थापना हो । यो कुरालाई साबित गर्नको लागि तथ्यहरूलाई संसारका सामुन्ने

राख्नु परेको छ । हाम्रो कुरा सत्य र झूठरहित छन् भन्ने कुराको विश्वास दिलाउनलाई हामी सत्य प्रतिज्ञा गर्दछौं ।

***(लामो घोषणाको यो सानो खण्ड मात्र हो)***

यो घोषणाको मस्यौदा थोमस जेफरसनले गरेका थिए र समितिका अन्य सदस्य जोन एडम्स, बेन्जामिन फ्रेङ्कलिन, रोगर सेरमन र रबर्ट लिविङ्गस्टोन ले त्यस्मा शब्दहरू थपघट गरेका थिए। त्यस्मा कांग्रेसका ५५ सदस्यहरूले एक साथ र एक जनाले पछि दस्तखत गरे। ५६ जनाको दस्तखत भयो। जेफरसनले यो घोषणापत्रका शब्दहरू प्रसिद्ध विचारक जोन लक र मन्टेस्क्युको विचारबाट प्रभावित रहेको मानिएको थियो ।

---

**खण्ड-२**

**संविधान निर्माण**

**परिसङ्घ** Confederation – स्वतन्त्रताको घोषणा पश्चात उपनिवेशहरूले एउटा परिसङ्घ बनाएर क्रान्ति सुरु गरे र अन्ततः ब्रिटेन र उपनिवेशहरूका बिचमा ६ वर्षे युद्धको समाप्ति भयो र १७८३ मा ब्रिटिस राजा जार्ज तृतीयले अमेरिकन स्वतन्त्रतालाई मान्यता दिए ।

**वर्तमान संविधानको निर्माण (formation of the confederation)**

परिसङ्घको रुपमा रहेको उपनिवेशहरूले अन्ततः एक राष्ट्रको रुपमा सङ्गठित हुन चाहे। मे २५, १७८७ मा फिलाडेल्फियामा convention भयो, जसको अध्यक्षता जर्ज वाशिंटनले गरे । यो सभामा १३ राज्यका नितान्त बुद्धिमान्, योग्य, कर्मठ र ईमानदार व्यक्तिहरूको भागीदारी थियो, यो सभा अमेरिकाको सौभाग्य बन्न पुग्यो । यसकारण यो सभामा भए गरेका काम कुराहरूले जुन जग बसाले त्यसको परिणाम स्वरुप नै आज अमेरिका विश्व महाशक्ति हुन सकेको हो । जेफरसनले त यसलाई 'देवसभा' नै भनेका थिए । यसमा जेम्स मेडिसन, जार्ज मेसन, बेन्जामिन फ्रेङ्कलिन, एमन्ड रेडाल्फ, जेम्स विल्सन, अलेक्जेन्डर हेमिल्टन, रोबर्ट मोरिस, विलियम स्याम्युअल जानसन, जान डिकिन्सन आदि ख्यातिप्राप्त विद्वान् र कर्मठ देशभक्तहरू थिए ।

यो सभाले सरकारको ढाँचा खडा हुने गरी यस्तो संविधान लेख्यो, जसले समयका साथ उत्पन्न हुने समस्याको समाधान र विकास एक साथ गरोस् । त्यसैले कार्यकारी राष्ट्रपतिको पद राखे र निरोध र सन्तुलन सहितको शक्ति पृथकीकरण सिद्धान्त अपनाउँदै जम्मा ७ धाराको विश्वको सबभन्दा सानो





संविधान बनाए, जसलाई २४ मिनटमा पढ्न सकिन्छ। सेप्टेम्बर १५, १७८७ मा संविधान स्वीकृत गरियो र सेप्टेम्बर १७, १७८७ मा ५५ मध्ये ३९ सदस्यहरूले हस्ताक्षर गरे। अन्य राज्यहरूको स्वीकृति प्राप्त हुँदै जून २१, १७८८ सम्म सबै राज्यले स्वीकृति दिए र मार्च ४, १७८९ देखि संविधान लागु भयो ।

सोही दिन निर्वाचक मण्डलले सर्व सम्मतिबाट जर्ज वासिङ्गटनलाई प्रथम राष्ट्रपति निर्वाचित गऱ्यो । त्यही संविधान आजसम्म बडो सम्मानका साथ चली रहेको छ । हागवुडले यसलाई "हाम्रो समकालीन संस्कृतिको प्रथम आश्चर्य" It is the first wonder of our contemporary culture भन्नु भएको छ। यो देशको विविधतायुक्त भूगोल र थरी थरीका भाषा संस्कृति, धर्म, मान्यता सबैलाई एकसाथ समेट्ने खुबीले गर्दा वास्तवमा यो संविधान विश्वकै लागि एक चमत्कार रहेको छ ।

संविधान निर्माताहरूले थोरै लेखे, एक ढाँचासम्म खडा गरे । बाँकी कुरा भावी पिँढीको आवश्यकता र विवेक माथि छोडेका थिए र यो सानो संविधानको शब्दावली र सोंचले दिएको उपलब्धि हेरेर राजनीति शास्त्रका विद्वान्हरू चकित हुन्छन् र संविधान निर्माताहरूको सराहना गर्दछन् ।

### संविधानको प्रस्तावना

We the People of the United States, in Order to form a more perfect Union, establish Justice, insure domestic Tranquility, provide for the common defence, promote the general Welfare, and secure the Blessings of Liberty to ourselves and our Posterity, do ordain and establish this Constitution for the United States of America.

हामी संयुक्त राज्यका जनताहरू, अझै उत्तम युनियन गठन गर्न, न्याय स्थापना गर्न, घरेलु शान्तिको सुनिश्चितता गर्न, सामूहिक सुरक्षा प्रदान गर्न, सामान्य कल्याणको प्रबर्धन गर्न, र स्वतन्त्रताको आशीर्वाद आफूलाई र हाम्रो वंशजलाई सुरक्षित गर्न, संयुक्त राज्य अमेरिकाको लागि यो संविधान स्थापना गरि यसलाई आत्मसात गर्दछौं ।

## खण्ड-३
## राजनीतिक सङ्गठन र शासकीय स्वरूप

**(A) राजनीतिक दल :**

जर्ज वासिङ्गटन देशमा निर्दलीय व्यस्था चाहन्थे र राजनीतिक दल हुनुहुँदैन भन्थे, यसकारण संविधानमा दलको व्यवस्था गरिएन तर ८ वर्ष भित्रै सरकारको सपोर्ट र विरोधमा दुईटा मानसिकतामा दुईटा राजनीतिक दल स्वतः जन्मे। (१) रिपब्लिकन - जसलाई कन्जरभेटिभ या परम्परावादी भन्छन्। (२) डेमोक्रेट- जसलाई भन्न त प्रजातान्त्रिक भनिन्छ तर व्यवहारमा कम्युनिस्ट नजिकको समाजवादी (सोसलिस्ट) मानिन्छ।

**(B) कार्यपालिका प्रमुख :**

राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचन अप्रत्यक्ष निर्वाचन प्रणालीबाट हुन्छ। दल भित्रैबाट या बाहिरबाट पनि उम्मेदवार हुन पाइन्छ। डोनाल्ड ट्रम्पले झैँ पार्टीमा कुदेर आफ्नै बल बुतामा टिकट लिएर चुनाव लडे। पार्टीले टिकट दिने चलन छैन। लड्न सक्नु पर्दछ। यिनको कार्यकाल ४ वर्षको हुन्छ।

**(C) व्यवस्थापिका:**

व्यवस्थापिकाका दुई सदन छन् ५० राज्यबाट २ जनाका दरले १०० जना सिनेटरको अपरहाउस। यो व्यवहारमा पनि विश्वकै बढी शक्तिशाली सदन हो र सिनेटरको कार्यकाल ६ वर्षको हुन्छ। तल्लो सदन- हाउस अफ रिप्रिजेन्टेटिव र यसका प्रतिनिधि पनि जनताद्वारा नै चुनिन्छन् यिनको कार्यकाल २ वर्षको हुन्छ।

**(D) सङ्घीय न्यायपालिका -'सर्वोच्च अदालत'**

यसका न्यायधीश उच्चकोटिका विद्वान्हरू मध्येबाट आएका हुन्छन् र जीवनभर कार्यरत रहन्छन्। कि त राष्ट्रपति झैँ महाभियोगबाट मात्र हटाउन सकिन्छ।

**(E) विचित्रको तालमेल**

नयाँ राष्ट्रपतिले जनवरी २० तारीखका दिन शपथग्रहण गर्दा तल्लो सदनको एक वर्ष पुगेको हुन्छ र एक वर्ष बाँकी रहन्छ। राष्ट्रपति एक पार्टीको भयो र यो सभामा बहुमत अर्कैको भयो भने र,

(क) राष्ट्रपतिले राम्रो काम गर्दैन भने यिनले बजेट कटौती या 'सरकार बन्द' गरेर राष्ट्रपतिलाई बाटोमा ल्याउँछन्। महाभियोग प्रस्ताव उठाउन सक्छन्।



यो हो अमेरिका

(ख) राष्ट्रपतिले राम्रो काम गर्न चाहन्छ तर तल्लो सदनले त्यतिकै बाधा दिन्छ भने राष्ट्रपतिले जनतामा वास्तविक कुरा राख्छ र थोरै समय पछि हुने चुनावमा जनताले राष्ट्रपतिकै पार्टीका सांसदलाई जिताएर सन्तुलन बनाई दिन्छन्।

(ग) दुवै सदन र राष्ट्रपतिले संविधान या जनमतको अवहेलना हुने गरी कानुन या आदेश जारी गरेमा सर्वोच्च अदालतले बदर गरि दिन्छ।

(घ) न्यायाधीशले बदमासी गरेमा व्यवस्थापिकाले महाभियोग लगाउन सक्छ। यो फ्रेन्च दार्शनिक मान्टेस्क्युको सिद्धान्त Sepretion of power मा with check and balance थप गरेर अमेरिकन धर्तीको लागि प्रतिपादित यो विचित्रको सिद्धान्त र समय समयका नेताहरूको विवेकपूर्ण व्यवहारले गर्दा अमेरिकाले हर परिस्थितिमा आफ्नो रक्षा र उन्नति गर्न सफल भैरहेको छ।

**(F) निर्वाचन :**

(क) यहाँ अन्य देशको जस्तो होहल्ला र भागदौडको निर्वाचन छैन। राष्ट्रपति उपराष्ट्रपति अमेरिकाको जन्मजात नागरिक हुनुपर्दछ। आमा बाबु कहाँका र कुन मूलको भन्ने कुरासँग मतलब हुँदैन।

(ख) बाँकी सांसद, न्यायधीश, महान्यायाधिवक्ता आदिका लागि अंगीकृत या बंशज जन्मसिद्धको मतलब हुँदैन।

(ग) मेयर जस्तो शक्तिशाली पद र वार्ड अध्यक्ष (वार्ड सुपरवाइजर भनिन्छ) नागरिक नभएपनि केवल अमेरिकाको ग्रीनकार्ड पाएको निवासी मात्र भए पनि पुग्छ। स्थानीय चुनाव पार्टीगत हुँदैनन्। कोही उम्मेद्वारको पछाडि पार्टी हुन सक्छ। तर सामन्यतया यस्तो हुँदैन र यसमा देशको नीति निर्माण जस्तो कुरा नहुनाले पार्टीको खासै अर्थ नै छैन।

(घ) सरकारी वकिल र न्यायधीश पनि विशेष प्रक्रियाले निर्वाचित हुन्छन्।

(ङ) उम्मेद्वारले आफ्नो परिचय घोषणापत्र आदि निर्वाचन आयोगमा बुझाउँछन्। आयोगले त्यो सबै समेटेर मतदानको समय स्थान आदि उल्लेखित विस्तृत पुस्तक तयार गरेर मतदाता प्रत्येकलाई घर ठेगानामा पठाउँछ र मतदाताले उम्मेदवार बारे पढेर, जाने बुझेर मतदान गर्दछन्। प्रचारमा सभा, गोष्ठी, घर-घर जाने प्रचलन छैन। कहिले काहीँ त चिठ्ठा परेझैं हुन्छ।

(च) अमेरिकामा पनि जेरी मेन्डरिन छ। सांसदको लागि निर्वाचन क्षेत्रको सिमानामा हेरफेर गरेर या आफ्ना समर्थक हुन सक्ने मतदाताको बस्ती बसालेर निर्वाचन परिणाम आफ्नो पक्षमा लिन खोज्छन्।

(छ) कम्युनिस्ट देशहरूको पद्धति र व्यवहारबाट हैरान भएर परतन्त्रता महसूस गरेर अमेरिका गएर बसेका मानिस अमेरिका पुगेपछि खुला वातावरण र कन्सरवेटिवलाई मन पराउँछ भने मेक्सिको, दक्षिण अमेरिकी, नेपाल र अफ्रीकी राज्यबाट गएकाहरू वामपंथी अमेरिकन डेमोक्रेटको होहल्ला, आकर्षक नारा र मन लोभ्याउने कुराकानी भत्ता, बिमा, अन्य निःशुल्क सुविधा आदि कुराको चकाचौधमा सुरुमा डेमोक्रोटप्रति बढी आकर्षित हुन्छन् तर पछि कुरा बुझ्छन् र रिपब्लिकतिर या स्वतन्त्र हुन्छन् र चुनाव ताका कुरा बुझेर मतदान गर्छन् । यसरी स्वतन्त्र विचार राख्ने, पार्टीमा आस्था राखेर डेमोक्रेट अथवा रिपब्लिकमा आस्थावान त हुन सक्छन् तर पार्टीमा आस्थावान हुनुको मतलब हाम्रो जस्तो पार्टीको पछि लाग्दैनन्, चुनावमा मतसम्म हाल्छन्, अरु कुरामा खासै चासो हुँदैन, फुर्सद नै छैन ।

(ज) निर्वाचित भएका वार्ड अध्यक्ष - मेयरहरूसँग सामान्य जनताको परिचय, भेटघाट, सम्पर्क, भलाकुसारीको मतलब नै हुँदैन । अफिसियल काम सिस्टम अनुसार हुने गरेकोले नेता गुहार्ने चलन नै छैन भने सांसद मन्त्रीसँग पनि सामान्य जनतालाई परिचय र प्रत्यक्ष कुनै मतलब नै हुँदैन ।

(झ) हाम्रो जस्ता प्रदेश जिल्ला छैनन् । अमेरिका पचास वटा राज्यहरूमा विभाजित छ भने राज्यहरूलाई county मा बाँडिएको छ । यसरी तीन तहको सरकार छ र जनजातीय राज्य जहाँ छ त्यहाँ त एक राज्यमा दुई देश भन्न सकिन्छ । काउन्टीलाई वार्डमा बाँडिए पनि वार्ड लेख्ने बोल्ने चलन छैन । स्ट्रिट र घर बिल्डिङ्गको नम्बरबाट नै ठेगाना निर्धारित हुन्छ । उदाहरणको लागि "रमेश चन्द्र, ५५, जेक्सन सनफ्रान्सिसको, जिप कोड ९४.......CA, USA" । यस्तो लेखे पुग्छ । टाढाबाट पठाईने हुलाक पत्रको लागि भरसक जिपकोड लेख्नु पर्दछ ।

(ञ) एक काउन्टीभित्र एक या बढी शहर र ग्रामीण क्षेत्र हुन सक्छ । काउन्टीका मेयर, सरकारी वकील, शेरिफ र जज जनताबाट निर्वाचित हुन्छन् । यीनलाई जनताले Recall (फिर्ता बोलाउन सक्ने) गर्न सक्छ । मेयर स्थानीय प्रशासनको केन्द्र हुन्छ । सङ्घीय अदालतका न्यायधीश र प्रमुख सरकारी वकील सङ्घीय राष्ट्रपतिद्वारा मनोनित हुन्छन् । यी रिकल हुन सक्दैनन् । प्रमुख सरकारी वकीलका मातहतमा पचासौं सहायक सरकारी वकील वैतनिक सेवाका हुन्छन् । सरकारी मुद्दाको लागि प्रमुख सरकारी वकील बहुत शक्तिशाली हुन्छ । प्रहरी उसको आदेश मान्न बाध्य हुन्छ ।



**यो हो अमेरिका**

**सोसलिष्ट राज्य** : अमेरिका सिद्धान्त र थुप्रै काम कुरामा यद्यपि पूँजीवादी अर्थव्यवस्था स्वीकार गरेको राज्य हो तर सामाजिक सुरक्षा र मानवीय संवेदनाको आधारमा अमेरिका अघोषित सोसलिस्ट राज्य पनि हो । काम गर्न नसक्ने असमर्थ या काम नगर्ने, या काम नपाएको परिवारलाई र १८ वर्ष भन्दा माथिको बेरोजगार व्यक्तिलाई पनि खाना खानको लागि सरकारले सन् १९६० देखि भत्ता दिने गरेकोछ । यसको अलावा जति सुकै धनी भएपनि ६५ वर्ष पुगेपछि उसको खातामा जेष्ठ नागरिक भत्ता स्वतः पुगी रहन्छ । नागरिक र स्थायी निवासीले यस्ता सुविधा माग्न गई रहनु पर्दैन । सरकारी नियमका फार्म भर्दै र कतिपयले त केही नगरेरै उसको खातामा सुविधा रकम आई रहन्छ । यहाँ प्रत्येक व्यक्तिको बैङ्क खाता नम्बर हुन्छ र सरकारलाई आवश्यकता पर्दा सबको खाता नम्बर जानकारीमा लिएर काम गर्दछ । कुनै कार्यालय या बैङ्क खोज्नु या जानु पर्दैन ।

(G) Secular State **पन्थ निर्पेक्ष राज्य** :

**धार्मिक केन्द्र र अभ्यास** :

अमेरिका सिद्धान्तमा धर्म निरपेक्ष तर व्यवहारमा धर्मसापेक्ष क्रिस्चियन राज्य हो । तर यहाँ सबै धर्मलाई पूर्ण धार्मिक स्वतन्त्रता छ र अर्काको धर्मलाई प्रभावित पार्ने गरी धार्मिक अभ्यास गर्न पाइँदैन । मन्दिर मस्जिद आदि कुनै धर्मस्थलहरूमा साउन्डबक्स र माइकको प्रयोग भित्रकै लागि मात्र लगाउन सकिन्छ तर बाहिर लाउडस्पिकर लगाउन पाइँदैन । मन्दिरमा हवन यज्ञ गर्नलाई धुवाँ नउठ्ने गरी विशेष प्रबन्ध मिलाएर स-साना यज्ञ हुन्छन् र धूप अगरबत्ती प्रायः जलाइँदैन । यदि जलायो भने नाम मात्रको जलाइन्छ, धुवाँ उठेर छतमा लागिरहेको सेन्सरमा छुन गएमा एलार्म बज्ने र फायर ब्रिगेड आई पुग्ने खतरा हुन्छ । मन्दिर मस्जिद र गुरुद्वाराहरूमा भित्र आ-आफ्ना तरिकाको धार्मिक अभ्यास, भजन, कीर्तन, पूजा, रोजा नमाज, प्रार्थना परिक्रमा भोज भण्डारा गर्न पाइन्छ । होहल्ला गर्न पाइँदैन । तात्पर्य के भने भित्र धार्मिक अभ्यास आफ्नो तरिकाले गर्न पाइन्छ तर बाहिरी तवरबाट सरकारी नियमभित्रै रहनु पर्दछ ।

**अमेरिकाको प्रमुख शक्तिकेन्द्र कहाँ छ ?**

अमेरिकालाई हाँक्ने प्रमुख शक्ति संबिधान हो, कोहीले राष्ट्रपति हो भन्छन् । डिफेन्स र फार्मेसी पनि चर्चामा आउँछन् । सँधै काममा व्यस्त रहने जनतालाई आफ्नै छिमेकदेखि देशसम्मको हाल खबर थाहा पाउने एक मात्र माध्यम समाचारपत्र र टेलीभिजन भएकोले पत्रकारिता पनि अमेरिकाको ठुलो शक्ति मानिन्छ । तर राष्ट्रपति ट्रम्प हमेसा यिनीहरूका विरुद्ध बोल्ने गरेको र युद्ध तथा

कोरोनाको समयमा त फार्मेसी विरुद्ध पनि बोल्न पुगेकाले सन् २०२१ को राष्ट्रपतीय निर्वाचनमा समाचारपत्र र त्यसमा पनि फेसबुक र ट्वीटर जस्ता वामपन्थी सामाजिक सञ्जालले जुन भूमिका खेले त्यसले नै डोलाल्ड ट्रम्पको दोस्रो पटकको निर्वाचनमा हार गराएको भन्ने कुराले सोसल मिडिया र पत्रकारिता जगतको शक्तिलाई उजागर गरेको छ । यी कुराहरूलाई मध्येनजर राखेर अमेरिकन विश्लेषकहरूले देशभित्र पत्रकारिता क्षेत्र र अन्तर्राष्ट्रिय जगत् समेतलाई प्रभावित पार्ने शक्ति डिफेन्स र फार्मेसी दुई तत्वलाई मान्दछन् । यसको विश्लेषण हेरौँ ।

अमेरिकाले पूँजीलाई सर्वोच्च मानेर हिँडेँको देश भएकोले पूँजीपतिहरूकै सर्वोपरी छ । जसले गर्दा देशमा यसो हेर्दा तीन किसिमका तर वास्तवमा दुई किसिमका मात्र मानिस छन् ।

१. **पूँजीपति** : यसमा तह जरुर छ तर साना पूँजीपति अर्थात व्यापारी व्यवसायीको कामबाट अन्तिम र बढी फाइदा ठुलाले नै पाउने हो । स्वतन्त्र रुपमा पूँजी खेलाउनेहरूको वर्ग पछि दोस्रो वर्ग हेरौँ ।
२. विश्वविद्यालय या सरकार कतैबाट अनुदान सहयोग पाएर अध्ययन अनुसन्धानमा लागि रहेका व्यक्ति,
३. (क) ह्वाइट कलर जब (अफिसियल र त्यस्ता आरामदायक काम जसबाट पसिना आउँदैन र सर्टको कलर कालो हुन पाउँदैन सुकिलो रहन्छ) का डाक्टर, इन्जिनियर, प्रोफेसर, वकिल, कम्पनीको तलबमा अनुसन्धानकर्ता र वैज्ञानिक, बुद्धिजीवी, नोकरशाह, राजनीतिक नेता र कार्यकर्ता (यिनीहरूका आ-आफ्ना व्यवसाय हुन्छन्),

   (ख) **ब्ल्यूकलर जब** - (त्यस्ता मेहनतका काम जसबाट पसीना आउँछ र सर्टको कलर कालो फोहर हुन पुग्छ, प्रायः निर्माण र लेबर काम गर्नेहरू) ती सबै कोही सङ्गठित कम्पनीका सदस्य, हिस्सेदार या नोकर हुन्छन् । कम्पनी नबनाएर पूर्ण स्वतन्त्र र एकलै काम गर्ने मुश्किलले कोही हुन्छ । यसरी सामान्य बोलचालमा भन्नु पर्दा कि व्यवसायी कि कसैको नोकर भनेर प्रमुखतया दुई वर्ग भन्न सकिन्छ ।

यसरी अन्तिम सत्ता पुँजीमा पुग्छ । पुँजीपतिले सब भन्दा बढी मुनाफा पाउने उद्योग भनेको हतियार उत्पादन हो । तर तार्किक रुपमा उत्पादित हतियार बेच्नलाई संसारमा युद्ध भइ रहन जरुरी हुन्छ । युद्ध हुने रणकौशल पनि गर्नुपर्दछ । दोस्रो शक्ति हो फार्मेसी अर्थात् औषधिको निर्माण र बिक्री । यो व्यवसाय चल्नको लागि पनि तार्किक रुपमा रोग लाग्नु पनि पर्‍यो र महामारीहरू पनि फैलिनु पर्‍यो । सन् १९८० को दशकमा बच्चा बुढा सबैका लागि मिलाएर जम्मा १० वटा भ्याक्सिन थिए अहिले ७६ वटा भ्याक्सिन छन् भनिन्छ । केही



समयमा यिनको सङ्ख्या १०० पुग्दै छ । यसरी लेखकको विचारमा अमेरिकाको महत्वपूर्ण शक्ति डिफेन्स र फार्मेसी हुन् । यी दुई शक्तिले कूटनीतिक राजमार्गमा यात्रा गर्दछन् र अमेरिकाले यिनै दुईटा शक्तिबाट पूरा दुनियाँलाई ढाकेको छ ।

## खण्ड-४
## गृहयुद्ध र दास प्रथाको समाप्ति

### गृहयुद्धका कारणहरू

संयुक्त राज्य अमेरिकाले विश्वको पहिलो लिखित संविधान बनायो र सङ्घीय शासन प्रणालीको स्थापना गर्‍यो । यसको उत्तरी भागमा रहेका राज्यहरू उद्योग, व्यापार र व्यवसायमा रहेकाले तिनीहरूको उन्नति प्रगति राम्रो थियो, जीवनशैली र सोच विचार प्रगतिशील थियो । उनीहरूको उत्पादित मालवस्तुको लागि स्वदेश र विदेशमा बजार र कच्चा पदार्थको लागि सहज वातावरणको आवश्यकता थियो । यसकारण यिनीहरूले अमेरिकाको सङ्घ प्रणालीलाई बलियो बनाउन चाहन्थे । यस क्षेत्रमा दासहरूको आवश्यकता नभएकोले दासको उपस्थिति कता कतै मात्र थियो र जो थियो त्यसमा पनि स्वतन्त्रता नै थियो । कोही दास भागेर यिनी कहाँ गयो भने यिनीहरूले समातेर मालिकलाई दिँदैनथे, अपितु शरण दिन्थे, यसकारण यिनीहरू दास प्रथाको उन्मूलन गर्न चाहन्थे । कानुन अनुसार राज्यहरूले आ-आफ्नो कानुनमा यसबारे निर्णय लिन त सक्दथे तर यिनीहरूले संघले एकै साथ सबै राज्यको लागि कानुन बनाओस् भन्ने चाहन्थे । अमेरिकन इतिहासमा यिनलाई औपचारिक रुपमा UNION अर्थात् सङ्घीय भनिन्थ्यो भने अनौपचारिक रुपमा यान्की (YANKEE) भनिन्थ्यो ।

दक्षिणी भागमा रहेका राज्यहरू कृषि प्रधान थिए । कपास र उखुको खेती विशेष हुन्थ्यो । कृषि मसिनको त्यति अविष्कार भैसकेको थिएन । खेतीका लागि श्रमिकहरूको आवश्यकता थियो यसकारण धेरै पहिलेदेखि र विशेष गरेर सन् १७९३ ताका कपासको बिउ सफा गर्ने र पेल्ने मसिनको काममा दक्षिण अफ्रिकाबाट दासहरूको पैठारी भयो । कामका हिसाबले यिनीहरू दक्षिण अमेरिकामा बस्न पुगे । दासहरूको किनबेच हुन्थ्यो । भाग्ने दासलाई पक्रेर दण्डित गर्दथे । संयुक्त राज्य अमेरिकाको दक्षिणी भेगमा थुप्रिएका यी कालाहरूले सन् १८६१ देखि समानताको अधिकारको लागि संघर्ष गर्न थाले ।

उत्तरी राज्यहरू भन्दा यी दक्षिणी राज्यहरूको आवश्यकता र परिस्थितिहरू भिन्न थिए र यिनीहरूले संघबाट बाहिरिएर आपसमा मिलेर एक अलग्गै परिसंघ बनाउन चाहन्थे । जसमा दास व्यापार समेतका योजनाहरू थिए । यी राज्यहरूलाई



यो हो अमेरिका

Confederacy अर्थात् परिसङ्घीय भनिन्थ्यो र अनौपचारिक मा यिनीहरूलाई REBEL अर्थात् विद्रोही या DIXIE डिक्सी भनिन्थ्यो ।

यसकारण यो गृहयुद्ध दास प्रथाको विरुद्धमा लडिएको हो भन्ने मात्र थिएन, यसमा आर्थिक र सामाजिक सबै मुद्दाहरू समाहित थिए । उत्तरी र दक्षिणी राज्यहरूका बिचमा आर्थिक विषमता, दासप्रथा, अमेरिकी सङ्घमापछि जोडिँदै आएका राज्यहरूको स्तर अर्थात् स्वतन्त्र राज्य कि दास राज्य ? (यसबाट संसदमा प्रतिनिधीको सङ्ख्यामा अन्तर हुन जान्थ्यो) आदि ।

डेमोक्रेटिक पार्टी जसलाई अमेरिकामा लिबरल या सेमी कम्युनिस्ट पार्टी भनिन्छ, यसमा अधिकांश गोरा जमिनदार र व्यापारीहरू थिए, यसकारण तिनले कालाका अधिकार र मागको विरोध गर्दथ्यो र श्वेत (गोरा)हरूको एकाधिकारको समर्थन गर्दथ्यो । तर रिपब्लिकन पार्टी लिङ्कन पार्टी जो प्रजातान्त्रिक तर पूँजीवादी व्यवस्थाको समर्थक थियो, यो गोरा पार्टीले कालाहरूको समान अधिकारको समर्थन गर्दथ्यो ।

### गृहयुद्ध र परिणाम

नोवेम्बर १८६० को निर्वाचनमा रिपब्लिकन पार्टीका अब्राहम लिङ्कन राष्ट्रपति निर्वाचित भए र जनवरी १८६१ मा कार्यभार सम्हाले । दक्षिणका राज्यहरूले अप्ठेरो माने र कैरोलीना राज्यले फरवरी १८६१ मा आफूलाई सङ्घदेखि अलग भएको घोषणा गरि दियो । लगत्तै मिसिसिपी, टेक्सस, लुजियाना, फ्लोरिडा, जार्जिया र अलबामाले पनि सङ्घदेखि अलग भएको घोषणा गरे र छुट्टै सङ्घ बनाएर जेफरसन डेविडलाई राष्ट्रपति बनाए । उनीहरूले संविधानमा सङ्घ राज्यमा कोही राज्य सम्मिलित हुन सक्ने लेखिएको तर अलग हुन नलेखिएकोले यो उसको अन्तरनिहित विशिष्ट अधिकार हो र जहिले पनि अलग हुन पाउँछ भनेर व्याख्या गरे । अदालतले पनि त्यही भन्यो तर लिङ्कनले भने कि संविधानमा जे लेखेको छ त्यो राज्यको अधिकार हो तर नलेखेको, बाँकी सब सङ्घको अधिकार हो । अलग हुन पाउने भनेर नलेखेकोले अलग हुन मिल्दैन । मैले सपथ लिंदा समस्त राष्ट्रको रक्षाको सपथ लिएकोले सङ्घको रक्षा मैले गर्नै पर्दछ । यसरी सङ्घ राज्य र उद्योगी व्यवसायी, दासप्रथा विरोधी उत्तरी राज्यहरू एकातिर भए र दास प्रथा समर्थक कृषक, बाहिरी देशहरूसँग बहुत घुलमिल मन नपराउने दक्षिणी राज्यहरूसँग युद्ध भयो । लिङ्कनले १९६१ मै दासप्रथाको उन्मूलनको घोषणा गरि दिए र सङ्घीय एकताको लागि लड्दै रहे । यिनको सुझबुझ, दूरदर्शिता र नागरिक भावनाले ठुलो काम गऱ्यो । कालान्तरमा दक्षिणका सर्वमान्य नेता रोबर्ट ई ली ले आत्मसमर्पण गरे र सन् १८६५मा सङ्घ शक्तिको विजय भयो, १२ अप्रिल १८६१ देखि चलेको यो युद्ध चार वर्ष तीन महिना सात दिन चल्यो र ९ मे १८६५ मा सकियो ।





लिङ्कनले दासप्रथाको उनमूलनको कानुन बनाए । युद्ध गर्ने पक्षहरूसँग पनि नरम नीति अपनाए । नयाँ राज्यहरूको सम्मेलनमा सबैको समानताको लागि संविधानमा संशोधन भयो । कोही राज्य संयुक्त राज्य अमेरिकामा सङ्घबद्ध हुन सक्ने तर सङ्घबाट अलग हुन नसक्ने भन्ने कुरा यस युद्धबाट सुनिश्चित भयो । सङ्घ बलियो भयो । तर १५ अप्रिल १८६५ मा नै जोन विस्कस बुथ ले अब्राहम लिङ्कनको हत्या गरिदिएकाले उनका अन्य योजनाहरू कार्यान्वित हुन पाएनन् ।

## खण्ड-४
## अश्वेत आन्दोलन

### अफ्रिकी अमेरिकी नागरिक अधिकार आन्दोलन १९५५-१९६८

(क) आन्दोलन

दासप्रथा जुन भूगोलबाट चलेपनि र जहाँ-जहाँ प्रचलनमा आए पनि यो नारकीय जीवन पशु जीवनभन्दा पनि तुच्छ बनाइएको थियो । कहाँसम्म भने ती बिचरा काला दासहरूको आफ्नो कुनै पहिचानसम्म शेष थिएन । पहिचान भनेको दास दासी भन्ने मात्र थियो । कसैका दास दासी ? फलानाको दासदासी । यो फलानाको दासदासी नै कालान्तरमा तिनको पहिचान र मालिकको नाम नै तिनको थर बन्न गयो ।

गोरा बुद्धिमान र सभ्य समाजका मानिसले पनि दासदासीसँग जङ्गली र बर्बर व्यवहार कसरी गर्न सकेका थिए ? मानव पनि यति क्रूर र बर्बर हुन सक्छ र नराधम या नरपिशाच भन्दा पनि निम्न स्तरको ? तिनीहरूले एकै समयमा सभ्य र पशुत्व दोहरो चरित्रको व्यवहार कसरी गरे होलान् ? कि त तिनी पनि असभ्य र जङ्गली नै थिए, तर आफ्नो सङ्गठन शक्ति र बुद्धिमत्ताबाट अरु माथि शासन गर्न सफल भएकाले शासकका नाताले सभ्य कहलाइएका मात्र थिए भन्नु पर्दछ । यद्यपि यो एक आश्चर्यको विषय हो । तर धन प्राप्त गर्नको लागि र आफ्नो स्वार्थ सिद्धि नै जीवनको अन्तिम लक्ष्य मानी लिएको र परम्परा नै त्यही मान्यतामा बस्न पुगेपछि मानिस नराधम हुन पुग्ने रहेछ भन्ने कुरा आजको भौतिकवादी संसारले प्रत्यक्ष गरिसकेको छ ।

अमेरिकामा दासप्रथा अन्त भएको घोषणा भइसकेपछि पनि कालाहरूसँग नश्लीय आधारमा भेदभाव बाँकी नै थियो र तिनीहरू स्वतन्त्रता र समानताको अधिकारदेखि वञ्चित थिए भने यीनलाई कतै मतदानको अधिकार दिए पनि धेरै

जसो राज्यहरूमा यो अधिकार सीमित थियो । शिक्षा र रोजगारीको अधिकार, निवासको अधिकार आदि मानव जीवनका नितान्त आवश्यक अधिकारहरूमा भेदभाव थियो । बसमा गोराको लागि तोकिएका सिटमा बस्न समेत अपराध थियो । यो भेदभावका विरुद्ध विरोध त बहुत पहिलेदेखि थियो तर वास्तविक विरोध सन् १९५१ देखि आन्दोलनको रुपमा १९६८ सम्म देखियो र १९७५ मा सकियो । तर यसको उत्कर्षको समय १९५४ देखि १९६८ सम्म मानिन्छ । यसलाई अश्वेत आन्दोलन भनिन्छ ।

अश्वेतहरूको सङ्घर्षको लामो इतिहास जेल र हत्याका घटनाहरूबाट भरिएको छ । मुख्य घटनाहरूमा १९५४ को ब्राउन विरुद्ध शिक्षा बोर्डको मुद्दा । १९५५ मा मोंटगोमरी NNACP चेप्टर की सचिव रोसापार्कस नामकी महिला बसमा गोराहरूको सिटमा बसिन् बसको कर्मचारीले सिट खाली गर्न भन्दा तिनले सिट छोडिनन् । त्यसमा गोराहरूले आपत्ति गरे । त्यहाँबाट कालाहरूको आन्दोलनले कडा रुप लियो, (यिनी महिलालाई नागरिक अधिकार आन्दोलनकी जनक भनिन्छ) । यो आन्दोलन १९५७ को लिटिल राकका ९ जना छात्रको केश, १९६० को सिट इन्स केस, १९६१/६२ को अलबानी आन्दोलन, १९६३।६४ को बर्मिंघम अभियान, १९६३ को वासिङ्गटन मार्च , १९६३।६४ को फ्लोरिडाको सेन्ट आगस्टाइन आन्दोलन, १९६४ को मिसिसिपी फ्रिडम समर आदि थुप्रै घटनाले गर्दा भएको थियो ।

नागरिक अधिकार आन्दोलन या अश्वेत आन्दोलनको प्रमुख अगुवा मार्टिन लुथर किङ्ग जुनियर (जनवरी १५, १९२९ -अप्रिल ४, १९६८), मेलकोलम टेन्थ, रोसा पार्क्स, जान लेविस, बायर्ड रस्टिन, जेम्स फार्मर, हाजिया विलियम्स, ह्विटनी यङ्ग जुनियर, राय विल्किन्स आदिले अगुवाइ गरेका थिए ।

(ख) परिणाम

त्यहाँको सर्वोच्च अदालतले र गोरा न्यायाधीशहरूले पनि समय समयमा स्वतन्त्रता र समानताको पक्षमा निर्णय दिने गरेका छन् । अदालतले अश्वेत बच्चाहरूलाई स्कुलले भर्ना लिनुपर्ने आदेश दियो । यसरी व्यक्ति, सामाजिक, सरकारी र साङ्गठनिक आन्दोलनहरूले गर्दा समानताको अधिकारको प्रत्याभूति भयो र अबको अमेरिकामा प्रत्यक्ष रुपमा अश्वेतसँग कुनै रङ्गभेदी व्यवहार गर्न पूर्णतया बन्देज छ र दण्डनीय अपराध छ ।

सयौं वर्षको आन्दोलन र सुरुदेखि नै दास र मालिक, शासक र शासितको मानसिकताले उब्जाएको आन्तरिक दुराव भने यदाकदा झल्किने गर्दछ । अश्वेतहरू प्रायः आफ्नो समुदायको बसोबास हेरेर घर डेरा लिन मन पराउँछन् भने श्वेतहरू पनि प्रायः अश्वेत बाहुल्य एरियामा घर डेरा गर्न त्यति मन





पराउँदैनन । यसका साथै अश्वैतहरू प्रायःआक्रोशित मनस्थितिमा व्यवहार प्रदर्शन र चोरी, रहजनी तथा अपराधिक गतिविधिमा विशेष देखिने गरिएकाले समाजले यिनीहरू प्रतिको कटुता त्याग्न सकिरहेको देखिँदैन ।

## खण्ड-६

**मेक्सिकोको आजादी**

अमेरिकाको दक्षिणमा रहेको मेक्सिको राज्य पहिलेको स्पेनिस बस्ती हो र स्पेनको अधीनमा थियो । मेक्सिकनहरूले स्वतन्त्रताको लडाई लडेर सन् १८२१ मा स्पेनसँग आजादी पाए । मेक्सिको र आजको क्यालिफोर्निया सहितको ठूलो राज्य मेक्सिको गणतन्त्र बन्यो ।

**अमेरिका र मेक्सिको युद्ध र सीमा विस्तार :**

अमेरिकाले क्यालोफोर्निया राज्यको भूमि अमेरिकामा आउनुपर्छ भनेर विवाद उठायो युद्ध भयो र अन्तमा आजको समस्त क्यालिफोर्निया राज्य र टेक्ससको केही दक्षिणी पश्चिमी भाग समेत १३ जनवरी १८४७ मा अमेरिकामा गाभियो ।

# अध्याय-६

# अमेरिकाको व्यवस्थामा अमेरिकी जीवन

## खण्ड-१

## अमेरिकाको व्यवस्थामा जीवन

(१) अमेरिकामा धर्म :

यस देशमा विभिन्न धर्म र मतका धर्मावलम्बीहरू छन् र धर्मनिरपेक्ष राष्ट्र भएपनि राष्ट्रपति उपराष्ट्रपति र पदाधिकारीहरूले बाइबल हातमा लिएर सपथ लिनु पर्दछ। क्रिस्चियिनीटको आधारमा चाडपर्व मनाउने, उत्सव आयोजना र विदा आदि दिइन्छ। अघोषित रुपमा र व्यवहारमा यो क्रिस्चियन देश हो। गुगलका अनुसार सङ्क्षिप्त विवरण यस्तो छ : क्रिस्चियन ७०.८%, मुस्लिम ०.९%, हिन्दु ०.७%, बौद्धिस्ट ०.७% छन् अन्य धर्मावलम्बी मतावलम्बी थोरै सङ्ख्यामा छन्। कुल जनसङ्ख्याको २९% नास्तिक छन्।

नास्तिकमा तुलना गर्ने हो भने चीनमा ७५%, अस्ट्रेलियामा ३७%, न्युजिल्यान्ड मा ४९%, भारतमा ०.२४% र नेपालमा सही तथ्याङ्क प्राप्त छैन तर २०६३ पछि कतिपय कम्युनिस्टले आफूलाई हिन्दू भने पनि आम जनताको मनोभाव र व्यवहारको आधारमा देशको जनसङ्ख्याको अधिक प्रतिशत नास्तिक अवस्थामा रहेको देखिन्छ। विश्वस्तरमा नास्तिकको सङ्ख्या बढ्दै गएको छ।





(२) अन्य धर्मावलम्बीहरूको अवस्था र समस्या

१. शहरमा त टोलटोलमा अझ राजधानीमा त पुरै ह्वाइटहाउस मार्गमा दुवै पट्टि लहरै गिर्जाघरहरू छन्। गाउँहरूमा पनि प्रशस्त छन्। तर अन्य धर्मावलम्बीहरूको सङ्ख्या एक त कम छ र त्यसमा पनि एउटा गाउँ टोल बनाएर बसेका छैनन्। जसले जता काम पाउँछ उतै तिर नजिक पारेर बस्छ यसकारण अन्य धर्मावलम्बीहरू तितिरबितिर छन्। यो अवस्थामा पैसा नभएपछि मन्दिर मस्जिद आदि बनाउन सक्दैनन्। श्रद्धालुले घरमा व्यवस्था गर्छन्।

२. प्रायः गुजरातिहरूले जहाँ जुन एरियामा छन्, मन्दिर बनाएका छन् र अन्यत्रका अरु हिन्दूहरू पनि चाहे ४०-५० माइल टाढा भएपनि यदाकदा चाड पर्वमा भए पनि दर्शन गर्न जाने गर्दछन्। मुस्लिम र शिखहरूको पनि यही अवस्था छ। कताकतै मस्जिद र गुरुद्वारा बनाएका छन् तर सबै ठाउँमा छैनन्। अन्य धर्मावलम्बीहरूको जनसङ्ख्या कम भएर यो समस्या छ।

३. पहिलेका मन्दिर र धार्मिक स्थलहरू थोरै जग्गा भएपनि बनेका छन्। त्यसबेला पार्किङ भन्ने कुरा थिएन होला। तर अहिले त मन्दिर १० कठ्ठामा छ भने २-३ विगहा पार्किङ चाहिन्छ। यति जग्गा बसोबास र शहरी क्षेत्रमा किन्ने कसरी ? बाहिर जङ्गलमा बनाएर फाइदा के ?

४. हिन्दू, मुस्लिम या शिखका अगुवाकारले जसले बनाए पनि आफ्नो पहुँच भित्रको जग्गा र नजिक स्थानमा धर्मस्थल बनाउँछ। तर अमेरिकामा त सधैं बसाई सरि रहने प्रवृत्ति छ "उत्तम काम श्रेष्ठ जीवन"को खोजीमा ती अगुवाकार हिँडी हाले भने मन्दिर त संरक्षक विहीन हुनपुग्छ। छेउ छाउमा अर्कै धर्म सम्प्रदायका मानिस आउन सक्छन्।

५. क्रिसमस बाहेक अरु कुनै चाड पर्वमा विदा हुँदैन। यसकारण हिन्दु, मुस्लिम, बौद्ध र शिखहरूले आफ्ना पर्वहरू विदाका दिन बाहेक अन्य कुनै दिन पर्न गएमा प्रायः चाड पर्वपछिको शनिवार या आइतबारमा पर्व मनाउँछन्। यसकारण यिनका परिवार र बालबच्चा सबैको पहुँच, हर्ष उल्लास र वास्तविक धार्मिक अभ्यास भन्दा एक औपचारिकता या "पर्वको स्मरण उत्सव" पर्व सम्झना दिवससम्म हुने गर्दछ।

६. यी धार्मिक स्थलहरूमा जुट्ने मानिस सधैं त जुट्न सम्भव हुँदैन र प्रत्येक शनिवार या आइतवार पनि सबै जना त जुट्दैनन् यदाकदा साह्रै जरुरी परेको ठानेभने मात्र जान्छन् र जाँदा पनि हतार नै हुन्छ, एक छिन बसैं हात जोडाइ पूजा दक्षिणा भयो प्रसाद खाए हिँडीहालें।

यसकारण बाल बच्चाहरूमा धार्मिक सिकाइ, उत्साह, जागरुकता हुन पाउँदैन । चिडियाघर र मन्दिर जानु लगभग उस्तै उस्तै छ । खासै नगद रकम पूजामा नआउने भएकोले पूजारी पाउन पनि कठिन नै हुन्छ तर पूजारीहरूले कर्मकाण्ड गराएको तोकुवा पैसा उठाउँछन् र खर्च पुऱ्याउँछन् भने आफ्ना बालबच्चाको जीवन बनाउनलाई अमेरिका बस्न पाउने लोभले पनि तिनलाई टिकाई राखेको हुन्छ ।

(३) **सङ्घीय सरकारी बिदाहरू**

१. जनवरी १ नयाँ वर्षको प्रारम्भ ।
२. जनवरीको तेस्रो सोमवार मार्टिन लुथर किङ्ग डे ।
३. फ्रेब्रुअरीको तेस्रो सोमवार वासिङ्गटन बर्थडे ।
४. मे को आखिरी सोमवार, मेमोरियल डे । जुन १९, जुनिटिन्थ
५. जुलाई ४, इन्डिपेन्डेन्ट डे ।
६. सेप्टेम्बरको पहिलो सोमवार लेबर डे ।
-यहाँ मे फर्स्ट तारिखलाई कम्युनिस्ट लेबर डे भन्छन् ।
७. अक्टुबरको दोस्रो सोमवार, कोलम्बस डे
(क्यालिफोर्नियामा यसलाई नेसनल डे भन्दछन्) ।
८. नोवेम्बर ११, भेट्रान्स डे ।
(सेनामा असाधारण राम्रो इज्जत बढने काम गर्नेहरूको सम्झनामा)
९. नोवेम्बरको चौथो बृहस्पतिवार, थ्याङ्क्सगिविङ्ग डे ।
१०. डिसेम्बर २५ क्रिशमस डे ।

यसरी सरकारी विदाहरूका सम्बन्धमा यदाकदा प्रश्न उठेका छन् । क्रिसमस क्रिस्चियनहरूको चाड हो र अमेरिकन संविधानको धर्मनिरपेक्ष स्वरुपसँग मिल्दैन भनेर सन् १९९९ मा गानुलिनले ओहियो राज्यको दक्षिणी जिल्ला अदालतमा दिएको मुद्दामा अदालतले क्रिसमसको विदा व्यवहारमा सबैले मान्ने गरेकाले क्रिसमस नै धर्मनिरपेक्ष बनी सकेको अवस्थामा सरकारले विदाको साँस्कृतिक महत्वलाई चिन्नेदेखि बाहेक अन्य कुनै काम गरेको छैन भनेर यसलाई पूर्णतया धार्मिक मान्न इन्कार गरेको थियो ।

सङ्घीय सरकारले घोषणा गरेका प्रचलित सार्वजनिक विदाहरूका अतिरिक्त अन्य कतिपय विदाहरू समय समयमा घोषित हुने गरेका छन् जो घोषणा अनुसारका समय अवस्थामा लागू हुन्छन् । जस्तै प्रेसिडेन्टको मृत्यु र कुनै शोक दिवस ।



यो हो अमेरिका

घोषित विदाहरूमा कर्मचारीले पूरा तलब पाउँछ । हुलाक सबै विदामा बन्द रहँदैन उसका आन्तरिक र बाह्य कार्यको अलग नियमावली छ ।

(४) **राम्ररी मनाइने गरिएपनि विदा नहुने विशेष दिनहरू**

(i) **हलोविन** : भूतप्रेतको भेष धारण गर्ने, घरको द्वारमा फर्सीमा मानिसको टाउको जस्तो सिँगारेर राख्ने र भूत र कंकालका ढाँचा घरको सामुने टाङ्गने । यसको निकै रौनक हुन्छ तर विदा हुँदैन ।

(ii) **भेट्रान्स डे** : सुरुमा अमेरिकामा सन् १९५४ मा, प्रथम र द्वितीय विश्वयुद्ध र अन्य युद्धमा लडेकाहरूलाई आदर दिन र सम्झिने उद्देश्यले आर्मीको आदरमा यो दिवस मनाउने निर्णय भयो र पछि युद्ध या शान्ति जे का लागि भएपनि आफ्नो समयमा देशको लागि प्रत्यक्ष सेवा दिएका, जीवित बुढा पाका र स्वर्गीय अग्रज अभिभावकहरूको लागि र खास गरेर सेनाका सह्रानीय काम गरेका रिटायर्डहरूको सम्मानको समझनामा यो दिवस मनाइन्छ । तर यो मेमोरियल डे होइन ।

(iii) **ब्ल्याक फ्राई डे** : थ्याङ्क्सगिभिङ्गको भोलिपल्टको शुक्रबार ब्लेक फ्राई डे हो । थ्याङ्क्सगिभिङ्गमा त वस्त्र आभूषणदेखि लिएर थुप्रै सामान किन्न सबै स्टोरहरूमा भीड लागि रहन्छ भने ब्लेक फ्राई डे व्यापारीहरूले चलाएको वशेष किनमेल दिवस हो जसमा खास गरेर इलेक्ट्रोनिक्स मालवस्तु ६०% सम्म घटाएर बिक्री हुन्छ । ३५-४० इन्ची स्मार्ट टीवी १५० डलरमा पाइन्छ । एक पटक बक्स खोलेर प्रयोग गरेर हेरेर वापस गरेका यस्तो टिभी ४०।५० डलरमा उपलब्ध हुन्छ । मोबाइल, कम्प्युटर, मिक्सी, गल्यान्डर आदि सामान इच्छाअनुसार मोलमा पाउन मानिसहरू रातभर जाडोमा लाइनमा बस्छन् र राति १२ बजेपछि स्टोर खुल्नासाथ कुदेर भित्र जान्छन् र थरी थरीका मालबस्तु पाउन लुछाचुंडी हुन्छ ।

(iv) **न्यु ईयर ईभ** : ३१ दिसम्बरलाई प्री दिवस इभनिङ्ग अर्थात् नयाँवर्ष भन्दा पहिलेको साँझ भनिन्छ । यहाँदेखि नै पाहुनाको भेला र खानपिन सुरु हुन्छ । न्युयोर्कको मेनहट्टनको टाइम स्क्वायरमा लाखौं मानिस जुट्छन् । तरह तरहका खेल तमासा, नुमाइश, खानपीन चलिरहन्छ र "इलेक्ट्रोनिक्स क्रिस्टल बाल" ११:५९ बजे ७७ फिट अग्लो खम्बाबाट बिस्तारै तल झर्न सुरु हुन्छ र १२:००।०१ मा तल झर्नासाथ हैप्पी न्यु इयर भनेर हल्ला हुन्छ, शुभकामना साटासाट हुन्छ । आतिशबाजी हुन्छ । यो चोकको बिजुली बत्ती र घरहरूमा जोडिएका इलेक्ट्रोनिक्स विशाल वाल टिवीका दृश्य हेर्न टाढा टाढाबाट पर्यटकहरू पुग्छन् । वास्तवमा यो दृश्य हेर्न लायक हुन्छ । सन्

१९०७ देखि चलेको यो परम्परालाई आधार मानेर अन्य कतिपय शहरहरू मा पनि यस्ता कार्यक्रमहरू राखिन्छन् । यस समयमा मानिसहरूमा एउटा विशेष उत्साह उमङ्ग देखा पर्दछ ।

(v) **नारी दिवस** :- हुन त महिला अधिकारको लागि फ्रेन्च राज्य क्रान्तिका समयमा महिलाहरूले धेरै दुःख पाए । युद्ध समाप्त होस भनेर प्राचीन युनानका महिलाहरूले विरोध आन्दोलन गरेका थिए र ब्रसेल्समा पनि इरानी महिलाहरूले यसै बारेमा जुलुस निकालेका थिए । सन् १९०८ मा अमेरिकाको न्युयोर्क शहरमामा करिब १५,००० महिलाहरूको ऱ्याली निस्क्यो । यिनीहरूले महिलाहरूको काम गर्ने समय १२ घण्टालाई घटाएर आठ घण्टा ल्याउने, राम्रो तलब दिने र निर्वाचनमा मतदानको अधिकारको माग गरे ।

साङ्गठनिक रुपमा पहिलो पटक अमेरिकन सोसलिस्ट पार्टीले सन् १९०९ को फेब्रुअरी २८ मा ऱ्याली निकाल्यो र महिला तथा केटीहरू (Womens and Girls)को अधिकारको जबरजस्त माग भयो । (*ओमेन या वुमेन भनेपछि महिला भन्ने शब्दले केटीहरूको अधिकारलाई नसमेट्ने भएकोले ओमेन एन्ड गर्ल भनेका थिए, सौभाग्यले नेपालीहरूसँग नारी भन्ने शब्द छ जसले नारी जातिलाई नै समेट्छ*) यो दिन नै पहिलो नारी दिवस बन्यो । सन् १९१०मा सोसलिस्ट इन्टरनेशनल ले कोपनहेगनमा महिला अधिकार सङ्गठन बनायो । १९१० मा नै जर्मनीमा क्लारा जेटकिन नाम की महिलाको पहलमा पहिलो पटक अन्तर्राष्ट्रिय महिला दिवसको प्रस्ताव गरियो र १७ देश का १०० महिलाहरूको सहभागितामा एक सम्मेलन भयो जस्मा अंतराष्ट्रिय दिवसको लागि सहमति बन्यो ।

१९११ मा स्विजरल्यान्ड, जर्मनी, अस्ट्रिया, डेनमार्कमा महिला अधिकारकर्मीहरूले ऱ्याली निकाले विरोध प्रदर्शनहरू भए । विश्व भरमा समय समयमा महिलाका अधिकारहरूको माग र प्रदर्शन भैरह्यो र अमेरिकामा अलि विशेष आवाज उठ्न थालेपछि कालान्तरमा संयुक्त राष्ट्र सङ्घको महासभाले मार्च को ८ तारिखलाई अन्तर्राष्ट्रिय नारी दिवसको रुपमा विश्वव्यापी मनाउन घोषणा गऱ्यो ।

**खण्ड-२**

**अमेरिकामा खाना र रेस्टुरेन्टहरू**

(१) **खाद्यान्न** : अमेरिकामा विश्वका मानिसहरूको निवास भएकोले एक देशका मानिसको खानपिन अर्को देशका मानिससँग मिल्दैन । दक्षिणपूर्व





एसियाका नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, अफगानिस्तान र चीनसम्मको केही खाना मिल्ने हुनाले चाइनिज, इन्डियन र पाकिस्तानी स्टोर र वालमार्टमा चामल पाइन्छ । दाल इन्डियन र पाकिस्तानी स्टोरमा मात्र हुन्छ । आलु-गोभी-भन्टा, थरी थरीका विदेशी साग, कताकतै मेथी, सोवा र पालक पाइन्छ । पिठो, खडा मास, सोयाबीन आदि पाइन्छ । परवर, लौका र पनीर इन्डियन स्टोरमा मात्र पाइन्छ अरुले परवर र पनीर जान्दैनन् । प्याज एक डलरमा ६ वटा, लसुन डलरको दुई तीन वटासम्म पाइन्छ । इन्डियन स्टोरमा खाद्य पदार्थ, तरकारी, पूजा पाठ र हिन्दु चाडपर्वका चिजवस्तु पाइन्छन् । तर अपेक्षाकृत यो स्टोरमा मालवस्तु महङ्गो हुन्छ । प्याकेटमा बन्द फ्रिज गरेको तयारी मिठाई, जेलेवी, बरफी गुलाव जामुन, सोन पापडी, पेठा पनि पाइन्छ। इन्डियन फाटफुट आयुर्वेदिक औषधि, नीमको पात, मुलतानी मट्टी, हेयर आयल, साबुन, तेल आदि ।

(२) **फलफूल** : अमेरिकामा हाम्रो यता पाइने अधिकांश फलका साथै हाम्रो यता नपाइने फलहरू पनि पाइन्छन् ।

(३) **माछामासु** : गाई, बंगुर, कुखुरा, भेडा र खसीको मासु पाइन्छ तर खसीको मासु बहुतै कम पाइन्छ । इन्डियन र पाकिस्तानी 'हलाल' पसलहरू कुनै शहरमा कता कतै देखिन्छन् । ग्रोसरी स्टोरहरूमा माछा र झिँगा माछा खुब पाइन्छन् तर महङ्गो हुन्छ । अलि कम खान्छन् । अण्डाको बहुत प्रचलन छ । ब्रेड लगायतका जङ्क फुडहरू र केक आदि खरिद गर्दा प्रत्येकको लेबल पढ्नै पर्दछ । लगभग सबै चिजमा अण्डा हुन्छ । बिना अण्डाको केक हुँदै हुँदैन । अण्डा नभएको ब्रेड, कुकीज र अन्य खाद्य पदार्थ खोज्नु पर्छ तर पाउन सकिन्छ ।

(४) **दुध दही चिज** : ग्रोसरी स्टोर, होलफुड र मेडिकल स्टोर्स-वालग्रीन र सिविएस, जहाँ पनि दुध दही, कोल्डड्रिङ्क्स, पानी, फलफूल र चिज पाइन्छ। सानो ठुलो प्याकिङ्ग उपलब्ध हुन्छ। स्टोरहरूमा प्लास्टिक, टिन र कागजका डिब्बाहरूमा खाने र पिउने किसिम किसिमका चिजवस्तु पाइन्छन् । लेबल पढ्दै किन्ने गर्दछन् र खाँदै हिँड्छन् ।

(५) **बासी रोटी, तरकारी प्याकिङ्ग** : बनीबनाउ प्याकिङ्गमा खाद्य वस्तु किन्ने र खाने देश हो । इरान, अफगानिस्तान, कुवेत आदि देशहरूबाट गहुँ, चामल र मकैका रोटी एकदम मसिना, पकाएर/सेकेर/पिठोलाई उमालेर मसिनमा बिस्कुट जस्तो बनाइएका रोटीहरू प्लास्टिक थैलामा, चामल, सलाद र अरु खाने कुराहरू पाकेको र काँचो चिज डिब्बाहरूमा प्याक भएर स्टोरमा राखिएका हुन्छन् । पराठा, नानरोटी, कबाब आदि । पालक पनिर र मटर पनिर पकाएर डिब्बामा प्याक गरेर इन्डियन स्टोरको फ्रिजमा

पाइन्छ । पिजा र बर्गर सबै स्टोरमा रहन्छ । यी सब खानेकुराहरू महिना या ५-६ महिना पहिले पनि पकाएका हुन सक्छन् ग्रोसरी स्टोरहरूमा खाने चिज थाहै हुँदैन कति थरिका हजारौं हजार डिब्बा बोतल के के हो के के ? स्टोरमा पसेर ट्राली गुडाउँदै डिब्बाको लेबलमा के हो भन्ने कुरा पढदै छान्दै ट्रलीमा भर्दै जान्छन् । घरमा लगेर फ्रिजमा राखेर खान मन लाग्दा निकाल्दै सेक्दै तताउँदै खाइन्छ ।

अमेरिकामा रोटी, पुरी, परौठाको सबैलाई ज्ञान छैन । चामल पनि सबैले थाहा पाउँदैनन् र दालको त अङ्ग्रेजीसम्म जान्दैनन् । जसले जे खान्छ उसको घरमामात्र त्यो चिज पाक्छ अथवा पकाएकै स्टोरबाट किन्छ ।

(६) **सामान्य भोजन** : गोराहरूको सामान्य भोजन पाउरोटी, मासु पोलेको/सेकेको/उमालेको/पकाएको, अण्डा, पिज्जा, बर्गर, दुध दही हो । पाउरोटी स्यान्डबिच बर्गर र केकको रुपमा प्रयोग हुन्छ । यसकारण तरकारी पकाई रहनु पर्दैन । पाउरोटीमाथि चिज एक टुक्रा, एक पत्रे सागको पात, काँचो प्याज, टमाटर, अभोकाडो, मासुको स्लाइस आदि एक माथि अर्को राख्दै, आखिरमा अर्को पाउरोटीले छोप्ने । तीन चार तहसम्मका ठुलठुला स्यान्डबिच । स्यान्डविचमा काँचो भन्टाका स्लाइस, फर्सीका स्लाइससम्म राख्छन् । तताएर सेकेर खाए भयो । न पकाउने झन्झट न भाँडा कुँडाको समस्या । स्यान्डविच जहाँ पनि उपलब्ध रहने र कहीँ बस्दा, हिँड्दा खाए भयो । एक स्यान्डबिच या बर्गर, दुईटा उमालेको फुल, आधा लिटर कफी या कोक । त्यसपछि आइसक्रीम । जरुरी लाग्यो भने केही समय अघि या पछि एक स्याउ, एक केरा, एक सुन्तला, अङ्गुर आदि फलफूल ।

बिहानको ब्रेकफास्ट, दिउँसो एक बजे पछि लन्च र साँझ ६-७ बजे सम्म डिनर । सुत्ने बेलामा आवश्यकताअनुसार फल या दुध या सुख्खा मेवा बदाम, काजु ओखर आदि खाने चलन छ । हामीले खाना भनेपछि सामान्यतया दाल, भात, रोटी, तरकारी, चटनी अचार, माछा मासु भन्ने बुझिन्छ तर यहाँ खाना भनेपछि त्यसरी तोकिएका कुनै चिज छैनन् । जे भेट्टायो, खायो पेट भऱ्यो सकियो । हामीले चाट, पकौडा, मिठाई, पुडी, परौठा, चिया, दुध, फलफूल जे खाएको भएपनि नियमित खाना नखाएसम्म खाना नै खाएका छैनौं भन्छौं तर यहाँ त्यस्तो छैन । पाहुनालाई खाना खान बोलाउँदा, आएका पाहुनाले हामीले नास्ता भनेर दिएका पकौडा या त्यस्तै अरु खाने चिज पाहुनाले यही खाना होला भनेर त्यही चिज खाएर पेटभरी हाले भने त्यसपछि हामीले आफ्नो तरिकाको खाना खान आग्रह गर्दा खाना त पुग्यो नि, अब अरु थोक किन खाने भनेर हिँड्छन् । यो हाम्रोलागि सुरुमा असहज हुन्छ । घरमा खाना खान र खुवाउनमा अङ्ग्रेजी चलनमा टेबुलमा खाना लगाएको



यो हो अमेरिका

भाँडोबाट आ-आफ्नो मनपर्ने, आफ्नो शरीरमा एलर्जी नहुने, कुनै नोक्सान नगर्ने परिकार आफैले आफ्नो मात्रा अडकलेर झिकेर खाने हो, नपुगमा आफैले थप्ने हो । कोहीले अलिकति थप्नुस या यो थोरै लिनुस भन्ने कुनै आग्रह कसैले गर्दैन । इच्छानुसार खाने, पिउने इच्छा नभए नखाने । अर्काको स्वास्थ्य, इच्छा र निजीपन (Privacy) को बहुतै सम्मान गरिन्छ । अर्काको खानामा उसलाई एलर्जी नहुने चिजवस्तहरू उपलब्ध हुने विशेष ख्याल गरिन्छ ।

क्यालोरी हेरेर खाने चलन छ । स्वास्थ्यमा अमेरिकन जागरुक हुन्छ भन्छन् तर पास्ता, नूडल, पिज्जा, मःमः जस्ता मैदाका परिकार र प्याकेटको बासी रोटी तथा अन्य चिज परिकारहरू खूब खान्छन् । खानापछि आइसक्रिम खाने चलन नै छ । खानामा या त चिज या मासु जरुर हुन्छ । यसकारण हामीले कल्पना गर्न नसक्ने गरी कतिपय मान्छे मोटा हात्तीका बच्चा जस्ता देखिन्छन्, हिँडडुल गर्न नै कठिन छ । मासु, चिज, आलुको फ्राइज र चिप्स, आइसक्रीम, चकलेट र केकले गर्दा मोटापा यिनीहरूको समस्या र यसबाट यिनीहरूको भोजन शैली अस्वस्थ्यकर नै हुन्छ । तर हावापानी, स्वच्छता र सप्लिमेन्ट खाने चलनले यीनलाई स्वस्थ बनाई राखेको देखिन्छ ।

(७) **होटल/रेस्टुरेन्ट** : राति बास हुने ठाउँलाई मात्र होटल भनिन्छ । खाना, चिया, नास्ताको ठाउँलाई रेस्टुरेन्ट भनिन्छ । रेस्टुरेन्टहरू निजीस्तरमा र धेरै जसो त कम्पनीका चेन नै हुन्छन् । प्रमुख रेस्टुरेन्टका चेन निम्न अनुसार छन् :

१. **मैकडोनल्ड्स (McDonald's):** यो कम्पनीको देश विदेशमा चेन फैलिएको छ । यो शुद्ध अमेरिकन रेस्टुरेन्ट हो । यसमा शाकाहारीको लागि कफी र आइसक्रिम बाहेक खाने कुरा कुनै हुँदैन सब थोक अन्डा र मासुका मिश्रणबाट बनेका हुन्छन् ।

२. **Jack in the box :** यो पनि ठुलो कम्पनी हो यसमा पनि खानेकुरा सबैको लागि हुँदैन ।

३. Sub way (**सब वे**) : हुन त यो पनि ठुलो कम्पनी र चेन हो तर शाकाहारी स्यान्डबिच भनेपछि बनाई दिन्छन् । हात र भाँडा कुँडा त रेस्टुरेन्ट भएकोले चोखो मानेर खाई दिने हो ।

४. Taco Bell : मेक्सिकन खाना नास्ता पाउने राम्रो रेस्टुरेन्ट हो ।
Bell Taco : मेक्सिकन खाना नास्ता पाउने राम्रो रेस्टुरेन्ट हो ।

५. **होलफुड Hole food :** यो खाना+औषधि+स्टोर हो । ठुलो कम्पनीको चेन विस्तार जहाँ पनि छ । यसमा होमियोपेथिक औषधि पनि पाइन्छ ।

६. **Starbox coffy :** यो प्रसिद्ध कफी पसल हो । यसको चेन देश भर फैलिएको छ । यसमा कफी र सामान्य नास्ता पाइन्छ । यसको विशेषता के भने एक कप कफी लिएर आरामसँग टेबुलमा बसेर ल्यापटप खोलेर काम गरे हुन्छ । उठ्नुस जानुस भन्ने हुँदैन टेबुलमा कफीको गिलास रहेसम्म बस्न पाइन्छ ।

७. Safe way : यो पनि राम्रो खाने कुरा प्याक पाउने, अन्य चिजबस्तुका साथै औषधि निर्माता कम्पनी पनि हो ।

८. Traders Joe : यो राम्रो खाने कुरा प्याक र अन्य खाद्य पदार्थ तथा मालवस्तु पाउने राम्रो ठाउँ हो ।

९. Costco : यो पनि नाम चलेको खानापिना र केही खुद्रा सामान पाउने राम्रो स्टोर हो ।

१०. **डलर ट्री** (हरमाल एक डलर) प्रसिद्ध स्टोर हो । यो स्टोरमा जनताका दैनिक आवश्यकता र उपभोग्यवस्तु, शृङ्गार, सफाई, भाँडा, किताब, मोजाका गड्डी, बर्तन, कलमका दर्जन आदि सामान एक डलरमा हुन्छ । २० डलरमा त थुप्रै सामान आउँछ, ट्रली भरिन्छ । भने डेमोक्रेट राज्यमा यही स्टोरमा एक सामानको १।२५ डलर पर्ने हुनाले त्यति सामानको २५ डलर पर्छ । अमेरिकामा ५ डलर ठुलो कुरा हो । यो सब मार गरिबलाई नै पर्छ । धनीसँग त त्यस्तो स्यान्डबिच र मालवस्तुको खासै मतलब हुँदैन ।

(८) **कम्पनीको चेन/फ्रेन्चाइज :** कम्पनी भनेको एक किसिमको डिलर/रिटेलर /मालिक आदि हो । कम्पनीले शहर देहात कुन कुन ठाउँमा रेस्टुरेन्ट या स्टोर चलाउने हो, कि त आफ्नै मान्छे राखेर आफै चलाउँछ कि त कम्पनीको नाम लोगो साइनबोर्ड, कर्मचारीको ड्रेस परिचयपत्र आदि प्रयोग गर्न पाउने गरी कम्पनीसँग इजाजत लिएर कुनै ठाउँमा रेस्टुरेन्ट या स्टोर खोल्नु हो । यसलाई फ्रेन्चाइज लिएको भनिन्छ । कम्पनीले तोकेको खाना, रेसेपी, मसला, खाना पकाउने तरिका, भाँडा कप गिलास, प्लेट, नेपकिन, खानाको किचन स्टाइल, कुर्सी टेबलको स्टाइल, आर्डर र पिकअप, किचनका मसिन, रेस्टुरेन्ट चलाउने काउण्टर र विधि, प्रविधि जहाँ पनि एउटै किसिमको हुन्छ । रेस्टुरेन्ट सानो ठुलो जे सुकै होस आकार फरक भएपनि प्रकार फरक हुँदैन र आफ्नो मनले थप कुनै कुरा पकाउन बेच्न पाइँदैन । सब थोक कम्पनीबाट नै किन्नु पर्छ । यसकारण दिल्ली, लन्डन, न्युयोर्क चाहे जहाँको मैकडानल्डमा खाने पीउने चिजको स्वाद एकनाश हुन्छ । यस्तै अरु स्टोरहरूको बारेमा पनि भन्न सकिन्छ । अलि चल्तीको ठाउँमा मैकडोनल्डको फ्रेन्चाइज लिने हो भने करिब ५ लाख इजाजत दस्तुर र लगभग ५ लाख कै मसिन उपकरण





र किचन १० लाख डलर (१२ करोड नेपाली) सुरुमा लाग्न सक्छ । पेट्रोल पम्पहरू जस्तै यो व्यवस्था पनि हो । होटल-रेस्टुरेन्टका साथै अन्य स्टोरहरू पनि यस्तै हुन् ।

(९) आतिथ्य र रेस्टुरेन्टका विशेष कुराहरू

(i) मैकडोनल्डमा सिनियर सिटीजनको लागि हाफभन्दा कम रेटमा कफी १ डलरमा पाइन्छ । अरु पनि कतिपय रेस्टुरेन्टमा सिनियर सिटिजनलाई सहुलियत दिन्छ ।

(ii) Drive thru सेवामा गाडीमा बसेर हिँड्दै चिया कफी नास्ता बाहिर झ्यालबाट किन्ने सुविधा हुन्छ । रेस्टुरेन्टहरूले २४ घण्टामा २-३ घण्टा विशेष छुटको समय राख्छन् "हैप्पी आवर" । १२/१५ डलरको खानाको परिकार ४/५ डलर मै दिन्छन् । बाहिर नोटिस बोर्डमा र नेटमा लेख्ने गर्दछन् र मान्छे खोज्दै खान पुग्छ ।

(iii) आफूले मगाएको खाना पुरै खान सकिएन भने रेस्टुरेन्टले कागज र प्लास्टिकका डिब्बा निःशुल्क उपलब्ध गराउँछन् । भरेर घर लैजान सकिन्छ ।

(iv) मैकडोनल्ड र अन्य केही रेस्टुरेन्टमा एक डलर तिरेर मोटो कागजको ठुलो आधा लिटरको खाली गिलास दिन्छ । त्यो गिलास भरी कोक, फेन्टा, पेप्सी, सोडा आफैले भरेर थप्दै खाँदै थप्दै गर्न सकिन्छ । जाने बेलामा टन्न गिलास भरेर लैजान पाइन्छ ।

(v) पकाएको खाना रातसम्म सकिएन भने बासी खाना राख्न पाइन्न । कि खर्च गर्ने कि फाल्ने हो । माछा मासु पनि । बासी खाना फेला परेमा ठुलो सजाय छ रेस्टुरेन्ट त खतम हुन्छ नै मालिक पनि जेल जान्छ । जीवन व्यर्थ हुन्छ ।

(vi) शहरी क्षेत्रमा प्रायः रेस्टुरेन्टहरूले अनलाइन अर्डरमा खाना होम डेलिभरी पनि गर्छन् । तर डेलिभरी चार्ज महङ्गो पर्छ ।

(vii) भोज भनेर या कोही कोही रेस्टुरेन्टहरूमा खाना तीन चरणमा हुन्छ । ग्राहक बसेपछि वेटरले पहिले कुनै हल्का खाने कुरा जस्तै चिप्स, पोटेटो फ्राइज, चटनी, चोखा, सुप पस्कन्छन् र खानाको अर्डर लिन्छन् । खाना खाइसके पछि डिजर्ट अर्थात गुलियो के खाने भन्छन् यसमा प्रायः आइसक्रिम र अन्य गुलियो पदार्थ केक जस्तो चिज हुन सक्छ । गुलियोको अर्थ मिठाई होइन, मिठाईको चलन छैन ।

(viii) चाइनिज र मेक्सिकन रेस्टुरेन्टहरूमा कता कतै बफी हुन्छ । बफीमा मांसाहारीका लागि यति धेरै परिकार हुन्छ कि खानेहरूले दुई दुई

चम्मच पनि सब थोक खान सक्दैनन् । शाकाहारीको लागि वास्तवमा रेस्टुरेन्ट हुँदै होइन तर खान पऱ्यो भने कुनै पनि चिज या फलफूल दही आदि खान हुन्छ ।

(ix) अर्डर गरेर खान मगाएर खाएपछि बेयरा कै माध्यमद्वारा टिप सहित पेमेन्ट गर्ने खालका रेस्टुरेन्ट छन् भने काउन्टरमा गएर या आफैले गेटमा अनलाइन अर्डर गरेर पैसा अनलाइन तिरेर काउण्टरबाट खाना उठाएर टेबलमा बसेर खाएर भाडा आफैले फोहोर कलेक्सन बिनमा राख्ने खालका रेस्टुरेन्ट पनि हुन्छन् ।

(x) विदेशी मानिसलाई खानाका परिकारको नाम थाहा हुँदैन, कुन खाने कुरा शाकाहारी मांसाहारी तितो, पिरो, नुनिलो, गुलियो के हो थाहा हुँदैन भने अर्डर दिन र खान बहुत कठिन हुन्छ । कफी पसलमा पनि यही कठिनाइ छ । निकै सोधपुछ गर्नुपर्ने अवस्था हुन्छ । कोही जान्ने साथी भैदिए राम्रो ।

(xi) सार्वजनिक पार्टीमा खानाको टेबुलमा राखिएका परिकारहरूको नजिक त्यसको नाम र त्यसमा के-के मुख्य चिज मिसिएका छन् ? प्रायः लेखेर राख्ने चलन छ ।

(xii) कुनै उत्सव, पार्टीमा कुनै कुनै रेस्टुरेन्टमा पनि के कस्तो लुगा लगाएर खान जाने भन्ने तोकिएको हुन सक्छ । यसकारण निमन्त्रणा आएमा र ड्रेस कोड पहिले नै बताइएको छैन भने ड्रेसकोड केही छ कि भनेर फोन गरेर आयोजकलाई सोधी हाल्नु पर्छ । ड्रेसकोड मिटिङ्ग, भेटघाट, बार या क्लबमा पनि हुन सक्छ ।

(xiii) कसैकहाँ भेटघाट, शुभकामना दिन, पार्टीमा या उत्सवमा जाँदा, ड्रेसकोड तोकिएको छ भने ड्रेस कोडमा जानुका साथै केही उपहार लैजाने पनि चलन छ । सामान्यतया एक बोतल 'वाइन' लगे पनि या कुनै खाने गिफ्ट ब्याग लगे हुन्छ । 'वाइन' भन्ना साथ नशा लाग्ने रक्सी मात्र होइन नशा नै नलाग्ने, शिरका या सिकंजी जस्तो पनि हुन्छ । फ्रेन्च शैम्पेन र यसको इटालियन ब्रान्ड बढी चलनमा रहेका छन् ।

(xiv) पार्टीको टाइम जहाँ पनि तोकेकै हुन्छ । जो घरको हो या जसले काममा सघाउने हो त्यो मान्छे पार्टी सुरु हुने समय भन्दा पहिले पार्टीस्थलमा पुग्नु स्वाभाविक हो तर पाहुना भने पहिले पुग्न राम्रो मानिदैन । पार्टी प्रारम्भ टाइम भन्दा थोरैपछि, केही मिनेट पछि पुग्नुपर्छ तर पार्टी सकिने भनिएको टाइम नाघेपछि जानु नै हुँदैन ।



यो हो अमेरिका

त्यस्तै अवस्था परेमा फोन गरेर हाल खबर पहिले सोधेर मात्र काम गर्नु पर्दछ । समयको यहाँ ठुलो महत्व छ ।

(xv) अमेरिकनहरूले खाना खाएपछि डकार्न राम्रो मान्दैनन् । त्यस्तै ढ्वार्र, प्वार्र, आवाज गर्दै प्रदूषित वायु फाल्न पनि राम्रो हुँदैन । जापानमा झोलदार खानेकुरा सुरुम-सुरुम गरेर खान्छन् तर अमेरिकनले त्यसरी राम्रो मान्दैन, छुरी काँटाको प्रयोग गर्न राम्रो मानिन्छ खाना खाँदा मुखबाट आवाज निकाल्न राम्रो मानिदैन ।

(xvi) वास्तवमा अमेरिकन खाना भन्ने कुनै खास खाने कुरा छैन र खानाको शुद्धता, पवित्रता जस्ता कुरा हुँदैनन् । मानिस काम, काम, काम । यति व्यस्त छ कि घरमा पकाउन समय खर्च गर्नु भन्दा रेडिमेड खाना र रेस्टुरेन्टमा खान बढी लाभदायक ठान्दछ । हिँडदै खाँदै पनि गर्दछ ।

(xvii)प्राइभेट घर या एपार्टमेन्ट जहाँ पनि किचनमा विद्युतीय चुल्हा, फ्रिज, माइक्रोवेव र सिङ्क, भाँडा धुने मसिन, तथा चिजवस्तु राख्ने घर्रा, क्याबिनेट बनेका हुन्छन् यो सामान्य डिजाइन हो, रहन्छ नै । यत्तिले किचन चल्छ । महिना दिनका लागि स्टोरबाट ल्याएर फ्रिजमा राखेका प्याकिङ्ग खाना निकाल्यो, माइक्रोवेवमा ततायो खायो ।

(xviii)रेस्टुरेन्टहरूले मासु, माछा, तरकारी चाउमिन र अन्य केही खाने कुरा भले ताजा पकाउँछन् तर रोटी, परौंठा आदि स्टोर कै हुन्छ, त्यसमा जे जे हाल्नु बनाउनु छ हालेर माइक्रोवेवमा तताउँदै पस्कँदै जान्छन् जहाँ पनि खाने बासी नै हो र बासी पनि कति दिन पहिलेको हो थाहा हुँदैन । स्टोरको बासी खान हुने तर रेस्टुरेन्टको बासी खान दिन नहुने नियम अलि विचित्र लाग्छ ।

(xix) विभिन्न देशका रेस्टुरेन्टहरूमा खानाका अलग अलग यति धेरै परिकार हुन्छन् कि सबैको टेस्ट लिने हो भने वर्ष दिन बिताउन सकिन्छ । घरमा पकाउने झन्झट किन ? मान्छे स्वाद लिँदै हिँड्छन् । साथीभाई जहाँ पनि रेस्टुरेन्ट र खानाको कुरा गर्छन् ।

(xx) सानो ठुलो प्रायः सबै होटलमा बास बसेको यात्रीलाई बिहान भरपेट बफे नास्ता उपलब्ध रहन्छ । होटेल सफा सुग्घर र सुविधाजनक तथा काखे बच्चालाई सुताउने खटोलासम्म दिन्छन् । पत्यारै नलाग्ने खालका कोही एकदमै सस्तो होटलले त कति पैसा कमायो र के पो पायो होला भन्ने पनि हुन्छ ।

(xxi) जन्मदिनका दिन खाना खान गएको कुनै कुनै रेस्टुरेन्टले प्रायः ८/१० डलरको केक पनि फ्री दिएको हुन्छ । आधुनिक सुपर

रेस्टुरेन्टमा खाने कुराको फोन गरेर सोध्दा नै उनीहरूको सिस्टममा यो मान्छेको आज जन्मदिन छ भन्ने कुरा थाहा पाउने रहेछ र केक मागेपछि बिलमा फ्री भनेर आउने रहेछ ।

(१०) **बिडम्बना**

A. अमेरिकामा खानाको अघिपछि सफाइ र शुद्धता छैन । छुरी काँटाले खाने हुनाले हात किन धुने भन्नु छुट्टै कुरा हो तर पनि हातले समातेर स्यान्डबिच बर्गर, केक, रोटी, टाकोबेल आदि खाइन्छ तर हात धुँदैनन् र खाना खाई सकेपछि पनि हात मुख धुने र कुल्ला गर्दैनन् कागजमा हात मुख पुछेर हिँडछन् । मुख र दाँतमा खाने कुराहरू अड्किरहन्छ । यो चलनले गर्दा रेस्टुरेन्टहरूमा हाम्रो जस्तो 'वास वेसिन' हुँदै हुँदैन । हामी जस्ता घुमन्ते या हात मुख धुने पहिलेदेखि बानी परेकाले खानुभन्दा पहिले र पछि बाथरुममा गएर हात मुख धुन्छौं । यहाँ हात मुख पुछ्ने कपडाको टावेल हुँदैन । कागजले नै पुछ्ने हो । कपडाको टावेल नुहाएपछि मात्र काम लाग्छ ।

B. अमेरिकामा दिसा गरेपछि धुने चलन छैन । कागजले नै पुच्छने हो । यद्यपि प्रत्येक ट्वाइलेटमा वास वेसिन हुन्छ, पानीको अभाव छैन, चन्द्रमामा पुगेका मान्छेले पानीको टुटी या "फोहारा टुटी" लगाउन जान्दैनन् भन्ने कुरा पनि छैन तर उनीहरूको चाक नधुने परम्पराको निर्वाहमा अन्य देशबाट गएकाहरू पनि मुछिनु परेको छ । यताबाट त्यता जानेहरूको लागि मैले ट्वाइलेट पेपरलाई पानीमा भिजाउँदै चाक पुछ्दै कमोडमा हाल्ने तरिका अपनाउन सुझाव दिन सक्छु । चाक धुने र हातमुख धुने चलन भएकाहरूले आफ्नो लागि घर बनाउँन लाग्दा पनि किन हो, आफ्नो तरिकाको ट्वालेटमा सफाइविधि अपनाउँदैनन् कि अपनाउन पाउँदैनन् ।

C. घरमा बाल्टिन, लोटा र मगको प्रयोग छैन । नुहाउने र कपडा धुने साबुन हुँदैन । बडीलोसन र लिक्विड सोपको प्रयोग हुन्छ ।

D. ट्वाइलेट बाथरुम एउटैमा हुन्छ । बाथिङ्ग ट्याब (प्लास्टिकको डुँड) मा फोहरा (सावर)ले नुहाउने हो । लगाएको कपडा कच्छ्छा, अन्डर वेयर फुकालेर फोहर कपडा राख्ने बस्केटमा फाल्दै जाने, नाङ्गै नुहाउने र अर्को कपडा लगाउने हो । नुहाएर कट्टु बनियान धुने सुकाउने चलन छैन । बस्केटका कपडाहरू एकैचोटी प्रायः आइतबारका दिन वासिङ्ग मेसिनमा धुने सुकाउने हो ।

E. देहातका घरमा कता कतै बाहेक, शहरी घरमा कपडा सुकाउने स्थान





हुँदैन । होटलहरूमा कपडा सुकाउन पाइँदैन (यस्तो त भारतमा पनि छ) यसकारण धोती, साडी, ब्लाउज, पेटीकोट र सलवार कुर्ता आदि लगाएर कपडा सहित नुहाउने बानी परेका महिला/पुरुषका लागि अमेरिकन शहरी बाथरुममा नुहाउन कठिन हुन्छ । कच्छा, कच्छी लगाउनेहरूले काम चलाउन सक्छन् तर लगाएको कपडा निकालेर बस्केटमा फालेर नाङ्गै नुहाएर अर्को कपडा लगाउन सुविधाजनक तरिका हो । बाहिर यात्रा गर्दा होटलको बासमा पनि लुगा धुने वासिङ्ग मसिनको सुविधा रहन्छ र नभएमा लगाई सकेका कपडा पोका पारेर व्यागमा राख्दै गए पनि खासै समस्या हुँदैन ।

F. कच्छा, कच्छी, कट्टु त कता कतै अनलाइन देखिएर मगाउन सकिन्छ, तर बनियान, जेबी रुमाल र गम्छा दुपट्टा जस्ता चिज हुँदैनन् । यसको प्रयोग छैन । बनियान नलगाएर सर्ट लगाउने चलन छ जहाँपनि पेपर टावेलकै प्रयोग हुने गर्दछ ।

G. घर बढार्ने कुचो हुँदैन । भ्याकुम क्लीनर मसिन र प्लास्टिकको ब्रश हुन्छ ।

H. स्टील र काँसका थाल, गिलास, कचौरा हुँदैनन् । चिनीयाँ माटोका प्लेट, कप, सिसा र अन्य धातुका गिलास हुन्छन् । कढाई तावा ननस्टिकका हुन्छन् । डाडुपनियो प्रायः काठ या प्लास्टिक र कताकतै फलामका पनि हुन्छन् ।

I. घरका भित्ता, खम्बा, छत सिङ्क, बिजुलीका चुल्हा, र काठै काठको घर्रा दराजहरू, सब ज्वाइन्ट रेडीमेड पाइन्छ । ल्याएर ठ्याक्कै बसाले पुग्छ । बाथरुम पनि बनी बनाउ रहन्छ सिमेन्ट, बालुवा, गिट्टी, इट्टा आदिको प्रयोग घरमा मुस्किलले कहीं भएको होला अन्यथा सब काठ हो जति तला भएपनि ।

J. यहाँ क्यासलेस ट्रान्जेक्सन छ । मतलब नगदी कारबार लगभग छैन भने हुन्छ । प्रत्येक मानिसले जे कमाउँछ, खर्च गर्छ, ऋण लिन्छ, दिन्छ त्यसको पूर्ण विवरण अन्यत्र एक ठाउँमा रेकर्ड भै रहन्छ जसलाई क्रेडिट पोजिसन भन्छन् । यसलाई हेरेर बैङ्कहरूले ऋण दिई रहेका हुन्छन् र, समयमा पैसा र व्याज, स्याज नबुझाउनेलाई बहुत ठुलो पेनाल्टी लगाउँछन् । घर भाडामा पनि यस्तै हुन्छ । निम्न र मध्यम बर्गीय जो ऋणमा फस्यो उसले जीवन भर ऋण तिर्छ र नफसे उपाय पनि हुँदैन । बैङ्कमा व्यक्तिले जम्मा गरेको पैसाको बैङ्कले व्याज दिँदैन । बैङ्कले आफ्नो पैसाको ३५% सम्म व्याज लिन्छ ।

डेमोक्रेट पार्टी (कम्युनिस्टको आचरणमा हिँड्ने अघोषित कम्युनिस्टहरू)ले गरिबी उन्मूलन, सुविधा र सहुलियत दिने नाममा प्रवासीहरूसँग भोट लिन्छन् तल्ला वर्गलाई सुविधा सेवा दिन्छन् र खुब कर लगाउँछन् तर यसको प्रभाव उल्टो पर्ने गरेको छ । रिपब्लिकन सरकार भएका राज्य र नगरपालिकाहरूमा तेल १.७९ गैलेन छ भने डेमोक्रेटिकमा ४।-, ५।-, ६।- हुन्छ, मैकडोनल्ड, जैक इन द बाक्स जस्ता रेस्टुरेन्टहरूले रिपब्लिकनमा १।- डलरमा चिकन स्यान्डबिच दिन्छन् । दुईटा खाए गरिबको पेट भर्छ । डेमोक्रेटमा २।-+२।-=४।- पर्छ ।

---

**खण्ड-३**

(१) **भाषा र उच्चारणमा अन्तर :**

ब्रिटिस र अमेरिकन इङ्गलिसमा भाषामा उच्चारणमा फरक त छ नै शब्दमा पनि अन्तर छ । उदाहरणका लागि अमेरिकामा दहीलाई yogurt, बङ्गुरको मासुलाई Pork भान्टालाई Egg plant, सागलाई Green Vegetable, दाल त जान्दैनन् र दाल देखेपछि यसलाई टुक्राटाकी Lintal भन्छन् । गाईको मासुलाई त Beef प्रचलित नै छ । यद्यपि ब्रिटिस भन्दा अमेरिकन अङ्ग्रेजी सरल मानिन्छ तर यिनीहरूको उच्चारण हामीले बुझ्न गाह्रो नै हुन्छ । उनीहरूले शब्दको बिचमा आउने टी लाई 'र'बोल्छन्, जस्तै 'अ बोरल अफ वारर', व्युटीफुल,आदि । क लाई ख, बोल्छन् । यीनले घ, छ, ठ, ढ, ण, ध, भ, बोल्न गाह्रो मान्छन् । **अयोध्या** भन्नै सक्दैनन् **अयोदा** भन्छन् । अन्तिम अल्फाबेट हामीले **जेड** भन्छौं, यीनले यसलाई पनि **जी** नै भन्छन् ।

(२) **अमेरिकी सपना**

(क) **दुखद पक्ष**

अमेरिकन सपना युरोपियन बाहेक अरु मुलुकका मानिसहरूको लागि कत्तिको उपयोगी छ ? भन्ने कुरा निष्कर्षमा भन्ने हो भने युवा अवस्थाको मानिस जसले केही कमाउने बेला छ, चाहे विद्या होस्, चाहे पैसा होस्, ऊ त्यता जान्छ भने उसले नयाँ जोस जाँगरले त्यहाँ काम सिक्न सक्दछ र त्यहाँका स्कुलमा पढेर यस देशमा आफ्नो स्थान बनाउन सक्दछ तर सबैको लागि काम लाग्दैन । किनभने यहाँ आउने मानिसले आफ्नो देश छोड्दा आफ्नो शैक्षिक योग्यता, पद, प्रतिष्ठा, घर, जग्गा, जमीन, टोल, शहर, आफु परिचित भैराखेको नदी, खोला, पहाड, बस, रेल, पैदल या साइकल मोटरसाइकल, कार गाडिको हँकाई, हिँडाई, बानी, व्यहोरा, साथी, नाता, कुटम्ब, भाषा, साहित्य, चाड, पर्व,





धार्मिक अभ्यासका स्थानहरू र संस्कृति, लगभग सब थोक छोड्नु परेको हुन्छ । केवल शरीर, सास, मन र ज्ञान मात्रै ऊसँग आएको हुन्छ । ऊ आफ्नो देशमा जति पढे पनि र जुनसकै पदमा होस् जति ठुलो पदमा रहेर आए पनि अमेरिकामा सुरुसुरुमा उसले पिएन, स्विपर, सिक्युरेटी गार्ड या स्टोर आदिमा काम गर्ने हो, खानामा जे उपलब्ध छ त्यही खाने हो ।

अमेरिकन डिभीमा अमेरिका आएका, नेपालका सचिव स्तरकाले गैसको स्टोर र डिआईजी ले सिक्युरेटीमा मात्र काम पाउँदा टेन्सन भएर घरमा थन्केका र पत्नीहरूले काम गरेर जीवन निर्वाह गरेका उदाहरणहरू छन् । अमेरिका हिँड्नु भन्दा पहिले कसैले अमेरिकामा त हाम्रो देश, गाउँ टोलका फलाना फलाना लगायत सयकडौं हजारौं जना छन् भनेर आफुलाई निस्फिक्री बनाउने कुनै चान्स नै छैन । भारत जस्तो पाँचवटा देश बराबरको क्षेत्रफल छ, देशको पूर्व छेउमा बिहान छ बजे सूर्योदय हुँदा पश्चिम छेउमा रातको दुई बजेको हुन्छ । तपाईंको देशको मानिस, को कहाँ छ भेट्नै कठिन छ, लगभग असम्भव भने हुन्छ । अमेरिकाबाट आफ्नो देश फर्कंदा बरु भेटघाट होला, तर त्यो भूमिमा आफ्नो नातागोता र इष्टमित्रका मानिसलाई भेटाउनु या भेट्नलाई फुर्सद निकालेर जानु, सौभाग्य नै मान्नु पर्दछ ।

(ख) **सुखद पक्ष**

अमेरिका व्यक्तिगत पूँजीवादको सिद्धान्तमा समाजवादी समाज भएको देश हो । काम नगर्ने आफ्ना निवासीहरूलाई भत्ताको नाममा एक क्रेडिट कार्ड दिन्छ जसबाट जुनसुकै ग्रोसरी स्टोरबाट खाने कुरा खरिद गर्न सक्छ । कार्डमा यति पैसा हुन्छ कि तीन चार जनाले जति खाएपनि मुस्किलले खर्च हुन्छ । यसका अतिरिक्त सबै ठाउँमा सरकारमा आश्रित जनसङ्ख्या र आवश्यकताका आधारमा निःशुल्क खाना वितरण हुने ठाउँहरू छन् र एकजना खाना लिन जाँदा यति धेरै प्याकेटबन्द खाना फलफूल आदि पाउँछ कि दुई तीन जनालाई पुग्छ र फल र अन्य कतिपय चिजवस्तु त रोड साइडमा बसेर बिक्री नै गर्दछन् । त्यस्तालाई के कानुन के पुलिस ?

त्यस्तै घरबारविहीनका लागि सेल्टरहरू छन् तर आफ्नो निजी मस्ती छोडेर कमै मानिस सेल्टरमा जान्छन् तर मौसम प्रतिकूल लागेमा अथवा अन्य मस्ती लिन चाहेमा समयमा, हाउसफुल नहुँदासम्म जान बस्न पाउँछन् । अन्यथा बाटाका छेउमा आफनो टेन्ट लगाए पुग्यो ।

माल सिस्टम मै ग्रोसरी स्टोरहरू हुन्छन् । कासको, ग्रोसरी आउटलेट, ट्रेडर जो आदि ठुला खाद्य स्टोरभित्र पसेपछि, सरकारमाथि आश्रित र भत्तामा जीवन बिताउने मान्छेले पनि खानलाई नाम जानेका र मनमा समभ्रेसम्मका चिजका

अलावा पनि सामान्य मानिसले कल्पना गर्न पनि कठिन अवस्थाका र अन्यत्र देशमा ठुलाबडाले मात्र खान सक्ने, खान सोचने, र एकसे एक नयाँ-नयाँ खाद्य परिकारहरू, फलफूल मेवा मिष्टान्न लगायतका दुनियाँका देशहरूमा बनेका खाद्य चिजवस्तुहरू पनि खुल्ला रुपमा राखिएका छन् । तिनलाई हेर्न, छुन, तिनका लेबल पढेर आफ्ना लागि उपयुक्त अनुपयुक्त के छ बुझ्न, मूल्य हेर्न, सुविधाजनक अवस्थाले मानिसले स्वर्गीय आनन्दको अनुभूति गर्दछ र ठुलाबडाले मात्रै खाने भन्ने कल्पनाका खाने पिउने कुराहरू पनि किन्न र खान सक्छ । अमेरिकाको यो ड्रिमले मान्छेलाई धेरै आकर्षित गर्दछ । यो अवस्थामा अभ्यास भइसकेका र अन्यत्र आफ्नो देश र समाजको आकर्षणको खासै अवस्था रहेको छैन भने अमेरिकन ड्रिममा ऊ फस्छ । काम गर्ने र नगर्नेहरूको लागि यो अवस्थाले सबलाई मस्ती छ ।

स्त्री पुरुष आफ्नो बिरानो जो होस, मन मिल्यो भने बाटो, पार्क, रेल, गाडी जहाँ मन लाग्यो दुनियाँको कुनै चिन्ता छैन, मुखमा मुख जोडेका छन्, ओठ मुख गाला चुसेका छन्, चाटेका छन्, स्वर्गीय आनन्दमा छन् । प्रकृतिबाट हात, खुट्टा, तर्कबुद्धि र भाषा पाएको मानिस स्वतन्त्रता र व्यक्तिवादको नाममा परिवार विहीन, पडोसविहीन, समाज र देश बिहीन भएर आधुनिक पशुवत् सुखमा जिउनलाई स्वतन्त्र छन् ।

### (३) अमेरिकाका टप टेन दैनिक समाचारपत्रहरू

यस विशाल देशमा समाचार पत्र पत्रिकाहरू, म्यागजिन, न्यूजलेटर्स आदिको सङ्ख्या गनेर साध्य छैन, राष्ट्रिय, प्रादेशिक र स्थानीय पेपरहरूको भरमार छ र पेपर पढने चलन पनि छ । नेशनलस्तरमा प्रकाशित हुने र करोडौं पाठक भएका टप टेन दैनिक समाचारपत्रहरूको नाम यस क्रममा रहेकोछ :

1. The Wall Street Journal –WSJ,
2. The New York Times,
3. USA Today,
4. The Washington Post,
5. Los Angeles Times,
6. Tampa Bay Times,
7. New York Post,
8. Chicago Tribune,
9. Star Tribune,
10. News Today.



यो हो अमेरिका

एक नम्बरमा नाम रहेको WSJ -Wall Street Journal पेपरमा सामान्यतया ३ वटा सिट हुन्छन् । पहिलो शीट A मा १८ पेज, सिट B , Business and Finance मा १४ पेज, सिट C, Mansion मा १२ पेज कुल **४४ पेजको ५ डलर** छ, भने यसको शनिवारीय पेपरमा पहिलो सिट A मा १६ पेज, सिट B, Exchange मा १२ पेज, सिट C, Review मा १४ पेज, सिट D, Off Duty मा १० पेज कुल **५२ पेज ६ डलर**को हुन्छ । एउटा पेपर पढन दिन भरको खुराक पुग्छ । यो पेपर निष्पक्ष पाँच र बढी विश्वसनीय मानिन्छ ।

### (४) अमेरिकाका टप टेलिभिजन न्यूज च्यानलहरू

सरदर ७ करोड १४ लाख मानिसले हेर्ने गरेको सन् १९२९ देखिको न्युयोर्कको CBS, सरदर ६ करोड ३३ लाख ले हेर्ने गरेको सन् १९२६ मा स्थापित न्युयोर्कको NBC, सरदर ५ करोड १९ लाखले हेर्ने गरेको सन् १९४३ मा स्थापित Burbank California मा स्थापित ABC, सरदर ४ करोड ६२ लाखले हेर्ने गरेको सन् १९८६ मा स्थापित न्युयोर्कको FOX, सरदर २ करोड ५० लाखले हेर्ने गरेको सन् १९८६ मा स्थापित न्युयोर्कका FOX NEWS Channel, छन् । यसका अतिरिक्त National Geography, Discovery Channel, Netflix, Hulu, Disney आदि प्रसिद्ध र बढी हेरिने अमेरिकन च्यानेलहरू छन् । यहाँको पत्रकार जगत माथि पनि अविश्वसनीयताको निकै आरोप लाग्ने गरेको छ ।

### (५) अमेरिकाको खेल

हाल प्रचलित खेलहरू भलीबल, फुटबल, पोलो, क्रिकेट आदि प्रायः अमेरिकामा पनि खेलिन्छन् । खेलका लागि विशाल स्टेडियमहरू छन् । प्रायःखेल दर्शकहरूबाट स्टेडियम भरिएका हुन्छन् । टाढाका खेलाडीहरू टिभीमा हेर्छन् । जुन स्कुल या संस्थाले खेल्न लागेको हुन्छ त्यस संस्थामा आबद्ध रही सकेका पूर्व छात्र छात्रा, सदस्यहरूले, ठुलठुला अफिसर, नेता पदाधिकारी परिपक्व, बृद्ध अवस्थाका मान्छे समेतले होटल बारहरू बुक गरेर आ-आफ्ना स्कुलका ड्रेस लगाएर खानपीन गर्दै, हल्ला मचाउँदै खेल हेर्ने मनोरञ्जन गर्ने रहेछन् । आफ्नो प्यानेल जितेमा निकै खुशियाली र खर्च गर्छन् भने हारेमा रिस पोख्छन्, कोही कोहीले त मुडकी हान्छन् र कुर्सी टेबल, बोतल र टिभीसम्म फोड्छन् र हर्जाना भर्छन् ।

अमेरिकामा हिउँ पर्ने ठाउँहरूको निकै महत्व छ । पर्यटकहरू हिउँमा SKI (स्की) खेल्न (दुईटा पटरामा उभिएर दुवै हातले लट्ठी टेकेर वा नटेकेर घिस्रिने दौड) जान्छन् । महिला पुरुष सबैको लागि पौडी र स्की खेल्ने अति लोकप्रिय खेल हुन् । स्कीमा त चोट लाग्ने खतरा पनि हुन्छ ।

राम्रो मौसममा दिनहुँ जसो साइकल रेस र ठुला महँगा खाले मोटर साइकलको रेस हुन्छ। अगाडिको पहिया उठाएर पछाडिको एक पहियामा मात्र, भयङ्कर ठुलो आवाज र अत्यधिक तेज गतिमा दौडेका हुन्छन् । रोडको रेड लाइटमा पनि रेस गर्ने व्यवस्था मिलाउँछन्। साइकिलिङ्ग त शारीरिक व्यायामको लागि हिँडालिएकै हुन्छन् ।

**(६) अमेरिकामा व्यायाम र योग**

अमेरिकामा स्वास्थ्य प्रति निकै जागरुकता छ । शहरमा टोल टोल र हाईराइज बिल्डिङ्गको प्रायःतल्लो तलामा जिम रहेका छन् । पार्क त शहर देहात जहाँपनि साना ठुला कति हुन् कति ? चिल्ड्रेन पार्क पनि । शहरहरमा दौडने फुटपाथ, बिच, ट्रेल (दौडने गोरेटो, पगदङ्डी) घोडा चढेर दौडाउने विशाल मैदानहरू छन् र यी सबै ठाउँमा व्यायाम गर्नेहरू देख्न सकिन्छ । अमेरिकामा मनपरी जग्गा किनेर घरगोठ बनाउने उद्योग लगाउने चलन छैन । शहर गाउँ बसाल्दा नै पार्क, बाटो, पार्किङ आदि सब व्यवस्था हुने चलन रहेछ ।

यसका अतिरिक्त आफ्नो कामको समय र सुविधानुसार निजी घरमा पनि व्यायाम गर्नलाई जिमका मशीनहरू ट्रेड मिल, साइकिल, चेन पुलिङ्ग, वेटलिफ्टिङ डेलिभरी आदि लगाएका छन् र व्यायाम गर्दछन्। दौडने र जिम जाने त लगभग अधिकांशको पक्का छ। योग व्यायाम बिहानै गर्नुपर्छ भन्ने छैन। बिहान, दाउँसो साँझ, राति जहिले समय छ तेही बेला गर्छन् । स्वामी रामदेवले अमेरिकामा योग पुऱ्याएपछि, राष्ट्रपति ट्रम्पको टाइमदेखि त अमेरिकामा योगको लहर आएको छ र आजभोलि त टोलटोलमा योग पुग्दैछ । चाइनिज जापनीज बस्ती भएको ठाउँमा चाइनिज तरिकाका अति मध्यम गतिको योग व्यायाम गर्ने गर्दछन् ।





# अध्याय-७
# अमेरिकनको सामान्य जीवनशैली

**खण्ड १**

यो उद्योगी, व्यापारी व्यवसायीहरूको देश हो। हामीहरूकहाँ घनाबस्तीका शहरी क्षेत्र बाहेक बाँकी बजार ग्रामीण इलाका पनि छ जहाँ धनी गरिब सबैको घरको अगाडि पछाडि सामान्यतया सानो ठुलो आँगन र करेसाबारी छ। कोही कोहीले गाई, भैंसी, कुखुरा, बाखा, हाँस पालन गरेका छन् । गाउँ शहरबाट बाहिरिन साथ खेत बारीमा बाली नाली लागेको देखिन्छ ।

तर अमेरिकामा शहर त शहर हुँदै हुन्, ग्रामीण बस्तीहरू पनि शहरी सुविधा-सडक, बिजुली, पानी, सुरक्षा, स्वास्थ्य र स्कुल आदि सबै सुविधाले सम्पन्न छन् र यिनीहरूसँग घरको कम्पाउन्डमा स-साना बारीहरू हुन्छन् तर पहिलो कुरा त अङ्ग्रेजले व्यक्तिगत खेती गर्ने संस्कार छैन, दोस्रो कुरा सबै ठाउँको हावापानी खेतीयोग्य छैन कहीँ धेरै जाडो र हिमपात त कहीँ मरुभूमि । बाहिरी देशबाट गएकाहरूले कोही कोहीले तरकारीहरू लगाउँछन् र मौसमले साथ दिएसम्म उपभोग गर्दछन् अन्यथा आँगन या बारीहरू स-साना घाँसका बारी जस्ता भै रहन्छन् ।

पशुपालन र खेती जुन इलाकामा छ ती व्यवसायीक तरिकाका फार्महरू छन् । व्यक्तिगत खेती र पशुपालन हुँदैन । यसकारण आफ्नो देश ग्रामीण क्षेत्रबाट खेतीपाती र गाई गोरु पशुपालन आदि देखेजानेर अमेरिका आएको हो । त्यसको कुरा छोडौं, अमेरिका मै जन्मे हुर्केका मानिसहरूले खेतीपाती लागे हुर्केको देखने अवसर नै पाउँदैनन् । फिल्ममा बालीनाली र फलफूलका बागबैँचा हेर्छन् । खेती कसरी हुन्छ, कुन बालीनाली कुन महिनामा केमा कसरी फल्छ ? केही थाह छैन । यहाँका मानिसको जीवनशैली हामी कहाँ भन्दा भिन्न छ । अमेरिकामाः-

१) काम गर्ने र धनी बन्ने होडमा उमेर गइसक्छ, विवाह गर्ने भ्याउँदैनन् । धन जोडेर बिलेनियर भएको मान्छे बढी उमेर भइसकेको रहेछ भने पनि २५ वर्षका युवतीले ५० वर्षको पुरुष भए पनि खोजेर बिहे गर्छन् । अन्यथा सामान्य मध्यमवर्गी सबै स्त्री पुरुषले "जब" गर्छन् । घण्टाको हिसाब हुन्छ । दिन-रात आफ्नो पायक पर्ने समय मिलाएर पतिपत्नीले काम गर्छन् ।

२) परिवार भनेको पुरुष-महिला विवाह गरेर बसुन्जेल परिवार हुन्छ, छोडपत्र खुल्ला छ । गर्ल/ब्वाय फ्रेन्ड, डेटिङ्ग आदिबाट शारीरिक भोक शान्त हुन सक्छ, विवाह गरे भयो नगरे पनि भयो । मान्छे बालबच्चा जन्माउनपट्टि प्रायः लाग्दैनन्, एक्लो र स्वतन्त्र जीवन काम गर्न सजिलो र जहाँपनि बसाइ सर्न सजिलो र बढी आनन्ददायक मान्दछन् । बच्चा जन्माए पनि एक या बहुत मुस्किलले दुई । यसकारण परिवारमा पतिपत्नी र बच्चाहरू गरेर मुस्किलले चार पाँच जना । बच्चाहरू १८ वर्ष पुगेपछि अन्त गैहाल्छन् । बाँकी रहे पति पत्नी छोडपत्र नहुन्जेलसम्म । अन्यथा एक्लै । आमा, बाबु, दाइ भाइ, दिदी बहिनी सबका अलग अलग बसाइ र आ-आफ्ना संसारमा रमाउँछन् ।

३) **जन्मदर शून्यमा पुग्दै** : अमेरिकामा सन्तानोत्पत्ति दर लगभग औसत ३ परिवारबाट ४ सन्तान १.८% जन्मदर छ र सन् १९५० देखि जन्मदर निरन्तर घटेकोछ । त्यसैले अमेरिकाले डिवी चिट्टा जस्ता कार्यक्रमबाट अन्य देशका मानिस बोलाइरहेको छ र आउने विदेशीहरूले सन्तान जन्माउने अभ्यासले गर्दा नै यो जन्मदर छ अन्यथा स्थानीय अङ्ग्रेज र पुराना निवासीले बच्चा जन्माउँदैनन् । पढाइ लेखाइ र कैरियर बनाउनमा उमेर गइ हाल्छ, त्यसपछि पैसा कमाउनमा फुर्सत छैन । यसका अतिरिक्त अमेरिकामा एक बच्चा जन्माउने तयारीमा आमाले काम छोड्नु पर्ने, बच्चा जन्माए पछि बेबी सिटर राखेर पालन पोषण गराउने, पछि पढाउने लेखाउने आदि तमाम काम गर्दै गएपछि ठुलो लगानीमा एक





जनाले हाई स्कुल पास गर्दछ । यो भन्दा सजिलो त अन्यत्रबाट छानेर तयारी अवस्थाको काम लायक मान्छे बोलाउने विधि सोचेर अमेरिकाले अन्यत्र देशबाट डिभीमा मानिस बोलाउँछ ।

४) **मनिस नभए रोबोटले काम गर्ने** : रोबोट २०५० सम्म अमेरिकामा काम गर्ने युवा शक्ति सकिने भन्ने अनुमानले चिन्तित गराएको छ । यसकारण रोबोट कम्पनीहरूले रोबोट बनाइरहेका छन् र आर्मीले किन्दैछ । ठुला र खतरनाक कामहरू रोबोटले गर्न थालेको छ भने कार ड्राइभमा पनि रोबोटको उपयोगको परीक्षण चल्दैछ । कार पनि यस्ता सेन्सर र सुविधाका बन्न थालेका छन् ।

५) **अटोमेटिक सिस्टम** : गेटहरू खोली बन्द गरी रहन नपर्ने आफै चल्ने त छँदैछन् तर गुगलले ओके गूगल र एपल कम्पनीले एलेक्सा नामको कृत्रिम डिभाइस बनाएको छ जसले आदेश पाएपछि वायरलेस सिस्टममा पङ्खा, बिजुली अन अफ र तेज, स्लो गर्न, टिभी अन अफ र बताएको प्रोग्राम च्यानल लगाई दिने भै रहेकोले बसेको ठाउँबाट उठेर काम गरी रहन नपर्ने, एकै चोटी आदेश गर्दै गएर धेरै काम एक साथ गराउन सक्ने र हतारमा काम गर्नलाई सजिलो छ । एलेक्सा बरण्डाको बत्ती निभाऊ, बेडरुममा बच्चाको म्युजिक बजाऊ, पङ्खा स्लो र टिभीको आवाज मधुरो पार, किचनमा भाँडा धोइरहेको मसिन बन्द गर, आदि आदेश गर्दै गयो र सब जादुले झैं धेरै जनाको काम एकै चोटि फटाफट गर्ने गराएको छ । घरमा एक्लै र अशक्त मानिसको लागि सहज भएकोछ ।

६) **एक्लो मानिसको साथी** : अरु साथ साथी र परिवारजनको अभावमा मानिसले मन बहलाउने र मुखले बोलेर कुरा गर्ने प्राकृतिक आवश्यकताको परिपूर्तिका लागि कुकुर र बिरालो पाल्ने गरेको छ । बोलचाल गर्न मन लाग्दा बोले भयो तर आफ्नो मन नलाग्दा अर्काको कुरा सुनि रहने बाध्यता नहुने, चुप लागेर बसे भयो । अमेरिकामा मानिसको सङ्ख्याको लगभग बराबर कुकुरको सङ्ख्या छ ।

७) **परिवारमा पनि निजीपन** : गाडी, पाल्तु कुकुर, बिरालो जसको हो परिवारमा सबैले हाम्रो/मेरो भन्दैन । बुवाको कुकुर, आमाको गाडी, बहिनीको बिरालो । यसरी भनिन्छ र हेरचाह पनि त्यसरी नै हुन्छ ।

८) बालबच्चा या पाल्तु जनावर रोए कराएको राम्रो मानिदैन । घरमा एक्लै छोडेर बाहिर जान हुँदैन । थोरै समयको लागि कुकुर/बिरालो कोठामा थुनेर बाहिर निकल्नु परेमा कोठाको गेटमा 'सूचना पाटी' झुन्ड्याइ दिनुपर्दछ । त्यसमा पाल्तु जनावरको नाम र मालिकको मोबाइल नम्बर लेखेको हुन्छ । बाल बच्चा र पाल्तु जनावरलाई पिट्न पाइँदैन ।

९) आफ्नो घर/कोठामा कुनै उत्सव, नाचगान या टिभी हेर्दा छिमेकी कहाँ आवाज पुग्नु हुँदैन र राति ११ बजेपछि कुनै होहल्लाबाट छिमेकीलाई बाधा पर्ना साथ उसले तुरुन्त पुलिसलाई फोन गर्दछ। यसबाट बच्नुपर्दछ।

१०) परिवार र इष्टमित्र जो छ सबैले आफ्नो इच्छाको र इच्छाअनुसार खाने हो कसैले अनुरोध गरी रहँदैन।

११) समय, शिक्षा र काम तीन चिजको महत्व छ। यसमा बाधा पर्नेगरी अर्को काम गर्न कसैले सल्लाह दिँदैन।

१२) बडो सपाट र एक रस जीवन छ। कसैले कहीँ बोलायो र त्यही समयमा तपाईंसँग शिक्षा, काम डाक्टर वा कसैसँग भेटघाटको एप्वाइन्टमेन्ट छ, स्केजुएल मिल्दैन भने तपाईंले म आउन सक्दैन भनेपछि हामीले भन्ने गरे जस्तै थोरै टाइम मिलाउनुस् न, आज यो यो काम छोड्नुस्, आई हाल्नुस भन्ने चलन छैन। तपाईको यस र नो भन्नु नै पर्याप्त छ।

१३) कुनै काम कुरा बिग्रन गयो, या ट्रेन, बस छुट्यो, कुनै स्टोर, अस्पतालमा कुनै सुविधा/वस्तु पाउन सकिएन भने मलाई त यस्तो भयो, यो पऱ्यो, र यसरी यो चिज फुत्क्यो भन्नुको खासै मतलब हुँदैन, अब के गर्ने भन्ने बारेमा कुरा गर्ने हो। बितेको इतिहास सुनाएर कामै छैन। कर्मचारीले तपाईं घरबाट पहिले निस्कनु पर्थ्यो, रेडियो या मोबाइलमा सूचना हेर्नु सुन्न पर्थ्यो, यस्तो किन गर्नु भएन त ? आदि कुनै कुरा गरिँदैन। तपाईंका समस्या तपाईसँग छन्, हुने काम कुरा भयो, भएन र समय सकियो भने निरर्थक सोधपुछ, पछुताउने र अर्ती उपदेश सल्लाह, रिस आवेग याचना गरेर अनावश्यक समय खेर फाल्नु भनेको अर्कालाई डिस्टर्ब गर्नु हो। यसकारण सिधा प्रश्न र खरो उत्तर मात्र दिने चलन छ।

१४) दुई जनाले कुरा गर्न लाग्दा, घर बाहिर, स्कुल, अफिस कहीँ पनि तेस्रोले बिचमा आफ्नो कुरा भन्न, बोल्न या सोधपुछ गर्न पाइँदैन। दुईजनाको कुरा सकिएपछि मात्र तेस्रोले कुरा गर्नुपर्दछ।

१५) पार्क या अन्य सार्वजनिक स्थानको कुनै बेन्चमा एक जना बसेको छ, दुईजना बस्ने ठाउँ खाली भएपनि यहाँ कोही बसेको छ कि ? म बस्न हुन्छ ? भनेर बसी रहेको मान्छेसँग सोध्दा सभ्यता मानिन्छ।

१६) कसैले मोबाइलमा केही हेरी रहेको या कुरा गरी रहेको छ भने त्यता आँखा या कान लगाउन पाइँदैन। उसको निजी काम कुरामा चियो गर्नु अपराध मानिन्छ।

१७) तपाईंले कसैसँग कुनै कुरा सोध्नु भयो, उसले जानेको छ भने उत्तर दिन्छ, जान्दैन भने Sorry भन्छ। अन्दाजी र आफ्ना मनका कुरा बताएर ज्ञानी बन्दैन। यहाँदेखि म्यासेज स्टोर कता होला ? कसैले सोध्यो भने



यो हो अमेरिका

हामीले खोइ कता हो ? तर उतातिर स्टोरहरू छन् त्यतै जानुस भन्छौं, तर अमेरिकामा यसरी भनिँदैन।

१८) अपवादलाई छोडेर अमेरिकनले प्रायः झुठो, फाल्तु र घटाइ बढाइ कुरा लुकाइछिपाइ या थपथाप गरी कुरा गर्दैन। ठिक्क र छोटो कुरा गर्न मन पराउँछ।

१९) कसैको लुगा, मेकअप र खाना जे जस्तो भएपनि त्यसको आलोचना गरिँदैन बरु वाह ! क्या राम्रो ! भन्ने चलन छ। प्रशंसा गरी हाल्न राम्रो मानिन्छ।

२०) कसैको आमुन्ने सामुन्ने परेर आँखा जुध्दा तुरुन्त मुस्कुराई हाल्नु पर्छ। आफ्नो ओंठमा बनावटी भएपनि मुस्कान टाँसी राख्नु पर्दछ। परिचित अपरिचित, पुरुष स्त्रीको मतलब छैन। भेट्दा हाई र छुट्टिदा बाई या Have a nice day, Have a good weekend, Have a good holy day भन्नु सभ्यता हो। यो राम्रो हुन्छ। कुनै अपरिचितसँग भेटघाट र परिचय आदानप्रदान हुन्छ भने Nice to meet you भन्नु पर्दछ। इस्क्युज मी, सरी, थ्याङ्क यु, यु आर वेलकम शब्द मुखमा झुन्डिएको हुनु पर्दछ।

२१) प्रत्येक व्यक्तिले बिजुली, पानी, घरसफाई, सामान्य मर्मत, काठको बढइगिरी सामान्य काम, कटिङ्ग फिटिङ्ग र भरसक कपाल कटिङ्ग जानेको राम्रो र सकेसम्म आफैले घरमै गर्नु पर्दछ। दाह्री काट्ने सैलुनमा जाने चलन छैन।

२२) घर आँगन र घरको सामुन्ने घाँस काट्ने सफासुग्घर राख्ने घरधनीको काम हो। सरसफाइ नगरेमा नगरपालिको मोबाइल टिमले घरको घाँस काटेर सरसफाई गरेर बिल बनाएर घरको ढोकामा टाँसेर हिँड्न सक्छ।

२३) घर भाडा, बैङ्क कर्जा, कुनै दोकान कम्पनी, व्यक्तिको पैसा नतिर्ने र अपराधी व्यक्तिको नाम स्वतः नेटमा देखापर्दछ र उसले भाडामा घरलगायत कहीँ कुनै चिज वस्तु उधारो पाउन सक्दैन। ऊसँग दुईटा बाटा मात्र हुन्छन् कि त ऊ आमा बाबु या कसैको घरमा आश्रय लेओस्, काम गरोस् जीवन बिताओस कि त होमलेस भएर बाटोमा सुतेर जीवन बिताओस्। अमेरिकामा सामान्यतया उसलाई कसैले पत्याउँदैन ऊ मरे सरह हुन्छ।

२४) हामीले प्रायः कोहीसँग कुरा गर्दा नम्रता प्रदर्शनका लागि उसका मुखमा हेरेपनि आँखा जुधाएर कुरा गर्दैनौं तर अमेरिकामा पुरुष होस या महिला आँखामा आँखा जुधाएर कुरा गरेको राम्रो मानिन्छ।

२५) <u>डेटिङ्ग</u> :पश्चिमा भोगवादी संस्कृतिको एक अङ्ग यो पनि हो। यसलाई पूर्विया संस्कृतिले ठ्याम्मै स्विीकार्दैन र यसलाई पतनको अवस्था भनिन्छ

। यसमा इन्टरनेट अथवा अन्य माध्यमबाट परिचित अपरिचित केटाकेटी स्त्री पुरुष सम्पर्कमा आएपछि फुर्सदमा भेटने तिथि मिति टाइम तोक्छन् । भेटघाट सुरु हुन्छ एक अर्कासँग नजिक हुँदै हुँदै, भोगविलास र मन लाग्यो भने अन्तमा प्रेमी प्रेमिकाको रुपमा र विवाह बन्धनमा पनि जान सक्छन् त्यत्तिकै अलग पनि हुन सक्दछन् ।

२६) **गरिबी रेखामुनिको परिवार र विद्यार्थी** : आर्थिक सक्षमताको मापदण्डदेखि निम्न अवस्थाका व्यक्तिले कर तिर्नु पर्दैन । यस्ता परिवारले बिमा र अन्य कैयौं सुविधाहरू पाएका छन् । आफूले गलत काम नगर्ने हो भने वास्तवमा निस्फिक्री जीवन छ, बुढेसकालमा सामाजिक सुरक्षा सरकारले दिएकै छ । के खाने के लाउने भन्ने समस्या छैन र जस्को नैतिक र सन्तोषी जीवन छ र काम पनि गरेकोछ त्यसलाई त पूरा आनन्द छ । यस्तै सुख सुविधाले त अमेरिकन ड्रिमको नामले दुनियाँका मान्छेलाई आकर्षित गरेको छ । यिनका सन्तानलाई सरकारी विद्यालयमा खाना नास्ता निःशुल्क मिलेको हुन्छ, स्कुलको वार्षिक विदाको समयमा विदा अवधि भरको खानाको नगद रकम पनि दिन्छ ।

२७) छोटकरीमा भन्ने हो भने अमेरिका निवासीहरूको सामान्य खाना, नाना, छाना, स्वस्थ्य र शिक्षाको बारेमा आफ्नो र परिवारको लागि खासै चिन्ताको अवस्था नभएकोले अन्तरनिर्भरताको समाजको आवश्यकता नै रहेन । सब आफै आफैमा रमाउने भए । सरकारी तन्त्रले पनि व्यक्तिलाई एक व्यक्तिको रुपमा हेरेको छ । परिवारको रुपमा खासै हेर्दैन ।





# अध्याय-८
# शिक्षा

अमेरिकामा शिक्षा समान्यतया तीन स्तरमा छ । पब्लिक, सामुदायिक र प्राइभेट । पब्लिक र सामुदायिक मध्ये सबै स्कुल एक त राम्रा नहुन सक्छन् र साना बच्चाहरूकै प्राइभेट स्कुलमा पनि यति महङ्गो र डोनेशन तथा अभिभावकको लागि क्लबको रुपमा राखिएका छन्, तमाम पार्टी भोजभतेरको नाममा ठुलो रकम लिने गर्दछन् कि त्यसमा पढाउने सबैले कल्पना पनि गर्दैन । ३, ४ वर्षको बच्चाको लागि प्राइभेट राम्रो स्कुलमा सामान्यतया वार्षिक पैंतिस हजार, हारवर्ड जस्तोमा मास्टर डिग्रीमा करिब डेढ लाख युएस डलर भन्दा बढी फिस मात्र लाग्दछ । लुट कान्छा लुटको वातावरण छ । प्राइभेटतिर नदौडने हो भने, बच्चाको बौद्धिक स्तर राम्रो छ भने र भविष्यमा जे-जस्तो होला देखा जाला भन्ने सोच लिएर सरल उपलब्धतामा बच्चा पढाउने हो भने पनि भविष्य राम्रै हुने सम्भावना हुन्छ । शिक्षाको डिग्रीमा यद्यपि यो प्राइभेटको र सामुदायिक विद्यालयको भनेर भेदभाव गर्न त पाइँदैन तर नाम चलेको विख्यात विद्यालयको शिक्षाले अरु विद्यालयको डिग्रीलाई होच्याउनै सक्दैन भन्न पनि मिल्दैन । विद्यालयको यस कुरालाई मध्यनजर राखदै निम्नलिखित तथ्यलाई हेरौं ।

(१) **शिक्षास्तर र अनिवार्यता** : देशभर सरकारी र प्राइभेट स्कुल कलेज छन् । इलेमेन्ट्री, प्राइमरी, मिडिल हाईस्कुल र कलेज । शिक्षा अनिवार्य र

निःशुल्क छ, हाइस्कुल (कक्षा १२)सम्म । बच्चालाई अनिवार्य भर्ना गराउनै पर्दछ, स्कुल पठाउनै पर्दछ, एक दिन एक क्लास पनि हर्जा गराउन पाइँदैन । बच्चाको अस्वस्थतामा स्कुल जान नसकने भएमा स्कुललाई तुरुन्त सूचना दिइहाल्नुपर्दछ । यी काम कुराहरू नगर्ने आमा बाबुलाई जेल सजायसम्म हुन्छ । सामान्तया एक वर्षमा तीन दिनसम्म बिदा लिन सकिन्छ ।

(२) **सुविधा** :बच्चालाई पब्लिक स्कुलमा पढाउने हो भने आफ्नो निवास क्षेत्रको तोकिएको एरिया भित्रको कुनै विद्यालयमा भर्ना गराउनु पर्दछ । एरियादेखि बाहिरको पब्लिक स्कुलले भर्ना लिंदैन । स्कुलमा बच्चालाई दिउँसो खाजामा पौष्टिक आहार हुन्छ । बस सेवा पनि निःशुल्क हुन्छ । कहिल्यै एक पैसा पनि लाग्दैन ।

(३) **कलेज** : कलेजमा फुल स्कलरसिपमा नाम निकालेमा खर्च लाग्दैन अन्यथा खर्च लाग्छ ।

(४) **ग्रेजुएशन** :मिडिल, हाईस्कुल र कलेज लेबलमा ग्रेजुएसन (दीक्षान्त समारोह) मनाइन्छ । ठुलो कार्यक्रम हुन्छ । देश विदेशबाट आमा बाबु नातागोता इष्टमित्रलाई आफैले बोलाएर कार्यक्रममा लैजान सकिन्छ, स्कुलले नाम सोध्छ, नाम लेखाएमा स्कुलले निमन्त्रण चिठी पठाउन, मेल गर्ने पनि चलन छ। नाम चलेका प्राइभेट स्कुलले रमाइलोको लागि त नर्सरी के बच्चाहरूको ग्रेजुएसन गर्दछन् ।

(५) **अनुभवः** उमेर पुगेका विद्यार्थी विदाका दिनहरूमा रेस्टुरेन्ट या अरु स्टोरमा काम गर्न जान्छन् । पैसा र अनुभव बटुल्छन् अथवा नेताहरूको सचिवालय या वकिल फर्म, बैङ्क, कम्पनी, हास्पिटल, लाइब्रेरी जस्ता ठाउँमा भोलिन्टियर भएर इन्टर्नसिप काम गर्छन् अनुभव र प्रशंसा पत्र पाउँछन् । पछि यसले राम्रो काम गर्छ । तात्पर्य के भने विदा विद्यार्थीको लागि अति महत्वपूर्ण काम गर्ने समय हुन्छ ।

(६) **छात्रवृत्ति** : प्राइभेट स्कुल कलेजमा पाइन्छ र यो आफ्नो मेहनतमा निर्भर छ। विद्यार्थीले गर्नैपर्ने काम पुस्तकालयमा डटेर पढ्ने, स्वयंसेवकको रुपमा राम्रो ठाउँमा काम गर्ने, अनुभव लिने र सिफारिसपत्र आर्जन गर्ने, राम्रो रेजिमी बनाउने, छात्रवृत्तिको लागि अप्लाई गर्दा के पढने, त्यसबाट देश र समुदायलाई कति फाइदा छ, मैले यो यो गर्न सक्छु, भनेर किटेर ठोकुवा गरेको हुनुपर्दछ । सामान्यतया मार्चमा खुद्रा स्कलरसिपको भरमार हुन्छ स्कुल, कम्पनी, एनजिओ, परोपकारी संस्थाहरूले विद्यालय मार्फत छात्रवृत्ति दिन्छन् । स्कुलमा सम्पर्क गरेर यो सहयोग रकम पाउन सकिन्छ । अमेरिकामा पढ्न र रिसर्च गर्नेको लागि चाहे जति सुविधा खोज्न सकिन्छ ।





(७) **विदेशीको लागि** : नेपाल भारतका विद्यार्थी जो स्टुडेण्ड भिसामा अमेरिका जान्छन् । तिनी मध्ये कमैले पढाइ पूरा गर्दछन्, धेरैले पढाइ छोडछन् । यसको प्रमुख कारण के भने हाम्रो यहाँको भन्दा अमेरिकामा अनुशासन कडा छ र पढाइ झनै कडा छ । साप्ताहिक र विभिन्न नामका होमवर्क र विभिन्न नामका टेस्टहरू भै रहन्छन् । १५, १६ घण्टा नपढेर कामै चल्दैन, अझ लेख्नु पर्ने कति हो कति ? जति बढी मेहनत गर्न सके राम्रो । अल्छी मान्छेको त अमेरिकामा कहीँ कुनै क्षेत्रमा काम छैन । स्कुलको पढाइ लेखाइ भ्याएपछि काम गर्नु पर्ने, काम पनि कति टाढा छ ? खर्च जुटाउने, अनि आफ्नो खानापिना नुहाइधुवाइ, आराम कहिले गर्ने र कति घण्टा सुत्ने ? आखिर दिन रात मिलाएर चौबिसै घण्टाको समय त हो । मैले कडा पढाइ पढने विद्यार्थीलाई दुई चारवटा ब्रेड र एक गिलास कफी लिएर पुस्तकालयमा भुँइमा कार्पेटमा बसेर ल्यापटप र किताब राखेर पढदै लेख्दै खाँदै आराम गर्दै र बिचबिचमा निंदको झप्की लिँदै गरेको देखेको छु । यति हिम्मत गर्ने विद्यार्थीले निम्न कुरामा प्रवेश गर्नु पर्दछ । अन्यथा आफ्नै देशमा शिक्षा लिनु राम्रो हुन्छ ।

आफ्नो देशमा कक्षा १२ पास गर्न लागेका विद्यार्थीले पहिले पासपोर्ट बनाएर TOFEL को परीक्षा आफ्नो देशको दूतावास/काउन्सिल/ इन्स्टिच्युटबाट सोधपुछ गरेर, पढेर परीक्षा राम्रो नम्बरले पास गर्छ भने आफूले नेटबाट खोजी गरेको अमेरिकन युनिभर्सिटीहरूमा अप्लाई गर्नु पर्दछ । युनीभर्सिटीले स्कलरसिप या फिस तिरेर भएपनि पढ्ने अनुमति दिएमा आफ्नो देशमा रहेको अमेरिकाको दूतावासमा भिसाको लागि निवेदन दिनुपर्छ । भिसाको निवेदनको साथमा आफ्नो हैसियत खुल्ने घर जग्गा, उद्योग, व्यापार, व्यवसाय, पारिवारिक प्रतिष्ठा र बैङ्क ब्यालेन्स प्रमाणित कागजहरू राख्नु पर्दछ । उसले भिसा दियो भने अमेरिकामा पढ्न जान पाइन्छ । अमेरिका जाँदा दुई चार जोर सामान्य र गरम लुगा, कच्छा, बनियाइन, आवश्यकता पर्ने सामान्य औषधि लिए पुग्छ । बेड विस्तरा र धेरै लुगा सामान बोक्नु जरुरी हुँदैन । TOFEL का साथमा SAT गर्न सक्यो भने झनै राम्रो मानिन्छ । मास्टर डिग्रीका लागि पनि TOFEL र GRE पास गर्नु पर्दछ । सरकारी कोटामा पनि सिट आएको हुन्छ । नेपालमा प्रायः शक्तिशाली नेताहरूले नै उपयोग गर्छन् ।

(८) **विषय** : आफ्नो देशमा पढेकै विषय अमेरिकामा पढ्नुपर्ने बाध्यता छैन । यहाँ त पढ्दा पढ्दै र परीक्षा दिँदा पनि विषय बदल्न पाइन्छ । बाध्यता केही छैन । यहाँ डाक्टरी र वकालत पढ्न यसकारण गाह्रो छ कि काम गरेर पढ्ने समय हुँदैन र विद्यार्थीले फुर्सतमा ३-४ घण्टा काम गरेन भने खर्च रकम

त घरबाट लिनुपर्ने अवस्था रहन्छ र विदेशीले अमेरिकन डलरको खर्च दिन बहुत कठिन हुन्छ ।

कलेजमा पढ्नलाई ऋण पनि पाइन्छ । पैसाको अभावमा यो चिज पढ्न पाइएन भन्ने पछुताउने अवस्था छैन । पढाइपछि पैसा कमाउँदै तिर्दै गए हुन्छ । धैर्य राखेर उपक्रम गर्दै गएपछि सफलताका दिन आउने भरोसा राख्ने ठाउँ हो अमेरिका ।

शिक्षा प्राप्तिको तरिका बहुत सरल बनाइएकोले क्लासटिचर र विद्यालय प्रशासनले सबै काम भ्याउँछन् पुरै अधिकार तिनलाई हुन्छ । हर समय केन्द्र र हाकिमको आदेश खोजी रहन पर्दैन । जे जो छ, सब सिस्टममा छ, सुनिश्चित छ । सोर्स, सिफारिस र पहुँच खोजी रहन पर्दैन । आफनो बल, बुद्धि, लगन र मेहनत कै आधारमा उन्नति प्रगति प्राप्त हुन्छ । शिक्षाको क्षेत्र स्थानीय सरकार र प्रदेश सरकारको हुन्छ यसकारण पूरा अमेरिकामा विद्यालयहरूमा साधन सुविधामा भिन्नता हुन सक्दछ तर सामान्य कुराहरू मिल्दाजुल्दा हुन्छन् ।

(९) **एउटा राम्रो उदाहरण** : नेपालमा बी.ए. की एक छात्रा अमेरिका पुगिन्, कहिले कता कहिले कता काम गर्न थालिन् । अलि कति व्यवस्थित भइसकेपछि अस्पतालमा नर्सको काम पाइन् । अमेरिकामा समान्यतया हप्तामा ४० घण्टा काम गर्नुपर्ने चलन भएकोले उनले प्रतिदिन १२ घण्टाका दरले सोम, मङ्गल, बुध, काम गरेर बृहस्पति र शुक्र स्कुल जान थालिन्, बाँकी शनिबार र आइतबार बिदाका दिन २-२ घण्टा अस्पतालमा काम गरेर यता ४० घण्टा पूरा गरेर राम्रो आम्दानी, र नर्सिङ कै स्कुल, ५ वर्षमा त पैसा, विद्या र ज्ञान सबै आयो ।

रेस्ट लिएर अध्ययन गर्दै केही वर्षमा डिग्री डिप्लोमा पूरा गरे पनि हुन्छ ।

(१०) **विद्यार्थीलाई भिसाको सुविधा** :अन्य देशबाट शुद्ध विद्यार्थी भिसामा अमेरिका पढ्न गएका विद्यार्थीले आफ्नो शिक्षा पूरा गरिसके पछि थप दुई वर्ष रहनको लागि सरकारमा निवेदन दिएमा र कुनै कम्पनीले काम दिएर जिम्मेवारी लिएमा यो औपचारिकता पूरा भइहाल्ने गर्दछ, सरकारले दुईवर्ष म्याद थपेर अर्कै थरीको भिसा दिन्छ । त्यस पछि त आफ्नो खुबी र सरकारको नियम आदेश अनुसार जाने हो ।

चिकित्सा विज्ञानमा ८ वर्षको पूरा कोर्ष MD सम्म गरेर ३/४ वर्ष कुनै अस्पतालमा डाक्टरको निगरानीमा काम गर्नुपर्दछ । इन्जिनियर, शिक्षक, प्रोफेसर, कर्मचारी, वकिल आदि जो कोही पनि डिग्री पूरा गरेपछि आ-आफ्नो क्षेत्रमा स्कुल, कलेज, कम्पनी, अस्पताल जहाँ पनि असिस्टेन्टका रुपमा काम गर्नु पर्दछ । राम्रो ज्ञान, तरिका र पद्धतिको अभ्यास भइसकेपछि





स्वतन्त्र रुपमा फिल्डमा उत्रिने चलन छ । स्कुल कलेजहरूमा स्टुडेन्ट शिक्षक, स्टुडेन्ट प्रोफेसर भएर बडो गजब तरिकाले कक्षा सञ्चालन हुने गर्दछ ।

(११) मेरो छोरा आशुतोषको अनुभवमा विदेशी विद्यार्थीले आई ए लेबल पास गरेर ग्रेजुएट गर्न कदापि अमेरिका जानु हुँदैन । यसो गर्दा काँचो उमेरमा चार वर्षसम्म आफैले पैसा कमाएर पढन बहुतै दु:ख र समय खेर जान्छ । छोरी मान्छेलाई त बिलकुलै गाह्रो हुन्छ । चार वर्ष आफ्नै गाउँघर देशमा सजिलोसँग बिताएर ग्रेजुएट गरेर मास्टर डिग्रीको लागि मात्र अमेरिका जाँदा राम्रो हुन्छ । यसो गर्नेले पैसा पनि राम्रो कमाउँछ । पहिले गएको विद्यार्थी धनार्जन र काममा पछि गएका विद्यार्थीसँग पछि पर्छ ।

# अध्याय-९

## व्यापार व्यवसाय

(१) व्यापार र किनमेल

गाउँ तिरका, हाम्रा भाषाको ग्रामीण इलाकालाई ‘कन्ट्री साइड’ भन्छन् । कन्ट्री साइडमा व्यापारिक प्रयोजनको लागि छुट्याइएको क्षेत्रमा र शहरमा एकदुई व्यक्तिगत पसल हुन्छन् अन्यथा व्यापारिक कम्पनीहरूले साना ठुला स्टोर र मालको चेनस्टोर खोलेका छन् । कर्मचारीहरूको माध्यमबाट व्यापार चल्छ ।,

(२) विविध वस्तुका प्रमुख व्यापारिक कम्पनीका नाम यस्ता छन् :

**Wallmart :** देश विदेश गाउँ शहरहरूमा चेन बनाएर फैलिएको यो नामको प्रसिद्ध स्टोरले खाद्यान्न, तरकारी, फलफूल, दूध, दही, चिज, ब्रेड, मसिनरी र इलेक्ट्रोनिक उपकरण, कपडादेखि घरायसी प्रयोजन र उपभोग्यका लगभग सबै चिज उत्पादनकर्तासँग आफैले सोझै खरिद गर्छ र स्टोरमा राखेर बेच्छ । बिचौलिया हुँदैन । यसकारण चिजवस्तु अन्यको तुलनामा धेरै सस्तो हुन्छ । यो स्टोरले गर्दा अरु कम्पनीलाई धक्का पर्छ भनेर अरु कम्पनीले यसदेखि परहेज गर्छन् ।





**Mecy's** : यो पनि प्रसिद्ध स्टोर हो र यसको चेन देश विदेशमा फैलिएको छ । यसमा खाद्य पदार्थ बाहेक बाँकी चिजवस्तु, कपडा, शृङ्गार, बेड बिस्तरा, हिरा, मोतीसम्म पाइन्छ ।

**Old Navy** : यो पनि मेसिज जस्तो देश विदेशमा चेन बनाएर फैलिएको स्टोर हो तर यसमा राम्रो क्वालिटीका चिजवस्तुले गर्दा अलि महङ्गो हुन्छ । लेडिज पर्स नेपाली ५-७ लाखसम्मका हुन्छन् ।

**Westfield :** यो पनि मेसिज जस्तै स्टोर हो ।

**Adidas :** रेडीमेड कपडा र विभिन्न चिजवस्तुका लागि प्रख्यात कम्पनी Boss, Banana, Republic factory store, Bota and Body, Bliss पर्स र ब्यागको लागि प्रसिद्ध) BoLomingdalis, ealvin Kleim (घडीको लागि प्रसिद्ध) Disney store, Foodcourt (खाद्य पदार्थको लागि प्रसिद्ध) Forsever XXI, Fassil (छालाका वस्तु घडी आदि), Bap (कपडा विशेष), Rueei, Guess घडी र अन्य, H.M. (कपडाको प्रसिद्ध स्टोर) Traders Joe's (खाद्य पदार्थ विशेष), Levi's, Papaya आदि ।

कम्प्युटर मोबाइल, टिभी आदि विद्युतीय उपकरण Best buy, Apple, Bwer Eletrories, Target T-mobile

Home depot घर बनाउने सजाउने, रुख बिरुवा, मल, बढईको औजार, माटो, रङ्गाई, पोताइका सामान, सिढी, ग्रासकटर मेसिन, खेतीका सामान कोदालो आदि पाइने स्टोर हो । starbuks coffee, subway, puff coffy. Office Depot official कुर्सी टेवल, कपी कलम स्टेसनरी आदिको लागि प्रसिद्ध स्टोर हो ।

**Dollar Tree:** सामान्य चिज वस्तु कपी कलम, शृङ्गार, मञ्जन, ब्रस, मोजा, चाडपर्वका सजावटका सामान, गिफ्ट आइटम, क्यालेन्डर, बिस्कुट, नमकिन, चिप्स, आइसक्रिम आदि खाने कुराहरू, भाँडा, बर्तन, चम्चा, कचौरा, तरकारी आदि (हरमाल एक डलरमा) पाउने चेन स्टोर हो तर कोरेनाको बन्दी पछि महङ्गी बढेर २०२१ देखि १.२५ डलरमा चिजबस्तु पाइने भएको छ ।

(३) अनलाइन खरिदः

ग्राहकले स्टोरमा गएर खरिदारी गर्छन् तर अनलाइनको पनि निकै प्रचलन छ, अझ कोरोना महामारीले त झन् अनलाइन खरिदलाई प्रोत्साहन गरेको छ । नेटमा हेरेर पैसा पेमेन्टका साथ अनलाइन अर्डर गरेपछि कम्पनीको मोबाइल गाडी या हुलाकले मालवस्तु घर घरमा पुऱ्याइ दिन्छ । मालवस्तु घरमा आउन लाग्दा नेटमा ट्र्याक गरेर कहाँ पुगेको छ, भनेर हेर्न सकिन्छ ।

घरमा मालवस्तु मगाउदा स्टोरले आफ्नो रुट र समय मिलाएर पठाउँछ तर यदि मालवस्तु ग्राहकले आफ्नो आवश्यकता परेको समयमा तुरुन्तै चाहिएको छ भने म आफै स्टोरबाटै सामान उठाउन यति बजे आउँछु भनेर अर्डरमा लेख्यो भने, तोकिएको समयमा स्टोरमा जानु पर्दछ र स्टोरभित्र पिकअप डेस्कमा गएर आफ्नो मालवस्तु लिन सकिन्छ । कुनै मालवस्तु गह्रुङ्गो प्रकृतिको छ स्टोरको मान्छेले तपाईंको कारसम्म पुऱ्याई देओस भन्ने चाहनु हुन्छ भने अर्डरमा त्यो कुरा लेख्नु पर्छ र तोकिएको समयमा स्टोरका ठिक नजिक गएर पिकअपको बोर्डले जता देखाउँछ त्यतै पिकअप पार्किङ लटमा गएर पिकअपको पार्किङ ट्र्याकमा गाडि लगाएर म यति नम्बर ट्र्याकमा यो नम्बर अथवा यस्तो रङ्गको यो गाडीमा छु भनेर म्यासेज गर्नु पर्छ स्टोरको मान्छेले भित्रबाट मालवस्तु ट्रलीमा राखेर कार निर ल्याई दिन्छ, नाम थर सोध्छ र सामान दिएर हिँड्छ ।

पलङ्ग, दराज, सोफा, टेबुल, ठुला टिभी, कम्प्युटर, काठका बनिबनाउ भित्ता, किचन, क्याबिनेट, ट्रेसकैन आदि मालवस्तु स्टोरमा गएर खरिद गर्दा आफूसँग पिकअप गाडी छैन भने बोकेर घर ल्याउन सकिन्न । भाडाको गाडीमा महँगो पर्छ । अर्को कुरा कोही कोही मालवस्तु, पलङ्ग सोफा, कुर्सी टेबल, दराज, जस्ता चिज चीन, जापान, कोरिया कुनै अन्य देशबाट आउन सक्छ । यसकारण अनलाइन अर्डर गरेर घरमा मगाउन सजिलो हुन्छ । ती वस्तुहरू पटरा, गद्दी, पट्टि, टुक्रा टुक्री प्याक भएर स्टोरमा रहेका हुन्छन् र त्यही रुपमा आउने हुन् । त्यसमा नटबोल्ट र पेचकस आदि उपकरणका साथै त्यसलाई जोड्ने विधिको पुस्तक पनि साथै हुन्छ । त्यसलाई हेर्दै घरमा जोडेर बनाउने हो । यस्तो सामान जोड्न सिक्नु नै पर्छ अन्यथा फिटर बोलायो भने चिज वस्तुको मोल भन्दा जोडाइ चार्ज धेरै लाग्छ । घरमा कम्पनीले आफ्नै खर्चमा डेलिभरी दिन्छ तर जोडजाड पार्ने काम भने गर्दैन ।

**(४) अनलाइन किनमेलले मानिसलाई बुङ्गा बनाई रहेको छ**

पसले बसेर मालवस्तु खरिद बिक्री हुने दोकानभन्दा स्टोर र मलहरू ग्राहकको लागि उपयोगी मान्न सकिन्न । बजारमा पसल प्रणाली छ भने, ग्राहकले आश्यक रहेको मालवस्तुको सूची बनाउँछ खर्चको अड्कल गर्दछ, पैसा बोक्छ, पसलमा जान्छ, मालवस्तु माग्छ, वस्तुको मोल र आफ्नो गोजीको तुलना गर्दछ, अन्य कुनै उपयोगी र राम्रो चिज देख्यो र खल्तीले सहयोग गऱ्यो भने थप एक दुई वस्तु लिन्छ र हिँड्छ । आम्दानी र खर्चको बजेट भित्र हिँड्न सकिन्छ ।





तर ठुला स्टोर र मलहरू जहाँ ग्राहकले आफ्नो बजेट भित्र रहेर यो चिज यति पैसा भित्र किनेर फर्कनु छ भनेर घरबाट तयारी गरेर गएको हुँदैन, केही किनौं न त, भनेर अथवा त्यत्तिकै घुमन्ते जस्तो मलमा जान्छ, स्वयं पसल भित्र गएर मालवस्तु हेर्दै छान्दै नयाँ नौलो अथवा अन्य के-के कुरा स्टोरमा छ हेर्दै छान्दै, चाहिएको नचाहिएको मालवस्तु यो पनि त्यो पनि गर्दै बोक्दै पसलको काउन्टरमा जान्छ, पर्स या क्रेडिट कार्ड निकाल्छ, भुक्तानी दिन्छ, एक ट्रली सामान कारमा हाल्छ र घर फर्कन्छ, यसको आम्दानी र खर्चको ब्यालेन्स थाहा हुँदैन ।

अनलाइन खरिद बिक्री सिस्टम यद्यपि बहुतै उपयोगी व्यवस्था हो यसका लाभ कति छन् कति ? तर बजारवादले गर्दा अनलाइन सिस्टम सबैभन्दा खतरनाक व्यवस्था सिद्ध हुँदै गएको छ । प्रगतिशील देश अमेरिका, युरोप आदिमा, सामाजिक मान्यता र समाजको आधुनिक संरचनामा मान्छेले एक्लोपन महसूस गर्दछ र ज्यादा समय मोबाइल र कम्प्युटरमा बिताउँछ र जस मध्येको धेरै जसो समय स्टोरहरूको सर्च र मालवस्तु हेर्दैमा जान्छ । दिनरात पटकपटक देखा परिरहने मालवस्तु र प्रचारले मानव मस्तिस्कमा घर बनाउँछन् र मनोवैज्ञानिक रुपले यति प्रभावित गर्छन् कि मान्छे तिनलाई लिन लालायीत भै हाल्छ । एक से एक चिजवस्तु छन्, स्टोरसम्म जानु नपर्ने, घरै आउने । -"प्रचार राम्रो गर्न सक्यो भने मान्छेलाई आत्महत्या गर्न पनि बाध्य पार्न सकिन्छ" भन्ने भनाई छ र कम्पनीहरूले गए गुज्रेका सामानको फिनिसिङ, चमक दमक र प्रचार यसरी गरेका हुन्छन् कि लखनऊ अमीनाबादको ठेलामा ५०। रु. को बेचिने सनखराको टीसर्ट कम्पनीको प्रचारमा १२ या १५ डलरमा ग्राहकले कति सस्तो रहेछ भन्छ र किन्ने अर्डर दिइहाल्छ ।

अनावश्यक, अकारण एक-एक बच्चाका पचासौं कपडा, जुत्ता र खेलौना त एक बैलगाडी । बालिग मानिससँग पनि कपडा जुत्ता बेहिसाब । नेटमा जे-जे देख्छ, मन थाम्न गाह्रो बनाइ दिएको छ, अर्डर दिइहाल्छ । कार्डमा रहेको पैसा गै हाल्छ । थोरै दिन ती चिजको उपभोग गर्दछ, कोही त त्यत्तिकै राखेको राखे, अर्को किनी हल्छ । सामानको थुप्रो । राख्ने ठाउँ नभएपछि बाटोको छेउमा राखेर मिल्काएर आउँछ । यसरी कम्पनीहरूले मानिसलाई बुङ्गा बनाइ रहेका छन् ।

अमेजन कम्पनी अति व्यस्त छ । अन्य स्टोरका गाडी पनि दिन रात दौडेका छन्, सरकारी हुलाक र कुरियरहरूले पनि मालवस्तु बोक्दै भ्याइ नभ्याइ छ । सब व्यस्त छन् । सबले काम पाएका छन् । मालवस्तुको गुणस्तरीयता भनेको 'यूज एन्ड थ्रो' हो । शरीरको लागि स्वस्थ्यकर लुगा, स्वस्थ्यकर खाना, मुस्किल मुस्किल बाई चान्सले उपलब्ध हुन्छ कि त आफैले हेरी, जाँची बुझी किन्नेले पाएको हुन्छ ।

(५) **मालवस्तुको फिर्ता**

कुनै पनि चिजवस्तु डाइरेक्ट या अनलाइन खरिद गरेको, फिर्ताको प्रावधान हुन्छ । कपडा र इलेक्ट्रानिक्स आदि अधिकांश ठोस वस्तुहरूको वापसी म्याद एक हप्तादेखि तीन महिनासम्म हुन्छ । कपडा टिभी आदि कुनै वस्तु प्रयोग गरेर हेरेर उनीहरूकै प्याकिङ्ग बक्समा फिर्ता गर्न सकिन्छ । लेबल भने टुटाउनु हुँदैन । वापसीको हुलाक खर्च कम्पनीकै हुन्छ । पैसा ग्राहकको खातामा फिर्ता भैइहाल्छ । पैसा कटौती हुँदैन ।

ठुलो मालवस्तु, कुर्सी, टेबल, सोफा टिभी आदिको 'थप समय वारेन्टी चार्ज' समेत तिरिएको छ भने कति समयको वारेन्टी बनाइएको छ, २, ३ वर्ष ? प्रयोग गरेर तोकिएको समयभन्दा अलि पहिले तपाईंको वस्तुमा यस्तो यस्तो खराबी देखियो मेकोनिक पठाउनुस या यसलाई फिर्ता लैजानुस भनेर सूचना पठाइयो भने प्रायः कम्पनीले न त वस्तु फिर्ता लैजान्छ र न त मेकोनिक नै पठाउँछ । बरु सामानको बदलामा अर्को सामान पठाइदिन्छ । पहिलेको मालवस्तु तपाईंको आफ्नै हुन पुग्छ । दोस्रो पटक मालवस्तु पठाएको कुनै चार्ज लाग्दैन । नोभेम्बरमा चाड पर्व सुरु भएपछि ग्राहकले खरिद गर्दै घरमा टनाटन सामान भर्छ र जनवरी १ को उत्सव मनाएपछि फुर्सतमा राम्रोसँग मालवस्तु हेर्दै जाँच्दै जनवरी र फरवरीसम्म स्टोरमा मालवस्तु फिर्ताको लामो लामो लाइन लाग्न पुग्दछ ।

थोरै समयको लागि आवश्यक पर्ने, लाउडस्पीकर, विद्युत हाईभिजन लैम्प, बेबीसिट जस्ता मालवस्तु मगाएर हिफाजतसँग उपयोग गरेर फिर्ता पठाउने निकै चलन छ । शुल्क कुनै लाग्दैन । अझ सुट र कोट, स्वेटर पनि लेवल नफालेर, दुई चार दिन लगाएर काम चलाएर फिर्ता गर्न सकिन्छ । तर प्रायः यस्तो बेइमानी काम गर्दैनन् ।

(६) **पोलिथिन व्याग र प्याकिङ्गको चार्ज :**

सामान खरिद गर्न आफ्नो घरबाट कपडाका ५, ६ वटा झोला लिएर जाने गर्दछन्, अन्यथा क्यालिफोर्निया र न्यूयोर्क जस्ता डेमोक्रेटिक राज्यमा स्टोरले पोलिथिनको व्यागमा सामान प्याक गरेर दियो भने एक झोलाको सामान्यतया एक डलर लिन्छ । यसका अतिरिक्त उपभोक्ताले फाल्ने फोहर व्याग व्यवस्थापनको सरकारले लिने १० पैसा थप दिनुपर्दछ । टिनका क्यान र प्लास्टिकका सिसी बोतलमा रहेका चिज वस्तु किन्दा उपभोक्ताले फाल्ने फोहर व्यवस्थापन गर्न प्रति गोटा १०/२० सेन्ट सरकारी ट्याक्स दिनुपर्दछ । तर ट्याक्स आदि





रिपब्लिकन राज्यमा पोलिथिन व्याग, प्याकिङ्ग र फोहर व्यवस्थापनको पैसा तिर्नुपर्दैन ।

(७) **निष्कर्ष :**

(१) अमेरिका विशाल देश, सैकडौं किसिमका भाषा संस्कृति र विचारहरूले बनेको र चलेको देश हो यसकारण परम्परागत जीवनशैली भन्दा प्रतिष्पर्धात्मक र ज्यादा भन्दा ज्यादा शिक्षा र पैसा कमाउने सङ्घर्षशीलहरूले यहाँ उन्नति, प्रगति गर्दछन् । काम नगर्ने, अल्छी, चोर बद्मास भ्रष्टाचारी तस्करहरूको भेद खुलेपछि जेल र जेलबाट लगभग सडकमा पुग्ने पक्का पक्की हुन्छ । यसकारण इमानदार, सङ्घर्षशीलको लागि अमेरिकामा राम्रो स्थान छ ।

(२) जो अमेरिकामा गएर त्यहाँ बसिसकेको छ ऊ सामान्यतया आफ्नो देश फर्कंदैनन् । कालान्तरमा उसका बालबच्चाहरू त्यस महासमुन्द्रमा पानीको थोपा जस्तै एकाकार भैहाल्छन् । आफ्नो मूल पहिचान र धर्म संस्कृतिदेखि वञ्चित हुन पुग्दछन् ।

(३) त्यहाँ व्यक्तिगत जीवन पद्धति छ । सामूहिक छैन । समाजमा मानिस बस्छ तर सामाजिकताको व्यवहार बहुत कम हुन्छ । व्यक्ति कि त स्वावलम्बनमा आफ्नो खुट्टामा उभिएको छ तर अशक्त भइसकेपछि उसको संरक्षक र सेवक राज्य हो । परिवार र समाज होइन ।

## अध्याय-१०
# अमेरिकामा बच्चाको पालन पोषण

यस देशमा बच्चाहरूको पालन पोषण कसरी गरिन्छ भन्ने सम्बन्धमा कुरा गर्नु भन्दा पहिले हामीले नेपाल भारतमा र विशेषतया हिन्दू धर्म संस्कृति र तत्समान अन्य संस्कृतिहरूमा हालसम्मको प्रचलनको कुरा गर्नु आवश्यक छ।

(१) **हाम्रो देशमा**

मेरो विचारले हामीले 'कस्तो किसिमको फल प्राप्त गर्नु छ' भन्ने कुराको सर्वप्रथम विचार गरेर रुख रोप्छौं। आँप चाहिएको छ भने आँपको बिरुवा रोप्छौं र आँपको बिरुवालाई कस्तो किसिमको हावापानी, मलजल र रेखदेखको आवश्यकता छ, त्यसको विचार र प्रबन्ध गर्दछौं। अर्थात् पहिले फल त्यसपछि त्यसलाई प्राप्त गर्ने बाटो र हिँड्ने साधन र तरिकाहरूको प्रबन्धमा जुट्छौं। अर्थात् सर्वप्रथम परिणाम, त्यसपछि उद्देश्य, रणनीति, कार्यक्रम र गतिविधिमा पुग्छौं। यो कुरा उल्टो लाग्न सक्छ तर तर्कशास्त्रले यस्तै भन्छ।

यस हिसाबले हिन्दू अथवा समकक्षी संस्कृतिको मूल अन्तिम लक्ष्य मोक्ष प्राप्ति हो या भगवान्मा मिल्नु अथवा स्वर्गमा बास पाउनु आदि। यसको लागि राम्रो काम गर्दै गएपछि चारैतिर यश फैलिन्छ र मन आनन्दित हुन्छ। यसको लागि दया, क्षमा, सहिष्णुता, परोपकार, त्याग, करुणा, सहकार्य आदि र यसको





लागि बालकलाई जन्मैदेखि यी गतिविधिहरूमा दीक्षित गर्ने र अभ्यास गराउने प्रयास। यो कुरा पालन पोषणमा उतारिन्छ।

अलि जान्ने बुझ्ने र सक्षम परिवारले गर्भमा बच्चा रहेको ३ देखि ७ महिनामा पुंसवन संस्कार गराउँछन्। बच्चा जन्मेपछि तुरुन्तै आमाको छातीमा राखिन्छ, छातीको न्यानोपन र मुटुको धड्कन नवजात शिशुको लागि जीवन यात्रा सिद्ध हुन्छ। आमाको स्तनमा मुख लगाएर बच्चा दुध चुस्छ आमासँग टाँसिएर सुत्छ। निदाएकी आमाले भोकाएको बच्चाको मुखमा स्तन राखिदिन्छिन् बच्चा दुध पिइरहन्छ आमा सुतिरहन्छिन्। शिशुलाई अन्जानमा उसको मस्तिष्कमा शारीरिक सुरक्षा र भोकदेखि उन्मुक्तिको ग्यारेन्टी पस्न थाल्छ। ऊ जुन समाजमा छ त्यो उसको हितैषी हो भन्ने लगाव र भावना उस्को मन मस्तिष्कमा उत्रिन थाल्छ।

यदि केही महिना या वर्ष दिनपछि आमाले अर्को सन्तानलाई जन्म दिन्छिन् भने पनि पहिलेको शिशु र दोस्रो शिशुसँगै आमाको स्तनपान गर्छन्, एक साथ आमासँग सुत्छन्, आमा बाबु परिवार र अन्यले दुवैलाई माया गरेको दुवैले अनुभव गर्छन्। बच्चाले बिस्तरामा पिसाब र दिशा गर्छ। गरिब मात्र होइन, कतिपय हुने खाने परिवारमा पनि आमाले निदाएको बेला आफू शिशुको पिसाबपट्टि सरेर बच्चालाई ओभानोमा राखेर सुतेको घटना मनोविज्ञानको बृहत क्षेत्रमा पर्दछ।

यसबाट बाल बालिकामा मातापिता र दाजु भाई दिदी बहिनीहरूमा प्रेम, अपनत्व, बढ्छ। हाम्रो परिवार बच्चाको प्रारम्भिक पाठशाला हुन्छ। बच्चाहरू एकै थाल कचौरामा हात हाली हाली सकी नसकी खान्छन्, फाल्छन्। धुलो लागेको फोहर आदि हुन सक्छ। आपसमा झगडा, हातपात गर्छन् एक छिन पछि फेरि मिलेर खेल्छन्। खाने कुरो रुखो सुखो रोटी, भात नै किन नहोस् बाँडीचुँडी खान सिकाइन्छ। यसबाट सहिष्णुता सन्तोष, परोपकार जस्ता कुराहरूको सिकाइ सुरु हुन्छ।

प्रायः संयुक्त परिवारमा या कृषक परिवारमा, केही त शहरी परिवारमा पनि कोही बच्चा बाबुसँग त कोही आमासँग या हजुर बुवा हजुर आमाहरूसँग सुत्छन्। तिनलाई मनोरञ्जन र मानसिक खुराकका लागि घरपरिवारको नातागोताको जानकारी, रामकृष्ण, श्रवण कुमारका चरित्र कथाको रुपमा सुन्दछन्। नितान्त अनपढ अशिक्षित पटमूर्ख आमा या हजुरआमाबाट पनि बच्चाले असल मानिस बन्ने खालको सन्देश मिश्रित चरा, खरायो, मुसा बिरालोको कथा या राक्षस र डायनका उपकारी कथा वार्ता सुन्न पाउँछन्। बच्चा बच्चीहरूमा निर्भीकता र बहादुरीको प्रेरक प्रसङ्ग तथा मानवीय गुणको विकास हुने खालका प्रचलित प्रसङ्गहरू सुन्दा सुन्दै बच्चाहरू सुत्छन्। यो मनोवैज्ञानिक

तथ्य हो । बच्चालाई भरसक स्वच्छ र शान्त वातावरणमा राखिन्छ । सुत्ने ठाउँमा भरसक कुनै आवाज र कुराकानी हुँदैन ।

घरपरिवार साथीभाइ, गाउँबस्ती र विद्यालयको सान्निध्य र सहसंचरणले बच्चाहरूमा समाजको लागि उपयोगी हुने सिकाइको प्रक्रिया चली रहन्छ र जसले सन्तानहरूलाई उत्तम दिशा प्राप्त हुन्छ ।

(२) **अमेरिकामा**

अमेरिका दुनियाँका तमाम देशहरूबाट आएका मानिसहरूको पुनर्वास हो । अनगिन्ती भाषा र संस्कृतिहरू तिनका आफ्नै मूल्य र मान्यताहरू छन् । धर्मले इसाईहरूको देश हो तर हिन्दू, मुसलमान, सिख, यहुदी, बौद्ध र फारसीहरू पनि छन् । इसाई पनि जर्मन, फ्रेन्च, बेलायत, स्पेन, आदि र अफ्रिकन देशबाट, यसैमा चाइनिज, जापनिज कोरियन, पाकिस्तानी, इरानी, अफगानी सबै त छन् । यसकारण कतिपयले जो केही वर्ष, समय पहिले मात्र अमेरिका आए होलान् र आफ्नो रीत परम्परा पालन गरी रहे होलान्, ती केही अपवादलाई छोडौं, तर अधिकांश निवासीहरू या सबै धर्म संस्कृतिहरूले चाहेर वा न चाहेपनि वातावरण र व्यवस्था अनुसार अमेरिकामा गर्नै पर्ने काम कुरा र व्यवहार जस्ले एक सामान्य अमेरिकन संस्कृतिको निर्माण हुन्छ 'सामान्य अमेरिकन संस्कृति'मा जे हुन्छ, त्यो कुरा लेख्दैछु ।

(३) **आमाको भूमिका पनि परिचारिकाको जस्तै**

अमेरिकी सन्तानको पालन पोषण हेरौं । बच्चा प्रायः अस्पतालमा जन्मिना साथ सफा गरेर बच्चालाई छुट्टै बेडमा राखिन्छ । आमाको छातीको दुध मेसिनबाट निचोरेर सिसीमा भरेर बच्चालाई पियाइन्छ । लगभग ५-६ महिनापछि पाउडरको दुध र यस्तै एक डेढ वर्षपछि गाईको दुध सिसीमा भरेर पियाइन्छ । बच्चा सुरुदेखि नै अलग सुत्छ । आमाले काखमा लिए पनि सिसीबाट दुध खुवाउँछिन् ।

बच्चाको सानो खटोला जस्तो बेड हुन्छ, चारैतिर ऊच्चा बार या जाली लागेको हुन्छ । ९-१० बजे रातिमा दुध खुवाएर सुताएपछि राति बच्चा जागेर रोए पनि दुध खुवाइँदैन । डाक्टरले राति दुध खुवाउनु हुँदैन भन्छन् । बच्चा रुन्छ, चिच्याउँछ र थाकेर आफै सुत्छ । प्रायः त्यसलाई उठाएर काँध पारेर काखमा राखेर सुमसुम्याउने र चुप गराउने चलन हुँदैन । यसो गर्दा बच्चाले आमा खोज्ने र काखमा लिएर घुमाउने बानी पर्छ भन्छन् । बरु ऊ सुतिसकेपछि राम्रो निद्रा आओस् भनेर म्युजिक बज्ने डिभाइस सिरानमा राखेर बजाइन्छ । किसिम





किसिमका बाजा बज्छन्, बजिरहन्छन् । पहाडबाट खोला तल झरेको पानीको आवाज, या हुरी बतास चलेको आवाज सुन्दै बच्चा सुत्छ ।

बच्चालाई काखमा लिएर खुवाउने या सुताउने बानी नपरोस भन्ने कुराको विचार राखिन्छ । बच्चालाई काखमा लिएर दुध पियाएपछि ऊ निदाउन थाल्दा उसको बेडमा राखिन्छ । सुत्यो भने भै हाल्यो, सुतेन करायो भने फेरि काखमा लिएर सुमसुम्याउनु हुँदैन, ऊ कराए कराओस् । उठेर बस्छ बसोस् । एक डेढ वर्षको भइसकेका बच्चा खडा भएर खटोलाको बार समातेर चिच्याउन सक्छ तर जति सुकै चिच्याओस्, भित्र लडोस् जे सुकै होस थाकेर आफै सुत्नु पर्छ । बाबु आमा बसि रहन्छन् आफ्नो काम गरि रहन्छन् ऊ हात उठाउँदै बेवारिसे झैँ कराउँछ, कराउँछ ।

यो पढदा नै मन खिन्न भयो होला, देख्दा कस्तो होला ? अब यो खण्डको सुरुमा फर्कनु पर्‍यो । अमेरिकनको अन्तिम लक्ष्य भगवान्लाई भेट्ने होइन । यश कमाउने पट्टि हाम्रो जस्तो लाग्ने पनि होइन । उसको अन्तिम लक्ष्य 'आर्जन' हो । ज्ञान आर्जन भएपनि अन्तमा धनआर्जन नै हो । उसलाई स्वर्गमा इन्द्रको सिंहासन होइन, यसै पृथ्वीमाथि आफ्नो प्रभुता स्थापित गर्नुछ । यसकारण ऊ भौतिक दौडमा रहनु पर्दछ ।

दौडमा पति अथवा पत्नी एक जनाले मात्र काम गर्ने हो भने खान लाउन र बस्नलाइ त पुग्ला तर 'पर्याप्त' धन हुन सक्दैन र कमाउनेले न त आफ्नो जीवनको उत्तरार्ध सुखसँग बिताउन पाउँछ र परिवार ! परिवारको परिभाषा कठिन छ अन्तै कुरा गरौंला । यसकारण पत्नीले पनि काम गर्नैपर्दछ । कामको मतलब आफ्नो घर खेत बारीको काम होइन । बाहिर निस्कनै पर्छ ।

(४) **रिलेशनशिप (सम्बन्धीकरण)**

यहाँ युवा युवतीहरू आ-आफ्नो करियर बनाउन दौडनु पर्छ । यसमा सब भन्दा बढी बाधा नै सन्तान हो । यसकारण यहाँको समाजले दिएको निर्लज्जता, खुल्लापन, अधैर्यता, उच्छृङ्खलता र कामुक वातावरणले गर्दा युवा युवतीहरूमा विपरीत लिङ्गी प्रति जाग्ने आकर्षण, उकुसमुकुस, शारीरिक र मानसिक छटपटाहट र मैथुनी भोक मेटाउन र शारीरिक चरम सुखको प्राप्तिका लागि युवा युवतीहरू प्रायः ब्वायफ्रेन्ड या गर्लफ्रेन्डको रुपमा एकत्र हुन्छन् । कतै डेरा लिएर बस्छन् । काम आ-आफ्ना गर्छन्, रात एक बिस्तरमा बिताउँछन् । यो अवस्थालाई रिलेसनसिप भनिन्छ । यसमा कुनै लाज सरम आदि केही हुँदैन यो सामान्य प्रचलन नै छ । यस्तोमा दुर्भाग्यले गर्भधारण भयो भने फाल्छन् । गर्भ फाल्ने काम बिल्कुल सामान्य प्रचलन हो । गर्भ राख्ने मन लाग्यो भने दुवैले कुनै समझदारी गरेर राख्छन् । मन लागे विवाह गर्छन् मन नलागे छुट्टिन्छन् । अर्को

खोज्छन् । अरु अरुसँग बस्छन् या अरुसँग विवाह गर्छन् । कसैको परिवार बन्ला भन्ने कुराको ग्यारेन्टी हुँदैन । किनकि समानताको सिद्धान्त छ र पैसा त स्त्री जातिले पनि कमाउनै पर्छ । पैसा छ भने ढुक्क । छैन भने कोही मान्छे कसैको हुन सक्दैन ।

**(५) बच्चा पाल्ने आमा बाबु र बेबी सिटर**

यसकारण बच्चा जन्मिसकेपछि जन्माउने आमाबाबुले पालन पोषण गरे हुन्छ तर यो त सर्वाधिक गाह्रो काम हो र बहुतै कम आमा बाबुले आफ्नो सन्तान हुर्काउने सौभाग्य पाएका छन् । यसो नभए आफ्नो देशबाट कहिले केटा तिरको आमाबाबु र कहिले केटीतिरको आमाबाबुलाई बोलाएर बच्चा स्याहार्ने सौभाग्य लिन सक्नु पर्‍यो । यो सब भन्दा राम्रो र सबैको खुसीको लागि ठिक छ । अमेरिकन सरकारलाई पनि यो कुराको बोध भएर होला दुवैका आमाबाबुलाई प्रायः यस्तो अवस्थामा भिसा दिने गर्दछ । यो पनि नभएमा करिब वर्षदिनपछि बच्चा बेबी केयर सेन्टरमा पठाए भयो ।

**(६) योजना बनाएर बच्चा जन्माउने**

यसकारण प्रायः आमा बन्न रहर गर्ने छोरी मान्छेले डेढ दुई वर्ष काम नगर्ने योजना गरेर बच्चा जन्माउँछन् र बच्चालाई सुरुदेखि यसरी तयार गरिन्छ कि भोक लाग्दा दुध र निद्रा लाग्दा भोजन जो कसैले पनि दिन सक्यो भने बच्चाले आमा भन्ने कुन चरा हो खोज्दैन । ३/४ महिनाको भएपछि आमा बाबुले बिहानै बच्चालाई सेन्टरमा छोड्छन् । बेबी सिटरले देखभाल गर्छिन्, खुवाउने, सुताउने आदि ।

**(७) बच्चा एक्लै छोडे जेल जानु पर्ने**

घरमा या बाटो घाटो खेल मैदान यात्रामा कहीँ पनि बच्चालाई बिल्कुल एक्लै छोडेर कतै जान पाइँदैन, कोही न कोही हेर्ने मानिस हुनैपर्दछ । बेवारिसे अवस्थामा रहेको या रोईकराई रहेको अवस्थाको बच्चा पुलिसले भेटायो या कसैले पुलिसलाई फोन गरी दियो भने पुलिसले बच्चा लैजान्छ र कसैलाई सरकारी खर्चमा पाल्न लगाउँछ, अभिभावकले बच्चा फिर्ता पाउन लगभग असम्भव हुन्छ र अभिभावक जेल पनि जानुपर्दछ । अभिभावकबाट हुने यो बालअपराध सर्वाधिक कठोर दण्डनीय हुन्छ ।





**(८) बच्चाको सिकाइ टिभीबाट**

घरमा प्राइभेट बेवी सिटर पनि राख्छन् र बच्चा कै घरमा पालन पोषण गर्न आउँछन् । बेबी सिटरका कम्पनीहरू छन् र प्राइभेट पनि । ६ महिना भन्दा माथिका बच्चाहरूलाई भुलाउनको लागि प्रायः 'डिज्ने' को कोकोमेलन भिडियो टिभी, मोबाइल या टेबलेटमा देखाइन्छ । बच्चा खाँदै गर्छ, हेर्दै गर्छ । खेलौनाहरूसँग खेल्दासम्म खेल्छ न खेलेमा भिडियो हेर्छ । यो भिडियोका थुप्रै सिरिज छन् र बडो मनोवैज्ञानिक सिकावट र पढाइ हुन्छ । लगभग डेड दुई वर्षका बच्चा वर्णमाला र गन्ती थाह पाउँछन्, अक्षर चिन्न थाल्छ ।

त्यही भिडियोको सिरिजमा कोही कोही भिडियो त डायनोसर, गोही या घडियाल र चाइनिज ड्रागनका पनि छन् । भयानक जबडा, ठुलाठुला दाँत देख्दा डर लाग्दो । त्यस्तै केही भिडियो त 'थेङ्क्स गिभिङ्ग' पर्वमा भूतप्रेत, मानव कङ्काल डरलाग्दा आकृतिहरूको पनि हुन्छन् । मलाई लाग्छ ५/७ महिनाका बच्चामा चेतनाको स्तर नितान्त कम हुन्छ र उसले चित्र मात्र हेर्दै जाँदा फूल, पहाड, बाग बगैँचा, केटाकेटीका चित्र असल खराब, खुसी, डर, छुट्याउन नसक्ने अवस्थामा छायाँ जस्तै हेर्दा हेर्दा ठुलो हुने गर्दछ र २-३-४-५ वर्षको हुँदा त उसले डरलाई पचाइ राखेको हुन्छ होला र सायद भविष्यको सन्तति अझ निर्भीक हुन्छ भन्ने मनोविज्ञानले त्यस्ता भिडियोहरू बनाइएको हुनु पर्दछ ।

बच्चा ठुलो हुँदै जान्छ, बालगृहको लालनपालन हुन्छ । साँझ बुवा, आमासँग खानपिन गर्छ, टिभी हेर्छ र अलग कोठा र बिस्तारामा सुत्छ । यस्ता बच्चा बिहान बेलुका जागेको अवस्थामा बाबु आमाको प्रत्यक्ष सानिध्यमा २/४ घण्टा रहेका हुन्छन् । अझै ठुला भएपछि स्कुल सुरु हुन्छ ।

**(९) बच्चाको लागि छुट्टै सिट**

एउटा कुरा छुट्यो । बच्चा जन्मेदेखि नै आमा बाबुले बाहिर पैदल दूरीमा हिँड्दा बच्चालाई स्ट्रोलरमा राखेर हिँड्छन् गाडिमा हिँड्दा बच्चा काखमा लिएर वा सिटमा सुताएर हिँड्न, कानुनले रोक्छ । स्ट्रोलरमा एउटा छुट्टै सिट थप मगाएर लगाई राखेका हुन्छन् र त्यो सिटलाई गाडिको एउटा पूरा सिटमा बाँधेर त्यसमा बच्चा सुताएर हिँड्नु पर्छ । यसकारण बच्चा लिएर हिँड्दा बेबीसिट त चाहियो नै स्ट्रोलर पनि गाडिमा राखेर हिँड्दा सजिलो हुन्छ । ट्रेन र बसमा स्ट्रोलर खडा गर्ने ठाउँ बनाएको छ ।

टाढाको यात्रा त प्रायः प्लेन मै हो । यसकारण गन्तव्यमा पुगेपछि पनि बेबी सिट नभई घुमफिर गर्ने कसरी ? यसकारण सिट साथै लैजानलाई प्लेन चढ्ने बेलामा बेबीसिट गेटमा कर्मचारीलाई देखाएर छोडिन्छ र प्लेनमा पसेर बच्चा २ वर्षभन्दा मुनिको छ भने काखमा बढी उमेर भए पूरा सिटमा बसालेर बेल्ट

लगाएर हिँड्नु पर्दछ । प्लेनबाट उत्रेपछि प्लेनका एयरहोस्टेसले बेबीसिट र स्ट्रोलर प्लेनकै गेटमा दिन्छन् । दुईटा बच्चा छन् भने त ठुलो स्ट्रोलर र दुई सिट, पानी, दूध, डाइपर आदि बच्चाका सर सामान लिएर हिँडछन् । त्यसरी हिँड्न हामी जस्ताले कल्पना नै गर्न सक्दैनौं ।

यस्ता काम र तरिकाले गर्दा बच्चा आमा बाबुको काखमा आउन बहुत कम समय पाउँछ र साथमा सुत्न त आजीवन कहिल्यै पाउँदैन होला ?

(१०) **एडल्ट सेरेमनी**

यस्तो पालनपोषण भएको बच्चा आफ्नै तरिकाले बाँच्न र स्वयंमा स्थिर रहने अभ्यस्त हुँदै गएपछि १८ वर्षको पुग्ना साथ एडल्ट सेरेमनी हुन्छ र ऊ पूर्ण स्वतन्त्रताको घोषणाबाट उन्मुक्त वातावरणको लागि तयारी गर्दछ र यो दिनदेखि उसले सम्भोग गर्ने, चुरोट किन्ने र तान्ने, रक्सी किन्ने र खाने, आर्मीमा जाने, आमा बाबुलाई नसोधेर विवाह गर्ने, मत दिने, लट्रीको टिकट किन्ने, फुल टाइमको स्कुल छोडेर इच्छानुसार पढाइ गर्ने, आदि पूर्ण नागरिक अधिकार स्वतः प्राप्त गर्न पुग्दछ । सेरेमनीमा आफन्तले ऊ अधिकार सम्पन्न पूर्ण नागरिक भएको भन्ने कुरा थाह पाउँछन् । प्रायः जसो अधिकांश बालिगले स्वावलम्बी जीवनको लागि व्यागमा आफ्ना चिजवस्तु हाल्छन् र घर छोड्छन्, कुनै साथीको साथ गएर केहिदिन बस्छन्, काम खोज्छन् र मनलागेको ठाउँमा गएर बस्छन्, इच्छा लाग्यो पढ्छन् अथवा जवानीमा नै अरबपति बन्ने भनेर कस्सिन्छन् । आफ्नो घर संसार बनाउँछन् । निरीह आमा बाबु आफ्नै काममा रमेका हुन्छन्, बच्चादेखि चिन्तामुक्त हुन पुग्छन् र उनीहरू बिरामी पर्दा अस्पतालमा पुग्दा ती छोराछोरीले राम्रोसँग बस्नु होला दैवले सहायता गर्छन् भनेर खबर गर्छन् ।

**यस व्यवहारका पछाडि दुईटा तर्क दिइन्छ :**

१) अमेरिकामा सबैको स्वास्थ्य बिमा हुन्छ, अस्पतालले गर्नुपर्ने सबै काम गरिरहन्छ, भर्ती भएको रोगीको सेवा नर्सहरूले गर्छन् भित्र पनि परिवारको मानिसको काम छैन । छोराछोरी इष्टमित्र नाता, कुटुम्बको सहयोग नै चाहिँदैन । भेटघाटसम्म मात्र हो ।

२) छोराछोरी कामको सिलसिलामा प्रायः अर्को शहर र अर्को राज्यमा गइसकेका हुन्छन् । प्लेनकै यात्रा हुन्छ । समयमा डिलमा टिकट पाइँदैन महिना दिनपछि टिकट पाइयो भने गएर के गर्ने ?





# अध्याय-११
# अमेरिकामा यातायात

(१) रेलवे :

१९औं देखि २० शताब्दीको मध्यसम्म यो विशाल भूमिमा खण्ड-खण्ड गरी विभिन्न प्राइभेट कम्पनीहरूले रेल सेवा चलाए । सनफ्रान्सिसकोदेखि न्यूयोर्क सम्म हप्ता दिनको यात्रादेखि सिकागो, वासिङ्गटन डिसीदेखि बाल्टीमोर फिलाडेल्फिया, न्युयोर्क हुँदै बोस्टनको न्यु इङ्गल्यान्डसम्मको धेरै लामो यात्राका रेलहरू पनि चले । तर रेलका डिब्बामा आरामदायक सिट र अन्य सुविधाको आधारमा सामान्य, स्लिपर, इकोनमी र सुपर क्लास गरि चार प्रकारको सिट व्यवस्थामा भारतीय उपमहाद्वीप क्षेत्रमा देखे भन्दा निकै आरामदायक र सुविधाजनक बनाएकोले भाडा अत्यधिक महँगो हुने नै भयो । रेलभन्दा बस र यी दुवै भन्दा हवाई जहाज भाडा सस्तो भएपनि ५-६ घण्टाको यात्रा छोडेर ५-६ दिन र महँगो भाडा कसले तिर्ला ?

त्यसो हुनाले कुनै कुनै कम्पनीमा सरकारले साझा गरे पनि रेल यातायात सर्वसुलभ हुन सकेन र यो विशाल देशको लागि उपयुक्त पनि नभएकोले अब रेल सेवा स्थानीय र क्षेत्रीय स्तरमा मात्र सञ्चालित छन् । केही शहर भित्रै, र एक शहरदेखि अर्को सानो या लामो दुरीको शहरसम्म मात्र । तर सबै ठाउँमा यो पनि छैन । लगभग २,५०,००० कि.मि. रेलवे लाइन छ तर करिब ३५,०००

कि.मि. मा यात्रीको ट्रेन चल्छ भने बाँकी मालवाहक ट्रेन मात्र तर यात्रीको लागि प्लेन र माल ढुवानीमा ट्रक र पानी जहाज नै अग्रणी स्थानमा छन् । रेलमा टिकट काट्ने कर्मचारी र ठुलाठुला प्लेटफार्म आदि हुँदैन । कम्प्युटर नियन्त्रित काम हुन्छ ।

(२) **बस** :-

लामो दूरीको बस सबै ठाउँमा छैनन् । यो सेवा कता कतै छ तर हामीहरूको देश जस्तो देखा पर्दैन । न यात्रीको भिड न बस स्टेन्डमा दौडधुप । बस आएर आफ्नो ठाउँमा लाग्छ । बोर्डिङ्ग हुन्छ । यात्री चढे । हिँड्छ सिटीका बसहरू जहाँ छन् आफ्नै तौरतरिकाले हिँडछन् ।

(३) **हवाईजहाज** :

अमेरिका भित्रको लामो दूरी यातायातको यो प्रमुख साधन हो । समय र एयरलाइन्सको भाडा डिल हेरेर टिकट काट्न सक्नुपर्दछ । नेटमा आफैले टिकट काट्ने हो । ६-७ घण्टाको फ्लाइट मौका परे १००।-, १२५।- मा आउनेजाने दुवै तर्फको टिकट पाइन्छ । ताल परेन र इमरजेन्सीमा अचानक उठेर हिँड्नु पर्‍यो भने त्यही टिकटको ४-५ सय पर्छ, जुन पैसाले अमेरिकाबाट मान्छे दिल्ली पुग्न सक्छ ।

(४) **कार** :

यातायातको यो प्रमुख साधन हो । घरमा १८ वर्ष पुगेको प्रत्येक सदस्यसँग एउटा कार हुन्छ, हुनैपर्दछ । अन्यथा सबैका आ-आफ्ना काम छन् । प्रायः पैदल दुरीमा काम हुँदैन । अटोरिक्सा आदि चल्दैनन् सिटी बस कुनै-कुनै शहरमा मात्र छन् सबै ठाउँमा र सबै रुटमा चल्दैनन् । एक शहरबाट अर्को शहरमा जानलाई प्लेन कै प्रचूरता छ, थुप्रै एयरपोर्ट, एक-एक शहरमा दुई तीन एयरपोर्ट छन् । ओकल्यान्ड एयरपोर्टबाट सनफ्रान्सिसको एयरपोर्टको दूरी करिब ५० माइल मात्र होला, टेक्ससको ह्विस्टनमा र आस्टिनमा २-२ वटा एयरपोर्ट छन् । लगभग सबै एयरपोटहरू अन्तर्राष्ट्रिय उडान गर्दछन् भने यो स्थितिमा स्थानीय आवागमनको लागि कारको बाहुल्य या एकाधिकार त हुने नै भयो । केही अपवाद बाहेक जब चौतर्फी ट्रेन र बसहरू छैनन् भने कार नै आवागमनको मुख्य साधन हुने नै भयो ।

भनिन्छ, अमेरिकाको चौथो ठुलो शहर ह्विस्टन जब बस्दै थियो, त्यसबेला गुरु योजना समितिमा एउटा ठुलो कार कम्पनीका मालिक पनि सदस्य थिए तिनले सडकहरूको यस्तो डिजाइन गरे कि ह्विस्टनमा कार बाहेक साइकल र





पैदल हिँड्ने फुटपाथसम्म बनाएनन् र मानिस कार किन्न बाध्य भयो । त्यति विशाल शहरमा डाउन टाउन मात्र अलि बाक्लो बस्ती र हाई राइज भवनहरू छन् अन्यथा प्रायः एकतले बिजनेस घरहरू छन् र फैलिएर बसेका छन् ठुल ठुला कम्पाउन्ड यार्ड र रुख बिरुवाले भरी भराउ । एउटा बसपार्क छ । दुई ठाउँ ट्रान्सपोर्टेसन एरिया बनाएको छ । डाउन टाउन र अन्यत्र सबै ठाउँमा सबैको लागि पार्किङ उपलब्ध हुन सम्भव न भएपछि वर्करहरू आ-आफ्नो घरबाट कारमा १०-२० माइलको यात्रा गरेर कुनै कम्पनीको विशाल पार्किङ लटमा जान्छन् आ-आफ्नो गाडि पार्क गर्छन् र कम्पनीको बसमा बसेर कार्यस्थल सम्म पुग्छन् साँझ फर्कदा बसमा पार्किङ लटमा गएर गाडी लिएर घर फर्कन्छन् । अमेरिकामा गाडी पार्किङ ठुलो समस्या रहेको छ ।

(५) **पानीजहाज** :

पानीजहाज त प्राचीन साधन हुँदै हो । विदेशी स्वदेशी यातायात र माल ढुवानीमा प्रयोग हुने गरेका साना ठुला जहाज र मोटर बोटहरूको सङ्ख्या हाम्रा रिक्सा टेम्पो जस्तै अत्यधिक रहेको छ । समुद्रसँग जोडिएका शहर बजारहरमा एक ठाउँबाट अर्को ठाउँ र एक देशबाट अर्को देशको लागि जहाज र बे एरियाहरूमा वार पार आवत जावतको लागि फेरिहरू र मनोरञ्जनका लागि मोटरबोटहरूको पनि निकै प्रयोग हुन्छ । पानीजहाज र फेरिले आवागमनलाई निकै सस्तो र सुविधाजनक बनाएको छ ।

(६) **सडक यातायातको व्यवस्थापन** :

अमेरिकामा सडकको जाल देखिपछि हाम्रो यताको मानिस हतप्रभ हुन्छ । भित्री पुराना बस्तीहरूमा चौडाइ थोरै होला तर दुई लेन त त्यहाँ पनि छ । बाँकी त ४, ६ लेन त छँदैछ । हाइवेहरूमा त १२-१४ लेन पनि छन्, ६-७ लेन जाने ६-७ लेन आउने । कहीँ कहीँ त यो भन्दा पनि बढी लेन र हाईवेका साइडमा तलपट्टि छुट्टै ३-४ लेन र एक्जिट र इन्ट्रीका अलग अलग सडकहरू छन् । सडकले अपरिमित भूमि ओगेटेको छ ।

जङ्गल र पहाडका अनकन्टार ठाउँहरू जहाँ मानवबस्ती छैनन्, त्यहाँ पनि सडकहरू बनेका छन् । घनघोर जङ्गलभित्र र मरुभूमिमा सडक छन् । साह्रै अनकन्टार मानव बिहीन या यदाकदा मात्र मानिस हिँड्ने ठाउँतर्फ जाने सडकहरूमा सुरुमा सूचना लगाइएका छन् 'यो बाटोमा अब तपाइँ अगाडि बढ्दा फोन र नेटको पहुँच न हुन सक्छ, सरकारको पहुँच र खाना पानी उपलब्ध न होला । यति माइलसम्म गाडिको तेल उपलब्ध छैन ।' आदि आदि ।

मरुभूमि र घनघोर जङ्गलहरूमा 'गाडी तातिएको छ भने उसको लागि पानीधाराको टुटी फलानो ठाउँमा छ ।' भनेर नोटिस बोर्डहरू देख्न पाइन्छन् । जङ्गलमा स-साना टेन्ट लगाएर एकान्त बस्न जानेहरूका लागि सडकको नजिक पारेर ट्वाइलेट र पानीको व्यवस्था गरेको छ । जब शहरहरूमा सबै ठाउँमा बस र ट्रेन छैन भने यस्ता दुर्गम ठाउँहरूमा त एकदुई कार नै हिँड्छन् र प्रायः केटा-केटी, पुरुष स्त्री एक्ला एक्लै हिँडेँका हुन्छन् । कोही कोही सपरिवार या जोडामा पनि भेटिन्छन् ।

बाटाहरू जहाँ पनि पिच छन् खाल्टाखुल्टी भन्ने चिज न हुने रहेछ । सडकमा सरिया बिछाएर कङ्क्रिट ढलान गर्दा रहेछन् । मैले यति धेरै यात्रा गर्दा पनि नयाँ बाटो निकाल्न या बनाउन लागेको एक दुई ठाउँमा मात्र देखें मर्मत गर्ने टिमले ठाउँ ठाउँमा मर्मत गरेको देखिन्छ तर हाम्रो जस्तो नयाँ नयाँ बाटो खन्ने बनाउने काम त उनीहरूले पचासौँ वर्ष पहिले नै जाल बुनाइ गरे जस्तै बनाएर भ्याएका छन् । अब नयाँ बनाउन त बाँकी नै नभए जस्तो लाग्छ ।

बिजुली, पानी, टेलिफोन ढल, सब सडकमुनि छन् । जनसङ्ख्या नबढ्दै र गाउँ बस्ती नबस्दै पनि सयौं वर्ष पहिले मास्टर प्लान गरेर यति चौडा सडक बनाउने बुद्धिलाई धन्यवाद भन्नुपर्दछ ।

### (७) निर्जन ठाउँमा बाटो घाटो

अमेरिकाको गाउँ कस्तो होला भनि एक पटक ह्विस्टनबाट डेलास जाने सडकमा यात्रा गर्दा खर झुन्डी र जङ्गलका बिचमा अचम्मको चौडा हाईवे देखेर यसरी मान्छे नै नहिँड्ने भएको ठाउँमा के-का लागि यस्ता सडक भनेर जिज्ञासा राख्दा एक सानो रेस्टुरेन्ट 'ज्याक इन द बक्स'का कर्मचारीले आज त कता कतै पातलो बस्ती भइसकेको छ तर यो बाटो बनेको त डेढ सय वर्ष भयो भनेर जवाफ दिएका थिए । उनीसँगको रोचक कुराकानी मैले कतै अभिव्यक्त गरी सकेकोले यहाँ दोहोऱ्याई रहेको छैन । मरुभूमिका पहाडका ढिस्कामा पनि कुना काप्चासम्म रोड बनेको देखिन्छ ।

अमेरिकामा व्यक्तिको सुरक्षाको अधिकारले गर्दा सरकार या सडक कम्पनीले खाल्टा खुल्टीमा कसैको गाडी पर्न गएमा, धक्का लाग्न गएमा यात्रीले एक कल फोन कुनै वकिललाई गर्नासाथ वकिलले जाँच गरेर अदालतमा मुद्दा हालिदिन्छ र क्षतिपूर्ति लिइ छाड्छ । यसकारण पुल पुलेसाका दुवै साइडमा कतै पानी चुहिने र सडक गिलो हुने ठाउँमा 'अगाडि यस्तो चिप्लो छ है' भनेर सूचना लगाएको छ । यातायात कानुनको नियमितता र तेज गति नियन्त्रक पुलिस दस्ताहरू गस्ती गरि रहन्छन् । अमेरिकन गाडी चालकले पुलिस जत्थालाई उछिन्न सामान्यतया राम्रो मान्दैन ।





### (८) आधुनिक कार र सवारीसाधनका डिजाइन

ट्रक, कार आदि चारपाङ्ग्रे र मोटर साइकल (सौकिनहरूले मनोरञ्जनका लागि ठुला ठुला मोटरसाइकल किनेका छन् तर मोटरसाइकल र स्कुटर सवारीका लागि चलाइने चलन छैन) मुख्य सडकमा हिँडाइन्छ र मेनरोडसंगै साइडरोडमा हरियो पट्टि बनाइएको छ भने त्यसमा साइकल र सो को बगलमा फुटपाथमा पैदलयात्री । आफ्नो दायाँ अर्थात् 'राइट हेन्ड ड्राइभ' छ । चालकको सिट देब्रे पट्टि हुन्छ । गाडिमा व्याक गेयरसम्म हुन्छ अन्यथा सबै गाडि अटोमेटिक हुन्छन्, क्लच र गेयर बिना हुन्छन्, एक्सिलेटर र इमरजेन्सी ब्रेक हुन्छ ।

आधुनिक कारहरूमा अब त बिना ड्राइभर आफै हिँड्ने र भनेको ठाउँमा पुऱ्याउने गाडिहरू ट्रायलमा देखिन्छन् । राम्रा मँहगा अटोमेटिक कारहरूको ड्यासबोर्डमा फोन, गुगल म्याप र अगाडि पछाडि, अगलबगल र तल माथि सेन्सरका डिभाइसहरू लागेकाले नजिक पर्ने अगलबगलमा हिँड्ने कारहरू लगायत कसैसँग ठोकिन दिँदैन आफै ब्रेक लाग्छ र सुरक्षित पनि हुन्छ ।

साना ५ सिटर पहिलेका कारहरू भन्दा ठुला कार ७-८ सिटर र पछाडि पिकअप जस्तै, बढी चलनमा आउँदैछन् । यीनको आकार ठुलो हुने हुनाले एक्सिडेन्टमा सुरक्षित मानिन्छ ।

प्रत्येक कारमा सिटका साइडमा लाइफ जैकेटहरू लुकेका हुन्छन् । गाडि कसैसँग ठक्कर लाग्ना साथ जैकेट फुत्त खुल्छ र गुब्बारा झैं फुल्छ, ड्राइभर र यात्रीलाई चारैतिरबाट घेर्छ र बाहिरको चोट पटकबाट बचावट हुन्छ ।

### अमेरिकामा बढी चलनमा रहेका कार :

२५ हजार डलर सम्म का (१) Honda Accord, (२) Ford– F, (३) Honda Civic (४) Toyota Camry, (५) Nissan Altima, (६) Toyota Corolla (७) Shevrolet Silverado, (८) Ford Fusion, (९) Malibu Hyundai Sonata, छन् । धनीहरूले मन पराउने २२ देखि ५० हजार डलर सम्मका BMW (Bayerische Motoren Worke AG) र Mercedes छन् । सर्वाधिक र अत्यधिक महँगा पहिलाका मोडेलका कार Rolls–Royce, Alfa Romeo, Bugatti, Ferrari, **वर्तमान माडेलमा** Ferrari 250, 70 Million, Rolls Royce Boat Tail 28 Million, Bugatti La Voiture Noire 18.07 Million, Mercedes AMG One 2.07 Million डलर रहेकोछ ।

अहिले त अमेरिकाको टेस्ला कम्पनीले बनाएका गाडी नै विश्वका महँगा प्रमुख गाडी हुन् । बेलायती लक्जरियस र सुरक्षित र राजा महाराजाका लागि

बनेको कार सबभन्दा महँगो 'रोयल्स रायस' भन्दा पनि महँगा स्पोर्ट्स कार ५ लाख डलरसम्मका आईसकेका छन् ।

**कार खर्च अत्यधिक महँगो :-**

सामान्यतया ६ र त्यसभन्दा बढी सिलेन्डरका कारहरू छन् । शहरी क्षेत्रमा एक लिटरमा लगभग ३ माइल र हाईवेमा ७ माइलको हिसाबले पेट्रोल खर्च हुन्छ यो धेरै महँगो छ ।

(९) **पार्किङ :**

शहर गाउँ औद्योगिक या व्यापारिक, व्यवसायीक प्रतिष्ठान, स्टोर, सिनेमाघर, अस्पताल, स्कुल, मन्दिर, गुरुद्वारा आदि जहाँ पनि ठूल ठुला पार्किङ स्थल बनाउनु पर्दछ । यो त अनिवार्य आवश्यकता हो । बस्तीहरूका बिच र छेउ छाउमा पार्कहरू, तमाम पुस्तकालयहरू, म्युजियमहरू हुन्छन् । पार्क र पुस्तकालयहरूले निःशुल्क सेवा दिन्छन् ।

नागरिक निवास, ग्रामीण क्षेत्र र सरकारी सार्वजनिक प्राइभेट पार्किङ लट छोडेर प्रायः शहरी क्षेत्रमा बाटाका दुवै किनारमा पाकिङ्गको चिन्ह बनाएको छ र पार्किङ शुल्क लिने पोल स्थापित गरेको छ । पार्किङ गर्न नहुने समय र मिति, पार्किङ स्टपमा टाँसिएको सूचनामा लेखिएको छैन भने गाडि पार्क गरेर घण्टाको हिसाबले पार्किङ पोलमा पैसा भर्नु पर्दछ । यसको ठेक्का हुन्छ । सडक किनारामा पेटी रातो पोतिएको छ त्यहाँ र बस पार्किङ प्वाइन्टमा गाडि पार्क गर्न पाइँदैन । यस्तै सडकको किनारको पेटी पहेँलो पोतिएको छ या आवागमन सुचारु भैरहे पनि पहेँलो बत्ती निभ्ने बल्ने भैरहेको छ भने त्यहाँ नजिक फायर ब्रिगेड अफिस रहेको र कुनै बेला पनि उद्धारकर्ता गाडिहरू निस्कन सक्ने हुनाले त्यहाँ गाडि स्टप न गर्ने भन्ने बुझ्नु पर्दछ । सडकका अतिरिक्त अन्यत्र पनि कम्पनीका पार्किङ भवनहरू थुप्रै हुन्छन् तर पार्किङ महगो हुन्छ ।

आइतवार विदाका दिन क्रिश्चियनहरू चर्चमा जाने र विदा मनाउने हुनाले गाडी खडा गर्नलाई पुरै शहर समस्त अमेरिका भरमा २४ घण्टा कुनै पार्किङ शुल्क लाग्दैन । तर पुरै अमेरिका भरमा शहरी क्षेत्रमा पार्किङ ठाउँ पाउनलाई गाडी घुमाई घुमाई टाढा टाढासम्म पार्किङ खोज्नु पर्ने कठिन अवस्था भने छ ।

(१०) **गाडिको पार्किङ लट र सावधानी :**

शहर गाउँ औद्योगिक या व्यापारिक, व्यवसायिक प्रतिष्ठान, स्टोर, सिनेमाघर, अस्पताल, स्कुल, मन्दिर, गुरुद्वारा आदि जहाँ पनि ठुला ठुला पार्किङ स्थल





बनाउनु पर्दछ । यो त अनिवार्य आवश्यकता हो । बस्तीहरूका बिच र छेउ छाउमा पार्कहरू, तमाम पुस्तकालयहरू, म्युजियमहरू हुन्छन् । पार्क र पुस्तकालयहरूले निःशुल्क सेवा दिन्छन्

नागरिक निवास, ग्रामीण क्षेत्र र सरकारी सार्वजनिक प्राइभेट पार्किङ लट छोडेर प्रायः शहरी क्षेत्रमा बाटाका दुवै किनारमा पार्किङको चिह्न बनाएको छ र पार्किङ शुल्क लिने पोल स्थापित गरेको छ । पार्किङ गर्न नहुने समय र मिति, पार्किङ स्टपमा टाँसिएको सूचनामा लेखिएको छैन भने गाडी पार्क गरेर घण्टाको हिसाबले पार्किङ पोलमा पैसा भर्नु पर्दछ । यसको ठेक्का हुन्छ । सडक किनारामा पेटी रातो पोतिएको छ त्यहाँ र बस पार्किङ प्वाइन्टमा गाडी पार्क गर्न पाइँदैन । यस्तै सडकको किनारको पेटी पहेँलो पोतिएको छ या आवागमन सुचारु भैरहे पनि पहेँलो बत्ती निभ्ने बल्ने भैरहेको छ भने त्यहाँ नजिक फायर ब्रिगेड अफिस रहेको र कुनै बेला पनि उद्धारकर्ता गाडीहरू निस्कन सक्ने हुनाले त्यहाँ गाडी स्टप नगर्ने भन्ने बुझ्नु पर्दछ । सडकका अतिरिक्त अन्यत्र पनि कम्पनीका पार्किङ भवनहरू थुप्रै हुन्छन् तर पार्किङ महँगो हुन्छ ।

(११) **ट्राफिक नियम :**

पैदल होस् या सवारीमा, सडकका र अन्य सूचनाहरू पढ्दै हिँड्नु पर्दछ । स-साना साधारण कुराहरू पनि सूचनामा लेखिन्छन् । गति सिमा र ट्राफिक तथा अरु सवारीहरूको इन्डिकेटर हेरीरहनु पर्दछ ।

चौबाटो, तीनबाटो, दोबाटो, सबैलाई 'इन्टर सेक्सन' भनिन्छ, स्क्वायर भनिदैन । ट्राफिक प्रहरी चौबाटोमा उभिदैनन् । अटोमिटक ट्राफिक लाइटको सङ्केतमा हिँड्नु पर्छ । कतै जङ्गलै भएपनि, रात आधि रातको सन्नाटा र अर्को सवारी साधन नदेखिए पनि, त्यस्तो चौबाटोमा पनि यदि रातो बत्ती बलेको छ भने ड्राइभ गरेर जाम के फरक पर्ला भन्न मिल्दैन उभि रहनै पर्दछ ।

एक पटक हामी टाढाको यात्रामा थियौँ । बिहान हुने समयमा हाइवे छोडेर तल शहरमा पस्न लाग्दा सुनसान चौबाटोमा रातो बत्ती बलेको देखेरै रोकियौँ तर बत्ती बलेको बल्यै देखियो । एक दुई मिनट बित्न लाग्दा पनि हरियो सिग्नल नआएपछि इमरजेन्सी ट्राफिक नम्बरमा कल गरेर यो चौराहामा बत्ती किन रातो रहिरहेछ ? भनेर सोध्दा ट्रफिक सिस्टमको कन्ट्रोलरुममा हाम्रो गाडि र चौरहा देखा परिहाल्यो र तुरुन्तै हरियो बत्ती बल्यो ।

हाईवेहरूमा ठाउँ ठाउँमा खुब फराकिलो लम्बा चौडा ठाउँहरू बनाइएका छन् । त्यसमा साइड लगाएर साना ठुला गाडी रोकेर गाडीमा आराम गर्न र सुत्न सकिन्छ, त्यहाँ ट्वाइलेट बाथरुमहरू, टेलिफोन आदि भएको - तर पसल नभएका, आधुनिक व्यवस्थाका घरहरू बनाइ राखेको छ । ठाउँ ठाउँमा पेट्रोल

पम्पहरू छन् र प्रत्येक पेट्रोल पम्पमा खानपानका र अन्य आवश्यक सामान पाउने एउटा स्टोर र ट्वाइलेट बाथरुम अनिवार्य हुन्छ । सरसफाई र तातो पानी, चिसो पानी त अनिवार्य नियम नै हुन् ।

मेनरोड जहाँ अटोमेटिक रेड लाइट छन्, त्यसदेखि बाहेक रेजिडेन्सियल एरिया, गाउँबस्ती, नितान्त कम यातायात चल्ने निर्जन स्थानहरू र कम चाक्ला सडक, गल्लीहरूका साना चोकहरूमा बाटाका मोडमा 'स्टप' भनेर लेखेको छ र हिँडिरहेको गाडि, साइकल मान्छे जो भए पनि त्यस चिह्नको आधारमा चोकको मुहानमा ५-१० सेकेन्ड अडिनै पर्दछ । ठाढो, तेस्रो बाटो र चोक सुनसान भएपनि सरासर हिँडिहाल्न हुँदैन, एक छिन रोकिएर दायाँबायाँ हेरेर अनि मात्र चोक क्रस गर्नु पर्दछ । यस अवस्थामा ठाढो बाटामो आएको गाडी चोकमा उँभिन पुग्दा, तेस्रो बाटोमा उताबाट आएको गाडी पनि आफ्नो उता उभिन पुगेको रहेछ भने, पहिले जो उभिन पुगेको छ, उसैले पहिले हिँड्ने हो र उसैले चोक क्रस गर्ने हो, पछि उभिन पुगेकोले पछि आफैले पालो मिलाएर हिँड्ने हो । एउटा बाटोबाट चोकमा आइपुगेको कार र अर्को बाटोबाट चोकमा आइपुगेको ट्रक घ्याच्च एकै चोटी अडिन पुगेका छन् भने कार पहिले हिँड्छ ट्रक पछि मात्र । दुवै बाटोबाट चोकमा उभिन पुगेका दुई सवारी साधन मध्येकोको पहिले हिँड्ने भन्ने दुबिधा परेमा आपसमा सङ्केत गरेर काम गर्नुपर्छ र सङ्केत जसले गर्छ उसले अर्कोलाई पहिले हिँड्न पठाउने सङ्केत गर्नुपर्छ आफू पछि मात्र हिँड्छ ।

### (१२) ड्राइभिङ्गमा सावधानी

पुलिस, फायर ब्रिगेड र एम्बुलेन्सदेखि बच्नु पर्दछ । स्कुलबस र सडक किनारामा रातो रङ्ग पोतिएको ठाउँ, अपाङ्गको लागि छुट्याएको पार्किङ या सामान्य पार्किङ स्थलमा लगाइएको सूचनाको उलङ्घन गर्नु हुँदैन । सामान्य पार्किङको लागि चिन्ह बनाएका ठाउँमा र रोड छेउका पार्किङमा हो भने 'मनी पिलर' मा पैसा हालेर घण्टा मिनट राम्रोसँग हेरेर सब थोक सुनिश्चित गरेपछि मात्र गाडि छोडेर हिँड्नु पर्छ अन्यथा कि त गाडिमा टिकट झुन्डिन्छ कि त गाडी पुलिसले ट्रकमा बोकेर लगिसक्छ ।

यस्तै मोटरसाइकल र साइकलका पनि ट्रफिक नियम र पार्किङ व्यवस्थाहरू छन् । ट्रफिक नियमको कडाइका साथ पालन हुन्छ । नियम उलङ्घन गर्नेलाई जरिवाना गर्ने कामका ठेकेदार हुन्छन् । तिनका मानिसहरू नियम उलङ्घनकर्ताहरूलाई खोज्दै हिँडेँका हुन्छन् र गल्ती गरेको भेटाएमा गाडीमा टिकट टाँस्दै हिँड्छन् र ठुलो गल्ती गर्ने गाडिलाई ठुलो ट्रकमा 'टो' गरेर (बोकेर) लैजान्छन् ।





### (१३) पैदल, पहले आप-पहले आप

यसरी हाइवे बाहेक, चाहे मेन रोडको जेब्रा क्रसिङ्ग होस, कुनै सार्वजनिक पार्किङ लट, स्टोरको यार्ड या पार्किङ ग्यारेजको सामुन्ने होस, ट्रफिक लाइट नभएका चोक होस, पैदल मानिस हिँड्ने कुनै ठाउँमा यदि कोही मानिस बाटो काट्न उभिएको छ या बाटो क्रस गर्न नजिकिएको छ भने कारवालाले गाडी रोकेर पैदललाई सङ्केत गरेर बाटो क्रस गर्न पठाएर अनि मात्र आफनो गाडी हिँडाउँछ। यसरी पहिले प्राथमिकता पैदल, त्यसपछि साइकल र पछि मात्र कार र ट्रक । हाम्रो लागि यो अविश्वसनीय दृश्य हामीलाई कस्तो कस्तो लाग्छ ?

गाडी चालकले स्कुल बस उभिएको ठाउँमा नजिक पारेर गाडी रोक्न वा नजिक लैजानै पाउँदैन सामान्यतया उछिनेर जान पनि हुँदैन ।

### (१४) जनावरको हिफाजत

अमेरिकामा कुकुर बिराला पाल्नेले जनावरको घाँटीमा डोरी लगाएर हिँड्नु पर्छ। गाई, भेडा, बाखा, हाँस, कुखुरा आदि कुनै पशुपंक्षी सडक र गाउँ बस्तीमा हुँदैनन्, पालिँदैनन् । जो छ फार्ममा पालिन्छन् । यसकारण कुनै पशुपंक्षी अचानक बाटोमा आई पो हाल्छ कि भन्ने डर नै छैन र मानिस हाइवेमा र मुख्य सडकमा जाँदैनन् त्यसैले गाडीहरू आफ्नो तोकिएको गतिमा हिँड्न पाउँछन् र हिँड्नु नै पर्छ । ८० माइलको गतिमा गाडी हिँड्ने बाटो हो तर कम गतिमा हाँक्नु छ भने दायाँ लेनमा झर्ने, त्यो भन्दा अझै कम अझ अर्को दायाँ गर्दै यसरी अन्तिम दायाँ किनारामा थोरै गति हुन सक्छ। तर दायाँदेखि अन्तिम बायाँ लाइनमा पुग्दा फुलस्पिडमा गाडि छैन भने पछाडिको गाडिले धक्का मार्ने निश्चित खतरा रहन्छ। हाईस्पिड लेन भन्दा बायाँ, पहेँलो पट्टि अर्को लेन पनि हुन्छ यसमा बिग्रेको गाडि रोक्ने हो । यो लेनमा अरु गाडि हाँक्न पाइँदैन । भुलचुकमा भएपनि कोही गाडि यसमा हिँड्न पुगेमा अत्याधिक जरिवाना पर्छ ।

### (१५)स्कुलको ट्राफिकलाई प्रहरीको सहयोग

एक दिन साँझ ४ बजेको समयमा हामी एउटा स्कुलको एरियामा, उसको अगाडि ठुलो मैदान मूल बाटो समेत रहेको चोकमा पुगेका थियौं । एक पुलिस कार अचानक त्यहाँ देखा पर्‍यो र बिच बाटोमा तेर्सिएर खडा भयो र एक जना प्रहरी झरेर चौतर्फी हात खडा गर्‍यो । तीन तिरको सार्वजनिक यातायात जो जहाँ थियो रोकियो । उसले स्कुलको पार्किङ लटतिर उभिएका बसहरूलाई हात हल्लाएर बाहिर आउन सङ्केत गर्‍यो । स्कुल बन्द भएर विद्यार्थीहरूलाई घर पठाउन भनेर बसमा विद्यार्थी चढाएर स्कुलको लटमा बसहरू उभिएका थिए

। प्रहरीको सङ्केत पाउना साथ ती पचासौं स्कुलबस एक लाइनसँग लटदेखि बाहिरिंदै पूर्व, उत्तर दक्षिण जता जता जानु थियो, तितरबितर भएर आ-आफ्नो बाटो लागे । सबै काम मुस्किलले २-३ मिनटमा सकियो र प्रहरी गाडी साइड लाग्यो हात दियो सबै हिँडे । न हर्नको पें पें न जाम, न रेड लाइट ।

सिस्टम के रहेछ भने प्रहरीसँग यसरी बाटो छेउको स्कुल खोलिने र बन्द हुने समयको टाइमटेबुल हुने रहेछ र विद्यार्थी बसहरू बच्चाहरूलाई लिएर स्कुल गेटमा आइपुग्दा र स्कुल बन्द भएपछि बच्चाहरू बसमा चढी सक्दा मोबाइल पुलिस ठिक्क समयमा पुगेर विद्यार्थी बस सजिलै क्रस गराइदिने रहेछ। स्कुलको स्थिति परिस्थितिको रेकर्ड अनुसार ट्राफिक पुलिसले विद्यालय र चोकहरूमा पुग्ने रहेछ। स्कुलले बोलाइ राख्ने या अनुनयविनय कृतज्ञता प्रकट या दान दक्षिणा जस्ता कुरा छैनन् । आ-आफ्ना ड्युटीको नै सिस्टम रहेछ ।

(१६)**सडक सरसफाई**

नगरीय र ग्रामीण सरसफाइ दैनिक र हमेसा हुने गरे पनि सडकको पूर्ण सफाइ र धुलाई एक दुई दिन बिराएर नियमित रुपमा प्रायः आधा रात देखि भोरसम्म हुन्छ। फोहोर मैला फाल्ने 'गार्बेज क्यान'हरू ठाउँ ठाउँमा राखिएका हुन्छन्। मानिसले खाए पिएका बोतल, गिलास, प्लेट, फलफूलका बोक्रा आदि कुनै पनि चिज क्यानमा नै फालिन्छ, फोहर बाहिर फ्याँक्ने, खोकेको खकार, सिँगान, थुक आदि बाहिर फाल्ने र ट्वाइलेटदेखि बाहिर दिसापिसाब गर्ने, कुनै किसिमको फोहर गर्ने मानिस सजायको भागी हुन्छ। घरबाट निस्केको फोहोर प्लाष्टिकका थैलाहरूमा भरेर तोकिएको ठाउँमा राखिदिएपछि फोहर मैला उठाउने ट्रकले लिएर जान्छ ।

फाल्तु कपडा लत्ता, फर्निचर, टिभी, चुल्हा, पङ्खा, फ्रिज, किताबहरू दान गर्नका लागि ठाउँहरू बनेका छन् त्यहाँ हिफाजतका साथ लगेर राखी दिएपछि लैजान चाहनेले लैजान्छ। टुटेफुटेका काम नलाग्ने सामग्री, बाटाका छेउछाउको र घर र बारीमा काटेका घाँस र रुखका हाँगाबिँगा आदि स-साना टुक्रा-टुक्रा गरी थैलामा भरेर राखिदिएपछि सफाईकर्मीले ट्रकमा भरेर लैजान्छ ।



यो हो अमेरिका

# अध्याय-१२
# बस्तीको संरचना

अमेरिका व्यवसाय व्यापारको देश हो। यहाँ खेती त हुन्छ तर हाम्रो जस्तो होइन, जनावर पनि पालिन्छन् तर तरिका र उद्देश्य नितान्त फरक छ । यसकारण यहाँ हाम्रो जस्तो गाउँ, बजार र शहरहरू हुँदैनन्। खोज्नु त कल्पना मात्र हुन्छ। पूरै अमेरिकाका शहर र गाउँबस्तीहरूलाई ठुला, मझौला र साना शहर बजार नै भने हुन्छ ।

(१) शहर :

न्यूयोर्क, सिकागो, न्यूइङ्गल्यान्ड आदि पुराना शहर हुन् । विशालताका आधारमा सबभन्दा ठुलो न्यूयोर्क, दोस्रो क्यार्लिफोर्नियाको लस एन्जलस, तेस्रो शिकागो र चौथो टेक्ससको ह्विस्टन हो । बोस्टन, मेरील्यान्ड, फिलाडेल्फिया, सनफ्रान्सिसको आस्टिन, भर्जिनिया, डैलास आदि प्रसिद्ध शहरहरू छन् । वासिङ्गटन डिसी सङ्घीय राजधानीको शहर हो । राजधानीको आकार ठुलो हुनुपर्छ भन्ने छैन र राजधानी केन्द्रित विकास र व्यवसायको अवधारणा छैन । वासिङ्गटन डिसी त्यति विशाल शहर होइन। यस्तै टेक्ससको राजधानी अस्टीन भएपनि यो सानो शहर छ तर टेक्सस मै ह्विस्टन र डलास ठुला शहर छन्।

ठुला शहरहरूमा हाईराइज बिल्डिङ्ग (बहुतल्ले भवन) र बाक्लो व्यापार व्यवसायको केन्द्र बिन्दु भएको इलाकामा कङ्क्रीटका खम्बामा अडिएका तर भित्ता र फर्स छत लकडी र के-के मसलाद्वारा बनाइएका च्यादरहरूद्वारा निर्मित भवन हुन्छन् । व्यवसायिक भवनहरूमा निवास हुँदैन र निवासका लागि बनाइएका बहुतल्ले भवनहरूको तल्लो तलामा भवनका सुरक्षा र मेनेजमेन्टको अफिस हुन्छ । बिजुली पानी, जिम, ग्यारेज र कतिपयमा स्टोरहरू पसल आदि हुन सक्छन् तर शहर भित्र औद्योगिक कलकारखाना आदि हुँदैनन् ।

शहरको अलि कम महत्वपूर्ण गैरव्यवसायिक या कम व्यवसायिक एरियामा आवसीय घरहरू हुन्छन् या अगाडि पट्टिका लाइन व्यवसायिक बनाएर पछाडिका लाइन आवासीय हुन सक्छन् । शहरका छेउछाउका बस्ती पनि प्रायः आवासीय हुन्छन् । हाईराइज भवनका अपार्टमेन्टहरू महँगो भाडामा हुन्छन् यदि प्राइम एरिया हो भने ४, ५ हजार डलर प्रतिमहिनामा दुई कोठा बेडरुम, एक ड्राइभिङ्ग रुम, किचन, ट्वाइलेट, चुल्हा, फ्रिज, फोहर फाल्ने ठाउँ बिजली पानी सहित सामान्य हुन्छ ।

**बिजुली पानीको व्यवस्था :**

खाने पकाउने चुल्हादेखि ठुलठुला फैक्ट्रीहरू सब बिजुलीले नै सञ्चालित छन् र बिजुलीको यति पर्याप्त र सुदृढ व्यवस्था छ कि कुनै ठाउँमा इतिहासको कुनै कालखण्डमा भुईँचालो या भयङ्कर आँधी चक्रवात आएको अपवाद समयदेखि बाहेक सेकेन्डको लागि पनि बिजुली जाँदैन । बिजुली गएको थाहा छैन भन्छन् बुढापाकाहरू । बिजुली पनि जान्छ र ? भनेर आश्चर्य व्यक्त गर्छन् तर बिजुलीको पावरहाउस, तार, पोल आदि त देखिँदैनन् नै, साथै निजी घर र सम्पत्ति (व्यवसायीक या गगनचुम्बी भवन, एपार्टमेन्ट आदि)मा पनि बिजुली भित्रभित्रै, दिवालको भित्रबाट व्यवस्थित गरिएका छन् । ग्रामीण भेगमा कताकतै र जङ्गल भित्रका निवास र व्यवस्थापन भवनहरूमा पोलमा तार लागेको छ तर पोलदेखि घरमा बिजुली सप्लाई छैन । कुनै अर्कै प्रविधिले घरमा लाइन दिए होलान् ।

अमेरिकामा खानेयोग्य पानीको अभाव छ तर सुदूर वन जङ्गल, मरुभूमिसम्म जहाँसम्म मानिसको पहुँच सम्भव छ, पानी पुगेको छ र तातो र चिसो दुबै किसिमको पानी एउटै टुटीबाट हर समय उपलब्ध हुन्छ । पाइप, पानीको ट्याङ्की आदि देखिँदैनन् ।

भवनहरूमा भित्र छुट्टै व्यवस्थापन कक्ष हुन्छ र माथिल्लो छतमा तमाम उपकरणहरू जडान भएका देखिन्छन् भने प्राइभेट घर बनाउँदा, कम्पनीहरूले





घरको माथिल्लो तलामा हामीले धान भकारी बनाए जस्तै उनीहरूले माथिल्लो बेडरुमको ग्यालरी या कोठामा सिँढी लगाएर छतमा रहेको प्वालबाट माथिल्लो तलामा छिर्न सक्ने व्यवस्था गरेर बिजली पानीको ट्याङ्क र पानी तातो गराउने उपकरण आदि, तार टेलिफोन, वाईफाई सबैको व्यवस्था र घर भवनमा सप्लाई आदि बनाएका हुन्छन् । त्यो तला भन्दा माथि कङ्क्रीट, प्लास्टिक आदि कुनै धातुले छाएको हुन्छ । छाना हाम्रो फुसैला र टायलका घर जस्ता हुन्छन् तिनका माथि के-के उपकरणहरू लगाइएका हुन्छन् । त्यस्तै बिल्डिङ्गका छतमा पनि उपकरणहरू जडान गरिएका हुन्छन् तर पानीको ट्याङ्की छतमा राखिँदैन । यी सबै काम कुराको नक्सा र जानकारी नेटमा समेत फिक्स गरेको हुन्छ । बिजुली, पानी, टेलिफोन कुनैमा समस्या देखिएमा सामान्यतया घरका मान्छेले आफै त्यो तलामा जाँदैनन्, मेकानिक बोलाउँछन् र उसले सब थोक मिलाउँछ ।

(२) गाउँ :

कन्ट्री साइड भनिन्छ । दुई या तीन तले घर । स-साना कम्पाउन्ड, करेसाबारी, कार ग्यारेज र बाहिर सानो पार्किङ स्थल । पक्की बाटा घाटा तातो चिसो पानी, किचन बाथरुम बेडरुम सब कुछ शहर जस्तै । फरक यति मात्र कि हाईराइज भवन हुँदैनन् । पसल, कारखाना, गाई भैँसी गोठ, यहाँ पनि हुँदैनन् । गाउँहरू प्रायः लकडीका पटराको बार लगाएर घेरिएका हुन्छन् कता कतै मुख्य गेटमा बैरियर र सुरक्षा दिने द्वारे हुने गर्दछ । कहीं कहीं गाउँको एरिया पर्ने गरी दोकान र स्टोर हुने गर्दछन् ।

(३) **औद्योगिक क्षेत्र :**

शहर बस्तीदेखि टाढा बाहिर औद्योगिक कलकारखाना औद्योगिक प्रतिष्ठानहरू हुन्छन् ।

(४) **रेन्च :**

ठुला बडा मानिसहरूले शहरी क्षेत्रदेखि बाहिर घर बनाउँछन् । रुख बिरुवा अथवा खेती बालीनालीको फार्मिङ हुन्छ । यस्तै रेन्चहरूमा गाई, भेडा, घोडा, सुँगर र कुखुरा पालन हुन्छ । एक किसिमले हामीकहाँ पहिले जमिन्दारहरूले बनाउने गरेको कोठार जस्तो भन्न सकिन्छ ।

(५) **वायर हाउस :**

गोदाम घर र उद्योग घर हो । जनावर काट्ने, सामानको काँटछाँट, प्याकिङ्ग, लेबलिङ्ग आदि गरेर ट्रकमा लोड गरेर शहरका पसलहरूमा जाने गर्दछ ।

घर निर्माण हुँदा चारैतिर बेरेर सुरक्षित गराउँछन् । ट्रकहरूले के मालवस्तु ल्याए ? बाहिरबाट देखिँदैन । त्यस्तै विभिन्न मालवस्तु कहाँ र कसरी बन्छ ? बाहिरी मानिसलाई थाह हुँदैन ।

(६) **ग्रोसरी स्टोर्स** (किराना पसल) :-

तरकारी, फलफूल, दूध, दही, घिउ, मासु, माछा, अण्डा, ब्रेड, चिज, आइस्क्रीम, बिस्कुट, सिटामोल, चकलेट, केक, नमकिन, दालमोट, चटनी, अचार, सिरका, चिप्स, सिरियल, मसला, पानी, कोक, फेन्टा, रक्सी, चामल, दाल, पीठो आदि खाद्य पदार्थहरू पाइने चाइनिज अमेरिकन र मेक्सिकन साना ठुला स्टोरहरू हुन्छन् । परवर इन्डियन स्टोरमा मात्र पाइन्छ । इन्डियन स्टोर प्रायः गुजरातिहरूको छ र गुजरातका चिज वस्तु लगभग सब थोक पाइन्छन् तर अम्बा एक दुई ठाउँमा देखिए पनि सिँगाडा भने देखिएको छैन । इन्डियन स्टोर पनि धेरै देशीहरू रहे र बसेको ठाउँमा मात्र छन् । साडी कुर्ता सलवार पनि एक दुई ठाउँमा मात्र देखिएको छ ।

सनफ्रान्सिस्कोमा चाइनिज बस्तीको पूरा टोल र चाइनाटाउन बजार छ र चाइनिज सब थोक उपलब्ध हुन्छ । त्यहाँका चाइनिज मूलका मानिसहरू आफ्नै देशमा रहे बसे जस्तै समाज पाएका छन् आफ्नो धर्म संस्कृतिमा छन् धेरैले त चाइनिज भाषा बाहेक अङ्ग्रेजी पनि जान्दैनन् । अमेरिकाको शहरभित्र चाइनाको शहर छ । यस्ते जापनिज बजार र बस्ती पनि छुट्टै छ । न्युयोर्कमा नेपाली चिजवस्तु र मसला उपलब्ध हुन्छ ह्विस्टनमा गुजराति स्टोर ठूलठुला छन् ।





## अध्याय-१३
## अमेरिकामा उपचार व्यवस्था

भनिन्छ अमेरिकामा डाक्टरले बिरामीको ज्यान बचाउन कडा परिश्रम गर्दछ र उसको लागे पुगेसम्म बिरामीलाई मर्न दिँदैन । दुनियाँका कुनै पनि देशका ठुला बडाहरू उपचारका लागि अमेरिका पुग्छन् । यस सन्दर्भमा यहाँको उपचार व्यवस्थाको सूक्ष्म विश्लेषण हुन जरुरी छ ।

**बिमा**

अमेरिकामा प्रत्येक व्यक्तिले आजीवन बिमा गराई रहन्छ र प्रिमियम तिरी रहन्छ । यो पैसा फिर्ता हुँदैन । दुर्भाग्यले जिउज्यानमा केही हुन गयो भने परिवार बालबच्चाले बिमा रकम पाउँछन् । तिनलाई अलपत्र नहोस् भनेर बिमा गरेको हुन्छ । अमेरिकामा नेपाल भारत जस्तो स्वतन्त्र चिकित्सा पद्धति छैन । बच्चा जन्मेपछि नै उसको स्वास्थ्य बिमा गराइन्छ । मानिसले आजीवन बिमाको शुल्क बुझाई रहन्छ । बिमा किसिम किसिमका छन् । सामान्य बिमा, कडा रोग या विशेष अङ्गका उपचारको बिमा । शरीरलाई जे जति र जे जस्तो रोगव्याधि लागे पनि पुरै खर्च बिमा कम्पनीले व्यहोर्ने गरी हुने बिमा र आंशिक खर्च मात्र व्यहोर्ने बिमा । गाडी, घर, उब्जनी, वनजङ्गल, पशुपंक्षी, कुकुर, बिराला सबैको बिमा हुने देशमा शरीरको पनि बिमा भैराखेको हुन्छ र सबैले प्रायः सामान्य

बिमा नै गराउँछन् । सबै खर्च कम्पनीले व्यहोर्ने खालको बिमाको प्रिमियम ( व्यक्तिले बुझाउने किस्ता रकम) व्यक्तिले बुझाउन बहुत महँगो हुन्छ । सामान्यतया यस्तो बिमा गराइँदैन । साधारण खाले बिमा जसको पनि हुन्छ ।

**उपचारको तरिका :**

**(१) सामान्य :**

(क) **एप्वाइन्टमेन्ट :** कसैलाई कुनै रोग लाग्यो, सामान्य या असामान्य बिसन्चो भए पनि उसले पहिले नेटमा डाक्टर सर्च गर्नु पर्‍यो । राम्रो काम गर्ने डाक्टरहरूको रेटिङ्ग हेरेर आफ्नो इच्छाले डाक्टर छनौट गरेर उसको अस्पतालमा फोन या इमेल पठाउनु पर्छ । उसको असिस्टेन्टले फोन रिसिभ गर्छ, कुरा गर्छ, एप्वाइन्टमेन्ट दिन्छ या आवश्यकताअनुसार डाक्टरसँग परामर्श गर्छ या रोगीसँग कुरा गराउँछ । डाक्टरले सामान्य जस्तो मान्यो भने आराम गर्न भन्छ, ठुलो समस्या देख्यो भने इमरजेन्सीमा जान भन्छ, नभए एप्वाइन्टमेन्ट दिन्छ । यो एप्वाइन्टमेन्ट त्यही दिन हेर्ने देखि लिएर एक आधा महिना पछिकै पनि तिथि मिति र टाइम तोक्छ । यो फोन कुराकानी या इमेल जवाफको पनि बिल बन्छ । बिमा कार्डबाट बिल भुक्तान हुन्छ ।

**(ख) डाक्टरको सल्लाह :**

त्यहाँ हाम्रा अस्पताल जस्ता अस्पताल छैनन् । डाक्टर भेट्न जाँदा कुनै भीड भाड हो-हल्ला मानिसको चहल पहल केही हुँदैन । डेस्कमा आफ्नो नाम बताएपछि रेसेप्सनिष्टले बस्न भन्छ भित्र म्यासेज हुन्छ । भित्रबाट कोही लिन आउँछ र पैसेन्टलाई हेर्ने कोठाहरू मध्येको कुनै खाली कोठामा बसाल्छ । नर्सले प्रारम्भिक सोधपुछ प्रेसर, टेम्पेचर, तौल, लम्बाइ आदि नापेर कम्प्युटरमा चढाएर बाहिरिन्छन् । पछि डाक्टर आउँछ, परिचय दिन्छ आरामसँग सोधपुछ र आवश्यक जाँच गर्छ कम्प्युटरमा चढाउँछ । रोग उसको समझमा आएछ भने रोगीको पायक पर्ने मेडिसिन बिक्रेता कम्पनीको नाम ठेगाना सोध्छ र कम्प्युटरमा लेखेर मेडिकल स्टोरमा इमेल पठाउँछ । गएर औषधि लिनुस् खानुस् भन्छ ।

रोगीको जाँच गर्दा कुनै टेस्ट आवश्यक ठान्यो भने प्याथोलोजी/रेडियोलोजी या जे गर्नुपर्छ गर्न पठाउँछ । डाक्टरको सोधपुछ, टेस्ट रिपोर्ट र डाक्टरको प्रिस्क्रिप्सन आदि सब थोक रोगीको मोबाइलमा डाउनलोड गरिने अस्पतालको एपमा आई रहन्छ । उपचारका क्रममा डाक्टर र रोगीको सम्पर्क भैरहन्छ । डाक्टरले आवश्यकता अनुसार आफैले पनि रोगीलाई सम्पर्क गरिरहन्छन् । यो सबको बिल बनिरहेको हुन्छ र रोगीले सुरु सम्पर्क गरेदेखि नै उसले आफ्नो बिमा कम्पनीको नाम नम्बर रोगीको नम्बर आदि कार्ड स्केन दिए अनुसार





अस्पताल र मेडिकल स्टोरले बिमा कम्पनीलाई मेलद्वारा बिल पठाइरहेको हुन्छ । रोगीले डाक्टरफिस, टेस्ट, औषधि आदि खर्च बारे केही थाहा पाउँदैन ।

सुरु डाक्टरले जाँच गर्दा अन्य अन्य रोग र अन्य अङ्गको डाक्टरलाई देखाएर अन्तैबाट उपचार, अप्रेसन आदि गराउन आवश्यक लागेमा उसले भरसक राम्रो ठाउँमा रेफर गर्नुपर्छ र रोगीको अन्त अस्पताल या डाक्टर कहाँ जे जस्तो उपचार भए पनि पूरा जानकारी सुरुको 'प्री केयर फिजियन' सँग आइरहन्छ र विशेषज्ञको सल्लाहमा उपचारमा आवश्यक दवाई सुरुको डक्टरले लेख्छ ।

**(ग) औषधि निर्माता र बिक्रेता :**

रोगीसँग पर्चा आदि केही हुँदैन । रोगी, प्रारम्भिक डाक्टर, एम्बुलेन्स, विशेषज्ञ, सर्जन, औषधि बिक्रेताका बिचमा सबै काम कुरा इन्टरनेटबाट भइरहेको हुन्छ । अस्पताल, एम्बुलेन्स र औषधि बिक्रेता खुद्रा पसले होइनन् यी सब कम्पनी हुन् अथवा कुनै NGO ले चलाएको हुन्छ ।

अमेरिकामा औषधि निर्माता/बिक्रेताको एउटा चेन हुन्छ । Walgreen, CVS, र Holefood नामका तीन वटा कम्पनी प्रमुख छन् तर Safeway, Walmart, Target आदि कयौँ कम्पनीका फार्मेसीहरूले औषधि उत्पादन गर्दछन् । यिनले दवाई बनाउँछन् र पूरा देश भरमा शहर, टोल गाउँसम्म स्टोरहरू खोलेका छन् ।

डाक्टरको मैसेज पाएको स्टोरले प्रायः रोगीलाई औषधि तयार छ अथवा जे छ, जनाउ दिन्छ । औषधि दिने कर्मचारी पनि फार्मेसिस्ट नै हुन्छ । उसले नाम ठेगाना रोग र औषधिको नाम बताएर औषधि दिन्छ । कथम्कदाचित रोगीको रोग या चिकित्सकको दवाईमा उसलाई कुनै दुविधा पर्न गएमा उसले डाक्टरलाई सूचना दिएर विश्वस्त भएपछि मात्र औषधि दिन्छ यसबाट डाक्टरले हुन गएको गल्ती सुधार्ने मौका पाउँछ । रोगीका प्रतिनिधिले दबाई लिएर हिँड्छ । पेमेन्टको कुरा बिमा कम्पनीले पछि हेर्दै गर्छ ।

स्टोरमा रुघा, खोकी दुखाई मार्ने, ग्याँस, अलर्जी, आँखा, खटिरा, तागतका सप्लिमेन्ट, महिला सेनेट्री र सौन्दर्यका साधन/औषधि स्टोरमा आफैले छानेर अथवा फार्मेसिस्टसँग फ्री सल्लाह लिएर किन्न पाइन्छ तर अरु औषधि र पर्चाका औषधि डाक्टरको सल्लाह बाहेक किन्न पाइँदैन । डाक्टरले तागतका औषधि र सप्लिमेन्टमा सामान्य सल्लाहसम्म दिन्छन् । पर्चामा लेखिदैनन् । रोगीले भन्दैमा डाक्टरले अनावश्यक ठान्यो भने जथाभावी टेस्ट गराउन मन पराउँदैनन् ।

(२) **विशेष उपचार व्यवस्था :**

(१) ठुलासाना अस्पतालहरू कम्पनीका मातहतका हुन्छन् यसकारण तिनको गभर्निङ्ग बडी हुन्छ। डाक्टर र टेस्ट गर्नेहरू तलबी कर्मचारी हुन्छन्। जुनसुकै अस्पतालका इमरजेन्सीमा रोगी पुग्नासाथ टेस्ट आदि सुरु हुन्छ र बनावटी इमरजेन्सी रहेछ भने रेगुलर लाइनमा डाक्टरको सम्पर्कमा जान भनेर फिर्ता पठाउँछन्। साँच्चैको इमरजेन्सी छ भने उपचार सुरु हुन्छ। रोगीलाई भरसक मर्न नदिने प्रयत्न हुन्छ। रोगीको लिङ्ग, वर्ण, सुकुम्बासी, भिखारी या सर्वोच्च पदाधिकारी नागरिक, विदेशी को हो ? सोधिँदैन। सबैको ज्यान बचाउन नै डाक्टरको दायित्व हुन्छ। इन्ट्रीदेखि लिएर फाइनल चिकित्सासम्म बिमा र पैसा खर्च बारे सोधिदैन र कहीँ कुनै पैसा मागिदैन। रोगीको साथमा कोही भए पनि नभए पनि खासै मतलब हुँदैन। टेस्ट र दवाई सबथोक भित्रबाटै भइरहेको हुन्छ। रोगीलाई भर्ना गरेर जति दिन राख्नुपर्छ राखिन्छ। सन्चो भइ सकेपछि घर पठाइन्छ। बिल उसको निवासमा पछि पठाइन्छ। उसले आफ्नो बिमा कम्पनी छ भने उसको नाम बताउँछ, छैन भने सके तिर्छ, नसके चुप लाग्छ। उसको आम्दानी र स्टाटस नेटमा देखिन्छ। तिर्न नसक्ने अवस्थाको रहेछ भने अस्पतालले 'असहाय लिस्ट' मा चढाएर राख्छ र कोही दाता या चर्चहरूले दान दिँदै जाँदा यस्ता बिल फर्छ्योट हुने गरेका छन्।

**सरकारको दायित्व :**

अमेरिकामा हाम्रो जस्तो सरकारी अस्पताल र फ्री सेवा छैन। प्रत्येकले आफ्नो स्वास्थ्य र ज्यान रक्षा आफैले गर्ने हो। नागरिक र ग्रिन कार्ड होल्डरहरूको आम्दानीको आधारमा स्तर छ। यो कुरा नेटबाट व्यक्तिको जीवन वृतान्त देखा परिरहन्छ। ऊ तल्लो स्तरमा रहेछ भने उसले अनलाइन निवेदन पठाउँछ उसको बिमा सम्म सरकारले गरिदिन्छ। बिमा कम्पनीले उसको ठेगानामा बिमा कार्ड पठाइदिएको हुन्छ।

**महङ्गो सेवा पनि सबैलाई उपलब्ध हुन्छ :**

कुनै एक्सीडेन्ट अचानक हर्टअटेक या त्यस्तै रोगको लागि कतिपय ठाउँमा हेलिकप्टर एम्बुलेन्स नै छन्। ठुला शहरका कोही कोही ठुला अस्पतालको छतमा हेलिकप्टर एम्बुलेन्ससम्म स्टार्ट अवस्थामा रही रहेको हुन्छ र सामान्यतया अस्पातालहरूका छतमा र दुर्घटनास्थलमा हेलिकप्टर उतारेर रोगीलाई लिएर सुविधा सम्पन्न अस्पतालमा कोही कोही ठाउँमा त एउटै शहरभित्र एक अस्पतालबाट अर्को अस्पतालमा पनि हेलिकप्टरबाटै पठाउने गर्दछन्। यस्तो सेवाको पनि तत्काल कुनै शुल्क रोगी सँग मागिँदैन। व्यक्तिवादी धारणा भएको





देश भएकोले रोगीको परिवारका सदस्य र इष्टमित्रसँग पनि पैसा बुझाउन भनिदैँन।

**अप्ठेरो किन त ?**

(A) **डक्टरले हतपत हेर्दैन**

रोगीले फोनमा डाक्टर साहब घाँटी दुखेको छ, भित्र रातो रातो छ हेरी दिनु पऱ्यो भन्छ। डाक्टरले ४-५ दिन हेर्नुस् तातोपानीले कुल्ला गर्नुस भन्छ। रोगीले डाक्टरसाहब रुघा खोकी छ ज्वरो आएकोछ ज्यान दुखेकोछ भन्छ डाक्टरले आराम गर्नुस्, नसके पेन किलर खानुस, साह्रै छ भने इमरजेन्सीमा जानुस भन्छ। बच्चा बिरामी छन् रुघा खोकी ज्वरो छ हेरिदिनुस भन्दा सिटामोल खुवाउनुस् एक हप्ता हेर्नुस् भन्छ। यस्ता कुनै कुरामा सामान्यतया कुनै डाक्टरले भेट्नै दिँदैन।

(B) **अत्यधिक मंहगो**

रोगीको बिल कति बन्यो ? कहिले बन्यो थाह हुँदैन। साल दुई वर्षपछि पनि बिल आउन सक्छ। रोगी घरबार विहीन बुड्गा छ र इमरजेन्सीबाट उपचार गराएर आएछ भने त बिल कसरी बुझाउला ? उसको कुरै नगरौँ। बाँकी मान्छेको बिल बुझाउन उसले कहिले काहीँ त बस तलब कटाइ रहनुपर्दछ। एक मध्यम वर्गीय महिलालाई अचानक काम ज्वरो आयो। ९११ मा फोन भयो कुनै कम्पनीको एम्बुलेन्स गाडि आयो र घरबाट ४ कि.मि. फरकको हस्पिटलको इमरजेन्सीमा पुऱ्यायो। हस्पिटलको बिल त जे थियो बिमा कम्पनीले स्विकाऱ्यो तर एम्बुलेन्सको बिल ६ महिनापछि एम्बुलेन्स कम्पनीले रोगीको घरका "बिमा कम्पनीले नस्विकारेकोले तपाईंले तिर्नु पर्ने" भनेर ५०००।- डलरको बिल पठायो। यो रकम एक मध्यम वर्गीयले कति वर्षमा तिर्ला ? कि मुद्दा हाल्नु पऱ्यो अदालतमा कि त आजीवन बिरामी पर्नु भएन। अन्यथा बिल न तिर्दा उसको जीवन वृतान्तमा नेटमा लेखिरहँदा त भविष्यमा जहाँ पनि उसले सेवा लिन समस्या आउने भयो।

एक महिला सुत्केरी भइन्। पहिलो बिल आयो ३० हजार, त्यसपछि अलि अलि गरेर २ वर्षमा १ लाख २० हजार डलरको बिल आयो। बिमा कम्पनीले ७५% बुझायो बाँकी महिलाले बुझाउनु पर्ने भयो।

(C) **टेस्टमा कठिनाइ**

एक जनालाई ३-४ वटा समस्या देखिए। डाक्टरले चेकअप गरे र केही टेस्ट गराए। रोग समझमा आएन। रोगीले MRI गराउन भन्यो डाक्टरले

आवश्यक ठानेनन्। आराम गर्ने र ३ महिना या ६ महिना पछि आउने भन्यो। रोग न ठम्याई कुनै औषधि दिँदैनन् । साह्रै अपठ्यारो लाग्यो इमरजेन्सीमा जानु भन्छन्। इमरजेन्सीमा जाँदा मर्नेसम्मको लक्षण नभए के को इमरजेन्सी रेगुलर डाक्टर कहाँ जानु भन्छन् ।

उपचारको क्रममा टेस्ट, औषधि, सर्जरी आदिकालागि बिमाले पुग्छ, पुग्दैन ? बिमाले नभ्याएमा खर्च व्यक्तिगत बेहोर्ने त बहुतै महङ्गो हुनाले कसैले तिर्ने अवस्था हुँदैन। अनि उपचार कसरी हुने ? बिमाको व्यवस्थाले अस्पतालहरूले बिमाको सबै रकम निचोरी हाल्ने शोषणको नियत राख्ने हुनाले धेरैजसो रोगीहरूलाई सानोतिनो उपचार गरेर रामभरोसा रहन बाध्य छन् ।

(D) **एलोपैथिको विकल्प छैन** : यहाँको जलवायु हाम्रो जस्तो स्वास्थ्यवर्धक र रोगनिवारक जडीबुटीहरूको उत्पादनको अनुकूल छैन। यसकारण आयुर्वेदको विकल्पमा कृत्रिम औषधिको उत्पादन उनीहरूको बाध्यता बन्यो र त्यसलाई एलोपैथिक भनियो । यसलाई परिस्कृत गर्दै उनीहरूले रोग व्याधिमा छिटो र प्रभावकारी काम गर्ने बनाए । पछि उद्योगी व्यापारीहरूले यसको स्वरुप नै व्यापारिक बनाई दिए र बजारवाद मानिसको जीवनमा पस्यो। अमेरिका युरोप मात्र होइन पूरा संसारको सुदूर ग्रामीण क्षेत्र जहाँ मानिसले प्रकृतिसँग तादाम्य स्थापित गरेर जडीबुटीहरूलाई आफनो आहारमा नियमित गराएर स्वस्थ्य जीवन बिताएको थियो त्यहाँ पनि विभिन्न बहानामा एलोपैथीक पुऱ्याइयो र मानिसलाई यसको अभ्यस्त बनाउँदै यसै माथि निर्भर नै गराइएको छ ।

यसकारण अमेरिकामा आयुर्वेद, होमियोपैथी डक्टर छैनन्, बाहिरबाट आएका प्रवासीहरू जसलाई होमियोपैथीको ज्ञान छ उसले युट्युबबाट हेरेर होमियोपैथी औषधि खोज्छ र पाउन सक्छ यस्ता स्टोर कताकतै छन्। यसलाई औषधि मानिँदैन, सप्लिमेन्ट भन्दा रहेछन्। हाम्रो जस्तो जडिबुटी र सामान्य उपचार बताउने गाउँ घरका बुढापाका अनुभवी, साथीभाईको अभाव छ । यहाँको मानिसको भरसक त डाक्टरकहाँ जाने हतपत संयोग नै बन्दैन र गइहाल्यो र बिमाले कभर गरेन भनेर पत्र आयो भने हाम्रो जस्तो बिल बनाउने मान्छे त भेटिँदैनन्। कहाँबाट कसले बिल बनाएर नेटमा पठाएको हुन्छ थाहै हुन्न। कोसँग कुरा गर्ने ? के को हो यति भनेर कोसँग झगडा गर्ने ? अथवा घटाई दिनुस् हजुर भनेर कोसँग हात जोड्ने ? चौतर्फी बजारीकरण, सब इन्टरनेटको खेल, व्यापार र व्यवसाय। कानुनी राज्य। व्यक्तिगत अधिकार।



(E) **आँखा, दाँत र कानको उपचार असाध्य महँगो**

आँखाको चस्मा बनाउन या दाँतको सामान्य कुराका लागि कतिपय रोगी त भारत जान्छन् र उपचार गराउँछन्, डुल्छन्, छुट्टी मनाउँछन् र आफ्नो काम गरेर फर्कँदा अमेरिकामा दाँत र चस्मामा हुने खर्च भन्दा पनि कम खर्च भइराखेको हुन्छ ।

(F) **बिमा भएर झनै समस्या**

कतिपय अस्पतालमा त अलि राम्रो खालको बिमा भइराखेको मान्छे बिरामी भएर जाँदा डक्टरले ठुलो रोग बताएर त्यतिकै अप्रेसन गर्न भन्छन् र बिना कारण त्यतिकै अपरेसन नै गरिदिँदा रहेछन् र ठुलाठुला रकमको बिल बिमासँग माग्दा रहेछन्। यसकारण बिमामा लाभ भन्दा हानी बढी हुने गर्दछ। व्यक्ति जीवनभर बिमा कम्पनीमा बाँधी रहनु पर्ने र सबले आजीवन औषधि उपचारको ऋण भुक्तानीमा लागिरहनु पर्ने साह्रै खराब व्यवस्था रहेछ ।

बिमा व्यवस्थाले नागरिकलाई आजीवन ऋणी रहने र डाक्टर नर्सलाई कम्पनीको साधारण सिपाही 'हायर एन्ड फायर'को नियममा बाँच्न बाध्य पारेको छ। आफू या आफ्नो इष्टमित्र पाहुनालाई केही हुन गएमा र इमरजेन्सी मै जानुपर्ने रहेनछ र बिमा पनि छैन भने घरमा छटपटिने बाहेक कुनै सार्थक उपाय कसैले गर्न सक्दैन । कसैले डाक्टर फी नगदै तिरेर उपचार गराउन सोच्यो भने टेस्ट र दवाईको खर्च उठाउन गाह्रै होला। सामान्य मानिसको लागि लगभग असम्भव ।

(G) **डक्टर कम्पनीको एउटा सामान्य नोकर मात्र**

रोगीको रोग निको पार्ने डाक्टर नर्सको दायित्वको कुरा। उपचार गराएर घर फर्केका रोगीलाई अस्पताल व्यवस्थापन (कम्पनीको सञ्चालक समिति)का तर्फबाट ३-४ पानाको प्रश्नावली फाराम, वापसीको खाम सहित हुलाकबाट पठाइन्छ र त्यसमा डाक्टर नर्सले गर्ने व्यवहार, सेवा दिएको समय, तरिका, रोगीको सन्तुष्टिको लामो कुरा हुन्छ र रोगीले फाराम भरेर बिना टिकट पठाइ दिन्छ । यसका अतिरिक्त सेवाग्राहीले अनलाइन टिप्पणी गर्ने चलन भएकोले प्राप्त भएका टिप्पणीको आधारमा डक्टर नर्सहरूको कार्यकुशलताको मापन ( रेटिङ्ग) भइरहन्छ। रेटिङ्ग घटनासाथ कम्पनीले जागिरबाट निकालि हाल्छ। त्यसपछि त निकै कठिन अवस्था आउँछ। सामान्यतया अरु कम्पनीले राख्दैन र प्राइभेट क्लिनिक चलाउन अमेरिकामा सरल छैन ।

(H) **मुद्दा लाग्ने भय**

कुनै डाक्टरले गलत औषधि दिएको कारणबाट रोगीलाई प्रतिकूल प्रभाव या हानि भएमा मुद्दा लडिदिने वकिल छ्याप्छ्याप्ती छन् । कठिन परिस्थितिमा त डाक्टर जेल नै जान्छ । यसरी डाक्टर नर्सको जीवन र पेसा निकै चुनौतीपूर्ण हुन्छ र उनीहरूले आफ्नो भएभरको ज्ञान सिप र प्रविधिको प्रयोग गरेर रोगीलाई बचाउने प्रयास गर्नैपर्छ र गर्छन पनि । रोग पत्ता नलागेसम्म र कुन औषधि दिँदा ठिक हुन्छ भनेर विश्वस्त नभएसम्म औषधि दिने चलन छैन । मुद्दा हाल्छ कि भन्ने डर हुन्छ ।

(I) **डक्टरले विवेकको प्रयोग थोरै मात्र गर्दछन**

डाक्टरले रोगीको परीक्षण र रोगको टेस्टले देखाए वा बताएको रोगको औषधि लेख्छन् आफ्नो बुद्धि बर्कत अनुभवको आधारमा डक्टरले औषधि लेख्न डराउँछन्, लेख्दैनन् । यसको मतलब उनको पढाइको सिद्धान्त र नियम अर्थात् "बुक" ले जे भन्छ त्यति मात्र गर्छन् । आफ्नो स्वविवेक भन्ने हुँदैन । यसकारण यहाँ अब चिकित्सकलाई "मेडिकल प्रैक्टिसनर": भनेर सम्बोधन गर्ने हो कि भन्ने कुरामा विचार विमर्श भइरहेछ । किनकि डाक्टर भनेको त कुनै चिजको अविष्कारकर्ता हो अर्थात् प्रोफेसरहरू हुन् । उनले लेखे, पढाए र बताएका काम कुरा कार्यान्वयन गर्ने व्यक्ति त डाक्टर होइन ऊ त प्रैक्टिसनर हो भन्ने सन्दर्भ छ ।

(J) **मानसिक रोगीको उपचार हुँदैन**

अमेरिकामा व्यक्तिवाद छ । रोगीले आफ्नो समस्या डाक्टरलाई बताउन सक्ने अवस्था हुनुपर्दछ र डाक्टरले औषधि दिँदा यो यो औषधि दिएको छु र यो यो दिंदै छु भनेर रोगीलाई जानकारी गराइरहनुपर्दछ रोगीको सहमतिमा उपचार हुन्छ । रोगीले मलाई उपचार चाहिएन या यो औषधि खान्न भन्यो भने डाक्टरले केही गर्न सक्दैन । व्यक्तिको स्वतन्त्रता सर्वोपरी छ । यसकारण अँग्रेजी बोल्न नजान्नेलाई डाक्टरले घर परिवारको दोभासे मार्फत् रोगीसँग कुराकानी गर्दछन् र उपचारको विधि र औषधि बारे प्रष्टाएर बताउँछन् । कडा रोग छ या कडा अप्रेसन र गम्भीर उपचारमा घर परिवारको दोभासे मान्य हुँदैन, बाहिरी दोभासेलाई नेटमा बोलाएर डाक्टरले आफ्नो कुरा बताउँछ र उपचारमा रोगीको सहमति माग्दछ । बिना सहमति उपचार गर्न पाउँदैन ।

यदि कुनै एक्सीडेन्ट या त्यस्तै अपरझट रोग लागेर कसैलाई उपचारको लागि अस्पताल लगिन्छ र ऊ होसमा छैन भने मात्र डाक्टरले आफ्नो र उसको





परिवारको इच्छा र सहमतिमा उपचार गर्दछ र ऊ होसमा आएपछि सबै कुरा बताएर उपचारको सहमति लिन्छ ।

मानसिक रोगको उपचारमा एक त व्यक्तिको स्वतन्त्रताको नियमले बाधा पार्दछ भने अर्को पनि गम्भीर कुरा छ । घर परिवार या आफन्तजनले कोही कसैको सम्पति हडप गर्ने या अन्य शोषण गर्नको लागि राम्रो मानिसलाई डाक्टरको मिलोमतोमा पागल बताएर उल्टासुल्टा औषधि दिने अथवा बन्दी बनाएर राख्ने जस्ता अपराध हुने सम्भावना रहने हुनाले राज्यको कानुनले यस्तो गराएको हो । बरु दुई चार जना पागल बिना उपचार रहुन् तर धेरै जसो षड्यन्त्रबाट बच्न सकुन् भन्ने आशय हो । यसकारण उपचार गर्ने, उपचारको विधि र परिणाम थाहा पाउने र उपचारको सहमति दिन सक्ने रोगीले उपचार पाउने व्यवस्था छ ।

**निष्कर्ष**

चिकित्सा व्यवस्था यद्धति बढी विश्वसीय छ तर निचोडमा चिकित्सा व्यवस्था जटिल, महङ्गो र ठग व्यवसायीहरूको हातको खेलौना मात्र हो ।

# अध्याय-१४
# विविध व्यवस्था

१. अमेरिकामा ल्याउन मनाही

अन्य वर्जित चिजबस्तुका अतिरिक्त अन्य देशहरूबाट आउने मानिसले आफ्नो देशबाट बोट बिरुवा र बिउ हुने फल जस्तै आँप, सुन्तला, स्याउ, मोम्फली, लसुन, प्याज, सिँघाडा, अम्बा, जामुन, खडा चना, मास, मसुर, केराउ, आदि उम्रिन सक्ने दानादार चिज र यहाँसम्म कि गेंदाको फूल समेत ल्याउन दिंदैन, सेक्युरिटीमा फालि दिन्छ तर एक मन्दिरले एक पटक कसरी हो, तुलसीको बेर्ना ५, ५ डलरमा उपलब्ध गराएको रहेछ। यस्तै कतैबाट कसैले कुनै जातको बिउ ल्याइहालेको रहेछ भने यसलाई अपवाद मान्नु पर्दछ।

२. घर भाडा :

अलग अलग काउन्टी सरकारले घर भाडाका अलग अलग नियम बनाएका छन्। डेमोक्रेटिक राज्यमा प्रायः रेन्ट कट्रोल हुन्छ। मनपरी भाडा बढाउन र भाडावाललाई मनपरी हटाउने बारेमा कानुन कडा हुन सक्छ। भारत जस्तो नियम र व्यवहार चलिरहेको छ। सनफ्रान्सिसकोमा सन् १९७३ भन्दा पहिलेका घरभाडावालाहरूले त्यस बेला दिइरहेको भाडामा अहिले ४५, ५० वर्षपछि पनि



यो हो अमेरिका

मुस्किलले २, ३ प्रतिशत बृद्धि भएको होला। यसको मतलब अहिलेको नयाँ भाडावालाले २००० डलर तिर्ने घर, एपार्टमेन्टको त्यस बेलाको भाडावालले मुस्किलले १००, १५० भाडा दिए होलान्। कोही कोहीले भाडावालालाई ठुलो रकम दिएर घर खाली गराउँछन्। रिपब्लिकन राज्यहरूमा व्यक्तिगत अधिकारलाई नै प्राथमिकता दिइन्छ, यस्ता अप्ठ्यारा हुँदैनन्।

सानो अवधिको घर भाडा

कम अवधिको लागि पनि घर भडामा लिने व्यवस्था नेटमा भेटिन्छ। एक्लै या सपरिवार कुनै शहर या गाउँमा, उपचार, हावापानी बदल्न, विवाह या कुनै उत्सव गर्न, इष्टमित्रहरूसँग भेटघाट आदि थोरै समयका लागि हप्ता दिनका लागि भएपनि भाडामा घर पाइन्छ। भाँडावर्तन, बिस्तरा, चुलो, फ्रिज, माइक्रोवेभ, टिभी, इन्टरनेट सबै भएको सुसज्जित घर पाइन्छन्।

३. अमेरिकाको ३ (www) डब्ल्यू :-

अमेरिकामा Weather, Women र Work को भर हुँदैन भन्ने भनाइ छ। मतलब, घरबाट बाहिर निस्कँदा घाम लागिरहेपनि केही बेरमा पानी पर्न सक्छ, या चिसो बतास चल्न सक्छ, यसकारण बाहिर निस्कँदा नेटमा सोध्ने चलन छ र होसियारी साथ बाहिर निस्कने गरिन्छ। त्यस्तै स्वास्नी मानिसहरू एकै छिनमा खुसी हुने र एक छिन मैं छोडेर हिंड्न तयार हुन्छन्। काममा पनि यस्तै छ। बाटो हिंड्दा काम पाउन सकिन्छ भने सुपरभाइजरले कुनै बेला पनि कामबाट निकाल्न सक्दछ।

४. अमेरिकामा प्रायः व्यवसायिक चिह्नमा काग, गिद्ध, चिल, भालु, डायनोसर, अजिङ्गर सर्प, जस्ता चिन्हको प्रयोग देखिन्छ। गमलामा नागफनी, सिउँढी जस्ता काँडा, हरिया पातका साना बोट झारपात आदि लगाएका हुन्छन्। पार्क र क्यारीमा देखिने फूलका बोटमा सुगन्ध आउने फूलहरू देखिँदैनन्, शोभाका फूलका बोटहरू अधिकतर देखिन्छन्।

५. अमेरिकाको आकाशमा खुब नियालेर हेऱ्यो भने एक दुई ठुला ताराहरू देखिन सक्छन् तर हाम्रो आकाशमा देखिने जस्तो तारा देखिँदैनन्। ट्वींकल ट्विङ्कल लिटिल स्टार बालगीत कुन आधारमा आएको हो थाहा पाइएन। आकाशमा तारा देखेर आफ्नो देशबाट आएको मानिसले यहाँको आकाश देखेपछि आकाशमा तारा छन् भनेर अभ्यासवश कल्पनामा देख्ने गर्दछ।

६. **पहिरन र गहना** : अब त नेपालका शहरी क्षेत्रका आधुनिक मानिएका महिलाले पश्चिमा संस्कृतिको खुला नक्कल गरेर अपनाएको वेशभूषाको आधारमा पश्चिमी देशका वेषभूषा बारे अनुमान गर्न सहज छ तर पनि केही त लेख्नु नै छ । अमेरिकामा पनि मौसम अनुसार कपडा लगाउँदा पुरुषले पाइन्ट, हाफ पाइन्ट, सर्ट, टिसर्ट, कोट,ज्याकेट लगाउँछन्, गरम छैन भने शरीर पुरै ढाकेका हुन्छन् । स्त्री जातिका पाइन्ट, सर्ट, टिसर्ट, लेगी, जम्फर जस्ता र थरी थरीका झालेमाले लुगा हुन्छन् तर जाडो याममा पनि पार्टीहरूमा या अन्यत्र शृङ्गारको नाममा बिना बाहुलाका फ्राक र कच्छी लगाउँछन् । टिसर्ट या हाफ कुर्ती र कच्छी भन्दा तल तीन अङ्गुल जति लामो, कुल मिलाएर खुट्टा र नितम्बको पूर्ण प्रदर्शन हुने जिनको कच्छी साइजको सानो र टाइट हाफपाइन्ट लगाउँछन् ।

नेपाल भारतका शहरी महिलाहरूले तल्लो पेट खुला, स्तनको मुख बन्द, बाँकी भाग र छाती, घाँटी, गर्दन, पीठ धेरै जसो खुला रहने ब्लाउज लगाउँछन् तर अमेरिकामा कता कतै एक दुई जना त्यस्तो देखिए पनि सामान्यतया कच्छीदेखि तलको नितम्ब, गोडा खुला राख्छन् र कम्मर भन्दामाथि चाहिँ ढाक्छन् । यद्यपि अङ्ग ढाकछोप गरी राख्ने सतर्कता र दुपट्टाको चलन छैन । कोट ज्याकेट लगाएपनि गोडामा ठन्डीले असर नगर्ने रहेछ । कोट, ज्याकेट, टोप, जुत्ता, आदि लोग्ने मानिस जस्तो हुन्छ । चप्पल लगाउने चलन छैन ।

कान मा सानो टप्स या त्यस्तै अरु केही चिज लगाउँछन् । घाँटीमा माला पनि हुन सक्छ । हिरा, मोती, सुन, चाँदी, तामा, प्लास्टिक, जे पनि लगाउँछन् । विवाहित महिलाले चाँदीको औँठी लगाउँछन् । नाक, हात, र खुट्टा खाली हुन्छ । चुरा, टीका, बिन्दी केही हुँदैन । लोग्ने मानिस जस्तै हो । कतै कोही महिला कुन समुदाय, देश र मान्यताका हुन् ? हाम्रो यता जुम्ला जस्ता पहाडमा महिलाले नाकमा बुलाकी जस्तो मसिनो र सानो रिङ्ग लगाएको देखिएका छन् ।

पुरुष हिजडा (गे)हरू कोहीले माथि टिसर्ट र तल महिला जस्तो स्कर्ट कोहीले पुरुष जस्तै लुगा तर नाकको टुप्पोमा बुलाकी, अजीब अजीब चिज लगाएका मान्छे देखिन्छन् । कोहीले त नाइटो छेडेर बाली, नथनी लगाएका देखिन्छन् ।

मुस्लिम महिलाहरूले प्रायः मुख त छोपेका हुँदैनन् तर बुर्का पहिरेका हुन्छन् । कोही कोही बिना बुर्काका देखिन्छन् तर प्रत्येक महिलाको टाउको सेतो दुपट्टाले छोपेको हुन्छ ।

एउटा कुरा सजिलो के देखियो भने आमा बाबुले छोरीलाई भात पकाउन, सिलाइ कटाइ गर्न, ससुराली गएपछि सासु ससुरा, नन्द, जेठ जेठानी, देवर देउरानी आदिसँगको नातागोता र लोकव्यवहार, खाना नास्तापछि थाली कचौरा गिलास जहाँ खायो त्यहीं नछोड्ने यत्र तत्र नराख्ने, मिलाएर राख्ने आदि इत्यादि





कुरा सिकाइ रहन कुनै आवश्यकता छैन । सिके जाने भने तीकै भयो नभए त विवाह गरेर लैजाने केटा र केटी सबैले काम नै गर्ने हुन् । खाना कि त बन्द डिब्बाको खाने हुन् अन्यथा धेरैजसो त छोरा मान्छेले भात पकाउने, भाँडा मिसने, घर बढार्ने र लुगा धुने काम गरि हाल्छन् । छोरी मान्छेले नोकरीमा दौडे पुग्यो । न ससुराली न माइती । बसने आ-आफ्नै तरिकाले अलग अलग नै हो भने के को समस्या । जस्तो पर्ला त्यस्तै टर्ला ।

७. **अमेरिकामा लिङ्गको सङ्ख्या र मान्यता**

स्वतन्त्रतामा अमेरिकाको नामको उदाहरण दिइन्छ । तर अमेरिकाको स्वतन्त्रता सम्बन्धी आफ्नै मूल्य र मान्यता तथा आफनै किसिमका चलन र व्यवहार छन् । अमेरिकामा यद्यपि बिल्कुलै खुल्ला र निजी सोच भएका व्यक्ति र सङ्गठनहरू छन् तर राज्यको सोच भन्दा कोही व्यक्तिको सोच फरक छ भने सबै ठाउँमा सहज नहुन सक्दछ । जस्तै नरनारीको कुरामा प्राकृतिक रुपमा दुईटा लिङ्ग मात्र छ भन्नु भन्दा जीवनशैलीलाई लिङ्ग मान्न राम्रो मानिन्छ र यस प्रकार ६८ वटा लिङ्ग भन्ने मान्यता आइसकेको छ जसले गर्दा दुई लिङ्गको मात्र कुरा गर्ने मान्छे जागिर लगायत अन्य कयौं कुरामा प्रताडित र अपहेलित हुने परिस्थिति रहेकोछ । यहाँ कुनै प्राकृतिक स्वरुपको कुरा गर्नु भन्दा स्वतन्त्रताको आधारमा विकसित र स्थापित सोच र मान्यता अनुसारको स्वरुपले सामाजिक स्वीकृति पाएको हुन्छ ।

८. **लेख्ने पढ्ने र हेर्ने बुझ्ने जिज्ञासु संस्कृति :**

उपन्यास, कथा कहानी, सामाजिक शास्त्र र वैज्ञानिक अनुसन्धान, कविता र साहित्य लेख्ने लेखक कविहरूका किताब प्रकाशित भइरहन्छन् र किताब किन्ने, पढने निकै प्रचलन छ । सिनेमा, र नाटक पनि खुब हेर्छन् । क्लबहरूले लेखक, कवि, गायक गायीका र विभिन्न किसिमका कलाकारहरूलाई बोलाउँछन् र महँगो टिकटमा उनीहरूलाई सुनाउने व्यवस्था गर्छन् ।

सङ्गठनहरूले लाइब्रेरीहरूमा कवि र साहित्यिक साना गोष्ठीको आयोजना गर्छन् । जलपानको प्रबन्ध लाइब्रेरीले गरि दिन्छ । कुनै-कुनै लाइब्रेरीमा बसेर बिस घण्टा भन्दा बढी अध्ययन गर्नेहरूलाई लाइब्रेरीहरूले कपडाका झोला या यस्तै चिजवस्तु उपहार दिन्छ । पाठकले लाइब्रेरीबाट पाइने सेवाको बारेमा इन्फार्मेसन डेस्कमा सोधि रहनुपर्दछ ।

९. खुल्ला पार्टीहरू :-

हाई राइज बिल्डिङ्गका मानिस र टोलका मानिसहरूले मिलेर बनाएका सङ्ठनहरूले समय समयमा खुल्ला मैदान, पार्क या त्यस्तै अरु कुनै ठाउँमा भेटघाटको पार्टी राख्ने गर्दछन् र सबैले खाना साथ साथ खान्छन् परिचय र सम्पर्क बनाउँछन्। मन बहलाव हुन्छ। प्राय: काममा सुविधाजनक स्थिति बन्न सक्छ। खाना सबै तयारी नै मगाउँछन्। कहिले काही पोटलक पार्टीमा सबैले आ-आफना घरबाट आ-आफ्ना देशका खाना पकाएर लैजान्छन् र बाँडीचुँडी खान्छन्।

तर प्राय:के देखिन्छ भने व्यवस्थापन पक्षले व्यवस्था गर्‍यो, सहभागीहरू ठिक्क खाने टाइममा पुगे, खाना पस्के, खाए मुख पुछ्दै हिँडे।

१०. प्राइभेसीको भूत :-

अमेरिकामा व्यक्तिको निजीपन या गोप्यताको बहुतै महत्व छ। अरु अपरिचितलाई देखेपछि अथवा छिमेकी, साथी, सहपाठी, सहयात्रीसँग यदि ऊ बहुत घनिष्ट छैन, सामान्य चीनजान, सम्म छ भने भेटिँदा हाय, छुट्टिएपछि बाय, नाइस टु मिट यु, हेभ ए गुड डे/नाइट/इभनिङ्ग/विकेन्ड आदि र एक्स्क्युज मी, सरी, सम्म बोल्ने हो जरुरत नपर्दा अरुसँग व्यक्तिगत कुरा गर्न हुँदैन। रेल बसमा सहयात्रीसँग कहाँसम्म हो, कहाँ बस्नु हुन्छ, कुन ठाउँमा घर हो, विवाहित हो कि अविवाहित, पतिपत्नी को हो ? बालबच्चा कति छन्, के काम कति तलब, व्यक्तिको निजी काम कुरामा बोल्न पाइँदैन। उसले तपाइँलाई यो सोध्ने अधिकार छैन, यो तपाइँको मतलबको विषय होइन, म तपाइँको प्रश्नको उत्तर दिन चाहदैन, आफ्नो कामसँग सरोकार राख्नुस्, अर्काको प्राइभेसीमा हस्तक्षेप भयो विचार गर्नुस् (यो अलि कडा कुरा हो) आदि भन्न सक्छ।

तर प्रसङ्गवश होटल, रेस्टोरेन्ट, स्टोर, स्कुल खाना, पेपर, फिल्म, किताब, पार्क, लाइब्रेरी, म्युजियम, आदि सार्वजनिक विषयमा कुरा गर्न हुन्छ तर साथीले तपाइँको कुरा चाख लिएर सुनेको छ छैन ? छैन भने चुप लाग्नुपर्छ। मतलब कि औपचारिक नै रहनुपर्दछ। घनिष्ट र आफन्त बाहेक अरुसँग कुरा गर्दा औपचारिक र नरम शब्द र भाषा बोल्नु पर्दछ। कसैलाई सलाह दिँदा, आफ्नो विचार बताउँदा र केही सोध्दा अलग-अलग नरम शब्दहरू बोलिन्छन्। जस्तै यदि तपाइँलाई आपत्ति छैन भने.......,(If you don’t mind my asking are you married or single ? यदि तपाइँले नराम्रो मान्नु हुन्न भने के म सोध्न सक्छु कि तपाइँ विवाहित या अविवाहित के हुनुहुन्छ ? (तर यो सामान्य प्रश्न होइन, सोध्नै पर्ने अवस्थामा मात्र सोध्ने हो) If you don’t mind my asking what country are you from ?, If you feel comfortable to tell me how



many workers are in your factory ? (तर If you don’t mind, how much money you are earning in your job ? नसोध्नु होला। यो प्रश्न नै अवैध मानिन्छ)।

यदि तपाइँलाई मन पर्छ भने .....? के मलाई सहयोग गर्न सक्नुहुन्छ ? के तपाइँ मेरो लागि यो काम गर्न सक्नु हुन्छ ? के म यो चिज पाउन सक्छु/लिन सक्छु। के म यहाँ बस्न सक्छु ? यदि म गलत छैन भने या मेरो विचारमा यो यस्तो हो। आफूबहुत जान्ने, या अनुमान र गफको भाषा शैलीमा कदापि जाने होइन। कसैलाई कुनै चिज बताउँदा यसो गर्नु होला नभनेर तपाइँ यस्तो गर्न सक्नुहुन्छ। तपाइँ यो पनि चाख्न, जान, घुम्न, लगाउन, चढ्न, सक्नुहुन्छ भन्नुपर्दछ।

खाना दिँदा या खान भन्नु पर्दा खानाको बारेमा बताएर यो खाने कुरा गुलियो, चिल्लो, अमिलो, दुधले बनेको, मकैको, गहुँको पिठो, को हो, या पिरो तपाइँलाई यो खाँदा नोक्सान गर्दैन/एलर्जी छैन भने खान सक्नुहुन्छ। भन्नु पर्दछ।

एउटा डक्टरले र शिक्षकले अलग अलग किसिमले बोल्छन्। डक्टरले I would suggest to do some Excersige भन्ला। शिक्षकले YOU should read History book भन्ला। कुरा गर्दै जाँदा तपाइँले केही सोध्नुभयो र उसले This is a oLng story भन्यो भने तपाइँले हुन्छ सुनाउनुस् मसँग टाइम छ भन्ने होइन, तपाइँ जानी हाल्नुस् कि ऊ केही बताउन चाहँदैन। तपाइँ चुप लाग्नुपर्दछ।

**औपचारिक नरम भाषाका केही अन्य उदाहरण :-** Asking for help or permission : I was wondering if I, we, you, he, she, they could…….. I was wondering if you could give me few books. Do you happen to know where restroom is? Would you possibly happen to know …..?. Do you happen to know the time? Do you happen to know what time it is? Would you happen to know if the school help me with my application to Stanfort? Would you possibly happen to know how to apply graduate school at Harvard?

Direct – I hope you can be a doctor in this year.

Indirect and softener - I was hopping you could be a docter in this year.

Making a suggestion - You might want a signature dish from the restaurant.

Request : Could you have a cup of coffee with me?



यो हो अमेरिका

## निष्कर्ष

### अमेरिका कसको लागि

अमेरिकन सपना युरोपियन बाहेक अरु मुलुकका मानिसहरूको लागि कत्तिको उपयोगी छ ? भन्ने कुरा निष्कर्षमा भन्ने हो भने युवा अवस्थाको मानिस जसले केही कमाउने बेला छ, चाहे विद्या होस्, चाहे पैसा होस्, ऊ त्यता जान्छ भने उसले नयाँ जोस जाँगरले त्यहाँ काम सिक्न सक्दछ र त्यहाँका स्कुलमा पढेर यस देशमा आफ्नो स्थान बनाउन सक्दछ तर सबैको लागि काम लाग्दैन । किन भने यहाँ आउने मानिसले आफ्नो देश छोड्दा आफ्नो शैक्षिक योग्यता, पद, प्रतिष्ठा, घर, जग्गा, जमीन, टोल, शहर, आफू परिचित भैराखेको नदी, खोला, पहाड, बस, रेल, पैदल या साइकल मोटरसाइकल, कार गाडिको हँकाई, हिँडाई, बानी, व्यहोरा, साथी, नाता, कुटम्ब, भाषा, साहित्य, चाडपर्व, धार्मिक अभ्यासका स्थानहरू र संस्कृति, लगभग सब थोक छोड्नु परेको हुन्छ । ऊ आफ्नो देशमा जति पढे पनि र जुनसकै पदमा होस् जति ठुलो पदमा रहेर आए पनि अमेरिकामा सुरुसुरुमा उसले पिएन, स्विपर, सेक्युरिटी गार्ड या स्टोर आदिमा काम गर्ने हो, खानामा जे उपलब्ध छ त्यही खाने हो ।

### ३, ऋण कसरी पाइन्छ ।

आवश्यकताका चिजवस्तुको लागि कहाँ कहाँ ऋण खोज्न कति ठाउँमा नमस्ते गर्न जानु पर्ला भन्ने चिन्ता लिनु पर्दैन । स्टोरमा तपाईंसँग भएको सोसल सेक्युरिटी कार्ड देखाउनुस् उनीहरूले सब थोक एक छिनमा गरि दिन्छन् । तपाईंले नमस्ते गर्ने ठाउँ पनि खोज्नु पर्दैन । ऋण बुझाउन जानु पर्ने झन्झट छैन, तपाईंको नोकरिबाट कट्टी हुँदै जानसक्छ, व्यापार छ भने नेटबाट सजिलै चुक्ता भइरहन्छ । एउटा जरुरी कुरा के हो भने ऋण तिरतारमा लापरवाही भयो या तिरिएन भने होमलेस भएर बाटोमा पुग्ने बाहेक अरु उपाय लाग्दैन ।

### जीवन ऋणमा डुब्छ

कानुनसङ्गत तरिकाले अमेरिका पुगेको र सोसल सेक्युरिटी कार्ड पाई सकेको मानिसले आफ्नो कमाईको स्टेटस अनुसार केही समय पश्चात कार, टिभी, घर लगायत आवश्यक पर्ने र अमेरिकन सपना बोकेर आएको सब चिज उसले क्रमशः पाउँदै जान सक्छ र निम्न स्तरमा काम गर्ने भए पनि आफ्नो देशका ठुला मानिसले पनि उपयोग गर्न नपाएका कतिपय सुविधा र वस्तुहरूको भोग गर्न पाउन सक्छ तर त्यसको लागि दिन रात कडा परिश्रम, भोक, प्यास, निद्रा, घर परिवार बालबच्चा साथी भाईहरूसँगको मोजमस्ती, चाडपर्व, धर्म संस्कृतिको आनन्दमा कटौती गर्न आवश्यक हुन जान्छ । लिएका ऋण ईमानदारीसँग





बुझाउँदै जाने र नयाँ समय नयाँ आवश्यकताका लागि नयाँ ऋण लिँदै तिर्दै जाने क्रम लगभग आजीवन चल्न सक्छ । कि त मन मारेर सन्तोषी जीवन बिताउनु पर्‍यो कि त ऋणमा रहनु पर्‍यो । सन्तोषी जीवन बिताउन सक्ने मान्छे किन अमेरिकन सपना देख्ला र अमेरिका आइसकेपछि यहाँको जीवनशैली, टोल, छिमेक, साथीभाई, र काम गर्ने ठाउँको रहन सहन र अमेरिका आइसकेपछि पनि किन मन मारेर बस्ने ? के को सन्तोषी हुनु पर्‍यो ? भन्ने हो भने त जीवन भर ऋण बोक्नै पर्ने सम्भावनादेखि इन्कार गर्न सकिँदैन ।

### सांस्कृतिक भोक मिट्न सक्दैन

इङ्गलिस कल्चर बाहेकका अन्य देशका मानिसहरूको फाटफुट टाढा टाढा घर रं तितरबितर बस्ती छ । पहिलो कुरा त को हो, कहाँ को हो, कहाँ बस्छ, धर्म संस्कृति के हो थाह पाउन गाह्रै छ । आफ्नो धर्म संस्कृति मिल्ने मानिस या परिवार आफ्नो गाउँ शहर टोलमा सौभाग्यले पाई हाल्यो भने आफ्ना चाडपर्व मनाउन मन्दिर मस्जिद र गुरुद्वारा आदि सुगम र सुलभ हुन सक्यो भने त्यहाँ, अन्यथा कुनै पार्क या कसैको घरमा कुनै बिदाका दिनमा भेला भएर एक छिन रमाउन खोज्छन् र केहीले त थोरै समयमा औपचारिकता पूरा गरेर हिँड्छन् केहीले आनन्द मङ्गल गर्ने अवसर पाउन सक्छन् ।

यहाँ आफ्नो देश र गाउँठाउँ जस्तो गैर धर्मावलम्बीहरूको न कुनै रमझम हुन्छ, न बाहिर त्यस्तो देखा नै पर्दछ र न त अरु कसैलाई थाहा नै हुन्छ । आफ्नो देश जस्तै पूजामा हवन आरति, धूप, दीप अर्थात् धुवाँ हुने काम गर्न पाइँदैन । हात जोर्‍यो स्तुति गर्‍यो पुग्यो । यहीं जन्मने सन्तानले त भगवानहरूको नाम, कर्म पूजाको महत्व आदि थाहा पाउँदैनन् एक औपचारिकता जस्तो कहिले काहीं गरिने कर्म हो भन्नेसम्म मात्र थाहा पाउँछ छन् । घर स्कुल बाहिर कतै पनि त्यस्तो धार्मिक सांस्कृतिक वातावरण नै हुँदैन । तसर्थ दोस्रो पुस्तामा श्रद्धा विश्वास जम्न सक्ने अवस्था छैन । तेश्रो पुस्तादेखि उसको आफ्नो धर्म संस्कृति लोप भएर उसको चौतर्फी वातावरणमा व्याप्त चलनचल्तीमा रहेको धर्म संस्कृति नै उसको मान्य बन्न पुग्दछ ।

वास्तवमा आफै हाँस, गाउ, रोऊ, खुसी या दुखी होऊ या आफै आफैमा मस्ती लिन सक्ने अवस्था हुन्छ । यसकारण भौतिक सुखसुविधाको उपलब्धताको बावजुद मानिसलाई आफ्नो बोली भाषाको प्रयोग गर्न नपाउने र आफ्नो धर्म, संस्कृतिको अभ्यास र परिपालन चौतर्फी हेर्न नपाउने अवस्थामा सामाजिक र सांस्कृतिक भोक मेटिनै सक्दैन, आत्मसन्तुष्टि, आत्मगौरव पाउनै सक्दैन । आफ्नो भाषा, धर्म, संस्कृति, साहित्यको उत्थानको लागि केही गर्न सक्दैन । मानिसहरूमा तनाव भइराख्ने र नसालु पदार्थ सेवन पट्टि आकर्षित हुन सक्ने

यो पनि एक कारण हो। विवाह आफ्नो संस्कृतिका मानिससँग गर्न पाउने चान्स दुर्लभ भएकोले अन्तमा अन्तरसांस्कृतिक विवाह नै हुने हो। मुस्लिम बाहेक अन्तमा सबै क्रिस्चियन हुने हो।

## ४. नवागन्तुकको निवास कस्तो ठाउँमा

अमेरिका आउने विद्यार्थीको त सिक्ने र काम गर्ने उमेर हुन्छ, स्कुलमा साथी हुन्छन् र ऊ एक्लै आउने हुनाले परिवारिक बोझ र समस्या बोक्नु परेको हुँदैन तसर्थ उसले त क्रमागत रुपले आफ्नो जीवन व्यवस्थित गर्दै जान सक्दछ। यसकारण यो पुस्तकमा खास गरेर त्यस्ताको लागि समस्या र सुझावहरू छन् जो अन्य तरिकाबाट यहाँ बस्न आइपुगेका छन्।

नवागन्तुकको लागि, खास गरेर डिभी परेर गएकाहरूलाई चार वटा प्रमुख समस्या छन्। तपाइँ जसको सहारामा जानु भएको छ उसले केही समय, केही महिना तपाइँलाई आफूसँग, राख्न सक्ला, केही कुरा बताउन बुझाउँन सक्ला तर तपाइँको काममा रोजै लैजान ल्याउन र अन्य सबै सहयोग गर्न नभ्याउन सक्दछ। कसैको काम कता छ कसैको कता छ। दिशा नै उल्टो अथवा जाने आउने र कामको समय नै फरक फरक पर्न सक्छ। त्यहाँ सबैले आ-आफ्नो लागि काम गर्ने भएपछि अर्कालाई सघाउन बडो कठिन हुन्छ। अर्कालाई दोष दिनु बेकार छ।

**पहिलो** कुरा त नवागन्तुकले "अमेरिकन सिस्टममा आफ्नो योग्य" भरसक राम्रो काम पाउन शहरी एरिया भए सजिलो हुन्छ, पारिश्रमिक अलि बढी पाउन सक्छ, तर काम भएको ठाउँको नजिक पैदल हिँड्न सक्ने गरी शहरमा घर भाडा चर्को हुन्छ, हाईराइज बिल्डिङ्गमा त मुस्किलले कोही बस्न पाउँछ होला, र अलि पछाडिको एरिया या त काउन्ट्री साइड भनेको हाम्रो गाउँजस्तो ठाउँमा बस्ने अवस्था हुन्छ। त्यहाँबाट काममा जाने कसरी ? दुई चार माइल, जो यहाँ छिमेकै हो भनिन्छ, काम पाउन सक्यो भने सौभाग्य हो। त्यहाँ कामै नपाइने पनि होइन तर ग्याँस स्टेसन,ससाना स्टोर, जस्ता ठाउँ जहाँ पैसा थोरै हुन सक्छ। अन्यथा राम्रो काम त पचासौं माइल टाढा पनि हुन सक्दछ। सबै शहरमा पब्लिक बस र ट्रेन छैनन्, अनि आफ्नो कार चाहियो, कि त कोही छिमेकीसँग अलि दिन सम्झौतामा हिँड्न पायो भने ठीक। केही दिनपछि कार खरिद, ड्राइभिङ्ग सिक्ने र लाइसेन्सको प्रकियामा गए भयो। यसरी पहिलो समस्या शहरमा डेरा लिने कसरी र डेरादेखि पैदल बाटोको दूरीमा काम पाउने कसरी।

**दोस्रो** समस्या छिमेक हो। अमेरिकन पुनर्बासमा तपाइँले घरडेरा लिएको छिमेकमा आफ्नो धर्म संस्कृति या देश मिल्ने परिवारको बसोबास खोज्नु व्यर्थ





छ, यदि कोही रहेछ भने सौभाग्य हो अन्यथा तपाइँको छिमेकी कोही अफ्रिकन, कोही अरेवियन, कोही चाइनिज, कोही जर्मन, कोही पाकिस्तानी, अफगानी, इरानी होलान् र अमेरिकन कल्चरमा उठबास हुने गरेकोले भोलिका दिनमा छिमेकी को रहन्छ ठेगान छैन। यसकारण सुरुका दिनहरूमा आफन्तको जस्तो छिमेक पायो भने धन्यवाद।

**तेस्रो** कुरा बाल बच्चाको स्कुल। बच्चाहरू साथै गएका छन् भने तिनको लागि सरकारी स्कुल पनि डेरा नजिक हुनु पर्‍यो कि त स्कुल बस चलेको ठाउँ हुनु पर्‍यो।

**चौथो** कुरा खाना। तपाइँ जानासाथ अमेरिकन हुनु भएको छ या उनीहरू कै खाना भए पनि हुन्छ भने कुरा अर्कै हो तर सबैका लागि यो सम्भव नहोला। तपाइँले खाना भनेर खाने कुराहरू सबै स्टोरमा पाइँदैन। तपाइँ नेपाल, भारत, पाकिस्तान र बंगलादेश को हो भने तपाइँको खाना पाउने स्टोर पनि यीनै देश या यी मध्ये कुनै देशको हुनुपर्‍यो। अधिकांशतया इन्डियन स्टोर नै छन्। तर यी स्टोर सबै गाउँ टोलमा त छैनन्। तपाइँको निवासदेखि धेरै टाढा चालिस पचास माइल पनि हुन सक्छ। यति दूरी भएपनि काम चल्न सक्छ। आफ्नो गाडि छ भने महिनामा एक पटक पुगे भयो। यो भन्दा पनि टाढा छ भने केही कुरा मात्र चाइनिज स्टोरमा पनि पाउन सक्छ। यसकारण तपाइँको स्टोर तपाइँको निवासदेखि कतिसम्म नजिकमा छ यो कुरा पनि डेरा या घर लिँदा विचार गर्नुपर्दछ।

## अध्याय-१५
# न्युजिल्यान्डको यात्रा

जेष्ठ पुत्रबधू निधि फूल स्कलरसिपमा न्युजिल्यान्ड गएको २०२२ सेप्टेम्बर २७ मा कम्प्लेशन सेरेमोनीको लागि हामी उपस्थित हुने कुरा उठिरहेको थियो। छोरा पङ्कज पनि त्यहीँ गएको उसले भिजा अप्लाई गऱ्यो । हामीहरू सनफ्रान्सिसको गएको समय थियो । एक अप्लिकेसन र सानो प्रक्रियामा नै इमिग्रेसनले बडो सजिलो गरेर भिजा दिएर इमेल पठायो । हामी चकित भयौं । बुहारीले तुरुन्तै टिकटको व्यवस्था गरिन् र २६ सेप्टेम्बरमा सनफ्रान्सिसकोबाट बिहानै म र पत्नी उमा हवाई एयरलाइन्सबाट हवाई द्वीपको हानोलुलमा ५ घण्टाको यात्रा गरेर पुग्यौं। त्यहाँ त गरम रहेछ। ३ घण्टाको ट्रान्जिटपछि हवाई एयरलाइन्सबाट दस घण्टाको फ्लाइटमा न्युजिल्यान्डको ओकल्यान्डमा पुग्यौं।

ओकल्यान्ड इन्टरनेसनलबाट एयरपोर्टकै बसमा डमोस्टिक एयरपोर्टमा गयौं। त्यहाँबाट सानो प्लेनमा एक घण्टाको फ्लाइटमा "पाल्मर्सटन नर्थ" सिटी पुग्यौं र युनिभर्सिटीको भ्रमण र समापन सेरेमोनीका फोटोहरू खिचाइयो ।

अमेरिका सम्बन्धी यो पुस्तकमा न्युजिल्यान्डको कथा जोड्नु पर्ने दुवै देशको बिचको समानता र भिन्नता दर्शाउन आवश्यक लागेकोले संक्षिप्तमा उल्लेख गरेको छु।





### न्युजिल्यान्डको भूगोल

न्युजिल्यान्ड प्रशान्त महासागरमा अलगअलग दुईटा ठुलठुला द्वीप र केही साना द्वीपहरूबाट मिलेर बनेको छ। यो अस्ट्रेलियाको पूर्वमा नजिकको देश हो। यो देशमा उत्तरी र दक्षिणी द्वीपको बिचमा पनि समुद्र छ। एक द्वीपबाट अर्को द्वीपमा जानको लागि कि त पानी जहाज अथवा प्लेनबाट आवतजावत हुन्छ। उत्तरी द्वीप आकार र जनसङ्ख्यामा धेरै ठुलो र विकसित छ। दक्षिणी द्वीप स-साना बजार र शहर, गाउँ, वनजङ्गल पहाड भएको द्वीप हो ।

पुरै देशको कुल क्षेत्रफल २,६८,०२१ वर्ग कि.मि. अर्थात् नेपाल भन्दा ५ गुणा ठुलो छ भने कुल जनसङ्ख्या Worldometer का अनुसार चालिस लाख भन्दा अलि बढी छ (उत्तरी द्वीपमा तिस लाख र दक्षिणीमा दश लाख मात्र छ)। यसमा युरोपीय ७४.०%, स्थानीय माओरी जनजाति करिब १४.९%, एसियाई जसमा चाइनिज भियतनामी, भारतीय, नेपाली र भुटानी छन् ११.८%, प्रशान्त क्षेत्रीय, ७.४%, मध्यपूर्वी, दक्षिण अमेरिकी र अफ्रिकी १.२% र अन्य १.७ % छन्।

यहाँका नागरिकहरूलाई किवी भनिन्छ। यहाँ न्युजिल्यान्ड डलर चल्छ। जो सन् २०२२ मा नेपाली करिब ७० रु. को एक हुन्छ। समय ग्रीष्मकालीनलाई NZDT र शरदकालीन NZST भनिन्छ। नेपालभन्दा यहाँको समय सामान्यतया सात घण्टा अगाडि छ। यहाँ पनि Day time saving date ले गर्दा सेप्टेम्बर महिनाको आखिरी आइतवारको प्रातःकाल २ बजेदेखि अप्रिलको पहिलो आइतवारको प्रातःकाल ३ बजेसम्म घडीमा एक घण्टा समय बढाइराखिएको हुन्छ। यहाँको दूर सञ्चार कोड +६४ हो ।

### शासन

यो देश अहिले पनि इङ्गल्यान्डको अधीनमा छ। ब्रिटिस सम्राट यहाँका सर्वोच्च संवैधानिक प्रमुख हुन् भने यहाँ स्वायत्त शासन छ। यसकारण यहाँको जनताको निर्वाचनद्वारा निर्वाचित सांसदहरूबाट मन्त्रीमण्डल र प्रधानमन्त्रीको गठन हुन्छ। ब्रिटिस शासनको तर्फबाट एक गभर्नर हुन्छ जसले लगभग राष्ट्राध्यक्षको औपचारिकता पूरा गर्दछ। यो देश संसदीय प्रणालीको राम्रो लोकतन्त्रमा गनिन्छ।

### भ्रष्टाचार छैन

यो देशमा घुस रिशवत भ्रष्टाचार सुनिँदैन। हाम्रो देशतिरका घुस भ्रष्टाचार सम्बन्धी समाचार र घटनाहरू सुनेपछि त्यहाँका मानिसले यस्तायस्ता काम गर्ने मानिस पनि हुन्छन् र ? ती मानिस कस्ता हुन्छन् होला ? भन्छन्। तपाईंको देशमा पनि यस्ता काम कुरा हुन्छन् होला तर तपाईंहरूले थाहा नपाउनु भएको

हो भनेर हामीले भन्यौं भने त्यहाँका स्थानीय मानिसले यस्ता कुरा सुन्न मन नपराउने रहेछन् ।

**माऔरीको प्रभाव :**

पहिले यहाँ राजतन्त्र थियो पछि इङ्गल्यान्डको अधीनतामा जाँदा राजासँग भएको सम्झौता अनुसार आदिवासी माऔरी भाषा पनि इङ्लिसका साथ साथ प्रयोग गरिने र सूचना, साइनबोर्ड आदि सबै ठाउँमा माऔरी भाषा तथा माऔरी साँस्कृतिक-धार्मिक चिन्हहरू राष्ट्रिय चिन्हको रुपमा प्रयोग भएका छन् । माऔरीहरूको प्रतिष्ठा र राज्यको सम्पदामा पहुँच यथावत् रहेको छ ।

**मौसम, वातावरण र बालीनाली**

पहाडै पहाड, साना ठुला उपत्यका, मैदान, समुद्र किनारा आदि भौगोलिक विविधताले गर्दा सबै ठाउँको मौसम एकनासको छैन । सामान्यतया जाडो र गर्मी दुई मौसम छन् वर्षा दुईटै मौसममा हुने गर्दछ । एसिया तिरको मौसम भन्दा यता ठिक उल्टो हुन्छ । एसियामा गर्मी हुँदा यहाँ जाडो र उता जाडो हुँदा यता गर्मी हुन्छ ।

**सूर्य उल्टो बाटो हिँड्छन् ?**

यो देश दक्षिणी ध्रुवमा पर्ने हुनाले यहाँ सूर्य पूर्वमा उदाउँछन् तर उत्तर दिसा भएर हिँड्दै (मलाई दिशाभ्रम भएर हो अथवा के हो, कोहीले मेरो कुरालाई ठिक भन्थे कोहीले खोइ के हो भन्थे, यो अझै अनुसन्धानकै विषय रहेको छ) पश्चिममा अस्त हुन्छन् । आकाशमा तारा देखा पर्दछन् । एसिया तिरका नर्थपोलको चुम्बकीय शक्ति जान्ने बुझ्ने मान्छे जो दक्षिण सिरानी राख्दछन्, यहाँ नर्थपोल साउथमा पर्ने हुनाले नर्थपोलको चुम्बकीय शक्तिको दुस्प्रभावबाट बँच्नका लागि उत्तर दिशामा सिरानी राख्छन् ।

सूर्यको तापमान यहाँ बढी हुन्छ । जाडोमा पनि घाम लाग्दा नै घामले पोल्छ तर भित्र जाडो हुन्छ । हावा बहुत तेज चल्छ । सूर्यपथ यहाँ क्षितिजमा तल तल छैन उदाएपछि थोरै तल निहुरेर लगभग सिधा हिँड्छन् । दिउँसो घाम लगभग ८० डिग्रीमा टाउकोमा हुन्छ । पोल्छ र बाहिर निस्कनेले सनबर्नबाट बच्न क्रिम लगाउने गर्दछन् ।

पाल्मर्स्टन नर्थ सिटीमा नोभेम्बर (यहाँ गर्मी चढ्ने समय)मा १० बजेको तापक्रम २२-२३ डिग्री हुन्छ तर घामले यसरी पोल्छ जसरी नेपालमा ३५-३८ डिग्रीको घाममा ।





देशमा माटो मलिलो छ तर तापक्रमको कमीले थोरै समय मात्र गरम महिना रहने र प्रायः ठन्डीले गर्दा धान, खुर्सानी, अम्बा, आप, केरा, मौसम्मी आदि हुँदैन । कताकतै मकै हुन्छ । घिरौंला, लौका, सिमी, बोडी जस्ता चिज देखिँदैन ।

**बजार**

जुन चिजवस्तु अरु देशबाट यहाँ आउँछ, अत्यधिक महँगो छ । पातला लामा हरिया ३ वटा खुर्सानी सात डलर, अष्ट्रेलियाको एक आँप करिब २०० ग्रामको आठ डलर (ने.रु. ५००-ने.रु. ६००), भन्टा, गन्जी, मुला एकको ३ डलर पर्छ । आलु, गोभी पनि महँगै छ । इन्डियन स्टोरहरू ठुला शहरमा छन् । भारत, नेपाल, फिजी, पाकिस्तानी आदि त्यताका मानिसको आवश्यक चिजवस्तु उपलब्ध हुन सक्छ ।

PAK'N'SAVE, Count down, New World आदि । नामका ग्रोसरी स्टोरहरू छन् । अमेरिकन SUB WAY कम्पनीको रेस्टुरेन्ट चेन पनि छ तर यसको खानेकुरा बहुतै महँगो छ । अमेरिकाको तुलनामा यहाँको बजार महँगो छ ।

**प्लेनको सेक्युरेटी सिस्टम :**

अन्य देशबाट न्युजिल्यान्डमा स्याउ, सुन्तला, केरा, अम्बा आदि कुनै फलफुल, मसिनो मोटो कुनै सिँगो दाना, फूलको सानो टुक्रासम्म ल्याउन दिँदैन । काजु, ओखर, बदाम रोक्दैन तर मोमफली रोक्छ । साग बाहेक कुनै तरकारी ल्याउन दिन्न । मह मनाही वस्तु हो साथै एयरपोर्टको सुरक्षातन्त्रले तपाईं यहाँ आउनुभन्दा पहिले जनावरको कुनै गोठरा सम्पर्कमा हुनुहुन्थ्यो, जनावर पालेको र जनावरको सान्धियमा रहने गरेको भए जुत्ता र कपडा आदिमा तपाईंको देशको जनावरको किटाणु टाँसिएर आछैनन् भन्ने कुराको प्रमाण क्वारेन्टाइन सर्टिफिकेट आदि माग्ने गर्दछ । साह्रै कठिन परीक्षण रहेछ । यसकारण सामान्य लुगा लत्ता र चिजवस्तु मात्र लिएर हिँड्नु राम्रो हुन्छ । पकाएको खानासम्म ल्याउन दिन्छ ।

**New Zealand south**

न्युजिल्यान्डको दक्षिणी टापुलाई पर्यटकहरू मन पराउँदा रहेछन् । हामीले घुम्न मन बनाएर म, पत्नी र छोरा पङ्कज पाल्मर्सटनबाट ३ नोभेम्बरमा एक घण्टाको फ्लाइटमा साउथको ठुलो शहर मध्य भागको पूर्वी किनारा समुद्री तटमा क्रिष्ट चर्च पुग्यो । त्यहाँबाट रेन्टल कारमा उत्तर दिशाको कुनाको शहर नेलसनको लागि हिँड्यौं । एक घण्टासम्म स-साना गाउँ, कुनैकुनै स-साना बजार आए अगल बगलमा विशाल र सम्म परेको, स-साना खुट्टा र सादा तारले घेरेको, हरियाली लोभ लाग्दो भूमि, तर बालीनाली छैन । सबै निजी जग्गामा

चरनको लागि घाँस लगाइएको र आ-आफ्ना फर्मका भेडा र गाई खुल्ला रुपमा चर्ने, घुम्ने बस्ने गरेका छन् । ओत लाग्ने ठाउँ र गोठ नहुने रहेछ ।

अमेरिकाको भ्रमणमा देखिएका विशाल मैदानमा जनावर आँधी, हुरीबतास, घाम, पानी, जाडोमा दिन रात खुल्ला मैदानमा रहने गरे जस्तै यहाँ त्यति बिशाल फारम नभए पनि अलि साना मैदानमा रहने गरेका छन् । बडो टिठ लाग्छ । तिनको दुध ऊन निकाल्छन् र अन्तमा मासुका लागि बुचडखानामा बेच्छन् । कस्तो विडम्बना । यति धेरै धेरै जग्गाका मालिक, ट्रेक्टर, ट्रालि सिँचाइका मसिन र साधन सबै भएर कसैले पनि दुई चार वटा लसुन, धनिया, फलफूल आदि केही नलागएर पशु पाल्ने र खाद्य पदार्थ किनेर खाने गर्ने रहेछन् ।

करिब ३०० कि.मि.मा सानो बजार मर्चिसन आयो । त्यहाँबाट पहाडको घुमाउरो काठमाण्डौं जाने बाटो जस्तै अप्ठेरो बाटो । सुरुदेखि नै एक गाडि जाने एक आउने जम्मा दुई लेनको बाटो । तर जनसङ्ख्या र बस्ती पातलो, कता कतै दुई चार घर भए पनि अधिकांशतया पशुपालन फारम नै धेरै छन् । यो भू क्षेत्रमा घर टाढा टाढा र सब एक तले काठका घर । फार्म हाउस पनि साना साना ।

**वनको खेती :**

पहाडहरू माटाका छन् यसकारण रुख वनजङ्गलले टनाटन भरिएका छन् र अमेरिका जस्तै यहाँ पनि जङ्गल व्यक्तिगत या ठेक्कामा छन् । वनको पनि खेती हुन्छ । तल फेददेखि उचा शिखरका टुप्पासम्म कसरी हो, पहाड खनेको, कि जोतेको रहेछ । चार पाँच सय या हजार बिगाहा भन्दा बढी दुई तीन पहाड जति हो कि ? त्यसमा ५-६ फुटसम्मको गोलाइका सर्लक्क एक नास मोटाइका कुन जातका विरुवा हुन् रोपे र सम्भवतः १५-२० वर्षमा हुर्कने रहेछ । कुनै पहाड खनेको कुनैमा एक दुई फुट या बढी अग्ला बुटा रहेका कुनै पहाडमा वन जङ्गल पूर्ण विकसित र कुनैमा कटान भएर काठ ओसारी सकेको, ओसारी रहेको वृक्षारोपण गर्नलाई झार पात र जरा खनेको देखिन्छ ।

यो राजमार्ग हो । कारको स्पिड बस्ती र घुम्तीमा सामान्यतया ५५ अन्यथा ८० र सिधासम्ममा एक सय कि.मि.को गति हुने रहेछ ।

नेलसन भन्दा १२ कि.मि. पहिले रिचमन्ड सिटी आयो । यो खुल्ला ठाउँमा फैलिएर बसेको एक तले काठका घरहरू । यो शहरमा अलिकति चहलपहल र यातायात छ ।

**नेलसन सिटी**

अनलाइन Appex होटल बुक थियो । ३ बेड, किचन, चिया कफी एक सिसी दुध सहितको सुट १३४ डलर प्रतिदिन । साँझ पुगेर चेक इन गर्‍यौं । पेमेन्ट दिन





खोज्दा रिसेप्सनमा तपाइँले अहिले पेमेन्ट नगरे पनि हुन्छ । आरामले घुमफिर गरेर घर फर्कनुस् हामी बिल इमेल गर्छौं र पछि भाडा पठाई दिनु होला भन्यो । हामीले भाडा भुक्तानी गर्छौं भन्यौं र भुक्तानी दियौं ।

साँझ समुद्रको बिचमा हुँदै भित्री शहरमा गयौं । यो शहरको एकापट्टि समुद्र छ तर पानी माटो मिसिएको बाढीको पानी जस्तो । शहर अलि कति तल मैदानमा र धेरै जसो पहाडमा बसेको छ माथिसम्म परेको केही भागमा मुख्य बजार छ । म्युजियम छ । केही स्थानीय चिजवस्तुहरू र वातावरण सम्बन्धी कुराहरू देखाइएका छन् । सानो शहर हो तर शान्त र राम्रो छ । पर्यटकहरू बजारमा देखा परे । पहाडको फेददेखि टुप्पा र माथिसम्म सडक र बस्ती छ । रातभर होटलमा सुत्यौं । भोलिपल्ट नास्ता गरेर १० बजे सामान गाडिमा राखेर कोठा खाली गर्‍यौं । गाडि होटल पार्किङमा छोडेर एक छिन बिचतिर डुलेर गएको बाटो भएर अर्को गन्तव्य तिर लाग्यौं । न्युजिल्यान्डको होटलमा अमेरिकाको जस्तो बिहान फ्रि नास्ता दिने चलन छैन ।

**वेस्टपोर्ट शहर**

४ तारिखमा दक्षिणी द्वीपको मध्य पश्चिम समुद्र तटमा वेस्टपोर्टको लागि हिँड्यौं । नेलसनबाट रिचमन्डको बाटो दक्षिण दिशामा करिब १२५ कि.मि. मर्चिसनसम्म फिर्ता गएर दायाँ पहाडैपहाड घुमाउरो बाटो लाग्यौं । मर्चिसनबाट करिब १०० कि.मि. को त्यो बाटोमा एक ठाउँमा अलि गाउँ भन्न सुहाउने बस्ती आयो र दुई चार घरका स-साना मानवबस्ती रहेछन् । वेस्टपोर्ट बहुत सानो नगर रहेछ नितान्त कम जनसङ्ख्या भएको । पहाडको फेद र समुद्रको डिल दुई ओटाको बिचमा रहेको मैदानमा यो नगर सम्भवतः जहाजहरूको आवागमनले विकसित भएको हुनुपर्दछ । लगभग एक किलो मिटर उत्तर दक्षिण (दिशा भ्रमले हो कि ?) मुख्य सडकमा दुवैपट्टि एक तले पसलहरू छन् । सम्भवतः ३ या ४ वटा दुई तले पनि छन् । त्यसबाटो बाट ५-६ वटा बाटाहरू निस्केर पश्चिमपट्टि गएका छन् । जसमा एकतले घर र कोही कोही उद्योग छन् । आजभोलि पानीजहाज जाँदैन होला र सुनसान रहेछ । सानो एयरपोर्ट छ । खानाका दुई तिन वटा रेस्टुरेन्ट ग्रोसरी स्टोर र बस्ने होटलहरू छन् । फास्टफुड किनेर होटलमा बस्नेसम्म काम भयो । दर्शनीय स्थलहरू थाहा पाइएन । साइकिलिङ, हाइकिङ र एकान्तप्रिय पर्यटकहरू कोही कोही जाँदा रहेछन् । भोलिपल्ट क्रिष्ट चर्चको वापसीको क्रममा होटल छोड्यौं ।

क्रिष्टचर्च सिटी

वेस्टपोर्टबाट दायाँपट्टि समुद्र किनारैकिनार भएर जाने ३४६ कि.मि. एक बाटो र पहाडै पहाड जाने देब्रे पट्टिको ३२२ कि.मि. अर्को बाटो दुवै बाटाहरू ठिकै छन् भन्ने जानकारीमा आयो तर समुद्र किनाराको बाटोमा सुनखानी र काग जस्ता एक विशेष किसिमको चरा देखिने ठाउँ भएको भन्ने सुनेर ५ तारिखमा त्यहीँ बाटो हिँडेयौँ। यो बाटो अलि सुगम रहेछ। समुद्र किनारमा र पहाडको दुई ठाउँमा गाउँहरूदेखि जहाँ केही पर्यटकहरू रहेछन्। └ स्पर्यटकीय उद्देश्यले मनोरञ्जन गर्ने दुई चार दिनको समय लगाएर हिँड्ने रहेछन्। ६ घण्टाको ड्राइभ गरेर क्रिष्टचर्च पुग्यौं।

क्रिस्ट चर्च अन्तराष्ट्रिय एयरपोर्ट हो। पूर्वी कोस्टको मध्यमा समुद्र किनारामा छ बन्दरगाह पनि छ। पुरै शहर नागरिक बस्ती प्रायः एक तले छाना डिजाइनका घरहरू फैलिएर बसेको छ। डाउन टाउन सिटी सेन्टरमा एउटा हाईराइज बिल्डिङ्ग र केही स्टोर मात्र बिजनेस हाउसहरू ३, ४ तलाका छन्। खासै भिडभाड देखिँदैन। डाउन टाउनमा पब्लिक पार्किङ लटहरूमा बाहेक बाटोमा गाडि पार्कको समस्या छ। डाउन टाउन अलि साँघुरो जस्तो छ। बाटाहरू धेरै चाक्ला छैनन्। जनसङ्ख्याको कमीले गर्दा चहलपहल पनि कम छ। होटलमा एक तले कोठाहरू सुव्यवस्थित र गाडि पार्किङ आदि राम्रो रहेछ। भोलिपल्ट आर्मीद्वारा सञ्चालित म्युजियम हेऱ्यौं। फाइटर जहाज, हेलिकप्टर ग्राइडर आदि रहेछन्, राम्रो रहेछ। जापानसँगको लडाई, जर्मनीको अतियार हिन्दुहरूको स्वस्तिक चिन्ह सहितका सैनिक टोपी, बन्दुक, धेरै चिजहरू छन्।

साँझ इस्कोनको राधाकृष्ण मन्दिरमा गयौं। कास्मिरबाट विस्थापित पण्डितहरूको टोल रहेछ। हैदराबादतिरका र फिजीका हिन्दुका साथै गोराहरूले संचालन गरेको आइतबार निकै जमघट भजनकीर्तन र भोजन प्रसाद हुने रहेछ। हामी सम्मिलित भयौं र राति होटलमा सुत्यौं। भोलिपल्ट बोटानिकल गार्डेनसँगैको म्युजियम र गार्डेनहरूमा घुम्यौं। हाम्रो फ्लाइटटाइम तेस्रो दिन साँझ ६ बजे भएकोले होटल चेक आउन्ट १० बजे गऱ्यौं र दिन भर खाली समयको सदुपयोगमा गुजराति स्वामी नारायण मन्दिर गयौं दर्शन र प्रसाद पाइयो। त्यसपछि सिटि सेन्टर हेर्दै दिउँसो आराम गर्न र टाइम पासको लागि केही बोटानिकल गार्डेनमा गएर विशाल पार्कमा गाडि खडा गऱ्यौं।

बोटानिकल गार्डेनको एरिया कैयौं किलोमिटर क्षेत्रफल हुनुपर्दछ। यस भित्र ठुलठुला रोज गार्डेनहरू छन्, चिल्ड्रेन प्लेग्राउन्ड र स्विमिङ्ग पुल, इन्वायर हब हाउस, फ्रि वाईफाई, रेस्टुरेन्टरहरू दिनभर घुमघाम। बेसबल खेलमैदान, याच मोडल पान्ड (समुद्री स्टिमरको मोडलमा स-साना बैंट्र र रिमोटकन्ट्रोल्ड, प्लास्टिकमा एक डेढ मीटरका खेलौना डुङ्गा) तलाउमा छोडछन् र डिलमा



बसेर रिमोटले पानीमा चलाउँछन् तलाउमा चारवटा गुब्बारा तैरेका हुन्छन् ५/६ वटा बोटहरू थिए। बुढाहरूले रिमोटबाट चलाउँथे। कम्प्युटर उल्टो-सुल्टो गन्ती बोल्थ्यो र प्वाइन्ट पाउँथे। रिटायर्डहरूको मनोरञ्जन खेल रहेछ।

गार्डेनमा दिन बित्यो साँझ रेन्टल कार फिर्ता बुझाएर एयरपोर्ट गएर डामेस्टिक प्लेनबाट पाल्मर्स्टन नर्थ सिटी फर्क्यौं। नोबेम्बर ७ मा।

उपलब्धि :

**न्युजिल्यान्ड भ्रमणबाट निम्न कुराहरूको ज्ञान प्राप्त भयो।**

१) नेपाल भारत आदि देशहरूमा रहे जस्तो ब्रिटिस प्रणाली रहेछ र एक ठाउँदेखि अर्को ठाउँको दूरी किलोमिटरमा छ, बायाँ हिँड्नुपर्छ। चिजवस्तुहरूको नाप तौल पनि मैट्रिक प्रणाली किलो र ग्राम, लिटरमा हुन्छ।

२) अमेरिकामा राष्ट्रिय झण्डा जहाँ सुकै घरपसलहरूमा टङ्गाए जस्तो यहाँ त्यस्तो छैन। ब्रिटिस युनियन जेकमा चारवटा तारा थपेर बनाइएको झण्डा सरकारी कार्यालयमा मात्र लगाएको रहेछ।

३) शहर, बजार, पार्क, खेल मैदान, नदी समुद्रका किनारा, गाउँ र सार्वजनिक बाटो, पहाड, दुर्गम जङ्गलको बाटो जहाँपनि छेउ छाउमा ट्वाइलेटहरू ( यहाँ रेष्टरुम होइन ट्वाइलेट नै भनिन्छ) छन्। चोक र २०,३० कि.मि. मा हाईवेमा ट्वाइलेट छन्। यात्रामा ट्वाइलेटको बिल्कुल समस्या छैन निस्फ्रिकी हिँड्न सकिन्छ र कतिपय ठाउँमा गाडि रोकेर आराम गर्नलाई एक दुई बेन्च र टेबुल राखेका छन्। कतै कतै बच्चाहरूको डाइपर चेन्जगर्नलाई सुताउने बेन्च या टेबुल राखेको र सब ठाउँहरू सफा सुग्घर र व्यवस्थित छन्। साइटसिनमा पनि रोकिने व्यवस्था छ। पार्कहरूमा ट्वाइलेट र खानेपानी आदि रहन्छ। अगाडि यति कि.मि.मा ट्वाइलेट या आराम गर्ने ठाउँको सङ्केत चिन्ह बनाएको छ।

४) जनचेतना विकसित रहेछ। अन्यथा अति दुर्गम पहाड, प्रदेश र वनजङ्गलका सार्वजनिक स्थानहरू यति सफा सुरक्षित रहने थिएनन्।

५) शहर गाउँ सुगम दुर्गम जहाँ पनि सूचना केन्द्रहरू रहेछन्।

६) क्लबका रुपमा थुप्रै सङ्गठनहरू छन्। युवाका स्पोर्ट्स र सिनियर सिटिजनका क्लबहरू बहुत छन्। महिला क्लब पनि। सिनियर महिला पुरुषका जोडा कारमा आवश्यक सामान राख्छन् र घुम्न निस्कन्छन्। क्लबहरूमा गएर खेल खेल्छन् पर्यटन भ्रमणमा जान्छन्।

७) भुटानबाट धपाइएका नेपाली भाषी शरणार्थीहरू यो देशको उत्तरी र दक्षिणी द्वीपमा छन्। नेपाली टोपी र लामो वैष्णव तिलक लगाउँछन्। शरणार्थीलाई मूल निवासीहरूले तेती प्रतिष्ठा नदिने हुनाले यिनीहरू

अधिकांशले आफूलाई नेपाली नागरिक भन्छन् ढाँटेका हुन् कि नेपाल कै नेपालीहरू भुटानी शर्णार्थीको लिवास ओढेर छिरेका हुन् ? ठेगान छैन ।

८) फिजीका हिन्दु मुस्लिमहरू छन् । यिनीहरूका पुर्खाहरू भारत उत्तर प्रदेश र बिहारका थिए अङ्ग्रेजले तिनलाई काम गर्न फिजी लग्यो र फिजीबाट तितरबितर हुँदैछन् । यिनीहरूको भाषा अवधी र भोजपुरी मिश्रित छ ।

९) यहाँ लेफ्टहेन्ड ड्राइभ छ। पैदल आफ्नो बायाँ हिँड्नु पर्दछ। चौबाटोमा एक फिट जति अग्लो गोल बार बनाएको छ र त्यसलाई "राउन्ड एबाउट" भन्छन् । गूगलले बाटो बताउँदा अगाडि आउने राउण्ड एबाउटको फर्स्ट, सेकेन्ड या थर्ड (तपाईँ जान चाहेको बाटोमा) एक्जिट लिनुस भन्छ । पैदललाई प्राथमिकताको अमेरिका जस्तै नियम छ । ऊबर ट्याक्सी यहाँ पनि उपलब्ध छन् ।

१०) सिनियर सिटिजनलाई जहाँ पनि सुविधा र सहुलियत छ । यहाँसम्म कि हज्जामले अरुको कपाल काट्दा सामान्यतया २८ डलर लिन्छ भने सिनियरसँग १६ डलर मात्र ।

११) स्थानीय उत्पादनका चिजवस्तु सस्ता छन् । भारतको ठुला शहरहरूमा कता कतै उपलब्ध किवी फल भारु एक सयमा तीन या चारसम्म मात्र पाइन्छ भने यहाँ डेढ डलर प्रति किलोसम्म छ। अमेरिकाको तुलनामा अन्य चिजवस्तुहरू महँगा छन् ।

१२) यहाँ प्रहरी, एम्बुलेन्स र फ्रायड ब्रिगेडको पिकेट गस्तीमा रहन्छ। इमरजेन्सी डायल १११ हो । शान्ति सुरक्षा व्यवस्था कडा र अमेरिका भन्दा राम्रो छ।

१३) जिल्लामा रहेका कार्यालयहरूलाई पनि मन्त्रालय नै भन्छन् जस्तै Education Ministry, यहाँ काउन्टी सिस्टम छैन। District छन् र जिल्लाका सदरमुकाम छन् ।

१४) जनसङ्ख्या कम छ र अरु देशका योग्य व्यक्तिहरूलाई PRO दिने प्रावधान छ तर कडा नै छ। स्टुडेन्टहरूको फाइनल परीक्षा/काम सकिएको १४ दिन भित्र वापस हुनै पर्दछ ।

१५) कार ठुला सिटी खास गरेर (क) अकलेन्ड, (ख) बिलिङ्गटनमा सङ्ख्या बढी भएपनि अन्य शहर बजारहरूमा जाम लाग्ने किसिमले धेरै कार छैनन् यद्यपि घर घर व्यक्तिपिच्छे कार छन् तर मानिसको सङ्ख्या नै थोरै भएकोले कार सङ्ख्या पनि थोरै छ। मोटर साइकल कता कतै एक दुई मात्र देखिन्छन्। रिक्सा अटो आदि छैनन् । साइकल शौकिन र एक्सरसाइजको लागि प्रयोग हुन्छ । गाडिको नम्बर प्लेट, ३ वटा भिन्ना भिन्नै अक्षर, एक अर्कासँग मिल्दैनन् भने तीन वटा अङ्क गरेर ६ डिजिटका देखिन्छन्। कोही कोहीले





नामको ६ वटै अक्षर दर्ता गराएर "नेमप्लेट"लाई "नम्बर प्लेट" गराएका छन् । जस्तैः ROSINA, LINDAA, MARIYA आदि ।

**भाषा :**

ब्रिटेनले न्युजिल्यान्ड कब्जा गर्ने बेलामा ब्रिटेन र माऔरी राजाको बिचमा लडाई भयो अन्तमा सम्झौता Treaty of Waitangi फेब्रुअरी ६, १८४० ई. मा भयो जसमा माऔरीहरूको अधिकार र भाषालाई संरक्षणका साथै प्रत्येक सूचना, साइनबोर्ड आदि अधिकांश ठाउँमा अङ्ग्रेजीका साथ स्थानीय आदिवासीहरूको माऔरी भाषा पनि रोमनमा लेख्नै पर्छ। भाषामा Wha लाई "फ" भन्छन् अरु पनि यस्ता धेरै कुराहरू छन् ।

ब्रिटिस बोलचालको इङ्गलिस भाषा साह्रै कठिन छ । उनीहरूले बोलेको बुझ्न नितान्त गाह्रो छ। A लाई "ऐ", E लाई "इ" M N लाई इम इन बोल्छन्। Wet, get, set, bed, yes लाई बिट, गिट, सिट, बिड, इस, बोल्छन्। अमेरिकनले To day is nice weather, right? आजको मौसम राम्रो छ, होइन त ? भन्छ भने यहाँ To day is nice weather, isn't it ? कोट प्रश्न गर्छन् । त्यस्तै वाक्यको अन्तमा "ऐ" भन्छन् जसको अर्थ छ "हइ" तर ई सब गँवार बोली मात्र हुन् । ancient of British language भन्न सकिन्छ ।

**अस्ट्रेलियासँगको सम्बन्ध :**

आस्ट्रेलिया ब्रिटिस उपनिवेशले स्वायत्त राज्यको अधिकार पायो र संविधान लेख्ने बेलामा न्युजिल्यान्डलाई आफ्नो एक प्राप्त भएर बस्न भन्यो । सुरुमा न्युजिल्यान्डले स्वीकार गरे जस्तो देखेर अस्ट्रेलियन संविधानमा न्युजिल्यान्डलाई प्रान्त भनेर लेखी हाले तर पछि न्युजिल्यान्डले स्वीकृति दिएन । उ पनि ब्रिटिस राजतन्त्रको स्वायत्त राज्य बनी रह्यो तर अस्ट्रेलियन संविधानमा उल्लेख हुन पुगेको शब्दावली अहिलेसम्म पनि हटाइएको छैन यसकारण न्युजिल्यान्डरहरूले अस्ट्रेलियालाई राम्रो मान्दैनन्, ईर्ष्या र आलोचना गर्दछन् ।

अस्ट्रेलियन नागरिक बिना भिसा न्युजिल्यान्डमा आउने परम्परा छ भने न्युजिल्यान्डका नागरिकले अस्ट्रेलियामा "आन एराइभल" भिसा पाउँछ र काम गर्न बस्न पाउँछ । कुनै सरकारी फार्ममा तपाईँ अस्ट्रेलियन न्युजिल्यान्डर कि न्युजिल्यान्डर भनेर प्रश्नको महल छ ।

**वन्यजन्तु :**

न्युजिल्यान्डमा जङ्गली हिंस्रक जनावर बाघ, भालु, हात्ती, स्याल आदि कहीँ छैनन् । सर्प छैनन् देशमा हुँदै हुँदैनन् । कमिलासम्म छन् । वनजङ्गल घाँस

झाडी जहाँ हिँडे पनि सर्प बिच्छु आदिको कुनै डर छैन । बाघले मार्ला भन्ने छैन । विना जीवजन्तुका जङ्गल छन् । लामखुट्टे र झिँगा त छन् तर यति राम्रो सरसफाई छ कि तिनको प्रभाव छैन, छेपारा र माकुरा सामान्यतया देखिँदैनन् । यो देशमै सर्प किन छैनन् भन्ने प्रश्नको उत्तरमा कोही कोहीले यहाँको माटोमा सल्फर छ र सर्प बाँच्न सक्दैन भन्छन् तर यो कुरा औपचारिक रुपमा पुष्टि भइसकेको छैन ।

कुकुर बिराला घरमा र पानी जहाजका छेउछाउमा मरेका सर्प दुई पटक भेटिएको इतिहास छ, अन्य देशमा जहाज जाँदा चढेर आएको अनुमान गरेका छन् । बाखी, भेडी, घोडा, गाई पालन फार्मिङ्ग छ राँगा कहीँ देखिएनन् ।

**राजधानी वेलिङ्गटन :**

पाल्मर्सटन नर्थदेखि पूर्व समुद्रको खाडीको छेउमा रहेको पुरानो शहर वेलिङ्गटन हो । भित्री भागमा घना बस्ती छ तर घर भवनहरू प्रायः बहुतै कमै छन् । संसद र मन्त्रिपरिषद सचिवालय तथा ठुलो म्युजियम राम्रा छन् । म्युजियममा धेरै जसो युद्धकै अवस्थाका विशाल मूर्ति र त्यहाँको स्थानीय प्राचीन निवासी "माऔरी"को जीवनशैली लगायत ज्ञान विज्ञानका चिजवस्तुहरू राखिएका छन् ।

**हरियो पत्थर :**

न्युजिल्यान्डमा कता कतै हरियो पत्थर पाइन्छ । माऔरीहरूको यसबाट प्रिय गहना बनाइन्छ, महँगो बिक्छ । अरुले पनि राष्ट्रियताको नाममा ढङ्गे माला, ताबिज आदि लगाउँछन् ।

**पाल्मर्स्टन नर्थ सिटी (नर्थ आइल्यान्ड)**

यो MANAWATU जिल्लाको सदरमुकाम हो । डाउन टाउनमा केही भवन ३-४ तलाका छन् बाँकी पूरा शहर एक तले साधारण घर जस्तै छ । यहाँ नगरपालिकालाई city council भन्दछन् । यो ठुलो उपत्यका हो र समतल भूमि छ । डमिस्टिक एयरपोर्ट छ । शहरमा कैयौँ पार्क र म्युजियमहरू छन् । पश्चिमपट्टि Victoria esplanade ठुलो पार्क छ । पार्कका दुई तिर बाटोमा रहेका बोटहरू (जाडो सकिएपछि यहाँको बसन्त सुरु हुँदा अक्टुबरमा) मा पात झरेर अहिले फूल फुल्छ पुरै फूलले ढपक्क रुखहरूबाट बाटोभर फूलको चमकले उज्यालो रहन्छ । केही दिनपछि फूल खतम हुन्छन् र बल्ल रुखमा पात आउँछ । यो पार्कमा पर्यटकहरूको भिड भइरहन्छ । शहर एक विशाल नगर जस्तो छ । ब्लक ब्लकमा बसेको छ । राम्रा बाटा र फुटपाथ छन् ।





शहरको पूर्वपट्टि करिब २० कि.मि.मा पहाडको देउराली थुम्काहरूमा हावाबाट बिजुली तयार गर्नलाई कैयौँ किलोमिटरमा विशाल खम्बामा तीन पङ्खा लगाएका छन् । पङ्खाहरूले हावाबाट उर्जा शोषण गरेर तल जमिनमुनि पठाउँछन् र त्यहाँ विन्ड पावरलाई "इलेक्ट्रिकल पावर" मा कन्भर्ट गर्दै भित्र भित्रै गएका तारहरूबाट विजुली भण्डारण गृहमा स्टोर हुन जान्छ । यस ठाउँलाई Apiti windfarm, wood ville भनिन्छ ।

यो सानो शहरमा विशाले क्षेत्रफलमा फैलिएको Massey university छ । देश विदेशका विद्यार्थीहरू पढ्छन् । पशु चिकित्साको पढाइ गराउने यो विश्वकै पहिलो विश्वविद्यालय हो । कृषि क्षेत्रको अनुसन्धानमा निकै नाम कमाएको छ । अनुसन्धानमा संलग्न विद्यार्थीहरू दिन र एक्ला एक्लै राति पनि अनुसन्धानमा लागेका छन् । यो विश्वविद्यालय राति पनि सुत्दैन विशाल र थुप्रै बिल्डिङ्ग र पुस्तकालय कोही न कोही जागेकै हुन्छन् ।

यो शहरको छेउमा Manawatu river बग्छिन् राम्रो तटबन्धन छ र सफा शुद्ध पानी छ । नदीमा फोहोर फाल्ने चलन नै छैन । शहरमा Bunnings नामको ठुलो होमडिपो स्टोर छ यसमा धनियाका बोटदेखि फलफूल र कृषिका बिउबिजन, बोट, कृषि यन्त्र, माटो, मल, घर निर्माणका सामाग्रि र यन्त्र, फर्निचर आदि सबै पाइन्छन् । खाना र लुगा बाहेक । त्यसै क्षेत्रमा औद्योगिक कल कारखानाहरू मिलौँ एरियामा छन् ।

रेस्टोरेन्टमा अमेरिकन Subway, McDonald, Jack in the box छ र अरु पनि छन् । खाद्य र लुगा फाटोका तमाम स्टोर छन् । सब एक तलाका ।

**निष्कर्ष :**

यो ग्रामीण सभ्यता संरक्षण गरिरहेको धेरै जसो सानाठुला गाउँनै गाउँभएको देश, आधुनिकताको देश हो । यसले आफ्ना तमाम मौलिक र प्राकृतिक काम कुराहरूको यथाशक्ति संरक्षण गरिरहेको छ । माऔरी सभ्यता त यो मामिलामा झनै कट्टर छ ।

यहाँ आदिवासीहरूका कुनै कुनै त यस्तासम्म टापु छन् जहाँ प्रवेश गर्ने जो कोहीलाई अन्यत्रको धुलो, माटो, किटाणु, कुनै फलफूल, अन्न दाना, बिउबिजन आदि टापुमा जान नपाओस् उहिले प्रकृतिले टापुलाई जस्तो बनाएकोछ र जे जस्तो माटो वन वनस्पति दिएको छ । त्यसमा बाहिरको एक कण पनि नमिसियोस् भन्ने स्वच्छता बनाई राख्नका लागि अन्यत्रबाट लगाएर गएको जुत्ता समेत लगाएर टापुमा पस्न दिँइदैन, तोकिएको ठाउँमा राख्नुपर्छ, त्यहीँ नयाँ किन्नु पर्छ, लुगाको पुरा सरसफाइ गराइन्छ ।

न्युजिल्यान्डको उत्तरी द्वीपमा ठुलो शहर ओकल्यान्ड हो भने राजधानी Wellington पनि राम्रै शहर हो । त्यसपछि पाल्मर्स्टन नार्थ हो । तीनै शहरमा हाईराइज बिल्डिङ्ग बहुत कम छन् अधिकांश घर र स्टोरहरू एक तले या कता कतै मात्र दुई तीन तले घर छन् ।

दक्षिणी टापुमा सबभन्दा ठुलो शहर क्रिष्टचर्च हो । माथि उल्लेख गरिसकिएका अलि ठुला भनिएका शहर हुन् बाँकी त स-साना बजार र गाउँहरू मात्र छन् । यो देशको मुख्य व्यवसाय भनेको भेडा पालन, व्यापार, वनजङ्गल रुख खेती, थोरै मात्रामा सामान्य खेती हो । भनिन्छ मान्छेको जनसङ्ख्या भन्दा धेरै बढी सङ्ख्या भेडाको छ ।





**सन्दर्भ सूची :**


- **साभार** NorthAmericaWikipedia * Sofgf8fhttps:// en.wikipedia.org/ wiki/List_of_North_ American_ countries_by_population
- **साभार** *https://en.wikipedia.org/wiki/List_of_South_ American _countries_by_area *him.m.wikipedia.org
- **साभार** https://en.wikipedia.org/wiki/List_of_South_ American_ countries_by_area
- साभार https://hi.wikipedia.org/wiki/%
- **साभार** https://hi.wikipedia.org/wiki/%E0%A4%B8%E0% A4%82% E0%A4%AF%E0 %A5%81%E0%A4%95%E0%A5%8D % E0% A4%A4_% E0%A4%B0%E0%A4%BE%E0% A4%9C% E0% A5%8D% E0%A4%AF_% E0%A4%85%E0%A4%AE%E0% A5%87%E0% A4%B0%E0%A4%BF% E0%A4%95%E0%A4%BE
- Googal बाट साभार
- Google बाट साभार उधृत गरिएको ।
- https://en.wikipedia.org/wiki/California_Gold_Rush बाट साभार * साभार https://en.wikipedia.org/wiki/Texas
- साभार * https://en.wikipedia.org/wiki/Austin,_Texas
- साभार * https://en.wikipedia.org/wiki/Houston
- साभार * https://en.wikipedia.org/wiki/Dallas
- साभार https://en.wikipedia.org/wiki/San_Antonio
- साभार *https://hi.wikipedia.org/wiki/%E0%A4%A8%E0 %A5%8D%E 0%A4%AF%E0%A5%82%E0%A4%9C%E0 %A4%BC%E0%A5%80% E0%A4%B2%E0%A5%88%E0% A4%A3%E0%A5%8D%E0%A4%A1

## सिङ्गापुर भ्रमण

**भूगोल :** दक्षिण पूर्वी एशियामा रहेको सिङ्गापुर विश्वका नितान्त साना देशहरु मध्यको एक स्वतन्त्र सार्वभौम सत्ता सम्पन्न राष्ट्र हो। योससाना ६३ वटा टापु मिलेर बनेको यसको कुल क्षेत्रफल ७१९.९ वर्ग किलोमिटर छ। यो गरम ठाउँ हो।

**जनसङ्ख्या :** मले र सिङ्गापुरको एकीकरणबाट बनेको मलेसिया देशबाट यो फुटेर स्वतन्त्र गणतन्त्र भएकोले यहाँ मले , चाइनिज र भारतीय मुलुकका मानिसहरूको बसोबास रहेको छ। जनसङ्ख्या लगभग ६० लाख छ। यहाँ अङ्ग्रेजी मेन्डरिन मले र तमिल चारवटा भाषालाई सरकारी बनाइएको छ। क्रिश्चियन, हिन्दु, इस्लाम र कन्फ्युसियसवादी बौद्ध धर्म छ।

**विकास :** कुनै बेला यहाँ २१९ घर मछुवारा माझीहरू को ठाउँ हो जहाँ हिन्दु र मुसलमान राजशासन व्यवस्था सञ्चालन हुँदै बस्ती बढ्दै अंग्रेजको अधीनमा पनी रह्यो कालान्तरमा गणतन्त्र भयो। यो देशका राष्ट्रपिता चाइनिज मुलुकका **लि क्वान यु** हुन्। उनले प्रधानमन्त्रीको रूपमा ३१ वर्षसम्म शासन गरे र उनकै नीति योजना र कार्यक्रमले सिङ्गापुर लाई विश्वको एक समृद्धशाली राष्ट्रको रुपमा स्थापित गरको छ।

यो विश्वको एक व्यापारिक केन्द्र हो। र सबैभन्दा महँगो देश मध्यको एक हो। यहाँ प्रति व्यक्ति आय १ लाख ३ हजार ४५ अमेरिकी डलर छ। धेरैजसो एक वा दुई तले घर पसलदेखि गगन चुम्नी भवनहरु छन्। स्थानीयको सिटी रेल र बसमा यात्रा हुन्छ। शहर घुम्ने सुविधा छ।

सिङ्गापुर जान नेपालीले भिजा लिएर जानु पर्दैन। धेरै देशले यो सुविधा पाएका छन्। पासपोर्ट छ भने टिकट काटेर गए भयो। काठमाडौं र दिल्लीबाट हवाईजहाजमा सामान्यतया ५-६ घण्टा लाग्छ। लगभग सवा एक करोड पर्यटक त्यहाँ जाने गर्दछन्। यद्यपि यसलाई विश्वकै महँगो शहरमध्ये एक मानिन्छ तर यसको आफ्नै विशेषता र आकर्षण छ।

हामी २९ सेप्टेम्बर २०२४ मा त्यहाँ गएका थियौँ। एयरपोर्टबाट झरेपछि शहरमा जानलाई भित्रैबाट ट्रेन र बाहिर बस ट्याक्सी पाइन्छन्। त्यहाँ पुग्नलाई इमिग्रेशन पोस्टमा गएर आफ्नो पासपोर्ट स्क्यानरमा राखेपछि स्क्यान हुन्छ र तगारो खुल्छ। गाइड गर्ने एक वाचम्यान हुन्छ अरु कर्मचारीको काम छैन। तगारोबाट पास भएपछि मोबाइलमा तीन महिने भिजिटर भिजाको म्यासेज आयो त्यसपछि ट्रेनमा चढ्यो र हामीलाई भिक्टोरीया स्ट्रीटको होटलमामा जानुपर्ने भएकोले तनाह स्टेशनमा ट्रेनबाट झरेर त्यहाँबाट अर्को ट्रेनमा चढ्यौं। मोबाइलमा google map को निर्देशन अनुसार लेबेनड्रा स्टेशनमा झरेर भिक्टोरिया रोडमा पैदल दूरीमा रहेको पहिलेदेखि अनलाइन बुक गरेको होटलमा गयौं। होटलमा प्रति रात २५० र साँझको डिनर बजारमा तीनजनाको लगभग ४० अमेरिकी डलर थियो। एक चाउमिन र दुई प्लेट पुलाउ।

भोलिपल्ट पैदल शहर हेर्दै रङ्गोन स्ट्रिट लिटल इन्डिया गयौं। त्यो भारतीय तमिल एरिया र विशाल मन्दिरहरू रहेछन्। त्यहाँ खाना बहुत सस्तो रहेछ। तमिलहरूका पसल र रेस्टुर ेन्टहरु छन् हिन्दुहरूको बाहुल्य रहेको एरिया रहेछ। भिक्टोरिया स्टेटमा सुल्तान मस्जिद र



पूर्वपट्टि अर्को मस्जिद रहेछ। यहाँ चाइनिज मुस्लिमहरु धेरै रहेछन्।

हामी चाइना टाउन गयौं त्यहाँ विशेषतया चाइनिजहरूको बाहुल्यता रहेको छ। यो पुरानो बस्ती हो। यहाँ सन् १८२७ मा बनेको विशाल मन्दिर छ। दक्षिण भारतीय मान्यता का हिन्दू देवीदेवताका नामहरू छन्। यहाँ जुनसुकै धर्मका मानिस जान पाउने परम्परा र साइन बोर्ड छ यसकारण कैयौं धर्मका मानिसहरू त्यहाँ गएका भेटिन्छन्। यो क्षेत्रमा खाना अलि महँगो र हेछ। त्यसैको दक्षिणपट्टि आलिशान भवनहरू र सिङ्गापुरको व्यापारिक केन्द्र छ र मेरीना भ्यु समुन्द्रको एरियाको घुम्ने ठाउँ छ। पार्क छ पर्यटकहरू खुव जम्छन् र त्यहाँबाट पनि रेल बस चढ्न सकिन्छ। सब ठाउँ सुगम छन्। रिक्सा टेम्पो आदि छैनन्।

यो देशमा अत्यधिक कडा कानुन छ र त्यसको पालना इमानदारीका साथ हुन्छ। सब ठाउँ सफा छन्। सार्वजनिक ठाँउमा थुकेमा १०००/- US Dollar जरिमाना हुन्छ। चुइगम प्रतिबन्धित छ बेच्ने र खानेलाई १ लाखसम्म जरिवाना र कैद हुन्छ। झुट बेइमानीको कठोर दण्ड व्यवस्था छ र यहाँ मगन्ते हुँदैनन्।

दुई अथवा तीन दिन यो देश घुम्नका लागि पर्याप्त छ। देशको अर्थ सिङ्गापुर शहर र केही बाहिरी एरिया डिजिटल म्युजियम आदि डाउनटाउनदेखि मलेसिया बोर्डर २६ किलोमिटर रहेछ। सिङ्गापुर जानलाई जाडो महिना ठिक हुन सक्छ गर्मीमा अत्याधिक गरम हुन्छ। एयर पोर्टमा डिपार्चरमा फूलैफूलले यति सजावट रहेछ कि हर समय भिडियो टिकटक बनाउने सेल्फी लिनेहरूको यस्तो भिड रहन्छ कि हेर्ने लायक दृश्य हुन्छ।

हामी जाँदा र फर्कँदा एयरपोर्टमा कुनै जाँच सेक्युरिटी चेक केही देखिएन। सरासर गयौं र आयौं। सिंगापुरका राष्ट्र निर्माताका मूर्ति सालिक कहि पनि देखिएन।

**इति शुभम्।**



यो हो अमेरिका

# न्यूजिल्याण्डमा रहेका आदिवासीका सामाग्रीहरु






यो हो अमेरिका








PERSONAL ORNAMENTS
Most personal ornaments from the early period of Maori occupation are unique pieces which have come from archaeological sites.
The few tattooing chisels that have been found show that at least some of the moa hunters also had tattoos.





# नाशा स्पेश सेन्टर


THE INTERNATIONAL SPACE STATION







यो हो अमेरिका

कलेजको एक झलक



ग्रयाजुएसनको एक झलक





यो हो अमेरिका - २०८१

## कम्प्युटरको जन्मस्थल - मोटर ग्यारेज




## डिकिन्सन स्टेट विश्व विद्यालय





यो हो अमेरिका

## लायन्स क्लबको एक झलक




## विस्टनमा मन्दिरको एक झलक



संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त भवन सानफ्रान्सीस्को

सदस्यता प्राप्त भएको नाम लिस्ट पिलर




सुकुम्बासीको बासस्थल





यो हो अमेरिका

सानफ्रान्सस्को शहरको आकाशबाट को दृश्य



सानफ्रान्सस्को स्ट्रिट भजन




यो हो अमेरिका - २०८१

न्यूजिल्यान्डको बस्ती



माउन्ट रासमोर नेशनल मेमोरियल



मेक्सीको को बोर्डर को प्राचिन भन्सार कार्यालय






यो हो अमेरिका

लस भेगासमा बुद्ध






सानफ्रान्सीस्कोमा बुद्ध



न्यूजिल्यान्डमा बुद्ध



यो हो अमेरिका - २०८१